# शोधपत्रको परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधको शीर्षक **'कृष्ण धरावासीको निबन्धकारिता'** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, महेन्दरत्न बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार गरिएको छ ।

## १.३ विषयपरिचय

साहित्यकार कृष्ण धरावासीको जन्म २०१७ साल श्रावण २ गते मेची अञ्चल, पाँचथरको अमरपुर गाउँ विकास समिति वार्ड नं. ७ मा भएको थियो । उनको पिताको नाम टिकाराम भट्टराई र माताको नाम अम्बिकादेवी भट्टराई हो । ६ वर्षको उमेरमा पिताबाट घरैमा अक्षराम्भ गरी ९ वर्षको उमेरमा शनिश्चरे प्रा.वि. बाट औपचारिक शिक्षा सुरु गरेर वि.सं. २०३७ मा इलामबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्नु भएका धरावासीको स्नातक तहको अध्ययन विविध कारणले अपूर्ण रहेको पाइन्छ । वि.सं. २०३३ देखि साहित्य क्षेत्रमा उदाएर सं. २०३७ देखि निबन्ध क्षेत्रमा प्रवेश गरी साहित्य सिर्जनालाई निरन्तरता दिदै आएका धरावासीलाई विभिन्न साहित्यिक सङ्घसंस्थाहरुले सम्मानित र पुरस्कृत गरि सकेका छन् ।

साहित्यिक र पत्रकारिता क्षेत्रमा संलग्नता जनाउने धरावासीका तीन निबन्धसङ्ग्रह 'बालक हराएको सूचना' (२०४८), 'नारी भित्र त्यस्तो के छ हजुर' (२०५३) र 'उत्तमजङ्ग सिजापतीको आलु' (२०५५) , तीन समालोचना 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू' ( २०४८) , 'लीला लेखन' (२०५३) र तेस्रो आयाम र वैरागी काइँला  (२०६३), तीन उपन्यास 'शरणार्थी' (२०५६), 'आधाबाटो' (२०५९) र 'राधा' (२०६२) , एक कथा सङ्ग्रह 'झोला' (२०६०) र दुई कविता सङ्ग्रह 'उन्मुक्तिका आवाजहरू' (२०५०) र 'कान्छी राधा' (२०६२) प्रकाशित भइसकेको पाइन्छ । विभिन्न साहित्यिक पत्रपत्रिकाको सम्पादनमा समेत आवद्ध रही हालसम्म साहित्य सिर्जनालाई निरन्तरता दिदै आइरहेका धरावासीका सिर्जनाहरू सुधारतर्फ उन्मुख तथा मानवतावादी देखिन्छन् । लीलालेखनका चिन्तकका रूपमा पनि चिनिएका साहित्यकार धरावासीको निबन्धकारिताका बारेमा विस्तृत अध्ययन नभएकोले सो पूर्ण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

## १.४ समस्या कथन

आधुनिक नेपाली निबन्ध साहित्यका सशक्त प्रतिभा निबन्धकार कृष्ण धरावासीको निबन्धकारिताको वैशिष्ट्य निरुपण भई नसकेको हालको अवस्थामा उनको निबन्धकारिताको निरूपण हुन नसक्नु समस्या बनेको छ । यसैले कृष्ण धरावासीको निबन्धकारिताको अध्ययन क्षेत्रमा प्रस्तुत शोधका समस्याहरु बुँदागत रूपमा निम्नानुसार छन् :

१.४.१ तत्त्वगत आधारमा धरावासीको निबन्धको निरूपण के कसरी गर्न सकिन्छ ?

१.४.२ धरावासीको निबन्धको कृतिगत अध्ययन के कसरी गर्न सकिन्छ ?

१.४.३ धरावासीको निबन्धको सामाजिक सन्देश के कस्तो रहेको छ ?

१.४.४ वर्तमान नेपाली निबन्ध परम्परामा धरावासीको योगदान के कस्तो छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको समस्या कथनमा उल्लिखित प्रश्नहरूको समस्या समाधान गर्न निम्न उद्देश्यहरु राखिएको छ :

१.५.१ तत्त्वगत आधारमा धरावासीको निबन्धको निरुपण गर्नु ।

१.५.२ धरावासीको निबन्धको कृतिगत अध्ययन गर्नु ।

१.५.३ धरावासीको निबन्धको सामाजिक सन्देश निरुपण गर्नु ।

१.५.४ वर्तमान नेपाली निबन्ध परम्परामा धरावासीको योगदान निरुपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको कविता, निबन्ध, समालोचना, उपन्यास क्षेत्रका बहुमुखी प्रतिभा कृष्ण धरावासी साधनारत व्यक्ति हुन् । लीलालेखन क्षेत्रका चिन्तकका रूपमा पनि साधनारत साधक धरावासीका सम्बन्धमा २०५४ सालमा विष्णुलाल पोखरेलबाट ‘कृष्ण धरावासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन’ र २०६० सालमा मिलनकुमार ढुङ्गानाबाट ‘शरणार्थी उपन्यासको कृतिपरक अध्ययन’ शीर्षकमा शोधलेखन कार्य भएको देखिन्छ । त्यसै गरी उनका बारेमा विद्वानहरुबाट चर्चा परिचर्चा भए तापनि उनले नेपाली निबन्धको क्षेत्रमा गरेको योगदान र निबन्धकारिताको समीक्षा, अध्ययन विश्लेषण र मूल्याङ्कन भएको भने पाइदैन । उनले लेखेका निबन्धहरुका सङ्ग्रह ‘बालक हराएको सूचना’ (२०४८), ‘नारी भित्र त्यस्तो के छ हजुर’ (२०५३) र ‘उत्तमजङ्ग सिजापतीको आलु’ (२०५५) को भूमिका र केही पत्रपत्रिकाहरुमा उनको निबन्धकारिताको सामान्य चर्चा भए तापनि ती पर्याप्त छैनन् । निबन्धकार कृष्ण धरावासी र उनका बारेमा यस भन्दा अघि जे जति अध्ययन कार्यहरु भएका छन्, ती मध्ये केहीलाई पूर्वकार्यको समीक्षाको रूपमा क्रमशः प्रस्तुत गरिएको छ :

## (क) गणेशबहादुर प्रसाई

निबन्धकार कृष्ण धरावासीको 'बालक हराएको सूचना' निबन्धसङ्ग्रहको भूमिकामा गणेशबहादुर प्रसाई लेख्छन् : 'आगो जीवन हो, भाषाको माध्यमबाट त्यसको प्रतिबिम्बन साहित्य हो, अनि साहित्य लेखनका अनेक विधामध्ये आत्मपरक निबन्ध विधाबाट सर्वोत्तम अभिव्यक्ति दिन सकिन्छ भन्ने आकाङ्क्षा राखेर यस कलाको थालनी गर्ने महाकवि लक्ष्मीप्रसाद देवकोटा र त्यसलाई अग्रगति प्रदान गर्ने भैरव अर्याल हाम्रा बन्दनीय कलाकार हुन् र उनीहरूले नेपाली साहित्यलाई पर्याप्त उदात्तता र समृद्धि दिएका छन् । त्यही कोटीका कलाकार हाम्रा कृष्ण धरावासी पनि हुन् भन्ने दावी म गरिहाल्दिन, तर आ-आफ्ना युगका आवश्यकता अनुरूप निबन्धको कलात्मक स्वरूप, चरित्र र आकार सृष्टि गर्नमा ती बन्दनीय कलाकारसँग पङ्क्तिबद्ध उभिने अधिकार हाम्रा धरावासीलाई यी निबन्धले प्रदान गरेका छैनन् भन्न चाहिं कसैले पनि सक्ने छैन भन्ने मलाई लागेको छ ।'[१]

## (ख) तारा बराल

निबन्धकार कृष्ण धरावासीको 'बालक हराएको सूचना' निबन्धसङ्ग्रहको प्रकाशकीय भूमिकामा तारा बराल लेख्छन् : 'शैलीगत विशिष्टता, विषयगत निष्ठा र भाषिक चमत्कार मात्र होइन, समाजका वास्तविकताहरुलाई सरल शव्दमा सम्प्रेषित गर्ने प्रयास कृष्ण धरावासीले बालक हराएको सूचनामा गर्नु भएको छ ।'[२]

## (ग) नरेन्द्र चापागाई

'बालक हराएको सूचना' कृतिको विवेचना गर्ने क्रममा नरेन्द्र चापागाई लेख्छन् : 'नेपाली साहित्य जगत्मा कविता र निबन्धकारिताको समान गुणात्मकता भएका प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् । कृष्ण धरावासीको पनि कवित्व र निबन्धकारिताका समान अभिव्यक्तिलाई त्यसरी नै उठ्दै जाने लक्षणहरूका लागि आशावादी बन्न सक्ने आधारहरू प्रशस्त मात्रामा देखा पर्न थालेको अनुभव हुन्छ । आजसम्मका रचनात्मक कृतिहरु बान्की र हिस्सीका आधारमा चिल्ला पातका लक्षणहरु देखा परिसकेको अनुभव गर्न सकिन्छ ।'[३]

## (घ) राजेन्द्र सुबेदी

निबन्धकार कृष्ण धरावासीका बारेमा राजेन्द्र सुवेदी लेख्छन् : 'लीला लेखन क्षेत्रका प्रवक्ता र चिन्तकका रूपमा देखिएका धरावासी आत्मपरक निबन्धका विशेष स्रष्टा मानिन्छन् ।

---

[१] कृष्ण धरावासी, **बालक हराएको सूचना**, भूमिका, (झापा : विचार प्रकाशन, २०४८), पृष्ठ (क) ।

[२] ऐजन प्रकाशक भूमिका

[३] नरेन्द्र चाँपागाई, "बालक हराएको सूचना कृतित्वको सङ्क्षिप्त विवेचना" **मुकुट**, (वर्ष २६, अङ्क १-४, २०५० वैशाख साउन), पृष्ठ ३९ ।

बालक हराएको सूचना शीर्षकमा प्रकाशित सङ्ग्रहमा जम्मा बाह्रवटा निबन्ध लेखनका उल्लेख्य प्रतिभा ठानिएका धरावासीको सृजनशीलताले उत्तर आधुनिकतावादी चिन्तनको यत्किञ्चित् प्रतिनिधित्व गरेको छ । यस्ता वैशिष्ट्यका आधारमा धरावासीको मूल्याङ्कन गरिनु अपेक्षित छ ।'[४]

## (ङ) दुबसु क्षेत्री

निबन्धकार कृष्ण धरावासीको निबन्धकारिताका सन्दर्भमा कृष्ण बरालसँगको अन्तरङ्ग कुराकानीमा दुबसु क्षेत्रीको अभिव्यक्ति यस प्रकार छ : 'धरावासी समसामयिक पुस्ताका सर्वश्रेष्ठ निबन्धकार हुन् । उनको 'बालक हराएको सूचना' बाट शुरु भएको निबन्धयात्रा 'नारी भित्र त्यस्तो के छ हजुर' सम्म आइपुग्दा अझ खारिदै र माझिदै गएको र त्यो 'उत्तमजङ्ग सिजापतीको आलु' सम्म आइपुग्दा अझ प्रौढ, परिष्कृत र परिपक्व भएको पाइन्छ ।'[५]

## (च) गोबिन्दराज भट्टराई

साहित्यकार कृष्ण धरावासीका सन्दर्भमा गोबिन्दराज भट्टराई लेख्छन् : 'कृष्ण धरावासी फरक फरक विशेषतायुक्त नयाँ शक्तिका सर्जक हुन् ।'[६]

हालसम्म कृष्ण धरावासीका निबन्धकारिताका सम्बन्धमा खासै अध्ययन भएको पाइदैन । उनले लेखेका निबन्धहरुको निबन्धसङ्ग्रहको भूमिका र केही पत्रपत्रिकाहरुमा उनको निबन्धकारिताको सामान्य चर्चा भए तापनि ती पर्याप्त छैनन् । यसैले यस शोधपत्रमा उनको निबन्धकारिताका बारेमा अध्ययन र मूल्याङ्कन गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्व

प्रस्तुत शोधको औचित्य निबन्धकार कृष्ण धरावासीलाई निबन्धका माध्यमबाट चिनाउने प्रयासमा केन्द्रित रहेको छ । बि. सं. २०३७ मा 'महत्वाकांक्षा विनाशको प्रतीक' शीर्षकको निबन्ध लिएर नेपाली निबन्ध जगत्मा उदाएका धरावासीको 'बालक हराएको सूचना' (२०४८), 'नारी भित्र त्यस्तो के छ हजुर' (२०५३) र 'उत्तमजङ्ग सिजापतीको आलु' (२०५५) कृतिहरु छन् । उनका बारेमा विभिन्न टिप्पणीहरू भए पनि व्यवस्थित अध्ययन नभएको तथ्य स्पष्ट हुनाले सैद्धान्तिक परिप्रेक्ष्यमा उनका निबन्धहरूको अध्ययन र मूल्याङ्कन नै यस शोधकार्यको औचित्य हो ।

---

[४] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि**, ते.सं, (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ १९२ ।

[५] कृष्ण बराल, **लीला, वार्ता र शरणार्थी**, (झापा : नियात्रा प्रकाशन, २०५९), पृष्ठ २२२ ।

[६] गोबिन्दराज भट्टराई, "बहुलता, नवीनता र प्रयोग" **हिमाल खबरपत्रिका**, (वर्ष १५,अङ्क १२/१३,पूर्णाङ्क १५६/१५७, २०६२ १६ असोज-१५कार्तिक), पृ.१०० ।

## १.८ शोधकार्यको सीमाङ्कन

कृष्ण धरावासी नेपाली भाषाको कविता, कथा, निबन्ध, समालोचना, उपन्यास क्षेत्रका बहुमुखी व्यक्तित्व भए तापनि उनको निबन्धकारिता क्षेत्र अन्तर्गत प्रकाशित निबन्धसङ्ग्रहहरू 'बालक हराएको सूचना' (२०४८), 'नारी भित्र त्यस्तो के छ हजुर' (२०५३) र 'उत्तमजङ्ग सिजापतीको आलु' (२०५५) को मात्र प्रस्तुत शोधमा अध्ययन गरिने भएकाले यी ३ वटा निबन्धसङ्ग्रहका आधारमा निबन्धकार धरावासीको निबन्धकारिताको अध्ययन र मूल्याङ्कन गरिने हुँदा यी तीनवटा कृतिसम्म यस शोधपत्रको सीमाङ्कन रहेको छ ।

## १.९. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्दा शोधविधिका सैद्धान्तिक आधारहरूमध्ये पुस्तकालयीय विधि, अन्तर्वार्ता विधि, प्रश्नावली विधि र आवश्यकतानुरूप अन्य विधिलाई समेत प्रयोगमा ल्याई शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्रलाई मूलतः कृतिपरक समालोचना प्रणालीका आधारभूत ढाँचाअनुसार निबन्धको सैद्धान्तिक विश्लेषण एवम् निरूपण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको सङ्गठनात्मक रूपरेखालाई निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छ । साथै त्यसमा आवश्यकताअनुसार शीर्षक, उपशीर्षकमा विभाजन गर्दै अन्त्यमा परिशिष्ट र सन्दर्भग्रन्थसूची तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय
दोस्रो परिच्छेद : निबन्धकार कृष्ण धरावासी : व्यक्तित्व र कृतित्वको परिचय
तेस्रो परिच्छेद : निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्ध
चौथो परिच्छेद : निबन्धकार कृष्ण धरावासीको निबन्धको अध्ययन र मूल्याङ्कन
पाँचौ परिच्छेद : उपसंहार

# कृष्ण धरावासी : व्यक्ति र कृतित्वको परिचय

## २. कृष्ण धरावासी : व्यक्ति र कृतित्वको परिचय

## २.१ व्यक्ति

### २.१.१ जन्म र जन्मस्थान

साहित्यकार कृष्ण धरावासीको जन्म सं. २०१७ साल श्रावण २ गते रविबारका दिन मेची अञ्चलको पाँचथर जिल्ला हालको अमरपुर गा.वि.स.वार्ड नं. ७ फलाँटे भन्ने गाउँमा पिता टिकाराम भट्टराई र माता अम्बिकादेवी भट्टराईका ज्येष्ठ सुपुत्रका रूपमा भएको थियो ।[७]

### २.१.२ शिक्षा तथा लेखन प्रेरणा

दुर्गम पहाडी क्षेत्रमा विद्यालयको अभाव, तत्कालीन सामाजिक परिवेश, घरायसी आर्थिक कारणहरूले गर्दा धरावासीले सानैमा शिक्षारम्भ गर्न पाएनन् । पिता ज्योतिष र गणितका विद्वान् भएकाले ६ वर्षको उमेरमा पिताबाट नै उनको अक्षराम्भ भएको कुरा पारिवारिक सूत्रबाट जानकारी पाइन्छ । वि.सं. २०२४ सालतिर टिकाराम भट्टराई सपरिवार झापाको शनिश्चरेमा बसाइ सरेपश्चात ९ वर्षको उमेरमा शनिश्चरे प्राथमिक विद्यालयमा प्रवेश गरेका धरावासीले वि.सं. २०३४ मा शनिश्चरे मा.वि. बाट द्वितीय श्रेणीमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । वि.सं. २०३७ मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका धरावासी वि.सं. २०४५ मा मेची बहुमुखी क्याम्पस भद्रपुरका स्नातक तहका विद्यार्थी बनेको भए पनि उनको स्नातक तहको अध्ययन विविध कारणहरूले अपूर्ण रहेको पाइन्छ ।[८]

बाल्यावस्थादेखि नै कल्पनाशील र मेहनती स्वभावका साहित्यकार धरावासी विद्यालयको निर्धारित पाठ्यक्रम बाहेक फुर्सदको समयमा साहित्यिक ग्रन्थहरूको अध्ययन गर्न चाहन्थे । बाल्यावस्थाको एउटा रमाइलो घटनालाई जीवनको पहिलो साहित्यिक घटना मान्दै उनी यसरी स्मरण गराउदछन् :

“म पाँच कक्षाको विद्यार्थी छदा कक्षागत साहित्य गोष्ठीको आयोजना भएको थियो । त्यसमा मैले ‘रमाइलो नानी’ नामक पुस्तकबाट एउटा कथा सारेर सुनाएको थिए, मैले प्रशस्तै प्रशंसा पाएँ तर त्यसबेला मलाई आफूले नै लेख्नुपर्छ भन्ने कुरा थाहा थिएन । फेरि शनिश्चरे मा.वि.मा आयोजित गोष्ठीमा एउटा लोककथा सारेर सुनाए, त्यहाँ भने आफूभन्दा ठूला

---

[७] बिष्णुलाल पोखरेल, **कृष्ण धरावासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित शोधपत्र, त्रि. वि., मा. तथा सा. शा.सङ्काय, नेपाली विभाग, स्नातकोत्तर क्याम्पस, बिराटनगर, २०५४), पृष्ठ ५ ।

[८] कृष्ण धरावासी स्वयम्का अनुसार

विद्यार्थी चित्रसेन भण्डारीले कान निमोठेर आफै लेख्ने सल्लाह दिए । फेरि पनि सारेर सुनाएको पाएमा पिट्ने धम्की दिए । त्यसपछि म आफै कल्पना गरी साहित्य लेख्न थाले ।"[९]

ज्योतिष पिताले बोलिरहने ज्योतिषशास्त्रका श्लोकहरू र धर्मकर्मप्रति आस्थावान आमालाई मुखाग्र भएका रामायण, महाभारत, देवी भागवत, मुनामदनका श्लोकहरू धरावासीले बाल्यावस्थादेखि सुन्दै आएका र तीक्ष्ण बुद्धि भएका बालक धरावासीमा सो वातावरणले साहित्यिक बीज प्रदान गरेको मान्न सकिन्छ । बिद्यार्थी जीवनमा शनिश्चरे माध्यमिक विद्यालयका गुरुजनको प्रेरणा र प्रोत्साहन तथा विभिन्न साहित्यिक व्यक्तित्वका लेखरचनाहरूको अध्ययनबाट धरावासीको साहित्यिक प्रतिभा तिखारिदै गएको र शिवप्रसाद दहाल, रोहिणीविलास लुइटेल, सरोज ओली जस्ता साहित्यिक गुरुहरूको शुभ चिन्तनबाट उनको प्रतिभा परिपक्वतातर्फ अगाडि बढेको पाइन्छ । यसरी धरावासीको साहित्यिक व्यक्तित्व उनको आफ्नै प्रतिभा र शैक्षिक थलोबाट प्राप्त प्रेरणा नै हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक धाराबाट आफू धेरै प्रभावित भएको कुरा धरावासीले एक अन्तर्वार्तामा बताएका छन् ।[१०]

आमाका काखमा खेल्दैदेखि सञ्चय भएको मानसिक उर्जा समाजको विविधतामा ठोक्किएपछि र सामाजिक परिवेश भोगेपछि उनको साहित्यिक यात्राले गति लिएको देखिन्छ । धरावासीको यस साहित्यिक यात्रामा उनको आफ्नै वरिपरिको समाज, प्रकृति, मानव जीवनका पीडापूर्ण कथाव्यथाहरू, सामाजिक घटनाहरू, मान्छेभित्रका कुण्ठा, विद्रोह र जनजीविकाका कुराहरू मुखरित भएका छन् ।

## २.१.३ पारिवारिक जीवन

धरावासीको प्रारम्भिक पारिवारिक अवस्था सुखमय देखिदैन् । आर्थिक विसङ्गतिमा छटपटाएको दुःखी पहाडी जीवनबाट वाक्क भएर नै धरावासीका पिता टिकाराम भट्टराई आफ्ना परिवारसहित झापातर्फ बसाइ सर्न पुगेको देखिन्छ । दुर्गम पहाडी गाउँको बसोबासदेखि शनिश्चरेसम्मको बसाइमा आर्थिक अवस्था कमजोर नै देखिन्छ । यस्तो कठिनाईको अवस्थाबाट गुज्रिरहेकै बेला वि.सं. २०३३ मा पिताको मृत्युपछि उनको पारिवारिक अवस्था अझ जटिल बन्यो । "...मलाई घरायसी समस्या सबभन्दा ठूलो समस्या हुन पुगेको थियो तर आमा जीवित छन् भने व्यक्तिलाई दुनियाँमा कुनै अप्ठ्यारो पनि सजिलो हुँदो रहेछ"

[९] **ऐजन**

[१०] कृष्ण धरावासी (अन्तरवार्तामा) युगज्ञान साप्ताहिक, वर्ष २, अङ्क ३१, २०४६ ।

भन्ने धरावासीले आमाबाट अत्यन्त माया पाएको र सोही मातृत्वको प्रेरणाले उनको जीवनयात्रालाई सहज बनाएको देखिन्छ ।

वि.सं. २०४० मा २३ वर्षको उमेरमा झापा बुधबारे गा.वि.स. वडा नं. ६ बस्ने टिकाराम पोखरेलकी सुपुत्री सीतादेवी पोखरेलसँग दाम्पत्य जीवनमा बाँधिएका धरावासीका दुई छोरा (दीपलेश र विवेक) र एक छोरी (प्रतिमा) छन् । आफू, श्रीमती, दुई छोरा, एक छोरीको पारिवारिक जीवन बिताई रहेका धरावासीको एक भाइ, एक भाइबुहारी र भाइकी एक छोरीको अलग्गै परिवार शनिश्चरेमा रहेको छ । धरावासीकी आमा अम्बिकादेवी भट्टराईको २०५८ सालमा मृत्यु भएको थियो ।

## २.१.४ आर्थिक अवस्था तथा आजीविका

पारिवारिक अंशबण्डा पक्षपातपूर्ण व्यवहार गरिएको कारणले कृष्ण धरावासीका पिता टिकाराम भट्टराईले निकै आर्थिक कठिनाई भोग्नु परेको थियो । ज्योतिष र गणित पढ्ने अवसर पाएका पिताले ज्योतिषी पेसालाई बाँच्ने आधार बनाउँदै र लघु पेसाको रूपमा सुर्ती कुटेर बनाइएको चुर (कङ्कट) बिक्री गरेर जीविकोपार्जन गर्दै गरेको परिवारमा ज्येष्ठ सुपुत्रका रूपमा जन्मिएका धरावासीले १६ वर्षको उमेरमा पितृशोक झेल्नु पऱ्यो । पितृशोकको लगत्तै ६ महिनापछि घरमा आगलागी भएर परिवारका सबै सदस्यका शरीर बाहेक केही नबचेपछि उनले सामाजिक सहयोगको अपेक्षा गर्दै शून्यबाट आर्थिक यात्रा शुरु गर्नु पर्ने अवस्था सिर्जना भयो । शनिश्चरे बजारमा चिटिक्क परेको, टिनको छानो लगाएको दुई तले घरमा बस्दै आएका धरावासी हाल सो शनिश्चरेको घर भाइलाई दिएर झापा बिर्तामोडमास्तिर महानन्द चोक छेउमा सानो दुईतले पक्की घर निर्माण गरी बसेका छन् ।

वि.सं. २०३४ सालमा एस्.एल्.सी. परीक्षा दिएपश्चात शनिश्चरे मा.वि.मा स्वयम्सेवक शिक्षकको रूपमा शिक्षण गर्ने धरावासीले सोही विद्यालयमा वि.सं. २०३९ देखि प्रा.वि. दरबन्दीको लियन पदमा जागिर खाएका थिए । वि.सं. २०४३ देखि कृषि विकास बैंकमा खरिदार सरहको स्थायी जागिर गर्दै आएका उनी हाल सोही बैंकको सुब्बा सरहको पदमा कार्यरत रहेका छन् ।

## २.१.५ शारीरिक संरचना र स्वभाव

साहित्यकार धरावासी गहुँगोरो वर्णका, मझौला कद भएका लगभग पाँच फुट उचाइ र ५५ किलो तौल भएका व्यक्ति हुन् । पुष्ट छाती, चिल्लो ललाट, तेजिला आँखा, डोलो पोरा फुकेको नाक, बाक्लो तिलचामले कपाल भएका उनी शारीरिक संरचनाका हिसावले केही होचा देखिन्छन् । नरम र हँसिलो मिजास, पातला र नरम दाह्री जुँगाका बीचमा अगाडिको दाँत केही चेप्टो भएको हँसिलो मुखले उनी अत्यन्त फरासिला देखिन्छन् । हिड्दा केही

खोच्याएको हो कि भन्ने भान पर्दछ । उनी सबै प्रकारका लुगाकपडा सर्ट, पेन्ट, कुर्ता, सुरुवाल लगाउदछन् र विशेष गरी सर्ट, पेन्ट, टाइ र ढाका टोपीमा निकै खुल्दछन् ।

सादाजीवन शैली मन पराउने धरावासीको कोठाका भित्ताहरू साहित्यकारहरू तथा संसारका विभिन्न महापुरुषका तस्वीरहरूले सजिएका छन् । पुस्तकालयझैं लाग्ने उनको कोठामा पुस्तक तथा पत्रपत्रिका खचाखच भरिएको देखिन्छ । सोही कोठाको बीचमा एउटा सानो चकटीमा बसेर उनी घन्टौ लेखिरहन्छन् । विभिन्न क्षेत्रमा संलग्न धरावासीको जीवन व्यस्तताका बीच गुज्रिरहेको छ ।

कडा बोलेर कसैलाई नबिझाउने धरावासी मृदुभाषी छन् । पिताको मृत्युपश्चात शून्यबाट आर्थिक यात्राको थालनी गरेको बताउने धरावासी व्यक्तिगत र व्यावहारिक समस्यालाई समस्याको रूपमा नलिई सहज रूपमा लिन्छन् । आफूमा लीला चिन्तन र लेखनको प्रभाव परेपछि जीवन अत्यन्त सहज हुँदै गएको, जीवनमा आउने उतारचढाव नियमित आकस्मिकताझै लाग्न थालेको, भएका, भइरहेका र हुने घटनाहरूले आत्तिइहाल्नु पर्ने गरी प्रभाव पार्न छाडेको उनी बताउँदछन् ।[११]

## २.१.६ उपनाम चयन

साहित्यकार, लेखकहरूले आफ्ना उपनाम राख्ने गरेको चलन विश्वभरि नै रहेको पाइन्छ । गोप्य र सुरक्षित रहन, एउटै नाम भएका सहनामीहरूबाट अलग्गै पहिचान बनाउन, नाम सजिलो पार्न, जातथर छोप्न, कतिपय अवस्थामा देखासिकी जस्ता कारणबाट पनि लेखकहरूले उपनाम राख्ने गर्दछन् ।

धरावासीको आरम्भिक घरायसी आर्थिक स्थिति कमजोर थियो । वि.सं. २०३३ मा पिताको मृत्यु र सो घटनाको लगत्तै आगलागीको घटनाले उनलाई अत्यन्त पीडित र मर्माहत तुल्याएको थियो । यस्तो पीडित र मर्माहत अवस्थामा पनि उनले नातेदारहरूबाट कुनै सहयोग र सहानुभूति पाउन सकेनन् । "...गरिबको मृत्युलाई समाज मलामी दिन पनि तयार हुँदैन् । बल्लतल्ल बीस जना मलामीहरू भेला भएका थिए ।"[१२]

यसरी सङ्कटहरूबाट आक्रान्त हुँदा पनि उनले आफ्ना नातेदारहरूबाट सहयोग नपाएर समाजको सहयोगमा नयाँ जीवन सुरु गर्नु परेको थियो । यस मर्मस्पर्शी क्षणलाई उनले आफूलाई निरीह अवस्थामा पुगेको चित्रित गरेका छन्, "...म शनिश्चरेमा एक निरीह र अनाथका रूपमा प्रस्तुत भएँ ।"[१३]

---

[११] कृष्ण धरावासी स्वयम्का अनुसार

[१२] कृष्ण धरावासी, **उत्तमजङ्ग सिजापतीको आलु** (झापाः कुमार भट्टराई, २०५५), पृष्ठ ३१ ।

[१३] ऐजन

यसरी आफूलाई सहयोग र सहानुभूतिको आवश्यकता रहेका बेलामा आफ्ना नातेदारहरूबाट कुनै सहयोग पाउन नसकेका धरावासीलाई आफ्नो थरप्रति शक्त घृणा भयो । साहित्यिक अध्ययन र साहित्यिक वातावरणको सरसङ्गत आदि जस्ता कारणले वि.सं. २०३५ श्रावण २ गतेदेखि उनले थर परित्याग गरी धरावासी स्वीकार गरे । संसारमा एउटै देश पृथ्वी, एउटै जात मानिस, एउटै धर्म मानवता मात्र देख्ने कृष्णप्रसाद भट्टराई त्यसदिनदेखि 'धरावासी' बने । उनी भन्दछन्, "...आज म मेरो थर कर्मचारी हाजिरी पुस्तिका, नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्रहरूमा कताकता रोइरहेको  देख्छु ।"[१४]

यस प्रकार उनको उपनाम चयनको आफ्नै कथाव्यथा छ । उपनाम चयनको विषयलाई लिएर उनले "सन्दर्भमा : आफ्नै उपनामको चर्चा" शीर्षकमा निबन्ध नै लेखेका छन् । राम्ररी धरावासी भन्न नजान्नेहरू पनि विभिन्न ढङ्गले यही नामोच्चारण गरी बोलाउने, चिनाउने गर्दछन् । हाल उनको थर के हो ? कमै मानिसहरू जान्दछन तर धरावासी उपनामबाट उनलाई धेरै मानिसहरू चिन्दछन्, जान्दछन् ।

वि.सं. २०४४ देखि २०४७ सम्म तारा बरालको सम्पादनमा प्रकाशित हुने 'साप्ताहिक विचार' पत्रिकामा 'अव्यय' गोप्यनाम राखी 'मुक्तपातो' स्तम्भ नियमित रूपमा प्रकाशित गर्ने धरावासी वि.सं. २०४७ मा प्रजातन्त्र पुनर्स्थापनापछि 'अव्यय' गोप्य नामलाई छाडेर कृष्ण धरावासीकै नामबाट स्तम्भलेखनमा प्रस्तुत भएको पाइन्छ ।

## २.१.७ सार्वजनिक कार्य

### २.१.७.१ सामाजिक सेवा

साहित्यकार कृष्ण धरावासी समाजमा रहेका अन्धविश्वास, कुरीति, विकृति र विसङ्गत परिवेशमाथि क्रान्तिकारी सुधार चाहन्छन् । उनी साहित्यिक लेखन र जागिरे जीवनका फुर्सदका क्षणहरूलाई समाज सेवाका विविध क्षेत्रमा लगाई मानव, समाज र राष्ट्रको सकारात्मक विकास अभियानमा समर्पित छन् । यसैले समाजसेवाका विविध क्षेत्रमा उनको नेतृत्वदायी भूमिका रहेको छ । सेवा नै धर्म हो भन्ने भावनाका साथ उनी स्वयम्सेवकका रूपमा समाजमा चेतनामूलक तथा विकास निर्माणका कार्यहरूमा जुटेका छन् । जुनसुकै वर्ग, जाति, धर्म, लिङ्ग, पेसा तथा आर्थिकस्तरको मान्छेसँग एउटै बोली बोल्ने र समान व्यवहार गर्ने प्रवृत्ति उनमा पाइन्छ । सामाजिक भावनाले ओतप्रोत धरावासी कै अगुवाइमा वि.सं. ३०३८ मा आदर्श साहित्यिक सांस्कृतिक दोभानको स्थापना भएको थियो । यसै संस्थाको नेतृत्वमा वि.सं. २०४२ मा शनिश्चरे बजारमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिग निर्माण गर्ने काम सम्पन्न भएको छ । वि.सं. २०५३ मा स्थापित सी.के. चिन्तन प्रतिष्ठानका

[१४] ऐजन

संस्थापक अध्यक्ष रहेका धरावासी नियात्रा प्रकाशनका समेत संस्थापक अध्यक्ष हुन् । आफ्नो लोकप्रिय उपन्यास 'शरणार्थी' को प्रथम संस्करणबाट प्राप्त सबै आम्दानी उनले त्यस संस्थालाई प्रदान गरेका छन् । समाजका विविध क्षेत्रमा उत्साही ढङ्गले कार्य गर्ने प्रवृत्ति भएका धरावासी हाल पनि सामाजिक सेवाका क्षेत्रमा सक्रिय रहेको कुरा निम्न संघसंस्थामा उनको सम्बद्धता तथा संलग्नता रहनुले पुष्टि गर्दछ :

| | | |
|---|---|---|
| क) | केन्द्रीय सदस्य | नेपाली लेखक सङ्घ |
| ख) | केन्द्रीय सदस्य | नेपाल साहित्यकार सङ्घ |
| ग) | केन्द्रीय पार्षद | नेपाल पत्रकार महासङ्घ |
| घ) | संस्थापक तथा वर्तमान अध्यक्ष | नियात्रा प्रकाशन, झापा |
| ङ) | संस्थापक तथा वर्तमान अध्यक्ष | सी.के. चिन्तन प्रतिष्ठान झापा |
| च) | संस्थापक तथा वर्तमान महासचिव | सासंक प्रतिष्ठान, झापा |
| छ) | अध्यक्ष | आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान, शनिश्चरे |
| ज) | महासचिव | हराभरा समाज, झापा |
| झ) | उपाध्यक्ष | बसुन्धरा मान प्रतिष्ठान, काठमाडौं |
| ञ) | मानार्थ सदस्य | देवकोटा स्मृति भवन, भद्रपुर |
| ट) | अध्यक्ष | नेपाली साहित्यिक विकास समिति, मेची |
| ठ) | महासचिव | जयन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोष |
| ड) | केन्द्रीय सल्लाहकार | नेपाल प्रेस युनियन |
| ढ) | सल्लाहकार | साहित्य चौतारी, झापा |

### २.१.७.२ शिक्षण सेवा

वि.सं. २०३५ सालको एस्.एल्.सी. परीक्षण दिएपश्चात एउटा क्रियाशील, कर्तव्यनिष्ठ र असल शिक्षकका रूपमा कृष्ण धरावासीले आफूले पढेकै बिद्यालय, शनिश्चरे मा.वि.मा पाँच वर्षसम्म स्वयम्सेवक शिक्षकको रूपमा काम गरे भने वि.सं. २०३९ देखि प्रा.बि. दरबन्दीको लियन पदमा लगभग चार वर्ष सम्म कार्य गरे ।

### २.१.७.३ राजनैतिक चिन्तन

मानिस स्वभावैले राजनीतिक प्राणी हो, अझ साहित्यकार लेखकहरूमा राजनीतिक जागृति र सचेतता सशक्त हुन्छ । साहित्यकार धरावासीमा पनि राजनैतिक सचेतता सशक्त

छ, कार्ल मार्क्सको आर्थिक चिन्तन र विश्वेश्वरप्रसाद कोइरालाको प्रजातान्त्रिक समाजवादबाट अत्यन्तै प्रभावित धरावासी प्रजातान्त्रिक समाजवादी विचारका समर्थक भए पनि उनले राजनैतिक पदहरूमा बसेर काम गर्ने रुचि राखेका छैनन् । जेलनेलको अनुभव प्राप्त नभए पनि निर्भीक व्यक्तित्व भएका धरावासीको राजनीतिक चिन्तन सशक्त छ । "प्रजातन्त्र भनेको सबै नागरिकले आफ्नो व्यक्तित्वलाई स्वतन्त्र रूपले प्रकाशन गर्न पाउने, आफ्नो मौलिक हकको उपभोग गर्न पाउने पद्धति हो"[१५] भन्ने धारणा धरावासीको रहेको छ । मुलुकको राजनैतिक चिन्तन सत्ताकेन्द्री र सुविधाभोगी प्रवृत्तितिर उन्मुख हुँदै गरेको वर्तमान सन्दर्भमा उनी राजनैतिक व्यक्तिहरूको आचरण र व्यवहारमा आमूल परिवर्तनको अपेक्षा राख्दछन् ।

## २.२ कृति

### २.२.१ लेखनको शुरुवात

शनिश्चरे मा.बि. मा प्राथमिक तहमा अध्ययनरत रहेकै बेला अर्काको रचना सारेर गोष्ठीमा सुनाउँदा अग्रजहरूबाट आफैले लेख्नु पर्ने सुझाव पाएपछि तीक्ष्ण बुद्धि भएका धरावासीले आफैले लेखनको अभ्यास गर्न थालेका हुन् । उनलाई अध्ययन र अभ्यासले नै आजको अवस्थामा पुऱ्याएको हो । वि.सं. २०३३ मा झापा भद्रपुरबाट प्रकाशित 'सूर्योदय' साप्ताहिक पत्रिकामा कविता प्रकाशित भएपछि धरावासी औपचारिक रूपमा साहित्य यात्रामा पदार्पण गरेका हुन् ।

बाल साहित्यको माध्यमबाट साहित्य यात्रा शुरु गर्ने धरावासीको पहिलो प्रकाशित कथा 'गुनासो' हो, जुन शनिश्चरे मा.बि.को वार्षिक मुखपत्र 'उषा : तेस्रो अर्चना' (२०३५) मा सङ्कलित छ । यसै गरी 'महत्वाकांक्षा विनासको प्रतीक' शीर्षकको निबन्धबाट उनी निबन्ध क्षेत्रमा आएका हुन्, जुन 'कन्दरा, सामयिकसङ्कलन' (२०३७) मा सङ्कलित छ ।

यसरी कविता, कथा, निबन्ध हुँदै शुरु भएको धरावासीको साहित्यिक यात्राले उनलाई निबन्धकार, कवि, उपन्यासकार, कथाकार, समालोचक, स्तम्भकार, पत्रकार, सम्पादक, भूमिकालेखक आदि विविध रूपमा उभ्याएको छ । उनको पहिलो पुस्तकाकार कृतिको रूपमा 'बालक हराएको सूचना' निबन्धसङ्ग्रह वि.सं. २०४८ मा विचार प्रकाशन, चन्द्रगढी झापाबाट प्रकाशित भएको हो ।

समाजमा देखेका, भोगेका, घटेका र अनुभव गरेका यथार्थता, नेपाली जनजीवनका सुखदुख र कथाव्यथालाई साहित्यमा उतार्ने धरावासीका लेखनमा मानवीय समाजमा घटेका घटनाहरू नै प्रतिबिम्बित भएर आउदछन् । मानवीय पीडाहरूको सजीव चित्रण आत्मपरक

---

[१५] कृष्ण धरावासी, "धरावासी तिमी कहाँ छौ ?" **बज्रपात राष्ट्रिय दैनिक**, (बर्ष १ अङ्क २, २०६२ फागुन ८ गते), पृष्ठ २ ।

ढङ्गबाट अभिव्यक्त गर्ने धरावासी आज पनि उत्तिकै सक्रियताका साथ साहित्यिक क्षेत्रमा क्रियाशील छन् ।

## २.२.२ पुस्तकाकार कृति

बि.सं. २०३३ देखि बाल साहित्यको माध्यमबाट नेपाली साहित्याकाशमा उदाएका कृष्ण धरावासी बहुमुखी प्रतिभा भएका साहित्यकार हुन् । साहित्यका विविध विधामा कलम चलाएका धरावासीको हालसम्म १३ वटा कृतिहरू पुस्तकाकारका रूपमा प्रकाशित भइसकेका छन् भने ९ वटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । यस अतिरिक्त उनका फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिका तथा सामयिक सङ्कलनमा प्रकाशित छन् । उनको कलम अझ पनि सशक्त र क्रियाशील रहेको छ । फुटकर रचनाहरूलाई छाडेर उनका प्रकाशित पुस्तकाकार कृतिहरू र प्रकाशोन्मुख कृतिहरूको विवरण यसप्रकार छ :

**प्रकाशित कृतिहरू**

| | | | |
|---|---|---|---|
| १. | बालक हराएको सूचना | निबन्धसङ्ग्रह | २०४८ |
| २. | विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू | समालोचना | २०४८ |
| ३. | उन्मुक्तिका आवाजहरू | कविता सङ्ग्रह | २०५० |
| ४. | लीला लेखन | समालोचना | २०५३ |
| ५. | नारीभित्र त्यस्तो के छ हजुर | निबन्धसङ्ग्रह | २०५३ |
| ६. | उत्तमजङ्ग सिजापतीको आलु | निबन्धसङ्ग्रह | २०५५ |
| ७. | शरणार्थी | उपन्यास | २०५६ |
| ८. | आधाबाटो | उपन्यास | २०५९ |
| ९. | झोला | कथा सङ्ग्रह | २०६० |
| १०. | पाठकको अदालतमा | मुद्दा (लेखसङ्ग्रह) | २०६२ |
| ११. | कान्छी राधा | काव्य | २०६२ |
| १२. | राधा | उपन्यास | २०६२ |
| १३. | तेस्रो आयाम र बैरागी काइँला | समालोचना | २०६३ |

**प्रकाशोन्मुख कृतिहरू**

| | | |
|---|---|---|
| १. | मिसाइलको धुवाँ | खण्डकाव्य |
| २. | टाउकोबाट उँभो लाग्दछु | कवितासङ्ग्रह |
| ३. | ब्रह्मपुत्रको पानी | कथासङ्ग्रह |
| ४. | साहित्यको आधार | समालोचना |
| ५. | सडक | उपन्यास |
| ६. | ममी, हाम्रो आमा खै ? | उपन्यास |

| | | |
|---|---|---|
| ७. | तपाई | उपन्यास |
| ८. | मुक्तपातो | टिप्पणीहरू |
| ९. | नेपाली साहित्यमा उठेका केही प्रश्नहरू | समालोचना |

## २.२.३ प्राप्त पुरस्कारहरूको विवरण

नेपाली साहित्यको सिर्जनामा क्रियाशील धरावासीको योगदानलाई कदर गर्दै विभिन्न सामाजिक सङ्घसंस्थाहरूले उनलाई विभिन्न पुरस्कार, प्रशंसापत्र तथा कदरपत्रहरूले सम्मान गरेका छन् । विद्यालयको वार्षिक उत्सवमा आयोजित कवि गोष्ठीमा "धनमा घुन कसरी लाग्यो" भन्ने शीर्षकको कवितामा तृतीय पुरस्कार प्राप्त गरेका धरावासीको पुरस्कार प्राप्तिको शुरुवात यहीबाट भएको हो र उनले विभिन्न पुरस्कारहरू प्राप्त गरेका छन् ।[१६] यसबाट नेपाली साहित्यको श्रीबृद्धिमा समर्पित रहन धरावासीलाई प्रेरणा र प्रोत्साहन मिलेको छ । उनले प्राप्त गरेका पुरस्कारको विवरण यस प्रकार छ :

**प्राप्त पुरस्कारको विवरण**

| | | | |
|---|---|---|---|
| १. | महानन्द पुरस्कार, नेपाली साहित्य विकास समिति | २०४६ | रु. २५००।०० |
| २. | उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार, नेपाल जेसीज | २०५२(१९९५) | रु. ५०००।०० |
| ३. | राष्ट्रिय प्रतिभा पुरस्कार, संस्कृति मन्त्रालय | २०५३ | रु. १५०००।०० |
| ४. | उत्तम शान्ति पुरस्कार, उत्तमशान्ति पुरस्कार गुठी | २०५४ | रु. १५०००।०० |
| ५. | युवा वर्ष मोती पुरस्कार, युवा सेवा कोष काठमाडौं | २०५६ | रु. २००००।०० |
| ६. | प्रतिभा पुरस्कार, प्रतिभा पुरस्कार समिति बिराटनगर | २०५७ | रु. २५०००।०० |
| ७. | विसाप श्रष्टा पुरस्कार, बीरगञ्ज साहित्य परिषद, पर्सा | २०५९ | रु. ५०००।०० |
| ८. | रामराज पन्त स्मृति पुरस्कार, काठमाडौं | २०५९ | रु. १००००।०० |
| ९. | ज्योतिष पत्रकारिता पुरस्कार, अन्तर्राष्ट्रिय ज्योतिष प्रतिष्ठान | २०५९ | रु १०००।०० |
| १०. | एस.एल.शर्मा सिर्जनशील पत्रकारिता पुरस्कार | २०६२ | रु. ५०००।०० |
| ११. | धरणीधर वाणी पुरस्कार | २०६२ | रु. १००००।०० |
| १२. | मदन पुरस्कार | २०६३ | रु २०००००।०० |

**सम्मान तथा कदरपत्र प्रदान गर्ने सङ्घसंस्था**

| | | | |
|---|---|---|---|
| १ | नगर प्रतिभा विकास शाखा , | इलाम | २०४४ |
| २ | देवकोटा स्मृति भवन भद्रपुर | झापा | २०५२ |
| ३. | सासंक प्रतिष्ठान | झापा | २०५३ |

[१६] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५९), पृष्ठ ७६ ।

| | | | |
|---|---|---|---|
| ४. | नवरङ्ग साहित्यिक प्रतिष्ठान | झापा | २०५३ |
| ५. | वातावरण युवा समूह शनिश्चरे | झापा | २०५३ |
| ६. | कन्काई प्रतिभा प्रतिष्ठान सुरुङ्गा | झापा | २०५३ |
| ७. | शनिश्चरे गा.वि.स. शनिश्चरे | झापा | २०५३ |
| ८. | बृहत्तर गुवाहाटी साहित्यिक अतिथि अव्यर्थना समिति | असम | २०५३ (१९९६) |
| ९. | अर्जुनधारा गा.वि.स. अर्जुनधारा | झापा | २०५७ |
| १०. | वर्तमान साहित्य प्रतिष्ठान चन्द्रगढी | झापा | २०५७ |
| ११. | नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ (कृ.वि.बैंक) | | २०५७ |
| १२. | लेखनाथ वाचनालय चन्द्रगढी | झापा | २०५८ |
| १३. | मेची नगरपालिका | झापा | २०५९ |
| १४. | नेपाली साहित्य समाज | मोरङ्ग | २०५९ |
| १५. | जुही साहित्यिक त्रैमासिक चन्द्रगढी | झापा | २०५९ |
| १६. | त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी | झापा | २०५९ |

## २.२.४ विविध व्यक्तित्व

साहित्यकार कृष्ण धरावासी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनको स्वभाव मिलनसार, गम्भीर, सहयोगी र सकारात्मक विचार राख्ने खालको छ । नरम स्वभावका धरावासी हाँसिरहने, बोलिरहने गर्दछन् र बोल्दा गम्भीर विषयमा केन्द्रित रहने उनको स्वभाव छ । सबैसँग घुलमिल हुने र सामाजिक व्यक्तित्वमा उदाहरणीय मानिएका धरावासी मृदुभाषी छन् । विद्यालय जीवनदेखि नै साहित्यिक कार्यक्रममा भाग लिन मन पराउने धरावासीले साहित्यका विविध विधामा कलम चलाएका छन्, जसले साहित्य क्षेत्रमा उनको व्यक्तित्वलाई कवि, निबन्धकार, कथाकार, समालोचक, पत्रकार, भूमिकालेखक जस्ता विविध रूपमा खडा गरेको छ ।

## २.२.४.१ कवि

वि.सं. २०३३ मा भद्रपुर झापाबाट प्रकाशित हुने ‘सूर्योदय’ साप्ताहिक पत्रिकामा कविता छापिएपछि कविता विधाकै माध्यमबाट कवि कृष्ण धरावासीको साहित्यिक यात्रा प्रारम्भ भएको हो । सिर्जनशील स्रष्टा धरावासीको यसपश्चात विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू देखा पर्न थालेका हुन् । कविता विधातर्फ हालसम्म उनको पुस्तकाकार कृति ‘उन्मुक्तिका आवाजहरू’ (कवितासङ्ग्रह) २०५० सालमा सासंक प्रतिष्ठान झापाद्वारा प्रकाशित भएको छ । जम्मा ३० वटा कविताहरू सङ्कलित भएको ८९ पृष्ठको यस सङ्ग्रहमा

विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरू सङ्गृहीत छन् । यसरी नै 'राधा' उपन्यास लेख्दै गर्दा तयार भएको काव्यात्मक विचारहरूको स्वरूप बोकेर तयार भएको कवि धरावासीको अर्को काव्यकृति 'कान्छी राधा' २०६२ सालमा निर्माण व्यवसायी सङ्घ झापाद्वारा प्रकाशित भएको हो । ५४ वटा कविताहरूको यस सङ्गालोलाई कवि धरावासीले सूत्रकाव्यको नाम दिएका छन् । आधुनिकता र पौराणिकता दुवैको संयोजनले युक्त रहेको यस काव्यकृतिमा प्रेमका विभिन्न क्षणहरू सङ्कलित छन् ।

यसैगरी 'मिसाइलको धुँवा' (खण्डकाव्य) र 'टाउकोबाट उभो लाग्दछु ' ( कवितासङ्ग्रह) प्रकाशोन्मुख अवस्थामा छन् । झ्याउरे लयमा लेखिएको 'बीर बहादुर' खण्डकाव्य हराएको बताउने धरावासीको अर्को खण्डकाव्य 'रक्त रञ्जित भूमिको दृश्य' को एक अंश 'सल्फिरिनो रक्त रञ्जित भूमिमा उभिएर' शीर्षकमा प्रकाशित भएको तर खण्डकाव्य भने हराएको बुझिन्छ ।

'उन्मुक्तिका आवाजहरू' (कवितासङ्ग्रह) सामाजिक विकृति र विसङ्गतिका विरुद्धमा व्यङ्ग्य र विद्रोह गर्दै खरो रूपमा उत्रन सफल भएको छ । यसमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरू सङ्गृहीत छन्, हरेक कविताले आ-आफ्नै प्रकारको अस्तित्व बोकेका छन् । पौराणिक मिथकलाई एउटा नयाँ दृष्टिकोणका साथ कतै प्रेमको प्रतीक, कतै प्रकृतिको प्रतीक र कतै प्रजातन्त्रको प्रतीकको रूपमा 'कान्छी राधा' सूत्रकाव्यमा पौराणिक पात्र 'राधा' लाई उभ्याइएको छ । नारीवादी संचेतना, महिलाहरूको प्रेम, पीडा, क्षोभ र कतिपय आक्रोशलाई काव्यमा लीलामय ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

उनको कविता यात्राको प्रारम्भिक चरणतिरका कविताहरू केलाउँदा प्रकृतिप्रेम, राष्ट्रियताको भावना र मानवताबाट मुखरित भएको पाइन्छ । पछि गएर उनका कविताहरूमा मानवीय मूल्य र मान्यता, सामाजिक तथा सांस्कृतिक चेत, विकृति र विसङ्गति उपर विद्रोही दृष्टिकोण नियाल्न सकिन्छ ।[१७]

"...विश्वमा मानवताप्रतिको प्रेम र बढ्दो सरोकार, बिग्रदो वातावरणप्रति मानवीय व्यग्रता, राजनीतिक सर्वसत्तावादको विश्वजनीन विरोधमा सामेल हुने पङ्क्तिमा उभिने साहसका साथ उठेको समकालीन काव्यधारामा कृष्ण धरावासीका कविता माथिका चिन्ता र चेतनाले ओतप्रोत छन् ।"[१८]

सत्य, प्रेम र मानवताको गहिराइमा डुबाउन खोज्ने धरावासीका कवितामा दार्शनिक पक्ष सवल छ । उनका कविताले आजको असङ्गत सामाजिक व्यवस्थामाथि तीव्र वितृष्णा

[१७] मिलनकुमार ढुङ्गाना, **शरणार्थी उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित .स्नातकोत्तर शोधपत्र २०६०), त्रि.वि., मा. तथा सा.शा.सङ्काय, नेपाली विभाग, मेची बहुमुखी क्याम्पस, भद्रपुर, पृष्ठ १० ।

[१८] बैरागी काइला (भूमिकामा) **उन्मुक्तिका आवाजहरू** (झापा : सासंक प्रतिष्ठान, २०५०), पृष्ठ ङ र च ।

अभिव्यक्त गरेको छन् । 'उन्मुक्तिका आवाजहरू' (कवितासङ्ग्रह) का कविताहरू राजनैतिक चेतना, राष्ट्रिय चेतना, सामाजिक तथा सांस्कृतिक चेतना, विद्रोह चेतना, प्राकृतिक चेतना, मानवीय मूल्यमान्यता जस्ता प्रवृत्तिमा आवद्ध छन् भने 'कान्छी राधा' का कविताहरूमा नारीवादी संचेतना, महिलाहरूको प्रेम र पीडालाई अभिव्यक्त गरिएको छ ।

विशेषत छन्दमुक्त गद्य कविता सिर्जन गर्ने धरावासीका कवितामा लयात्मकता, लालित्यमय भाव व्यञ्जना, कलात्मक बिम्ब विधान, आख्यानीकृत एवम् नाटकीकृत कथन पद्धति, प्रतीकहरूको सफल र जीवन्त प्रयोग रहेको पाइन्छ । अनुप्रास विधान र अलङ्कार विधानमा पनि उनका कविताहरू अगाडि नै छन् । उनको अलङ्कार विधान परम्परागत भन्दा पृथक, आधुनिक र प्रयोगात्मक छ । विशेषत रूपक, उपमा, उत्प्रेक्षा जस्ता अलङ्कार उनले प्रयोग गरेका छन् । स्वच्छन्दतावादी मुक्तलेखन र परिष्कारहीनता उनका कवितागत विशेषता हुन् । आयामेली आन्दोलनको प्रभाव समेत उनको कवित्वले ग्रहण गरेको छ र लीलालेखनका विचारहरूलाई समेत उनको सूत्रकाव्यले प्रस्तुत गरेको छ ।

## २.२.४.२ निबन्धकार

वि.सं. २०३७ मा 'महत्वाकांक्षा विनाशको प्रतीक' (कन्दरा : सामयिकसङ्कलन) शीर्षकको निबन्ध लिएर नेपाली निबन्ध जगत्मा आएमा कृष्ण धरावासीको सिर्जनशीलतामा सशक्त विधा निबन्ध विधा हो । वि.सं. २०४० देखि निरन्तर रूपमा निबन्ध लेखिरहेका धरावासीले निबन्धमा आख्यानको प्रयोगलाई विशेष रूपमा भित्र्याई रहेको र २०४४ को असारमा राष्ट्रियस्तरको साहित्यिक पत्रिका 'गरिमा' मा 'माटोको माया' भन्ने निबन्ध छापिएपछि नयाँ लेखकका रूपमा सबैले प्रशंसा गरी हौसला बढाएको अनि सोही पत्रिकामा २०४५ असारमा 'बालक हराएको सूचना' र २०४५ फागुनमा चङ्गा शीर्षकको निबन्ध छापिएपछि निबन्धकारमा दरिन पुगेको कुरा धरावासी स्वयम्ले स्वीकार गरेका छन् ।[१९] उनका 'बालक हराएको सूचना' (२०४८), 'नारी भित्र त्यस्तो के छ हजुर ?' (२०५३) र 'उत्तमजङ्ग सिजापतीको आलु' (२०५५) गरी तीनवटा निबन्धसङ्ग्रहहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भइसकेका छन् , यस निबन्धसङ्ग्रहहरूमा क्रमशः १२, १४ र १५ वटा गरी जम्मा ४१ वटा निबन्धहरू सङ्कलित छन् भने विभिन्न पत्रपत्रिका र समसामयिक साहित्यिकसङ्कलनहरूमा अन्य प्रशस्त निबन्धात्मक लेखरचनाहरू प्रकाशित भइरहेका छन्, यस्ता प्रकाशित निबन्धहरूको संख्या सयदेखि माथि नै रहेको धरावासी स्वयम् बताउदछन् र सिर्जनशील स्रष्टा धरावासीको निबन्ध लेख्ने क्रम जारी रहेको छ ।

[१९] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५५) पृष्ठ २९८ ।

समाजका वास्तविकताहरूलाई सरल शव्दमा सम्प्रेषित गर्ने धरावासीमा शैलीगत विशिष्टता, विषयगत निष्ठा र भाषिक चमत्कार पाइन्छ । समसामयिक आर्थिक, सामाजिक, राजनीतिक परिवेश, शास्वत मानवीय मूल्य मान्यता, सामाजिक विकृति विसङ्गति आदिलाई धरावासीले आफ्ना निबन्धहरूमा कलात्मक ढङ्गले चित्रण गरेका छन् । छोटा छरिता निबन्धहरू भित्र व्यापकता समेट्ने उनका निबन्धका शीर्षक लामा र भद्धा प्रतीत भए पनि ती प्रतीकात्मक र सार्थक छन् । प्रस्तुतिका क्रममा यदाकदा उनी व्यङ्ग्य विद्रोही बनेको पनि पाइन्छ । सामाजिक यथार्थताको धरातलमा उभिएर आत्मपरक शैलीमा निबन्ध रचना गर्ने धरावासीलाई कवि व्यक्तित्वले अझ सफल बनाएको छ । एउटा सफल कवि नै सफल आत्मपरक निबन्धकार बन्न सक्दछ भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताले सङ्केत गरेको कुरा निबन्धकार धरावासीको सन्दर्भमा पनि लागू हुन्छ ।

... कविता, कथा, निबन्ध, उपन्यास र समालोचना सबै विधामा कलम चलाउने धरावासी साहित्यकार दुबसु क्षेत्रीका विचारमा अव्वल दर्जाका निबन्धकार हुन् । आधुनिक नेपाली निबन्धमा लक्ष्मीप्रसाद देवकोटाको रिक्ततालाई शङ्कर लामिछाने र कृष्णचन्द्रसिंह प्रधान दुई जना मिलेर पूरा गरेका थिए भने यी दुई जनाको भारी अहिले एक्लै कृष्ण धरावासीले बोकिरहेको पाइन्छ ।[२०]

लीलालेखन क्षेत्रका प्रवक्ता र चिन्तकका रूपमा देखिएका धरावासी आत्मपरक निबन्धका विशेष स्रष्टा मानिन्छन् । बालक हराएको सूचना शीर्षकमा प्रकाशित सङ्ग्रहमा जम्मा बाह्रवटा निबन्ध लेखनका उल्लेख्य प्रतिभा ठानिएका धरावासीको सृजनशीलताले उत्तर आधुनिकतावादी चिन्तनको यत्किञ्चित् प्रतिनिधित्व गरेको छ । यस्ता वैशिष्ट्यका आधारमा धरावासीको मूल्याङ्कन गरिनु अपेक्षित छ ।[२१]

धरावासी समसामयिक पुस्ताका सर्वश्रेष्ठ निबन्धकार हुन् । उनको 'बालक हराएको सूचना' बाट शुरु भएको निबन्धयात्रा 'नारी भित्र त्यस्तो के छ हजुर' सम्म आइपुग्दा अझ खारिदै र माझिदै गएको र त्यो 'उत्तमजङ्ग सिजापतीको आलु' सम्म आइपुग्दा अझ प्रौढ, परिष्कृत र परिपक्व भएको पाइन्छ ।[२२]

साधारण मानिसको जीवन शैलीलाई कलात्मक ढङ्गले निबन्धमा रूपान्तरण गर्न खप्पिस निबन्धकार धरावासीको निबन्धमा मानवतावादी जीवनदर्शन पाइन्छ । खस्कदो सामाजिक मूल्य मान्यता र समसामयिक राजनीति तथा सामाजिक विकृतिप्रति व्यङ्ग्य हान्न

---

[२०] कृष्ण बराल, **लीला, वार्ता र शरणार्थी**, (झापा : नियात्रा प्रकाशन, २०५९), पृष्ठ २२१ ।

[२१] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि**, ते.सं, (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ १९२ ।

[२२] कृष्ण बराल, **लीला, वार्ता र शरणार्थी**, (झापा : नियात्रा प्रकाशन, २०५९), पृष्ठ २२२ ।

सिपालु निबन्धकार धरावासीका निबन्धमा वर्तमानका वास्तविकता प्रतिबिम्बित भएका हुन्छन् ।

## २.२.४.३ कथाकार

वि.सं. २०३५ मा शनिश्चरे मा.बि.को वार्षिक मुखपत्र 'उषा : तेश्रो अर्चना' मा 'गुनासो' कथा प्रकाशित गरी कथा लेखन यात्रा शुरु गरेका धरावासीको 'झोला' (कथासङ्ग्रह) २०६० सालमा प्रकाशित भइसकेको छ भने 'ब्रह्मपुत्रको पानी' कथा सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । 'झोला' (कथासङ्ग्रह) मा नेपाली समाज र संस्कृतिका कुरीति, अमानवीय र अव्यावहारिक परम्परा अनि मान्यताहरूलाई समाप्त पार्ने सन्देश कथाकार धरावासीले दिएका छन् । पुरुष र महिलाका मनोभावना र यौनको वास्तविक चित्रण 'झोला' (कथासङ्ग्रह) मा पाइन्छ । 'गुनासो' कथाबाट शुरु भएको उनको कथा यात्रा निबन्धमा जति सफल नदेखिएको भए तापनि विभिन्न पत्रपत्रिका तथा सामयिकसङ्कलनहरूमा प्रकाशित भइरहेका छन् ।

धरावासीको कथाकारितामा नेपालको सामाजिक, राजनैतिक आर्थिक तथा प्रशासनिक विसङ्गतिहरूको प्रस्तुतीकरण पाइन्छ । उनका कथामा यौन मनोविज्ञानका साथै समाजका कुरीति, अमानवीय र अव्यावहारिक परम्पराको वास्तविक चित्रण भएको पाइन्छ । समाजमा पुरुष वर्गले नारीहरूमाथि गरेको चिथोमिचोका विरुद्धमा तथा नारी सम्मान र अस्मिताका पक्षमा उनको कलम चलेको छ ।

आधुनिक नेपाली कथाकारहरूमा पनि विशेष गरी इन्द्रबहादुर राई, किशोर पहाडी, ध्रुवचन्द्र गौतम, परशु प्रधान जस्ता कथाकारहरूको नवीन संरचना पद्धतिबाट उनी प्रभावित देखिन्छन् । प्रतीक, बिम्ब, व्यङ्ग्य समेतले उनका कथा रोचक, घोचक र प्रभावकारी बनेका हुन्छन् । यदाकदा पात्रहरू कथाकारका आफ्नै विचारले थिच्चिएका र घिस्याइएका देखिदा खल्लो पनि लाग्ने गर्छ । उनी ऋषिराज बराल, ध्रुवचन्द्र गौतम, परशु प्रधान आदिको जस्तो रतिरागमा पनि अल्मलिदैनन बरु पारिजातको जस्तो निस्सारता बोधले ग्रस्त छ उनको कथाकारिता । यदाकदा उनका पात्रहरू यौन समस्या र यौनेच्छाबाट प्रताडित देखिन्छन् । यसरी हेर्दा उनका कथाहरूमा फ्रायडीय यौन मनोविज्ञान पनि प्रयोग भएको प्रतीत हुन्छ ।[२३]

## २.२.४.४ समालोचक

वि.सं. २०४६ मा झापाको चन्द्रगढीबाट प्रकाशित हुने साप्ताहिक विचार पत्रिकामा 'टागिदै गरेको आकाश र दुर्गा दहाल' शीर्षकको रचना प्रकाशित गरी साहित्यकार धरावासीले समालोचना क्षेत्रमा पनि हात हालेका हुन् । साहित्यका विभिन्न विधाका स्रष्टा मात्र नभई

---

[२३] मिलनकुमार ढुङ्गाना, **शरणार्थी उपन्यासको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र २०६०), त्रि.वि., मा. तथा सा.शा.सङ्काय, नेपाली विभाग, मेची बहुमुखी क्याम्पस, भद्रपुर पृष्ठ १२ ।

द्रष्टा समेत रहेका धरावासीले समालोचनाका क्षेत्रमा निर्भीकतापूर्वक निर्णायक मत दिने र देखेको देखाउने द्रष्टाका रूपमा आफूलाई उभ्याएका छन् ।

"...समालोचना मानिसभित्रका कुण्ठा, विद्रोह, चिन्तनशैली, जीवनपद्धतिका मर्मलाई छुने खालको हुनु पर्दछ । स्रष्टाले देख्न नसकेको द्रष्टाले देख्नु पर्छ । स्रष्टाले भन्दा समालोचकले सूक्ष्म दृष्टि राख्नु पर्दछ" भन्ने उनको दृष्टिकोण "पिंजडाको सुगा मौलिकताको प्रश्न" शीर्षकको रचनामा रहेको पाइन्छ ।[२४]

हालसम्म उनका धेरै समालोचनात्मक रचनाहरू फुटकर रूपमा प्रकाशित भइरहेका छन् भने पुस्तकाकार कृतिको रूपमा उनका तीनवटा समालोचनात्मक कृतिहरू 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू' (२०४८) , 'लीलालेखन' (२०५३) र तेस्रो आयाम र वैरागी काइँला (२०६३) प्रकाशित भएका छन् । पहिलो कृतिमा विश्वेश्वरप्रसाद कोइराला जस्ता महान साहित्यकारका उपन्यासहरूको सूक्ष्म विश्लेषण पाइन्छ भने दोश्रो कृतिमा कथाकार इन्द्रबहादुर राईको 'कठपुतलीको मन' (कथासङ्ग्रह ई. १९८३) मा सङ्कलित निकै जटिल विनिर्माणवादी कथाहरूको सूक्ष्म विश्लेषण र लीलालेखन तथा लीला चिन्तनको व्यापक चर्चा परिचर्चा भएको छ । पाश्चात्य विद्वान् रोला बार्थको उत्तर संरचनावाद र ज्याक डेरिडाको विनिर्माणवादको अवधारणालाई पूर्वीय दर्शनसँग समीकरण गरिएको उत्तर आधुनिकतामा प्रचलित लेखन प्रविधि नै लीलालेखन हो । लीला भनेको भ्रमको खेती हो, लीला अर्थको बहुलता (बहुअर्थ) र भ्रमको स्थापना हो । लीलालेखनमा यथार्थ पात्र र घटनाको प्रयोगबाट सत्यता र भ्रमको सिर्जना गरिएको हुन्छ । नेपाली साहित्यमा लीलालेखन इन्द्रबहादुर राई हुँदै धरावासीसम्म आइपुगेको छ । यसैगरी उनको तेस्रो कृतिमा तेस्रो आयामको पृष्ठभूमिका साथ बैरागी काइलाका कविताहरूको समालोचना गरिएको छ ।

धरावासीको समालोचना सन्दर्भमा "कृष्ण धरावासीले आफूलाई समालोचकका रूपमा पनि उभ्याएका छन् । थुप्रै लेखक पाठकहरू उनलाई समालोचक नै ठान्दछन् । निबन्धपछि उनले सबैभन्दा बढी समालोचना नै लेखेका छन् । तर धरावासी समालोचनामा कमजोर देखिएका छन् । धरावासीको समालोचना लेखन ज्यादै परम्परागत, कमजोर र टिप्पणीपरक रहेको पाइन्छ" भन्ने साहित्यकार दुबसु क्षेत्रीको टिप्पणी रहे तापनि धरावासीका समालोचना सम्बन्धी प्रकाशित दुईवटा कृतिहरू सफल र मौलिक छन् । 'साहित्यको आधार' र 'नेपाली साहित्यमा उठेका केही प्रश्नहरू' जस्ता समालोचनात्मक ग्रन्थहरू प्रकाशोन्मुख अवस्थामा छन् ।

---

[२४] कृष्ण धरावासी "पिंजडाको सुगा मौलिकताको प्रश्न" **सासंक**, (वर्ष १ , अङ्क १, २०४९ पौष) ।

"... धरावासीले त्यसो त आफ्नो समालोचना लेखनको शुरुमै वी.पी. कोइरालामाथि कलम चलाएर आफ्नो एउटा अलग्ग उपस्थितिको बोध गराइसक्नु भएको हो । अहिले उहाँ इन्द्रबहादुर राईमाथि हात हाल्न कम्मर कसेर उभिनु भएको छ । नेपाली साहित्यमा इन्द्रबहादुर राईमाथि र अझ लीलालेखनमाथि कलम चलाउनु साहस मात्र हैन, एउटा दुस्साहस पनि हो । धरावासीले राईज्यूको म्याग्मा जस्तो भर्भराउदो तातो बौद्धिकतामा नाङ्गो हात राख्नु भएको छ । यस्तो आँट नेपाली साहित्यमा आजसम्म कसैले गर्न सकेका थिएनन् । लीला लेखनमाथि लेखिएको यो पुस्तक नेपाली साहित्यमै पहिलो कृति हो, त्यसैले यो ऐतिहासिक त छदैछ, त्यसका साथै यस पुस्तकले श्री इन्द्रबहादुर राई र लीला लेखनका बारेमा जिज्ञासा राख्ने पाठक, विद्यार्थी, अध्येता र अनुसन्धाताहरूलाई एउटा गहकिलो खुराक प्रदान गर्नेछ भन्ने मलाई लागेको छ ।"[२५]

"...इन्द्रबहादुर राईज्यूले दार्जीलिङको भेटमा दिनु भएको 'कठपुतलीको मन' कथा सङ्कलन पढेर केवल एक चौथाई बुझेको अनुभव गरेको थिए । धरावासीको 'लीला लेखन' पढेपछि अब पचास प्रतिशत बुझे कि लाग्यो ।"[२६]

"...केही दाहाडे स्वभावका समालोचकहरूले उनका समालोचना कृतिहरूमाथि ओठ लेप्र्याउदै उनको अवमूल्यन गर्ने जमर्को पनि नगरेका होइनन्, तर धरावासीका उर्वर मस्तिष्क र शक्तिशाली लेखनीका अगाडि उनीहरूको केही लागेन ।"[२७]

यी माथिका भनाइहरूले धरावासीको द्रष्टा व्यक्तित्वमाथि प्रकाश पर्दछन् । सामग्रीको सूक्ष्म अध्ययन र विश्लेषण गर्दै समालोचना गर्ने द्रष्टा धरावासीको समालोचनामा बाबुराम आचार्यको जस्तो खोज, सूर्य बिक्रम ज्ञवालीको जस्तो तार्किकता, रामकृष्ण शर्माको जस्तो निर्भीकता र डा. तारानाथ शर्माको जस्तो झर्रो, खरो अभिव्यक्ति पाइन्छ । हाल धरावासी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको विद्वतवृत्तिमा 'बीस वर्षका (२०२०-२०३९) नेपाली गद्य कविता' नामक पुस्तकका लागि समेत कार्यरत छन् । [२८]

निष्पक्ष समालोचनामा जोड दिने समालोचक धरावासी समालोचनाका क्षेत्रमा आग्रह र पूर्वाग्रहप्रति सचेत छन् । लीलालेखनको मान्यताप्रति प्रतिबद्ध समालोचक धरावासीको समालोचनामा द्रष्टा व्यक्तित्व समेत उजागर भएको छ । उनको समालोचना शैली सामग्रीको सूक्ष्म अध्ययन र विश्लेषणमा आधारित रहेको पाइन्छ ।

---

[२५] दुबसु क्षेत्री (प्रकाशकीयमा), **लीलालेखन** (काठमाडौं : बसुन्धरा प्रकाशन, २०५३) पृ. ।

[२६] लीलबहादुर क्षेत्री, "शरणार्थी धरावासीको लीलारचना" **पदार्पण** (धुलावासी जेसीज, ई २०००), पृष्ठ ११ ।

[२७] विष्णुकुमार भट्टराई, **भक्तिदेखि लीलासम्म**, (झापा : नियात्रा प्रकाशन, २०५७) पृष्ठ १२५ ।

[२८] कृष्ण धरावासी स्वयम्का अनुसार ।

### २.२.४.५ उपन्यासकार

वि.सं. २०५६ मा साहित्यकार कृष्ण धरावासी आफ्नो प्रथम प्रकाशित उपन्यास 'शरणार्थी' लिएर आएका हुन् । उनको दोस्रो प्रकाशित उपन्यास 'आधा बाटो' (२०५९) हो भने तेस्रो प्रकाशित उपन्यास 'राधा' (२०६२) हो । "उपन्यास लेख्ने रहर मलाई सानैदेखि थियो । मैले लेखेका सोह्रवटा उपन्यास मध्येको यो (शरणार्थी) सबैभन्दा पहिला प्रकाशित उपन्यास हो ।"[२९] 'शरणार्थी' उपन्यासले नयाँ शैली र विषयवस्तुतिर उन्मुख हुने प्रवृत्ति अँगालेको छ । स्वतःस्फूर्त सहज लेखन, मानवतावादी कारुणिकता, बहुपात्रको प्रयोग, आदर्श प्रेम, विधागत विविधता, नवीन ढङ्गको पात्रचयन, विनिर्माण–पुन निर्माण, पात्रीय स्वतन्त्रताको अवधारणा, लीलामय जीवनदृष्टि जस्ता मूल्य र प्रवृत्ति यस उपन्यासले बोकेको छ । यसैगरी 'आधा बाटो' उपन्यास आत्मवृत्तात्मक शैलीमा लेखिएको छ । यस उपन्यासमा धरावासीले आफ्नो पारिवारिक आर्थिक अवस्थाका उतारचढाव, अंशवण्डामा ठगिएमा आफ्ना पिताको तिक्ततापूर्ण अनुभव, भोगाइ र जीवनका यावत दुःखका कथाव्यथाहरूलाई यथार्थपरक ढङ्गले अभिव्यक्त गरेका छन् । आफ्ना अनुभवहरूलाई सरल, सहज र कारुणिक ढङ्गले उनले यस उपन्यासमा चित्रण गरेका छन् ।

उपन्यासकार धरावासीलाई मदन पुरस्कार दिलाउने कृति 'राधा' उपन्यास नयाँ दृष्टिकोणका साथ आएको छ । लीलालेखनका विचार तथा लीला चेतनाका सूक्ष्म अवधारणाहरू 'राधा' उपन्यासमा प्रस्तुत भएका छन् । पौराणिक मिथक, विषयवस्तु र पात्रलाई आधुनिक चेतनाका साथ 'राधा' उपन्यासमा धरावासीले सफलतापूर्वक उतारेका छन् । यस उपन्यासमा प्रेम र युद्धका घटना तथा प्रसङ्गहरू दार्शनिक रूपमा आएका छन् र यसमा बौद्धिक पक्ष बलियो देखिएको छ । स्वैरकल्पनाको चामत्कारिक प्रयोगले यस उपन्यासलाई कौतुहलतापूर्ण बनाएको छ ।

बाल्यावस्थादेखि नै उपन्यास लेख्न प्रशस्त रहर गर्ने धरावासीका उल्लेखित दुई वटा प्रकाशित उपन्यास बाहेक 'सडक', 'मम्मी ! हाम्रो आमा खै ?' 'तपाई' प्रकाशोन्मुख अवस्थामा छन् । उनका अभ्यासकाल (२०३४–२०३९) का उपन्यासहरू 'कर्मको फल', 'शीला', 'प्रायश्चित', 'पुरस्कार', 'अप्रत्यासित जीवन' जस्ता उपन्यासहरूलाई प्रकाशोन्मुख अवस्थामा पुऱ्याउन पनि व्यापक परिष्कार, परिमार्जन गर्नु पर्ने देखिन्छ भने यस प्रारम्भिक समयका उनका कतिपय औपन्यासिक रचनाहरू विविध कारणले हराएको र केही त भेटिए पनि उपन्यास भनेर भनिहाल्न नमिल्ने अवस्थामा पनि छन् ।

---

[२९] कृष्ण धरावासी स्वयम्का अनुसार ।

उपन्यासकार धरावासी नेपाली उपन्यास जगत्मा नयाँ दृष्टिकोणका साथ प्रस्तुत भएका छन् । उनको प्रथम उपन्यास 'शरणार्थी' ले मानवतावादी दृष्टिकोण राखेको छ भने यस उपन्यासमा पूर्वलिखित विभिन्न कथा उपन्यासहरूको समेत उपयोग गरी नयाँ ढङ्गबाट उपन्यास लेखिएको छ । उपन्यासकार धरावासीको अर्को उपन्यास 'आधा बाटो' मा मान्छेको स्वार्थ, इमान्दारिता, अवसरवादिता र सङ्घर्षशीलताको चित्रण भएको पाइन्छ । यसरी नै उपन्यास 'राधा' मा पौराणिक मिथकलाई कलात्मक ढङ्गले आधुनिक चेतनाका साथ नयाँ दृष्टिकोण आएको छ ।

## २.२.४.६ पत्रकार

वि.सं. २०४० देखि २०५० सम्म झापाको चन्द्रगढीबाट तारा बरालको सम्पादनमा प्रकाशित हुने 'साप्ताहिक विचार' सँग सम्बद्ध भई पत्रकारिता गर्ने कृष्ण धरावासी पत्रकारिताका क्षेत्रमा पनि चर्चित छन् । वि.सं. २०५५ माघ १२ देखि २०५१ माघ ११ सम्म रेडियो नेपालको झापा संवाददाताको रूपमा समेत धरावासीले काम गरेको हुन् । सामाजिक, सांस्कृतिक, राजनीतिक तथा समसामयिक विषयवस्तुहरूलाई आफ्नो पत्रकारितामा प्राथमिकता दिने धरावासी एक निष्पक्ष, निडर निर्भीक र सत्यनिष्ठ पत्रकारका रूपमा स्थापित छन् । नेपाल प्रेस युनियन तथा नेपाल पत्रकार महासङ्घ जस्ता संस्थासँग पनि सम्बद्ध धरावासी कञ्चनजंघा एफ्.एम्. मा पनि बेलाबखतमा साहित्यिक कार्यक्रमको सञ्चालन तथा सहयोगमा सहभागिता राख्ने गर्दछन् ।

## २.२.४.७ स्तम्भकार

वि.सं. २०४४ देखि २०४७ सम्म तारा बरालको सम्पादनमा प्रकाशित हुने 'साप्ताहिक विचार' पत्रिकामा 'अव्यय' उपनाम राखी 'मुक्तपातो' स्तम्भ नियमित रूपमा प्रकाशित गर्ने धरावासी विभिन्न पत्रपत्रिकाहरूमा साहित्यिक, खोजमूलक, समाचारमूलक, चेतनामूलक तथा वैचारिक स्तम्भहरु लेख्ने गर्दछन् । उनको स्तम्भलेखनमा निष्पक्षता, निर्भीकता, समसामयिकता र घटनाहरूप्रति तीब्र संवेदनशीलता तथा व्यङ्ग्यविद्रोह पाइन्छ । यदाकदा समाचारमूलक र चेतनामुलक लेख टिप्पणीहरूमा पनि साहित्यिक संस्कारले प्रश्रय पाएको देखिए पनि समग्रमा धरावासी स्तम्भलेखनका क्षेत्रमा सफल देखिन्छन् ।

वि.सं. २०४६ को प्रजातन्त्र पुनर्स्थापनापछि उनले 'अव्यय' गोप्य नामलाई छाडेर कृष्ण धरावासीकै नामबाट स्तम्भलेखनमा प्रस्तुत भएको पाइन्छ । यसैगरी उनले आलोक, नया सन्दर्भ, शनिबार, मुक्ति आवाज, झुल्के घाम, स्वतन्त्र नेपाल आदि साप्ताहिक पत्रिकाहरू र झापा एक्सप्रेस दैनिकमा समेत संयोजन, दिव्यदृष्टि, देखेका कुरा, साहित्य संस्कृति, सन्दर्भ

टिप्पणी आदि स्तम्भहरू लेखेको पाइन्छ । यी स्तम्भहरूमा उनले समसामयिक राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक क्षेत्रका राम्रा नराम्रा पक्षहरू र समाजमा विकृति विसङ्गतिहरूमा कलम चलाई राम्रा पक्षहरूमा समर्थन जनाएको पाइन्छ ।

हाल धरावासीका लेखरचनाहरू राजधानीबाट प्रकाशित हुने केही राष्ट्रियस्तरका पत्रपत्रिकाहरू तथा मोफसलका पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेको छ । वर्तमान अवस्थामा उनी समाचारमूलक पत्रकारिता भन्दापनि स्वतन्त्रलेखनमा आधारित साहित्यिक लेखरचनाहरू लेखिरहेका छन् ।

## २.२.४.८ सम्पादक

वि.सं. २०३७ मा ‘कन्दरा’ समसामयिकसङ्कलनको सम्पादन गरेर विभिन्न समसामयिकसङ्कलन, विभिन्न स्मारिका तथा मुखपत्रहरुको सम्पादनमा पनि हात हालेका धरावासीमा एउटा असल सम्पादकमा हुनु पर्ने खुबी रहेको छ । उनले सम्पादन गरेका सम्पादन कार्यहरूको विवरण यस प्रकार छ :

सम्पादन

| | | |
|---|---|---|
| १. | कन्दरा सामयिक सङ्कलन | २०३७ इलाम |
| २. | आजको कविता सामयिक सङ्कलन | २०३८ झापा |
| ३. | खितिति हास्यव्यङ्ग्य | २०३९ झापा |
| ४. | माइबेनी सामयिक सङ्कलन | २०४४ इलाम |
| ५. | सासंक त्रैमासिक | २०५० देखि झापा |
| ६. | सी.के. प्रसाईका विचारहरू | २०५३ |
| ७. | भुटानी शरणार्थी र वातावरण | २०५५ |
| ८. | अभिलेख सामयिक सङ्कलन | २०५५ |
| ९. | राष्ट्रिय प्रतिभा गङ्गानाथ बाँस्तोला : व्यक्ति कृति | २०५७ |
| १० | केशव आचार्यका कविता | २०५९ |
| ११ | लीला प्रस्तावना | २०५९ |
| १२ | वनिता त्रैमासिक (लीला लेखन विशेषाङ्क) | २०६२ |
| १३ | लीला विमर्श (सहसम्पादन) | २०६२ |
| १४ | दुबसु क्षेत्रीका प्रारम्भकालीन कविताहरू | २०६२ |

## २.२.४.९ भूमिकालेखक

वि.सं. २०५४ मा सर्वप्रथम रोहिणीविलास लुइटेलको तीन तारा हिमाली नामक स्मृतिकाव्य कृतिमा भूमिका लेख्ने साहित्यकार कृष्ण धरावासीले आफ्नो साहित्य यात्राको

क्रममा पूर्ववर्ती, समवर्ती र उत्तरवर्ती अनेक लेखकहरूका थुप्रै कृतिहरूमा भूमिका तथा मन्तव्य लेखेका छन् । कुनै पनि कृतिको भूमिका हचुवा र मनगढन्ते पारामा नलेखी कृतिको वैशिष्ट्यको आधारमा लेखि दिने हुनाले धरावासीको भूमिका लेखाइ यथार्थ र स्पष्ट हुन्छ । कृतिले दिन खोजेको वास्तविक मूल्यमान्यतालाई उनको भूमिकाले उजागर गरेको पाइन्छ । उनको भूमिका लेखन सजीव छ, कृतिको सारतत्व भूमिकामा प्रतिबिम्बित भएको हुन्छ । मनमा सोचेको तर भन्न नसकेको, मनमा अनुभूत गरेको तर भाषामा अल्मलिई रहेको अवस्थाको समाधान उनमा भूमिकामा अभिव्यक्त भएको हुन्छ । सरल भाषाशैलीमा सहज अभिव्यक्तिका साथ वस्तुगत र स्पष्ट ढङ्गले भूमिका लेख्ने धरावासीको भूमिकालेखन तथा मन्तव्यलेखन कार्यमा उनको समालोचक व्यक्तित्वले पनि प्रभाव पारेको पाइन्छ । उनले भूमिका तथा मन्तव्य लेखेका केही कृतिहरू निम्नानुसार छन् :

| **कृतिको नाम** | **प्रकाशन साल** | **विधा** | **लेखक/कविको नाम** |
|---|---|---|---|
| तीन तारा हिमाली | २०५४ | स्मृतिकाव्य | रोहिणीविलास लुइटेल |
| विलापलहरी | २०५५ पौष | खण्डकाव्य | डी.बी. इलामे |
| पश्चिमी हावा | २०५५ | कविता | तेराख |
| तीन पिंडी एउटा सिंडी | २०५६ | निबन्ध | कृष्ण बराल |
| काठमाडौंलाई कोर्रा | २०५६ | निबन्ध | युवाराज नयाँघरे |
| आमा माया | २०५६ | शोककाव्य | टिकादेवी नेपाल |
| मेरो किताव | २०५६ | ............. | शान्तकुमार शिवाकोटी |
| भक्तिदेखि लीलासम्म | २०५७ बैशाख | समालोचना | बिष्णुकुमार भट्टराई |
| आँखाहरू र आँशु | २०५७ | निबन्ध | दिपक ढकाल |
| जागित्रले बोलाएपछि | २०५७ मङ्सिर | कथा | भक्त खपाङ्गी |
| एक धुन गजल गाएर जाऊ | २०५८ ज्येष्ठ | गजल | मित्र सङ्ग्रौला |
| चेलीभित्रको पहाड | २०५८ असार | खण्डकाव्य | सुमित्रा वाङ्देल चेली |
| कथाइन्द्रेनी | २०५८ भाद्र | कथा | रत्नमणि नेपाल |
| बुद्धले अस्त्र........ | २०५८ | कविता | मनबहादुर लिम्बू |
| गरिमा | २०५८ मङ्सिर | साहित्यिक मासिक | |
| चहऱ्याइरहेका घाउहरू | २०५८ | गजल | नारद निठुरी |
| मायाका कुराहरू | २०५९ बैशाख | कविता | वृक्ष |
| म भित्रका मान्छेहरू | २०५९ बैशाख | कविता | मन्जु शर्मा |
| केशव आचार्यका कविताहरू | २०५९ श्रावण | कविता | केशव आचार्य |
| राजवंशी जातिका पूजा पर्वहरू | २०५९ | निबन्ध | भूमिलाल राजवंशी |
| लेकबेसीका भाकाहरू | २०५९ | गजल | विवश बलभद्र कोइराला |

| | | | |
|---|---|---|---|
| म,आगो र पानीहरू | २०५९ पौष | निबन्ध | तेराख |
| शीत नओभाएको गाउँ | २०६० | कविता | बिष्णु निष्ठुरी |
| बेदनाका थुँगा | २०६० | गजल | अग्निप्रसाद कोइराला |
| कथा च्यातिएका | २०६० | कथा | कृष्ण बराल |
| जेल डायरी | २०६० कार्तिक | निबन्ध | रामचन्द्र उप्रेती |
| प्रतिध्वनिहरू विस्मृतिका | २०६१ बैशाख | उपन्यास | लीलबहादुर क्षेत्री |
| काटमुण्टो र काठमाडौं | २०६१ असोज | कथा | तुलसी तुलुदास |
| बिसौनीमा | २०६१ कार्तिक | गजल | तारा धुर्कापानी |
| बाँसुरी | २०६१ | कविता | लीला अनमोल |
| हिड्दै गर्दा | २०६१ | निबन्ध | भीष्म उप्रेती |
| रहर | २०६१ | गजल | अशोक राई |
| आमा | २०६१ | नाटक | नरनाथ शर्मा निरौला |
| आकाश गंगामा तरङ्गिएको पानी जहाज | २०६१ | कविता | शिवलाल |
| आफ्नै सेरोफेरोभित्र | २०६१ चैत्र | निबन्ध | गोपालकुमार बस्नेत |
| अवतरण | २०६१ चैत्र | उपन्यास | कृष्ण बराल |
| आखाभित्रको बस्ती | २०६२ बैशाख | गजल | शान्तिराम पोखरेल |
| बादल भित्रको प्रकाश | २०६२ | उपन्यास | सागर नाछिरिङ्ग |
| जोहिना | २०६२ असोज | उपन्यास | रश्मीशेखर |
| मानव चित्कारको प्रतिध्वनि | २०६२ | उपन्यास | पूर्णचन्द्र विवश |
| अन्तिम इच्छा | २०६२ | कविता | याम दंगाल सरोवर |
| कृसु क्षेत्रीका कविताहरू | २०६२ | कविता | कृसु क्षेत्री |
| समयगुरु द्रोणाचार्य | २०६२ चैत्र | निबन्ध | नारायण चालिसे |
| गजल तिम्रो नाम होइन | २०६३ बैशाख | गजल | वियोगी बुढाथोकी |
| स्थापित विस्थापित | २०६३ | कथा | खोलाघरे साहिलो |
| साँघुरो धरातल | २०६३ | कथा | चन्द्रकला नेवार |
| तिर्सना | २०६३ | कथा | लक्ष्मी उप्रेती |
| वल्लीको डायरी | २०६३ | उपन्यास | मनिषा गौचन |
| रक्तकुण्ड | २०६३ | उपन्यास | कृष्ण अविरल |

## २.३ निष्कर्ष

साहित्यकार कृष्ण धरावासीका विविध व्यक्तित्व र उनका कृतिहरू हेर्दा साहित्यका सबैजसो विधाहरूमा कलम चलाएर उनले नेपाली साहित्यको श्रीबृद्धिका लागि महत्वपूर्ण कार्य गरेका छन् । मुक्त लेखनका माध्यमबाट सामाजिक यथार्थ प्रस्तुत गर्नु, विकृति विसङ्गतिहरू

प्रति व्यङ्ग्यविद्रोही दृष्टि राख्नु, जीवनजगत्लाई लीलामय ढङ्गले नियाल्नु, सरल र सहज भाषामा गम्भीर जीवनदर्शन प्रस्तुत गर्नु, पूर्वीय र पाश्चात्य साहित्यमा देखा परेका जीवनतम धारा प्रवृत्तिहरूलाई आफ्नो लेखनमा प्रयोग गर्न खोज्नु आदि जस्ता विशेषताहरू उनको स्रष्टा व्यक्तित्वमा पाइन्छ भने निष्पक्ष दृष्टिकोण, निर्भीकता, स्तुति चाकडीको भण्डाफोर, अध्ययन विश्लेषणको सूक्ष्मता, खरो अभिव्यक्ति, मौलिक चिन्तन, अन्वेषणात्मक प्रवृत्ति आदि उनका द्रष्टा व्यक्तित्वमा पाइने विशेषताहरू हुन् ।

लीलालेखनलाई सहजताका साथ प्रस्तुत गर्ने चिन्तक धरावासी लीलालेखनलाई अर्थको बहुलता, भ्रमको स्थापना मान्दछन् र साहित्य लेखनमा यथार्थ पात्र र घटनाको प्रयोग गर्दछनु, जसले गर्दा साहित्यमा सत्यता र भ्रमको सिर्जना हुन गई लीला चेतनाका सूक्ष्म भावहरू प्रतिबिम्बित हुन्छन् ।

व्यस्त जागिरे जीवन, कमजोर आर्थिक अवस्था, सामाजिक कार्यक्रमहरूमा हरदम व्यस्तता हुँदाहुँदै पनि साहित्यको श्रीबृद्धिका लागि समय निकाल्नु र साहित्यका सबै विधामा कलम चलाउनु धरावासीको आफ्नै विशेषता हो । निरन्तर लगनशीलता, दृढता, कठोर परिश्रम तथा साधना, अनुकूल सरसङ्गत तथा वातावरणबाट शुरु भएको उनको साहित्यिक व्यक्तित्व हाल नेपाली साहित्य संसारमा सशक्त ढङ्गले प्रतिष्ठापित हुन पुगेको छ । सिर्जनशील व्यक्तित्व भएका धरावासी हालपनि साहित्य साधनामा उत्तिकै लगनशील र क्रियाशील छन् । यही क्रियाशीलता र गतिशीलताले उनलाई नेपालको प्रसिद्ध पुरस्कार 'मदन पुरस्कार' को लागि योग्य बनाएको पाइन्छ ।

# निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्ध

## ३. निबन्धको सैद्धान्तिक परिचय

## ३.१ निबन्धको विधागत परिचय

निबन्ध गद्यमा लेखिने साहित्यका अनेकौं सिर्जनात्मक विधाहरू मध्येको एक प्रमुख र सशक्त विधा हो । साहित्यमा कविता, आख्यान, नाटक विधा साहित्यिक मात्र रहन्छ भने निबन्ध साहित्यिक र साहित्येतर दुवै हुन्छ । साहित्यिक निबन्ध ललित र सौन्दर्यपरक हुन्छ भने साहित्येतर ज्ञान विज्ञानका क्षेत्रमा आधारित र प्रविधिपरक हुन्छ ।[३०]

कुनै एक चित्रित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो । मनका कुरा पोख्ने माध्यम निबन्ध हो ।[३१] निबन्ध साहित्यिक विधाहरूमा निकैपछि मात्र विकसित भएको साहित्यिक विधा हो । वर्तमान समयमा ज्ञान र सूचना प्राप्त गर्ने प्रमुख स्रोतको रूपमा निबन्ध वा निबन्धात्मक रचनालाई मानिएको छ ।

अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ ।[३२]

वास्तवमा निबन्ध त्यो गद्य विधा हो, जसमा निबन्धकारको व्यक्तित्व पाठक समक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकको उपदेश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित भएको पाइन्छ । निबन्ध एक गद्य विधा भएका कारणले गद्यको सहज र अभिव्यक्तिगत सम्बद्धताले निबन्धमा प्राण सञ्चार गर्ने काम गर्दछ । विचार र भावको, सम्बेदना र चिन्तनको समष्टि अभिव्यक्ति नै निबन्ध हो भन्न सकिन्छ । यो (निबन्ध) आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो ।[३३]

## ३.२ निबन्ध शव्दको व्युत्पत्ति

नेपाली साहित्यको विविध विधाहरू मध्ये निबन्ध विधाको 'निबन्ध' शव्द संस्कृत व्याकरणको शव्द निर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेर बन्ध धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शव्द हो । यसको अर्थ हुन्छ निःशेष (सम्पूर्ण) हिसावले बाँध्ने काम गर्नु अर्थात

---

[३०] राजेन्द्र सुवेदी, "आधुनिक नेपाली निबन्ध शिक्षण, **वाङ्मय** (वर्ष १०, पूर्णाङ्क १० २०५७/५८) पृष्ठ ८ ।

[३१] राजेन्द्र सुवेदी, **पूर्ववत्,** पृष्ठ ८ ।

[३२] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ.सं., (काठमाडौं : साझा प्रकाशन, २०५६), पृष्ठ ११५ ।

[३३] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** ते.सं., (काठमाडौं : पाठ्य सामग्री पसल, २०५६) पृष्ठ ९ ।

भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्गृहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु ।[३४]

पूर्वीय वाङ्मय 'गीता' मा निबन्ध भन्नाले सांसारिक मायामा बाँध्ने साधन बुझिन्छ भने 'हेमचन्द्र स्मृति' मा बन्धन र मूत्र निरोधक ग्रन्थहरूको सङ्गृहीत ज्ञानलाई निबन्ध भनिएको छ ।[३५] यसरी पूर्वीय मतमा छरिएको अभिलेख (कागजपत्र) लाई सिउने, बाँध्ने अर्थमा निबन्धलाई लिइएको छ, जसमा कुनै महत्वपूर्ण विचार, भाव, सूचना आदि उल्लिखित हुन्छन् ।

निबन्धको लागि अङ्ग्रेजीमा प्रचलित शब्द 'ऐसे' (Essay) छ । यो शब्द फ्रान्सेली शब्दको एसाइ (Essai) बाट आएको पाइन्छ । (Essay) वा (Essai) को अर्थ प्रयास वा प्रयत्न भन्ने हुन्छ । अतः नेपालीमा (Essay) को अर्थ जमर्को भन्ने हुन्छ । यस प्रकार निबन्धले एउटा साहित्यिक विधाको रूपमा अभिव्यक्तिका निम्ति सुगठित प्रयास वा प्रयत्न गरिएको रचनालाई बुझाउछ भन्ने थाहा पाइन्छ ।[३६]

यसरी निबन्ध शब्दको अर्थ लगाउने क्रममा 'नेपाली बृहत शब्द कोष'ले कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको रचना[३७] निबन्ध हो भनेको छ भने 'नेपाली शब्द भण्डार'मा निबन्धलाई आत्मपरक वा वस्तुपरक ढङ्गले रचिएको कलात्मक गद्य रचना[३८] मानिएको छ । यसै गरी 'प्रयोगात्मक नेपाली शब्द कोष'ले निबन्धलाई कुनै वस्तु, विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्य रचनाको एक विधा[३९] मानेको छ ।

पूर्वीयहरूले काव्य स्वरूपलाई गद्य र पद्य दुवै विधामा राखेर 'गद्यम् कवीनाम् निकषम् वदन्ति' भने गद्य भाषाको काव्यलाई काव्यकारको क्षमता तौलने कसी (मानदण्ड) को रूपमा स्वीकारेको पाइन्छ भने पश्चिमाहरूले यसलाई धेरैपछि आएर ई. को १५८० तिर मात्र बुझ्न सकेको देखिन्छ ।[४०]

## ३.३ निबन्धको परिभाषा र स्वरूप

सोह्रौं शताव्दीमा आरम्भ भएको निबन्ध यात्रा युरोपमा फ्रान्सबाट विस्तारित भएको पाइन्छ । अतः निबन्धगत अवधारणाको पूर्वाभास भने इशापूर्वकै समयमा प्लेटो र अरिस्टोटलले दिएका सम्भाषणहरू, होरेस र लाञ्जाइनसका लेखनले दिएका सन्देशहरूबाट

---

[३४] **ऐजन**, पृष्ठ १ ।

[३५] राजेन्द्र सुवेदी, **पूर्ववत, वाङ्मय**, पृष्ठ ८ ।

[३६] मोहन राज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य, भाषा र साहित्य**, (काठमाडौं : नवीन प्रकाशन, २०५९), पृष्ठ ११३ ।

[३७] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत शब्द कोष** (काठमाड्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२), पृष्ठ ७३१ ।

[३८] नरेन्द्र चाँपागाई (सम्पा.), **नेपाली शब्द भण्डार** (बिराटनगर : श्याम पुस्तक भण्डार, २०६२), पृष्ठ ६३९ ।

[३९] हेमाङ्गराज अधिकारी र अन्य (सम्पा.) **प्रयोगात्मक नेपाली शब्द कोष**, (काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१), पृष्ठ ५५१ ।

[४०] उपेन्द्र पागल (मन्तव्यमा) चूडामणी रेग्मी, **आँखा र मनका पाइलाहरू**, (झापा : जुही प्रकाशन, २०६३) पृष्ठ १२० ।

भएको मान्न सकिन्छ । तर पनि निबन्धको सचेत लेख भने फ्रान्सका मिचेल डि मोन्टेन (१५३३–१५९१) र ब्रिटेनमा फ्रान्सिस बेकन (१५६१–१६२६) को आगमनपछि मात्र आरम्भ भएको हो ।[४१]

आधुनिक अर्थमा निबन्ध साहित्यका जन्मदाता अर्थात निबन्धका प्रंथम प्रणेता फ्रान्सेली निबन्धकार मोन्टेन हुन भन्न सकिन्छ । यसरी निबन्धको स्वरूप र परिभाषाका बारेमा सर्वप्रथम चिन्तन गर्ने काम पनि पाश्चात्य जगतबाट नै भएको पाइन्छ । यसकारण सर्वप्रथम निबन्ध सम्बन्धी मतमतान्तरहरूलाई प्रस्तुत गर्ने क्रममा पाश्चात्य विद्वानहरूकै मतमतान्तरलाई अगाडि सार्नु यहाँ उपयुक्त ठानिएको छ ।[४२]

## ३.३.१ निबन्धसम्बन्धी पाश्चात्य मत

सर्व प्रथम निबन्धसम्बन्धी अवधारणा प्रकट गर्ने मोन्टेन इशापूर्व प्रथम शताव्दीका आचारशास्त्री प्लुटार्कका MORALLIA र SINACA जस्ता कृतिहरूबाट प्रेरित थिए भन्ने कुरा थाहा पाइन्छ ।[४३] आफ्नो जीवनको अन्तिम दुई दशक अवधिलाई निबन्ध चिन्तनमा खर्च गर्ने मोन्टेन यस प्रकार आफ्नो निबन्धसम्बन्धी निजी अवधारणा व्यक्त गर्दछन् :

(क) मोन्टेन (Montaign) (१५३३–१५९१),– “मेरो इच्छा हुन्छ, निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले म स्वयम् रूपान्तरित होऊ । त्यसमा म कुनै किसिमको वाक्पटुता वा कलात्मकता सजाउन चाहन्न । मेरो निबन्धको विषयवस्तु म नै हु।”[४४]

यस परिभाषाबाट मोन्टेग एक आत्मपरक निबन्धकार हुन भन्ने थाहा पाउन सकिन्छ । मोन्टेगपछि निबन्धको बारेमा टिप्पणी गर्ने व्यक्तित्व फ्रान्सिस बेकन मानिन्छन् । फ्रान्सिस बेकन ख्यातिप्राप्त चिन्तक र विचारक मानिएका छन् ।[४५]

(ख) फ्रान्सिस बेकन (१५६१–१६२६),– “निबन्ध  विकीर्ण चिन्तन हो ।”[४६] अर्थात यिनले निबन्धलाई छरिएको चिन्तन भनेका छन् । यसरी बेकन गम्भीर, चिन्तन, पाण्डित्यपूर्ण चिन्तन वा बुद्धितत्वको पक्षमा देखिएको कुरा थाहा पाइन्छ । बुद्धिवादका पक्षपाती भएका कारणले पनि उनी वस्तुपरक निबन्धका प्रथम प्रणेता मानिन्छन् ।

मोन्टेग र फ्रान्सिस बेकनका भनाइ पश्चात निबन्धका बारेमा अन्य विद्वानहरूले पनि आफ्ना विचारहरू राखेका छन् ।

---

[४१] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ २ ।

[४२] बालकृष्ण पोखरेल, **कलेजस्तरका निबन्धै निबन्ध**, (काठमाडौं : सहयोगी प्रकाशन, २०२७) पृष्ठ ४ ।

[४३] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ २ ।

[४४] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ २ ।

[४५] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ४ ।

[४६] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छै.सं. (काठमाडौं : साझा प्रकाशन, २०५९) पृष्ठ १६३ ।

(ग) डा. जोन्सन (१७०९–१७८४), – “निबन्ध भनेको भनेको मनको उन्मुक्त विचरण हो । यो त्यस्तो अनियमित, अपरिपक्क रचना हो, जसमा कुनै नियम वा क्रम रहदैन ।”[४७]

(घ) जोन मरे (१८३७–१९९५), – “कुनै खास विषयमा केन्द्रित परिमित आयाम र सुगठित शैली भएको रचनालाई निबन्ध भनिन्छ ।”[४८]

(ङ) रावर्ट लिण्ड (१८७१–१९४९), – “निबन्ध प्रसन्न मनस्थितिको ज्ञान र अचेतनावस्थाको मधुर रचना हो ।”[४९]

(च) सेन्टव्यूभ (१८०४-१८६९), – “निबन्ध निकै श्रमसाध्य विधा हो । निबन्ध विशिष्ट ज्ञानको भण्डार हो ।”[५०]

(छ) हलेक्जेण्डर स्मिथ (१८३०-१८६७), – “निबन्ध भनेको गीतिकाव्यसँग दाँजिन सक्ने, स्वरूप र संरचनामा कोमलता र सम्वेदनशीलता रहने विशेष विधा हो ।”[५१]

(ज) विलियम हेनरी हड्सन (१८४१-१९२२), – “विषयवस्तु जे जस्तो भए पनि निबन्धको क्षेत्र अत्यन्त विस्तृत र असीमित छ र निबन्ध व्यक्तिपरक नै हुनु पर्दछ । यो आत्माभिव्यक्तिको एउटा साहित्यिक साधन हो ।”[५२]

## ३.३.२ निबन्धसम्बन्धी पूर्वीय मत

पूर्वीय वाङ्मयमा निबन्धका विविध परिभाषाहरू पाइन्छ । निबन्धका सम्बन्धमा गीतामा ‘निबन्धाया सूरीमया’ अर्थात निबन्ध भन्नाले सांसारिक मायामा बाँध्ने साधन भनिएको छ भने याज्ञवल्क्य स्मृतिमा ‘निबन्धो द्रव्यमेव च’ अर्थात सांसारिक सम्पूर्ण पदार्थ भनेर निबन्धलाई बुझाउन खोजिएको छ । यसैगरी हेमचन्द्र स्मृतिमा बन्धन र मूत्र निरोधक ग्रन्थहरूको सङ्गृहीत ज्ञानलाई निबन्ध भनिएको छ । [५३]

पूर्वीय साहित्यका विभिन्न विद्धानहरूले पनि निबन्धलाई परिभाषित गर्ने क्रममा आ-आफ्नै प्रकारका अभिमत प्रस्तुत गरेका छन् । यसै क्रममा हिन्दी साहित्यका विद्वान रामचन्द्र शुक्लले निबन्धलाई यसरी परिभाषित गर्ने काम गरेका छन् – “ निबन्धमा वैयक्तिक विशेषताका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात वा अज्ञात रूपले होस् विश्रृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका

---

[४७] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, एघारौं सं. (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५७) पृष्ठ १३ ।

[४८] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत**, पृष्ठ ११३ ।

[४९] गोपीकृष्ण शर्मा, **पूर्ववत्** पृष्ठ १८ ।

[५०] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ६ ।

[५१] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ६ ।

[५२] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ६ ।

[५३] राजेन्द्र सुबेदी, **पूर्ववत, वाङ्मय**, पृष्ठ ८ ।

निमित्त अनुभूतिका स्वाभाविक वा लोक सामान्य रूपसँग कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैं आसन साधन गराइरहनु हुँदैन ।"[५४]

यसैगरी हरिहरनाथ टण्डनको कथन छ, – "निबन्ध शव्दको अर्थ हो बाँधिएको, अतः थोरै अत्यन्त चुनिएका शव्दहरूमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।"[५५] निबन्धको परिभाषा गर्ने क्रममा बाङ्गला साहित्यका विद्वान बाबु गुलाव रायले यसरी निबन्धलाई परिभाषित गरेका छन् - "निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, त्यस्तै सङ्गति र सुसम्वद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुन्छ ।"[५६]

यसैगरी नेपाली निबन्ध साहित्यमा पनि निबन्धको परिभाषा गर्ने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नै प्रकारका अभिमतहरू प्रस्तुत गरेका छन् । जसमध्ये पाश्चात्य निबन्ध साहित्यमा निजात्मक निबन्धका जन्मदाता मानिने मोन्टेगका निजात्मक निबन्ध लेखन परम्परालाई अग्रगति प्रदान गर्न सफल नेपाली निबन्ध साहित्यका सर्वोच्च प्रतिभा निबन्धकार लक्ष्मीप्रसाद देवकोटादेखि विभिन्न विद्वानहरूले आफ्ना धारणा प्रस्तुत गरेका छन् ।

(क) लक्ष्मीप्रसाद देवकोटा, – "यो रौंचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्व दृष्टिकोण र समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बद्मास ठिटो हो-जो सडकमा हिंड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन ।... त्यो (निबन्ध) एक टेविल गफ मात्र हो, शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ...यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी छ । जसको नाम प्रबन्ध (निबन्ध) हो ।"[५७]

"यो टेविल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त । यसमा टर्रोपना हुँदैन्, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ ।"[५८]

(ख) डा. ईश्वर बराल, – "निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधा विशेष । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु, आन्तरिक सन्देशलाई फिंजाइदिनु मानिसका आद्य सिर्जना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि

[५४] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ८ ।

[५५] केशवप्रसाद उपाध्याय, **पूर्ववत्** पृष्ठ १६६ ।

[५६] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ८ ।

[५७] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ९ ।

[५८] लक्ष्मीप्रसाद देवकोटा (भूमिकामा), **लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौं सं. (काठमाडौं : साझा प्रकाशन,२०४७) पृष्ठ ।

पाठसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ । मेरा कुरा कसैले सुनिदिउन् ।"[५९]

(ग) रामलाल अधिकारी, – "निबन्ध त्यो काव्य विधा हो, जसमा लेखक (निबन्धकार) को व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ, यसमा लेखकले उपदेश नभई आत्मप्रकाशन कै लक्ष्यमा केन्द्रित हुनु पर्छ ।"[६०]

(घ) बदरीनाथ भट्टराई, – "निबन्ध सत्य वस्तु देखाउने लेखकको अन्तरज्योतिको शाव्दिक स्वरूप हो ।"[६१]

(ङ) बालकृष्ण पोखरेल, – "सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य स्रोतालाई सुनाएको गन्थन हो ।"[६२]

(च) हृदयचन्द्रसिंह प्रधान, – "निबन्धमा कलमपछि दौडेर मात्र हुँदैन, पाठकको हृदय पक्रने कोशिस पनि गर्नु पर्छ, तसर्थ यसमा परिमार्जित र परिपक्व विचारलाई हास्य, ठट्यौली र व्यङ्ग्यात्मक रूपमा प्रयोग गर्दै जानु पर्छ ।"[६३]

(छ) भैरव अर्याल, – "कुनै विषयमा आफूले जानेको, सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।"[६४]

यसप्रकार विभिन्न विद्वानहरूका विभिन्न प्रकारका निबन्ध सम्बन्धी परिभाषाहरूको अध्ययन पश्चात वास्तवमा निबन्ध के हो भन्ने बारेमा एउटा निचोडमा पुग्न सकिन्छ । निबन्ध एउटा गद्य विधा भएको हुनाले निबन्धको निष्कर्षमा पुग्न अघि निबन्धसँगसँगै प्रबन्ध शव्द पनि प्रयोग हुने गरेको परिप्रेक्ष्यमा निबन्ध र प्रबन्धका सम्बन्धमा, निबन्ध र कथाका सम्बन्धमा एवम् निबन्ध र कविताका सम्बन्धमा पनि चर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

## ३.३.३ निबन्ध र प्रबन्ध

निबन्धलाई विद्धानहरूले प्रबन्ध पनि भन्ने गरेका छन् । नेपाली निबन्ध साहित्यका उच्च प्रतिभाहरू लक्ष्मीप्रसाद देवकोटा, बदरीनाथ भट्टराई, भीमनिधि तिवारीले आफ्ना निजात्मक वा परात्मक दुबै किसिमका रचनाहरूको सङ्ग्रहलाई प्रबन्धसङ्ग्रह भनेका छन् भने वर्तमान समयमा निबन्ध शव्द नै बढी प्रचलित रहेको छ र समसामयिक निबन्धकारहरूले आफ्ना निजात्मक वा वस्तुपरक रचनाहरूको सङ्ग्रहलाई निबन्धसङ्ग्रह भन्ने गरेका छन् ।

---

[५९] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ९ ।

[६०] राजेन्द्र सुबेदी, **पूर्ववत्** पृष्ठ ९ ।

[६१] गोपीकृष्ण शर्मा, **पूर्ववत**, पृष्ठ १५ ।

[६२] गोपीकृष्ण शर्मा, **पूर्ववत**, पृष्ठ १५ ।

[६३] श्रीराम न्यौपाने, **नेपाली गद्य, भाषा र साहित्य।** (काठमाडौं : पैरवी प्रकाशन, २०५९) पृष्ठ १३० ।

[६४] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध**, (काठमाडौं : नवीन प्रकाशन, २०५४), पृष्ठ ५ ।

डा. तारानाथ शर्माको विचार अनुसार निबन्धमा अनुभूति र संवेदना, व्याख्या र विश्लेषण, वैयक्तिकता र वस्तुपरकता अभिन्न मित्र भएर गाँसिएका हुन्छन् । प्रबन्ध भने लेखकका अनुभूति र संवेदनादेखि पृथक हुन्छ, प्रबन्धमा लेखक तटस्थ व्याख्याकार बन्नु पर्छ । जे विषयमा लेखिन्छ, त्यसलाई वैज्ञानिक अन्वेषकको दूरी कायम राखेर आफूलाई नमुछी व्याख्या र विश्लेषण गरियो भने प्रबन्ध हुन्छ ।[६५]

डा.देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलका अनुसार विषयवस्तु, बाह्य स्वरूप र सङ्गठनका दृष्टिले निबन्ध र प्रबन्धमा केही समानता पाइए तापनि यी दुई विधाहरू आयाम, शैली र प्रस्तुतिका दृष्टिले फरक हुन्छन् । निबन्धको आयाम छोटो हुन्छ भने प्रबन्धको आयाम लामो हुन्छ । निबन्ध बढी भावनात्मक हुन्छ भने प्रबन्ध बढी बौद्धिक हुन्छ । निबन्धमा रागात्मकता, हार्दिकता र कल्पना तत्वको प्रधानता  रहन्छ भने प्रबन्धमा वस्तुता, बौद्धिकता र तथ्यपरकताको प्रधानता रहन्छ । प्रबन्धमा तर्क, प्रमाण पुष्टि, व्याख्या विवेचना, विश्लेषण अपेक्षित हुन्छ भने निबन्धमा अपेक्षित हुँदैन् ।[६६]

यसैगरी निबन्धकार राजेन्द्र सुबेदीका अनुसार निबन्ध र प्रबन्धलाई अब प्राविधिक दृष्टिले हेर्ने प्रक्रिया शुरु भइसकेकाले अब निबन्ध शव्दले विशुद्ध सौन्दर्य चेतनायुक्त रचना हो भन्ने अर्थ बुझाउन थालेको छ भने प्रबन्ध शव्दले चाँहि तथ्यपूर्ण र अनुसन्धानमूलक रचना हो भन्ने अर्थ बुझाउन थालेको छ ।[६७]

## ३.३.४ निबन्ध र कथा

निबन्ध र कथा दुबै गद्यमा लेखिने विधा हुन् र दुबैको संरचना छोटो हुन्छ । दुबैमा समस्या र घटना समान रहन्छन् । डा. केशवप्रसाद उपाध्यायका अनुसार कथामा जसरी विस्तार र प्रभावान्वितिको विचार गरिन्छ, निबन्धमा पनि त्यो अपेक्षित रहन्छ । अतएव यस दृष्टिले दुबैमा केही साम्य छ, । संस्मरणात्मक वा घटनात्मक निबन्धमा कथाको इतिवृत्तात्मक तत्व हुन्छ र कुनै वस्तुपरक निबन्धमा पनि चरित्रको संयोजनले कथात्मकता ल्याउँछ । यति हुँदाहुँदै पनि कथा निबन्ध होइन्, निबन्ध कथा होइन् । यी दुबैमा अन्तर छ ।[६८] कथा जीवनको खण्डविशेषको उपस्थापन हो भने बुद्धि र तर्कको रमरम प्रयोग हुने अनि अनौपचारिक एवम् उन्मुक्त र स्वतन्त्र विधा निबन्ध हो ।[६९] घटना र प्रसङ्ग कथाको विषयवस्तुको स्रोत हो भने

[६५] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** चौ.सं. (काठमाडौं : अक्षर प्रकाशन, २०५६), पृष्ठ २१३ ।

[६६] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्,** पृष्ठ १२ ।

[६७] राजेन्द्र सुबेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ २३,२४ ।

[६८] केशवप्रसाद उपाधयाय, **साहित्य प्रकाश**, छै.सं. (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ १८५ ।

[६९] ........., **नेपाली साहित्यकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) पृष्ठ ३८४ ।

जुनसुकै कथ्यलाई उपयुक्त कथन अनुसार निर्वाध रूपले प्रकट गर्नु, भावनात्मक प्रवाहमा अनियन्त्रित तवरबाट पोखिनु निबन्धको मौलिक गुण हो ।[७०]

ईश्वर बरालका अनुसार निबन्धमा कल्पनाको उन्मुक्त उडान हुन्छ, अतएव त्यो कवितात्मक हुन्छ । कथामा यथार्थको आग्रह हुन्छ, त्यसैले त्यो किञ्चित् विश्लेषणात्मक गद्यकृति हो । निबन्ध गद्यको प्रतीत रूप हो, कथा इतिवृत्तको सारवान् कलाकृति ।[७१] राजेन्द्र सुवेदीका अनुसार निबन्ध भावनात्मक संवेगको आत्मप्रतिपादन गर्ने विधा हो भने कथा चरित्र, वस्तु, घटना र चरम अवस्थाका क्षणहरू प्रस्तुत गर्ने बाह्य तत्व प्रतिपादन गरिएको विधा हो ।[७२] डा.देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलका अनुसार आयामका दृष्टिले निबन्ध र कथामा समानता पाइन्छ । दुबै लघु आयामका विधा हुन् । निबन्धमा व्यक्तित्वको प्रधानता रहन्छ भने कथामा विषयमा प्रधानता रहन्छ । निबन्धमा कल्पनाको प्रधानता रहन्छ भने कथामा बढी यथार्थताको अभिव्यक्ति हुन्छ । कथामा कथावस्तु, पात्र र परिवेश अनिवार्य हुन्छन् भने निबन्धमा तिनको अनिवार्यता रहदैन् । कथाको शुरु र अन्त्य निश्चित क्रममा हुन्छ भने निबन्धमा शुरु अन्त्यको निश्चित क्रम हुँदैन ।[७३]

## ३.३.५ निबन्ध र कविता

निबन्ध र कविता आयाम र भावाभिव्यक्तिका दृष्टिले समान हुन्छन् । लघु आयाममा संरचित यी दुवै विधाको प्रस्तुति रागात्मक तथा भावात्मक ढङ्गले गरिन्छ । निबन्ध गद्य विधा हो भने कविता पद्य विधा हो । गद्य र पद्य जे भए पनि कविता लयात्मक हुनै पर्छ तर निबन्धमा लयात्मकताको आवश्यकता रहदैन् । निबन्ध अनुच्छेद अनुच्छेदमा संरचित हुन्छ भने कविता हरफ हरफ र श्लोक श्लोकमा संरचित हुन्छ । कवितामा गेयात्मक गुण हुन्छ भने निबन्धमा गेयात्मक गुण हुँदैन् । कविताको भाषाशैली लयात्मक र काव्यात्मक हुनु अनिवार्य हुन्छ भने निबन्धको भाषाशैली बढी प्रवाहात्मक हुनु अपेक्षित हुन्छ ।[७४]

## ३.३.६ निबन्धबारेमा निष्कर्ष

निबन्धका सन्दर्भमा पूर्वीय तथा पाश्चात्य विद्वानहरूबाट प्राप्त परिभाषा, अवधारणाको अध्ययनबाट निबन्धका सम्बन्धमा बुँदागत रूपले यसप्रकार निष्कर्ष निकाल्न सकिन्छ :

(क) वास्तवमा निबन्ध गद्यमा लेखिने एक साहित्यिक विधा हो ।

(ख) निबन्ध सीमित आकारमा लेखिने रोचक र छोटो गद्य रचना हो ।

---

[७०] ........, **नेपाली साहित्यकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०५५) पृष्ठ ३८४ ।

[७१] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छै.सं. (काठमाडौं : साझा प्रकाशन, २०५८), पृष्ठ १८५ ।

[७२] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली कथा**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०५७), पृष्ठ १८ ।

[७३] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्,** पृष्ठ १३ ।

[७४] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्,** पृष्ठ १३ ।

(ग) निबन्ध लेखकको वैयक्तिक आत्मप्रकाशनमा केन्द्रित हुन्छ ।
(घ) निबन्ध व्यापक विषयवस्तु र केन्द्रीय उद्देश्यमा अन्वित गरी लेखिन्छ ।
(ङ) निबन्ध दर्शन र सिद्धान्तको प्रदर्शन स्थल होइन ।
(च) निबन्ध हार्दिकता र बौद्धिकताको सन्तुलनमा लेखिन्छ ।
(छ) निबन्ध पाण्डित्य प्रदर्शन होइन, मित्रसँगको गफ गराइ जस्तो स्वच्छन्द र अनौपचारिक शैलीमा लेखिने छरितो साहित्यिक रचना हो ।
(ज) व्यक्तित्व प्रधान सुन्दर, सरस गद्य रचना निबन्ध हो ।[७५]

यसरी निबन्ध व्यापक विषयवस्तु र केन्द्रीय उद्देश्यमा निर्भर गर्ने सीमित आकार भएको एक रोचक गद्य विधा हो, जुन हार्दिकता र बौद्धिकताको सन्तुलनमा लेखिन्छ र यो प्रायः व्यक्तित्वप्रधान हुने गर्दछ ।

## ३.४ निबन्धका विशेषता

साहित्यका अन्य विधा झैं निबन्धका पनि आफ्नै खास विशेषता रहेका हुन्छन् । निबन्धका परिभाषा र स्वरूपलाई हेर्दा यसका प्रमुख ४ वटा विशेषता रहेका छन् ।[७६]

### ३.४.१ व्यक्तित्वको प्रकाशन

निबन्ध रचनाको प्रमुख लक्ष्य 'स्व' को प्रकाशन हो । किनभने निबन्धकारले आफ्ना निबन्धमा स्वयम्लाई सहज स्वाभाविक तरिकाले पाठकका सामु प्रष्ट पार्न चाहेको हुन्छ । विषयसँग ऊ यति घुलमिल हुन्छ कि दुवैमा फरक रहदैन । यसले आफ्ना निबन्धका माध्यमबाट पाठकसँग साथीजस्तै कुराकानी गरिरहेको हुन्छ ।

### ३.४.२ सङ्क्षिप्तता

निबन्ध आकारमा जति सानो हुन्छ र जति बढी कसिएको हुन्छ, त्यसको अनुभूति त्यति नै सघन र प्रभावकारी बन्छ । अनुभूति वा विचारको सुगठित संयोजनले निबन्धमा तीब्रता ल्याउँछ । परिणामस्वरूप पाठकमा निबन्धको अत्यधिक प्रभाव पर्न जान्छ ।

### ३.४.३ एकसूत्रता

निबन्धमा एकसूत्रता वा अन्तः सङ्गठन अनिवार्य हुन्छ । यसमा व्यक्त भएका विचार र अनुभूतिहरू परस्परमा उनिएर आवद्ध रहन्छन् । निबन्धकार असङ्गतिमा पनि सङ्गति मिलाएर निबन्धको रचना गर्दछ । त्यसैले अव्यवस्थाभित्र पनि व्यवस्था र क्रमहीनताभित्र पनि सूक्ष्म क्रमबद्धता यसको आफ्नोपन हो ।

---

[७५] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, दो.सं. (काठमाडौं : साझा प्रकाशन २०५९), पृष्ठ २१४ ।
[७६] गोपीकृष्ण शर्मा, **पूर्ववत**, पृष्ठ १८ ।

### ३.४.४ अन्वितिको प्रभाव

निबन्धमा सिलसिलेवार अनुभूतिको क्रमबद्ध विन्यास हुन्छ । यस्ता अनुभूतिहरू क्रमिक रूपमा परस्पर सम्बद्ध हुँदै निबन्धका समष्टिको रूपमा परिणत हुन्छन् र यस्तो रूपले पाठकमा समन्वित प्रभाव पार्दछ । निबन्धमा व्यक्त भएका भाव, विचार तथा आवेग आपसमा अन्वित भएर सम्पूर्णताको प्रभाव सृष्टि गर्छन् ।

## ३.५ निबन्धका तत्त्वहरू

निबन्धलाई पूर्णरूप प्रदान गर्न आवश्यक पर्ने तत्त्वहरू नै निबन्धका तत्त्वहरू हुन्, जसलाई निबन्धका उपकरण पनि भन्न सकिन्छ । शून्यमा निबन्धको कल्पना गर्न सकिदैन । त्यसैले निबन्ध रचनाका पनि केही आधारहरू हुन्छन् र यसका केही आफ्नै सामग्रीहरू भएको पाइन्छ । ती नै सामग्रीहरूलाई नै निबन्धका तत्त्वहरू हुन भन्न सकिन्छ ।

निबन्धका तत्त्वहरूका सन्दर्भमा 'नेपाली साहित्यकोश' मा राजेन्द्र सुबेदीले निबन्ध निजात्मक गद्य रचना भएकाले निजात्मकता, मानव जीवनका संवेदना र अनुभूति सहज, स्वतन्त्र रूपमा प्रकट हुने कला, भाव र विचारको प्रस्फुटनसँग आरम्भ भएर प्रस्फुटनको समाप्तिसँग सिद्धिनु, भावपक्ष सवल रूपमा र वस्तुपक्ष तरल रूपमा उपस्थित हुनु, वर्णनात्मक, व्याख्यानात्मक पक्ष फिका र व्यञ्जना, विवेचना र तार्किक पक्ष गाढा हुनु, वैयक्तिक, भावात्मक र सङ्क्षिप्त प्रस्तुति जस्ता कुराहरू निबन्धका आवश्यक तत्त्व हुन् भनेका छन् ।[७७]

निबन्धका तत्त्वहरू पहिल्याउने क्रममा 'सिद्धान्त र साहित्य' मा भानुभक्त पोखरेलले विस्तृत अध्ययन, सूक्ष्म निरीक्षण, गहन चिन्तन, सन्चयन सौष्ठव, वैयक्तिक उच्छलन, सरसता या भावात्मकता[७८]लाई निबन्धको तत्त्वका रूपमा मानेका छन् भने डा. देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले विषयवस्तु, हार्दिकता/बौद्धिकता, वैयक्तिकता, संक्षिप्तता, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीलाई निबन्धका तत्त्व मानेका छन् ।[७९] निबन्धका तत्वका सन्दर्भमा विभिन्न विद्धानका धारणा फरक भए पनि मूल रूपमा वस्तु, शैली र उद्देश्य निबन्धका तीन तत्त्वहरू भएको कुरालाई धेरैजसो विद्वान तथा समीक्षकहरूले स्वीकारेका छन् ।

'नेपाली निबन्ध परिचय' मा गोपीकृष्ण शर्माले निबन्धका तीन तत्त्वहरू वस्तु, शैली, उद्देश्य भएको कुरा उल्लेख गरेका छन्[८०] भने डा. केशवप्रसाद उपाध्यायले 'साहित्य प्रकाश' मा निबन्धको तीन तत्त्वहरू वस्तु, शैली र उद्देश्य भएको कुरा प्रस्तुत गरेका छन् ।[८१]

---

[७७] प्रकाशक, **नेपाली साहित्यकोश** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५) पृष्ठ ३८४ ।

[७८] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (बिराटनगर : श्याम पुस्तक भण्डार, २०४०) पृष्ठ २०९ ।

[७९] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत्**, पृष्ठ ५ ।

[८०] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ १९ ।

यसरी धेरैजसो विद्वानहरूले प्रस्तुत गरेको मतलाई आधार मानेर निबन्धका तीन तत्त्वका रूपमा वस्तु, शैली र उद्देश्यलाई निम्नानुसार छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ :

## ३.५.१ वस्तु

निबन्धका महत्वपूर्ण तीन तत्त्वहरूमध्ये वस्तु पनि एक हो । वस्तु निबन्धले अँगाल्ने विषयवस्तु भएकोले विषयवस्तु बिना निबन्ध लेखनको कल्पना नै गर्न सकिदैन् । वस्तु तत्व निबन्धको प्राण हो , साथै यसमा दुई कुरा हुन्छन् : बुद्धितत्त्व र भावतत्त्व ।[८२]

बुद्धितत्त्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थ प्रेम, गम्भीरता र औचित्य रक्षाको सावधानी प्रकटित भएको पाइन्छ ।

भावतत्त्वमा संवेदनाको आवेग, भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकताको समावेश भएको पाइन्छ । कल्पनाको आवरणले यसलाई सिंगारेको पाइन्छ ।[८३] अतः विषयवस्तु निबन्धको नभई नहुने अपरिहार्य तत्त्व हो भन्न पनि सकिन्छ ।

निबन्धमा जे वर्णित हुन्छ, त्यो नै विषय हो । यसको विषय कुनै पनि विचार, भाव, घटना, व्यक्ति, स्थान आदि हुन सक्छ । निबन्धको विषय जे पनि हुन सक्ने हुँदा यसका विषयहरूको सेरोफेरो ज्यादै ठूलो छ । निबन्ध नलेखिने विषयमा यस संसारमा कुनै पनि छैन् ।[८४]

## ३.५.२ शैली

निबन्धमा विविध शैलीको प्रयोग गरिन्छ । यसमा जति बढी शैलीको प्रयोग हुन्छ, त्यति नै राम्रो ठानिन्छ । निबन्धको रचनामा औपचारिकदेखि अनौपचारिकसम्म सबै खालका शैलीहरूको प्रयोग पाइन्छ ।[८५]

शैलीलाई निबन्धको दोस्रो प्रमुख तत्वको रूपमा लिन सकिन्छ । वास्तवमा शैली भन्नाले निबन्ध लेख्ने ढङ्ग वा कला पनि हो भन्ने बुझ्न सकिन्छ । आफ्ना मनभित्र तरङ्गित हुन पुगेका विचारका छालहरूलाई अरुछेउ सम्प्रेषण गर्न तयार पारिएको शव्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई हामी शैली भन्न सक्छौ । शैली भनेको भाव र भाषाको सङ्गम स्थल हो भनेर पनि भन्न सकिन्छ । कतिपय विद्वानहरूले शैलीलाई अभिव्यक्तिको पर्यायवाची शव्दको रूपमा प्रयोग गरेको पाइन्छ ।

---

[८१] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छै.सं., (काठमाडौं : साझा प्रकाशन, २०५९) पृष्ठ १७१ ।

[८२] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ १९ ।

[८३] केशवप्रसाद उपाधयाय, **पूर्ववत्**, पृष्ठ १७१।

[८४] मोहनराज शर्मा, खगेन्द्र लुइटेल, **पूर्ववत्**, पृष्ठ ११४ ।

[८५] मोहनराज शर्मा, खगेन्द्र लुइटेल, **पूर्ववत्**, पृष्ठ ११४ ।

असल शैलीद्वारा नै लेखकको हृदयभित्रको संचित भाव वा विचार पाठकको हृदयसम्म पुन समर्थवान हुन्छ भन्न सकिन्छ । अर्को शव्दमा भन्दा उच्च शैलीमा उपयुक्त तरिकाले भावको हस्तान्तरण हुन्छ भन्न सकिन्छ । यस्तो शैलीमा सम्प्रेषण तत्त्व बढी सक्रिय हुन्छ र पाठक लेखको आत्मासम्म पुग्न र पहिचान गर्न सफल हुने गर्दछ ।

भाव र भाषाको समन्वित प्रस्तुति शैली भएकाले प्रत्येक व्यक्ति र लेखको भाव र भाषामा अन्तर भेटिन्छ । त्यसैगरी प्रत्येक व्यक्तिको शैली पनि फरक फरक पाइन्छ । यसर्थ शैली अथवा अभिव्यक्तिका पनि विभिन्न भेदहरू पाइन्छन्, जुन निम्नलिखित छन् :[८६]

**(क) आख्यानात्मक वा कथात्मक शैली :**

यसमा घटनाक्रमलाई छोएर शृङ्खलाबद्ध रूपमा विषयवस्तुको वर्णन गरिएको पाइन्छ । जस्तै : शङ्कर लामिछानेको 'अर्धमुदित नयन' र 'डुव्न लागेको घाम' शीर्षक निबन्धहरूमा यस प्रकारको शैली पाइन्छ ।

**(ख) वस्तुपरक वा वर्णनात्मक शैली :**

यसमा देखेको वा सुनेको विषयवस्तुलाई यथातथ्य रूपमा वर्णन गरिएको पाइन्छ । जस्तै : बालकृष्ण पोखरेलको 'पृथ्वीनारायण शाह' र 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' आदि शीर्षक भएका निबन्धहरूमा यस प्रकारको शैली पाउन सकिन्छ ।

**(ग) आत्मपरक शैली :**

यसमा निबन्धकारको आफ्नो निजीभाव तथा कल्पना शक्ति प्रदर्शित भएको पाइन्छ । अर्थात यसमा निबन्धकारले स्वयम् आत्मादेखि नै बोल्ने गरेको पाइन्छ । जस्तै : शङ्कर लामिछानेको 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' र लक्ष्मीप्रसाद देवकोटाको 'के नेपाल सानो छ ?' र 'सरिताको कलकलमा' जस्ता निबन्धहरूमा यस प्रकारको शैली प्रयोग भएको पाइन्छ ।

**(घ) विश्लेषणात्मक शैली :**

यसमा कुनै पनि विषयवस्तुलाई व्याख्यात्मक तवरले विश्लेषण गर्ने काम गरिएको पाइन्छ । जस्तै : लक्ष्मीप्रसाद देवकोटाको 'कला र जीवन' र 'साहित्यमा शिवत्व' र बालकृष्ण पोखरेलको 'अनुशासन' र 'स्वावलम्बन' जस्ता निबन्धहरूमा यस प्रकारको शैली पाइन्छ ।

**(ङ) तार्किक शैली :**

आफ्ना विचार वा भावनालाई तर्क आदिद्वारा पुष्टि गरी लेखिएको रचनामा तार्किक शैली पाइन्छ । जस्तै निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको 'जर्ज बनार्ड शा' र 'तरुण तपसी' जस्ता टिप्पणीमूलक निबन्धहरूमा यस प्रकारको शैली पाइन्छ ।

---

[८६] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ २० ।

(च) **भावमय शैली :**

हृदय पक्षले रङ्गाएर प्रस्तुत गरिने संवेदनामय लेखनमा यस्तो भावमय शैली पाइन्छ । यसमा निजात्मकता हुन्छ र निबन्धकारका हृदयका भावहरू मुखरित भएका हुन्छन् । जस्तै निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको 'के नेपाल सानो छ ? जस्ता निबन्धमा यस प्रकारको भावमय शैली प्रयोग भएको पाइन्छ ।

### ३.५.३ उद्देश्य

जे का निम्ति निबन्ध लेखिन्छ, त्यसलाई उद्देश्य भनिन्छ । कुनै निबन्ध सूचना प्रदान गर्ने, कुनै निबन्ध अनुभव बाँड्ने उद्देश्यले र कुनै निबन्ध घटना प्रस्तुत गर्ने उद्देश्यले लेखिएका हुन्छन् ।[८७]

बिना उद्देश्यको निबन्ध लक्ष्यहीन व्यक्ति जस्तै अर्थहीन हुन्छ । अतः उद्देश्य पनि निबन्ध रचनाको एक अति नै महत्वपूर्ण तत्व हो भन्ने सकिन्छ । जेका निम्ति निबन्ध लेखिन्छ त्यही नै त्यसको उद्देश्य हो भन्न सकिन्छ । अन्य साहित्यिक विधाको निर्माणमा जस्तै निबन्धको निर्माणमा पनि कुनै न कुनै एक प्रमुख उद्देश्यको सर्वोपरिता भएको कुरालाई पुष्टि गर्न सकिन्छ ।

निबन्धकार भिन्न भिन्न प्रकारका भएजस्तै निबन्ध लेखनको उद्देश्य पनि फरक फरक प्रकारको पाइन्छ । आत्म प्रकाशन वा सत्यतथ्यको वर्णन गर्नु निबन्धको मूलभूत उद्देश्य हो । खासगरी आत्मपरक निबन्धमा निबन्धकारले आफूलाई पाठकसमक्ष पूर्णत निजत्व प्रदर्शन गर्ने वा निबन्धकारले आफ्नो निजी वैयक्तिक व्यक्तित्वको उद्घाटन गर्ने उद्देश्य राखेको पाइन्छ । तर वस्तुपरक निबन्धमा निबन्धकारले आफ्नो निजी जीवनको अनुभूति भन्दा भिन्न वस्तुका बारेमा यथातथ्य सूचनाहरू प्रस्तुत गर्ने उद्देश्य राखेको पाइन्छ । उद्देश्य बिनाको निबन्ध निरर्थक हुने भएकाले यो एक महत्वपूर्ण तत्त्व हो भन्न सकिन्छ ।[८८]

मुख्यतः आत्म निवेदन गर्ने, सूचना प्रस्तुत गर्ने, अनुभव बाँड्ने, विचार दिने तथा घटना वर्णन गर्ने निबन्धको उद्देश्य हुन्छ । निबन्धमा विषयवस्तुभित्र अभिव्यक्त भावबाट उद्देश्य स्पष्ट हुन्छ । निबन्धहरू प्राय नवीन र अग्रगामी विचार लिएर प्रस्तुत हुन्छ ।[८९]

## ३.६ निबन्धको वर्गीकरण

साहित्यका प्रमुख विधाहरूमध्ये निबन्ध पनि एक प्रमुख गद्य विधा हो । निबन्धको विषय व्यापक भएका कारणले यसको वर्गीकरणका सन्दर्भमा निबन्धको यति नै प्रकार हुन्छ भनेर किटान गर्न कठिन भएको पाइन्छ तापनि यसको व्यवहारिक सुविधाका लागि लेखन

---

[८७] मोहनराज शर्मा, खगेन्द्र लुइटेल, **पूर्ववत्**, पृष्ठ ११४ ।

[८८] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ २२ ।

[८९] श्रीराम न्यौपाने, **पूर्ववत्**, पृष्ठ १३० ।

शैली एवम् निबन्धका तत्त्व वा सामग्रीहरूका आधारमा विभिन्न विद्वानहरूले भिन्न भिन्न प्रकारको निबन्धको वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ । जुन निम्नानुसार छ :

(क) डा. ईश्वर बरालको मतमा निबन्ध दुई प्रकारको हुन्छ, निजात्मक र परात्मक । निजात्मक निबन्ध अन्तर्गत वैयक्तिक, भावात्मक र विचारात्मक गरी तीन उपभेद पाइन्छ भने परात्मक निबन्ध अन्तर्गत वर्णनात्मक र विचारात्मक गरी दुई उपभेद पाइन्छ ।[९०]

(ख) डा. केशवप्रसाद उपाध्यायले लेखनशैलीका आधारमा निबन्धलाई २ प्रकारमा वर्गीकरण गरेका छन्, निजात्मक वा प्रथम पुरुष शैली र वस्तुपरक वा तृतीयपुरुष शैली । साथै उनले विषयका दृष्टिले पनि निबन्धलाई वर्णनात्मक, विचारात्मक, विवरणात्मक, भावात्मक, हास्यव्यङ्ग्यात्मक गरी पाँच प्रकारमा वर्गीकरण गरेका छन् ।[९१]

(ग) निबन्धकार बालकृष्ण पोखरेलले पनि शैली र विषय जस्ता दुई तत्त्वको आधारमा भिन्नाभिन्नै प्रकारले वर्गीकरण गरेका छन् । विषयका आधारमा धार्मिक, आर्थिक, राजनैतिक, साहित्यिक, समीक्षात्मक, ऐतिहासिक, व्यापारिक औद्योगिक र शैलीका आधारमा प्रबन्ध (Treatise) लेख (Article), प्रलेख (Monograph), जीवनी, धर्काचित्र (Sketch), शोधलेख (Thesis), खोज प्रबन्ध (Dissertation) आदि प्रकारमा वर्गीकरण गरेका छन् ।[९२]

शैली र विषय दुबैलाई समन्वय गरी पोखरेलले निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक, भावात्मक र निजात्मक गरी पाँच प्रकारमा वर्गीकरण गरेका छन् ।[९३]

(घ) राजेन्द्र सुबेदीले निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतीकरणका आधारमा वर्गीकरण गरेका छन् । वस्तुका दृष्टिले निबन्ध वस्तुपरक र आत्मपरक दुई किसिमका हुन्छन् । वस्तुपरक निबन्ध २ प्रकारका हुन्छन्, निबन्ध र प्रबन्ध । निबन्ध अन्तर्गत वर्णनात्मक र विवरणात्मक, प्रबन्ध अन्तर्गत प्रलेख, लेख, जीवनी, यात्रा विवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका, आत्मजीवनी, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, सन्धिपत्र आदि पर्दछन् । आत्मपरक निबन्धका तीन उपभेद छन्, विचारात्मक, भावात्मक, वैयक्तिक आदि ।[९४]

यस प्रकारले निबन्धको वर्गीकरण सम्बन्धमा विभिन्न विद्वानहरूको भिन्न भिन्न प्रकारका मतहरू पाइएका छन् । विभिन्न विद्वान्का यी मतहरूलाई समग्रमा प्रचलित र व्यवहारिक दृष्टिले वर्णनात्मक, विवरणात्मक, विचारात्मक, भावात्मक, हास्यव्यङ्ग्यात्मक र नियात्रा गरी ६ प्रकारमा वर्गीकरण गरी अध्ययन गर्ने प्रयास गर्न उपयुक्त देखिएको छ ।

---

[९०] केशवप्रसाद उपाध्याय, **पूर्ववत,** पृष्ठ १६८ ।

[९१] केशवप्रसाद उपाध्याय, **पूर्ववत,** पृष्ठ १६८ ।

[९२] बालकृष्ण पोखरेल, **पूर्ववत्,** पृष्ठ ९ ।

[९३] बालकृष्ण पोखरेल, **पूर्ववत्,** पृष्ठ १० ।

[९४] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्** पृष्ठ १० ।

## ३.६.१ वर्णनात्मक निबन्ध

वर्णन प्रधान निबन्धलाई वर्णनात्मक निबन्ध भन्ने गरिन्छ । क्रमबद्ध र व्यवस्थित वर्णन भएको निबन्धलाई वर्णनात्मक निबन्ध भन्न सकिन्छ । आफूले देखेको, सुनेको, जानेको, अनुभव गरेको वस्तु, घटना प्रकृति आदि इत्यादिका वास्तविक दृश्यलाई यथार्थ रूपमा सम्पूर्णता स्पष्ट हुने गरी वर्णनात्मक उद्देश्य राखेर प्रस्तुत गरिएको निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । कुनै पनि विषयवस्तुका बारेमा नालीबेली छुट्याएर त्यसको वास्तविक रूप अगाडि राखेर कुनै पनि वस्तु तथ्यबारे लेखिएको वस्तुपरक दृष्टि स्पष्टसँग पाठकसामु हस्तान्तरण गर्नु नै वर्णनात्मक निबन्धको विशेषता हो भन्न सकिन्छ । वर्णनात्मक निबन्धमा सङ्क्षिप्तताभित्रै गृहित वस्तुलाई पूर्ण दिएको, सूक्ष्म निरीक्षण भएको, विषयसम्बन्धी विविध ज्ञान प्रस्तुत भएको, साङ्गोपाङ्ग वर्णन भएको र सरल एवम् सुबोध शैली तथा आलङ्कारिक भाषा जस्ता विभिन्न प्रकारका विशेषताहरू रहेका पाइन्छन् ।[९५] जस्तै निबन्धकार बालकृष्ण पोखरेलको 'पृथ्वीनारायण शाह' र 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' शीर्षकका निबन्धहरूलाई वर्णनात्मक निबन्ध अन्तर्गत राख्न सकिन्छ ।

## ३.६.२ विवरणात्मक निबन्ध

अतीत कालका कुनै पनि घटना क्रमको एक टुक्रालाई टिपेर घटनाको सिलसिलेवार क्रम मिलाएर विशिष्ट विवरण प्रस्तुत गरिने क्रमलाई विवरणात्मक निबन्ध भनिन्छ । घटना वा वृत्तान्तको बेली विस्तार गरिएको विवरणप्रधान निबन्ध नै विवरणात्मक निबन्ध हो । विवरणात्मक निबन्धमा कथात्मक वा ऐतिहासिक कार्यकारण शृङ्खलाको निर्वाह भएको हुन्छ । घटित विषयमा लेखिने भएकाले ऐतिहासिकता यसको प्रमुख विशेषता हो भन्न सकिन्छ । ऐतिहासिकतालाई प्रस्तुत गरिने भए तापनि यसमा इतिहासकारले झैं वृत्तान्त मात्र नदिएर केही रागात्मक साथ प्रस्तुत गर्ने गरिन्छ । कतै कतै भाव र कल्पनातत्त्वको समेत राम्रो प्रयोग भएको हुन्छ । कार्यकारण शृङ्खलाको राम्रो निर्वाह गरिने यस प्रकारको विवरणात्मक निबन्धमा सरल, सुबोध र व्यञ्जनात्मक शैलीको प्रयोग गरिएको हुन्छ । जीवन र समाजका विभिन्न घटना र वृत्तान्तसँग विवरणात्मक निबन्ध सम्बन्धित छ ।[९६] जस्तै : उदाहरणका रूपमा निबन्धकार बालकृष्ण पोखरेलको ' तीनकथा : एकव्यथा' र 'कुकुर र म ' शीर्षक निबन्धलाई विवरणात्मक निबन्ध मान्न सकिन्छ ।

---

[९५] केशवप्रसाद उपाध्याय, **पूर्ववत,** पृष्ठ १६९ ।

[९६] हिमांशु थापा, **साहित्य परिचय,** ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०४७), पृष्ठ १८८ ।

## ३.६.३ विचारात्मक निबन्ध

चिन्तन र विचारप्रधान भएर आएको निबन्ध नै विचारात्मक निबन्ध हो । यसमा बुद्धिपक्षको सम्वर्द्धन र विचारको प्राधान्यता भएको हुन्छ । चिन्तन र विचारको सम्बन्ध मस्तिष्कपक्षसँग हुने भएकोले बुद्धि पक्षको प्राबल्य रहनु यस्ता निबन्धको प्रमुख विशेषता हो भन्न सकिन्छ । यस्ता निबन्धमा गृहित विषयलाई चिन्तनपूर्ण ढङ्गबाट स्थापना गरी सुगठित शैलीमा प्रस्तुत गर्नु विचारात्मक निबन्धको प्रमुख विशेषता हो । यस्ता निबन्धमा जीवन र समाजका विभिन्न पक्षका समस्याहरूलाई वैचारिक रूपमा तर्कसम्मत र क्रमबद्ध तरिकाले निबन्धकारले प्रस्तुत गर्ने गरेको पाइन्छ ।[९७] विचारात्मक निबन्धका रूपमा हामी लक्ष्मीप्रसाद देवकोटाको 'लेखनाथ पौड्यालको विषयमा' र 'जर्ज बर्नाड सा' जस्ता निबन्धलाई लिन सक्छौ ।

## ३.६.५ भावात्मक निबन्ध

भावनाको प्रधानता भएको निबन्ध नै भावात्मक निबन्ध हो । अर्थात भावुकताको पक्ष अधिक मात्रामा भएको निबन्धलाई नै भावात्मक निबन्ध भन्न सकिन्छ । यस्तो निबन्धमा बुद्धिको स्वीच दबाएर भावनालाई मात्र प्रशस्त खेल्ने मौका दिइन्छ । भावात्मक निबन्धमा तर्क विर्तक, छलफल, वैचारिक कार्यकारणको आवश्यकता नभई हृदयमा तरङ्गित भावोच्छलनहरू अनुभूतिजन्य तवरबाट पोख्ने गरिन्छ । यस प्रकारको निबन्धमा हृदय जति प्रवल भएर प्रकट हुन्छ, त्यति नै निबन्ध राम्रो भएको मानिन्छ । हृदयको निश्छल आत्मप्रकाशन नै भावात्मक निबन्धको प्रमुख विशेषता हो । यसमा जीवनका सुखदुख, आशा निराशा र हाँसो रोदनको आधारभूमिमा जीवनका घनिष्ठतम् रूप प्रस्तुत गरिएको हुन्छ । अत: यस खालका निबन्धमा हार्दिकता, सम्वेदनशीलता, सुकुमारिता, कोमलता र कल्पनाशीलताको सुन्दर र हृदयस्पर्शीय अभिव्यक्ति पाइन्छ । समीक्षकहरूले यस प्रकारको निबन्धलाई निबन्धकारको पागल प्रलाप पनि भन्ने गरेको पाइएको छ । तर यो यस्तो नभई स्वच्छ भावनाको सुन्दर अभिव्यक्ति हो भन्न सकिन्छ । भावको प्रधानता हुने भएकोले यसमा रागतत्वको् प्रावल्य हुन्छ । यो कविताको सहोदर हुन्छ र मर्मस्पर्शी हुन्छ । यसमा कल्पनाको सहायताले चित्त चमत्कारी चित्रहरू प्रस्तुत गरिन्छन् ।[९८] भावात्मक निबन्धका रूपमा देवकोटाको 'सरिताको कलकलमा' र 'के नेपाल सानो छ ?' जस्ता निबन्धहरूलाई लिन सकिन्छ ।

---

[९७] हिमांशु थापा, **पूर्ववत्** पृष्ठ १८८ ।

[९८] केशवप्रसाद उपाध्याय, **पूर्ववत,** पृष्ठ १७० ।

## ३.६.५ हास्यव्यङ्ग्यात्मक निबन्ध

यस प्रकारको सङ्क्षिप्त गद्य रचनामा सामाजिक जीवनका विविध अङ्गहरूमा देखिने विकृति र विसङ्गतिमाथि उपहास गर्दै छेड हान्ने काम गरिएको हुन्छ । हास्यव्यङ्ग्यको आंशिक समावेश जुनसुकै स्थानमा पनि हुनसक्छ तर हास्यव्यङ्ग्यकै प्रयोजनबाट लेखिएको लेख मात्र हास्यव्यङ्ग्यात्मक निबन्ध कहलाउँछ ।[९९] नेपाली निबन्धकारहरूले निबन्ध विधामा हास्यव्यङ्ग्यको चुट्किलो प्रयोग गरेर, ठट्यौली खालको छेडपेचद्वारा मानवीय दुर्वलतामाथि कटु प्रहार गर्ने प्रवृत्तिको विकास गरी निबन्ध विधालाई अझै आकर्षक बनाएको पाइन्छ । केशवराज पिंडालीको 'खै खै', भैरव अर्यालको 'जयभुँडी', चोलेश्वर शर्माको 'म त अप्रिल फुल भएछु' जस्ता हास्यव्यङ्ग्यात्मक निबन्धका महत्वपूर्ण उदाहरणहरू हुन भन्न सकिन्छ ।[१००]

## ३.६.६ नियात्रा

यात्रा गरिएका स्थान, वस्तु र कार्यका अनुभूति, दृश्य र स्थितिलाई स्रष्टाले संस्मरणका रूपमा स्थापित गर्ने रचना धर्म हो । नियात्रा प्रधान भएर स्थापित भइसकेको छ । नियात्रालाई यात्रा संस्मरण शव्दले पनि चिनाउने गरिन्छ ।

नियात्रामा यात्राकारको आत्मभोगको आत्मपरकता प्रस्तुत भएको हुन्छ । यो नै यसको (नियात्राको) प्रमुख तत्व हो भन्न सकिन्छ । यसमा कल्पना कम र भोगमूलक अभिव्यक्तिको मात्रा बढी पाइन्छ । यसको निम्ति यात्राको सविस्तार वर्णनको आवश्यकता पर्ने देखिन्छ । यात्राका क्रममा देखिएका स्थान, व्यक्ति वा वातावरणलाई विषयवस्तु बनाएर त्यसलाई आत्मरागमा मुछ्दै अभिव्यक्ति गर्ने काम नियात्रा अन्तर्गत गरिन्छ । उदाहरणका लागि 'राजा गगनीराजको यात्रा' (वि.सं. १५५०) र 'जङ्गबहादुरको बेलायत यात्रा' आदिलाई नियात्राका रूपमा लिन सकिन्छ ।[१०१]

## ३.७ निबन्धको परिवेश

निबन्ध सिर्जनाका लागि, फस्टाउनका लागि र अझ स्थायित्व प्राप्त गर्नका लागि अनुकूल वातावरण आवश्यक पर्दछ । त्यो वातावरणमा तीनवटा पक्ष महत्वपूर्ण मानिन्छ ।[१०२]

---

[९९] केशवप्रसाद उपाध्याय, **पूर्ववत,** पृष्ठ १७० ।

[१००] गोपीकृष्ण शर्मा, **पूर्ववत्,** पृष्ठ ३९ ।

[१०१] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्** पृष्ठ १३ ।

[१०२] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्** पृष्ठ १० ।

### ३.७.१ प्रकाशन र त्यसको सुव्यवस्था

विश्वमा प्रकाशन र वितरण एवम् सञ्चारको व्यवस्था सुदृढ भएपछि मात्र निबन्धले आफूलाई सवल बनाएको छ । यसैले प्रेसको स्थापना, मुद्रित सामग्री पाठकसम्म सञ्चार गर्ने व्यवस्था जस्ता कुराहरू अति आवश्यक मानिन्छ ।

### ३.७.२ भाषागत प्रौढता

विचार र भावनालाई कलात्मक ढङ्गले प्रतिपादन गर्ने विधा निबन्ध भएको हुँदा अभिव्यञ्जनाको तीव्रता, कवितात्मक प्रवाह, सुललित अन्विति आदिको काम भाषाको परिपक्वताबाट मात्र हुन सक्ने भएकोले भाषा उच्च अभिव्यक्ति र सौन्दर्य क्षमता आर्जन गर्न सक्ने हुनु पर्दछ ।

### ३.७.३ वैचारिक अभिव्यक्तिको स्वतन्त्रता

निबन्ध स्वतन्त्र अभिव्यक्तिबाट जन्मिने विधा हो । लेखकले समाज, राजनीति, धर्म, संस्कृति र सभ्यताका सम्पूर्ण सङ्गति र विसङ्गतिलाई सिधै व्यक्त गर्ने वातावरण तयार हुनु पर्दछ र निबन्धले समाजमा स्वतन्त्रताको अपेक्षा गर्दछ ।

## ३.८ नेपाली निबन्धको विकासको सङ्क्षिप्त रूपरेखा

नेपाली निबन्ध नेपाली साहित्यको आख्यानेतर गद्य विधा अन्तर्गत पर्ने एक महत्वपूर्ण उपविधा हो । नेपाली साहित्यमा पद्य साहित्यको विकास भएको केही समय पश्चात मात्र गद्य साहित्यको विकास हुन पुगेको देखिन्छ । गद्यको अभिव्यक्ति क्षमता सवल र प्रौढ हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सिर्जना हुन थालेको हो । गद्य साहित्यको विकाससँगसँगै विकसित बन्न पुगेको निबन्ध साहित्यको विकासमा विभिन्न पत्रपत्रिकाहरूको महत्वपूर्ण योगदान रहेको देखिन्छ । विभिन्न गद्य शैलीमा सिर्जित भएका वस्तुहरूको प्रकाशन, प्रसारण, वितरण, संरक्षण एवम् सुपठनको वातावरणका निमित्त त्यस समयमा विभिन्न पत्रपत्रिकाहरूको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । यस प्रकार गद्य साहित्यको विकाससँगसँगै नेपाली निबन्ध साहित्यको पनि विकास भएको हो । त्यसैले नेपाली निबन्ध विधा नेपाली साहित्यको सिर्जन विधाहरूमध्ये कै कान्छो विधा हो भन्न सकिन्छ । नेपाली निबन्ध साहित्यको विकासक्रमलाई अध्ययन गर्दा नेपाली गद्य साहित्य अन्तर्गत भाषाले मूर्तरूप प्राप्त गरेपछिको समयदेखि आजसम्मको अवस्थालाई कालक्रमिक रूपमा अध्ययन गर्नु पर्ने हुन आउँछ । यसरी विकसित बन्न पुगेको नेपाली निबन्ध साहित्यको उत्पत्ति र विकासका

सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्नै प्रकारका भिन्न भिन्न अभिमतहरू प्रस्तुत गरेको पाइन्छ ।[१०३]

नेपाली निबन्धको विकासक्रमका सम्बन्धमा राजेन्द्र सुवेदीले 'स्नातकोत्तर नेपाली निबन्ध' मा यस प्रकारले काल विभाजन गर्ने प्रयास गरेको पाइन्छ :

(क) प्राथमिक काल (वि.सं. १८३१–१९४७)

(ख) माध्यमिक काल (वि.सं. १९४८–१९७३)

(ग) आधुनिक काल (वि.सं. १९७४–हालसम्म)[१०४]

यसैगरी गोपीकृष्ण शर्माको 'नेपाली निबन्ध परिचय' नामक पुस्तकमा डा. ईश्वर बरालको नेपाली निबन्धको काल विभाजन सम्बन्धी अभिमत यस प्रकार छ :

(क) प्राथमिक काल (वि.सं. १८६५–१९८६)

(ख) माध्यमिक काल (वि.सं. १९८७–१९९०)

(ग) आधुनिक काल (वि.सं. १९९१–हालसम्म)

प्रथम चरण (वि.सं. १९९१–२००३)

दोस्रो चरण (वि.सं. २००४–२०१६)

तृतीय चरण (वि.सं. २०१७– हालसम्म)[१०५]

यसरी नै भानुभक्त पोखरेलले 'सिद्धान्त र साहित्य' नामक पुस्तकमा निबन्धको कालक्रमिक विकासक्रमलाई यस प्रकार उल्लेख गरेका छन् :

(क) प्रथम चरण (वि.सं. १९४८–१९७५)

(ख) दोस्रो चरण (वि.सं. १९७६–१९९१)

(ग) तेस्रो चरण (वि.सं. १९९२–हालसम्म)[१०६]

नेपाली निबन्धको काल विभाजनकै सन्दर्भमा 'नेपाली निबन्ध' नामक पुस्तकमा डा.देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले नेपाली निबन्धको विकासको कालक्रमलाई यसप्रकार प्रस्तुत गरेका छन् :

(क) प्राथमिक काल (शुरुदेखि – १९५७)

(ख) माध्यमिक काल ( १९५८ – १९९१)

(ग) आधुनिक काल (१९९२ – हालसम्म)[१०७]

---

[१०३] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्** पृष्ठ १३ ।

[१०४] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्** पृष्ठ १४ ।

[१०५] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ ३२-४० ।

[१०६] भानुभक्त पोखरेल, **पूर्ववत्**, पृष्ठ २१८ ।

नेपाली निबन्धको काल विभाजनकै सन्दर्भमा 'नेपाली साहित्यको संक्षिप्त इतिहास' नामक पुस्तकमा डा.दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली निबन्धको विकासको कालक्रमलाई यसप्रकार प्रस्तुत गरेका छन् :

(क) पृष्ठभूमि काल / प्रारम्भिक काल (१८३१ –१९५७)

(ख) निर्माण काल / माध्यमिक काल (१९५८–१९९१)

(ग) विकास काल / आधुनिक काल (१९९२–हालसम्म)[१०८]

यस प्रकार नेपाली निबन्धको विकास क्रम सम्बन्धमा विभिन्न विद्वानरूले आ-आफ्नै किसिमबाट काल विभाजन गर्ने प्रयास गरेको भए तापनि डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माको मत उपयुक्त आधारको रूपमा लिइएको छ ।

## ३.८.१ पृष्ठभूमि काल / प्रारम्भिक काल (१८३१ –१९५७)

प्रारम्भको नेपाली साहित्यमा देखा परेको निबन्ध साहित्यलाई नै हामीले प्राथमिककालको नेपाली निबन्ध भनेर चिन्ने गरेका छौ । नेपाली भाषाको शुभारम्भ भएपछिको समयावधिलाई यहाँ निबन्ध विकासको प्रारम्भिक समयका रूपमा लिन सकिन्छ । आधुनिक नेपालको जन्म हुनुभन्दा अघिका अभिलेख तथा ज्योतिष, औषधिमूलो र नीतिविषयक ग्रन्थादिलाई निबन्ध मान्न सकिदैन् । यी सामग्रीहरू नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन् । ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ बिन्दु पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) मा फेला पर्दछ । यस गद्यकृतिमा साहित्यिक गुण र कलात्मक अभिव्यञ्जनाको संयोजन भएको पाइन्छ । विचारको प्रस्तुति र आन्तरिक सङ्गठनको दृष्टिले यो कृति ऐतिहासिक महत्वको छ ।

यसपछि रामभद्र पाध्या रेग्मीको 'लक्ष्मी धर्म संवाद' (१८५१) मा पनि गद्य प्रयोगको राम्रो नमुना पाइन्छ । यसपछि दैवज्ञ ज्योतिनरसिंह 'तुलसीस्तव' (१८६६) देखा पर्दछ । वाणीविलास पाँडेको 'बागमती पुल' स्तम्भ अभिलेख (१८६८) लाई गद्यको सुन्दर नमुना मान्न सकिन्छ । यसपछिका महत्त्वपूर्ण गद्य कृतिहरूमा क्रमशः दैवज्ञकेशरी अर्ज्यालको 'गोरक्षयोग शास्त्र' (१८७७), यदुनाथ उपाध्यायको 'रतिकोषसार' (१८८५), ललितत्रिपुरा सुन्दरीको 'राजधर्म' (१८८८ पूर्व), सुन्दरानन्द बाँडाको 'त्रिरत्नसौन्दर्य गाथा' (१८८९-९० तिर) र सन्त शशिधरको 'वाणोपनिषद्' (१८८६) लाई लिन सकिन्छ । नेपाली आख्यानेतर गद्यमा भएको विविध शैलीको प्रयोगको चित्र यी कृतिहरूले प्रस्तुत गर्दछन् ।

पृष्ठभूमि कालमा आध्यात्मिक विषयवस्तु निकै लोकप्रिय रह्यो । यस कुराको प्रमाण स्वरूप योगी अम्बरगीरका 'ब्रम्हायज्ञ उपनिषद्' (१८९१), 'योगवाशिष्टसार' (१९१२),

---

[१०७] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **पूर्ववत**, पृष्ठ १४ ।

[१०८] दयाराम श्रेष्ठ, मोहनराज शर्मा **पूर्ववत्**, पृष्ठ १२२ ।

भवानीदत्त पाँडेको 'आत्मबोध' (१८९३ पूर्व), शशिधरका 'वैराग्याम्बर' (१९०६ पूर्व) र 'जसमनि जोगशास्त्र' (१९०९ पूर्व), रघुबीरसिंहको 'शान्तिशत' (१९०९) आदिलाई अघि सार्न सकिन्छ ।

साहित्यिक गुणका दृष्टिले यस कालमा देखा परेका महत्त्वपूर्ण गद्यकृतिहरूमा बेनामी 'जङ्गबहादुरको बेलायत यात्रा' (१९१०) बेलामी 'बत्तीस सालको रोजनाम्चा' (१९३२) मोतीराम भट्को 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) र चिरञ्जीवी शर्माको 'आफ्नु कथा' (१९५५) आदिलाई लिन सकिन्छ । यी कृतिहरूलाई नेपाली गद्यको ऐतिहासिक विकासका महत्वपूर्ण उपलब्धिहरू मान्न सकिन्छ ।[१०९] वास्तवमा पृष्ठभूमि कालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति देखा पर्‍यो, त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ ।

यस कालमा नेपाली भाषामा चिन्तनका स्वतन्त्र अभिव्यक्तिहरू र नेपाली मानसिकताका आरोह अवरोहहरू, यात्रा, सामाजिक, राजनैतिक संरचनाका पक्षहरू, प्रशासनिक र धार्मिक विकृतिहरू, साँस्कृतिक र जीवनपद्धतिका मूल्यहरूलाई नेपाली साहित्यले निबन्धन गर्न नसकेको देखिन्छ । निबन्धन गर्न थालेपछि पनि अभिलेख, औषधिमूलोका पाठ्यवस्तुहरू, यात्रा र राजकाजका, प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू मात्र यसकालका प्रमुख उपलब्धिहरू भएको पाउन सकिन्छ ।[११०]

## ३.८.२ निर्माण काल / माध्यमिक काल (१९५८ देखि १९९१ सम्म)

पत्रकारितासँग सम्बद्ध हुन थालेपछि नेपाली निबन्धको इतिहासमा निर्माणकालको आरम्भ भयो । यस कुराको स्थापनाको आधार स्वरूप 'गोर्खापत्र' (१९५८) मा प्रकाशित गद्यकृतिहरूलाई लिन सकिन्छ । गोर्खापत्रमा प्रकाशित आख्यानेतर गद्यरचनाहरू, निबन्ध वा प्रबन्धका निकै नजिक छन् । मौलिक नेपाली निबन्धको परम्परा यसै पत्रिकाबाट शुरु गरिएको पाइने हुनाले पनि ती गद्य रचनाहरूको ऐतिहासिक मूल्य छ । यसमा नीति र नैतिकताका साथै व्यवहारिक जीवनका उपयोगी विषयवस्तुसँग सम्बन्धित निबन्धहरू प्रकाशित भएका छन् । यस प्रकार वि.सं. १९५८ मा गोर्खापत्रको प्रकाशन भएपछि पूर्ण रूपमा नेपाली निबन्ध साहित्यले माध्यमिककालको दैलो उघारेको देखिन्छ ।

नेपाली निबन्धको माध्यमिक कालको इतिहास नेपाली पत्रकारिताको इतिहाससँग सम्बद्ध छ । 'गोर्खापत्र' पछि क्रमशः 'सुन्दरी' (१९६३) र 'माधवी' (१९६५) जस्ता दुई पत्रिकाहरूले यस विधालाई विकसित अवस्थातिर अग्रसर गराए । 'सुन्दरी' मा प्रकाशित 'बेसी' (१९६२-६५) लाई उत्कृष्ट निबन्ध मान्न सकिन्छ । यस पत्रिकामा 'गोर्खापत्र' बाट साधार गरी

[१०९] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **पूर्ववत्** पृष्ठ १२३ ।

[११०] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १४ ।

'देशको उन्नति' (१९६५) भन्ने निबन्ध पनि प्रकाशित भएको थियो । यसरी नै यसमा एउटा अर्को निबन्ध पनि प्रकाशित भयो, त्यो थियो देवीदत्त शर्माको 'उचित चर्चा' (१९६५) । यसरी यी प्रकाशित सामग्रीलाई हेर्दा 'सुन्दरी' ले नेपाली गद्यतर्फ दिएको योगदानलाई बिर्सन सकिदैन् । यसरी नै 'माधवी' मा प्रकाशित राममणि आ.दी. र रामप्रसाद सत्यालका निबन्धहरूमा गहन विचारको उद्रेक पाइन्छ । राममणिको 'कविता रीति' ले नेपाली निबन्धलाई ऐतिहासिक महत्त्वको योगदान दिएको छ ।

वि.सं. १९७१ मा 'चन्द्र' पत्रिकाको प्रकाशन हुन्छ र त्यसमा पद्मनाभ सापकोटा, सूर्यविक्रम ज्ञवाली, वैजनाथ सेढाइँ र पारमणि प्रधानका लेख निबन्धहरू प्रकाशित हुन्छन् । 'चन्द्र' पत्रिकामा प्रकाशित निबन्धहरूमा कलात्मक सजीवता र विषयगत विविधताको प्राधान्यता पाइन्छ । वि.सं. १९७२ मा प्रकाशित 'गोर्खाली' पत्रिकामा पद्मनाभ सापकोटा र सूर्यविक्रम ज्ञवालीका निबन्धहरू प्रकाशित भए । पद्मनाभ सापकोटाको 'मातृभाषा' भन्ने निबन्ध निकै राम्रो थियो । साथै देवीप्रसाद सापकोटा र मणिसिंह गुरुङ्गका गहकिला लेख निबन्धहरू पनि यसै पत्रिकामा प्रकाशित भए ।[१११]

वि.सं. १९७४ मा प्रकाशित 'चन्द्रिका' लाई निबन्धप्रधान पत्रिका भन्न सकिन्छ । यसमा प्रकाशित निबन्धहरूले इतिहासलाई निकै नै विकसित तुल्याएको पाइन्छ । विशेष गरेर शम्भुप्रसाद ढुङ्गेलका निबन्धहरूमा निकै राम्रो गद्य शैलीको प्रयोग भएको पाइन्छ । उनका ३ वटा निबन्धहरू 'चन्द्रिका' (१९७५), 'प्रेम'(१९७५) र 'महेन्द्र मल्ली' (१९७५) यसमा प्रकाशित भएका छन् । साथै यसै पत्रिकामा 'जुनकीरी' (१९७५), 'अब ता लाज भयो' (१९७५), 'एक शेष' (१९७५), 'धैर्य धारण गर' (१९७५) जस्ता निबन्धहरू पनि प्रकाशित भएका थिए ।

'चन्द्रिका' (१९७४) को प्रकाशनपछि 'जन्मभूमि' (१९७९), 'गोर्खासंसार' (१९८३), 'नेपाली साहित्य सम्मेलन पत्रिका' (१९८९) आदि पत्रिकाहरूको योगदानलाई यस्तै ऐतिहासिक मूल्यका दृष्टिले हेर्न सकिन्छ । 'जन्मभूमि' मा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी जस्ताका विचारात्मक तथा भावात्मक निबन्धहरू प्रकाशित भएका थिए । 'गोर्खासंसार' मा समाज र जातिको सुधार गर्ने विषययुक्त निबन्धहरू प्रकाशित भएका थिए । त्यस्तै दार्जीलिङ्गबाट प्रकाशित भएको 'नेपाली साहित्य सम्मेलन पत्रिका' मा त्यहाँका पठितहरूका बौद्धिक ओजयुक्त निबन्धहरू प्रकाशित भएका थिए । यस पत्रिकामा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान र रुपनारायण सिंह जस्ता भाषा सेनानीहरूका निबन्धहरू प्रकाशित भएको थियो । यस प्रकार गोर्खापत्रको प्रकाशन समय वि.सं. १९५८ देखि

[१११] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **पूर्ववत्** पृष्ठ १२५ ।

वि.सं. १९९१ सालसम्मको समयमा नेपाली निबन्धको माध्यमिक काल अथवा निर्माण काल मान्न सकिन्छ ।[११२]

यस समयका निबन्धका विषयवस्तुहरू भने देश प्रेम, धर्मप्रति आस्था, भाषाको सेवा, समाज सुधार, जातीय चेतना, नैतिकता आदि रहेको पाउन सकिन्छ । त्यसैगरी यस कालमा संरचनात्मक शिथिलता, भाषिक स्थिरताको अभाव देखिन्छ भने यस बेला निबन्धमा प्राय वर्णनात्मक र विवरणात्मक स्वरूप आए पनि लेखकको वैयक्तिक प्रकाशन त्यति देखिदैन् ।[११३]

### ३.८.३ विकास काल / आधुनिक काल (१९९२ देखि हालसम्म)

'गोर्खा संसार' र 'साहित्य सम्मेलन' पत्रिकासम्म आइपुग्दा नेपाली निबन्ध साहित्यको जगत्मा आधुनिकको लाली छाइसकेको पाइन्छ । 'शारदा' पत्रिकाको प्रकाशनदेखि नेपाली साहित्यको अनेक विधाले आधुनिकताको पूर्ण प्रतिष्ठा पाउन थाले झैं यसै समयदेखि निबन्ध साहित्यमा पनि आधुनिकताले पूर्ण प्रतिष्ठा पाउन सकेको हो । वि.सं. १९९१ सालदेखि 'शारदा' मा छापिदै आएका निबन्धहरूबाट के प्रष्ट हुन्छ भने अबको नेपाली निबन्ध विवरणात्मक मांसलता र इतिवृत्तात्मक स्थूलताबाट चिन्तनको गहिराइ र भावात्मकताको उचाइतिर द्रुतगतिले मोडिन थालिसकेको छ ।[११४]

वि.सं. १९९१ सालको 'शारदा' पत्रिकाको प्रकाशन नेपाली निबन्ध साहित्यको इतिहासमा एउटा कोसेढुङ्गा सावित भएको देखिन्छ । यसै पत्रिकाको प्रकाशनसँगसँगै नेपाली निबन्ध साहित्यले आधुनिकताको स्वरूप प्राप्त गर्न सकेको हो । यसै पत्रिकाको माध्यमबाट थुप्रै निबन्धकारहरूले माध्यमिककालीन निबन्धात्मक प्रवृत्तिहरूलाई त्यागी आधुनिक निबन्धहरूको प्रकाशन गर्न थालेका हुन् । त्यसैले 'शारदा' पत्रिकाको प्रकाशन समय वि.सं. १९९१ देखि हालसम्मको करिब ७ दशक लामो इतिहास नै आधुनिक नेपाली निबन्ध साहित्यको इतिहास हो । साथै लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् । देवकोटाको गद्यशैलीमा पद्धतिमूलक आधार पाइन्छ र विषयवस्तुमा नवीन मानसिक चेतना अभिव्यक्त भएको पाइन्छ । नीति, शिक्षा, तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने मध्ययुगी प्रवृत्तिको अन्त्य देवकोटाबाट भयो ।[११५]

नेपाली निबन्ध साहित्यको आधुनिक कालमा देखा पर्ने निबन्धकारहरू र तिनका निबन्धात्मक स्वर, शैली एवम् अन्य प्रवृत्तिहरूलाई हेर्दा नेपाली निबन्ध साहित्यको आधुनिक

---

[११२] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **पूर्ववत्** पृष्ठ १२५ ।

[११३] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ ३२, ३३ ।

[११४] भानुभक्त पोखरेल, **पूर्ववत्**, पृष्ठ २२० ।

[११५] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **पूर्ववत्** पृष्ठ १२६ ।

काल गतिशील देखिन्छ । यी नै विभिन्न प्रवृत्तिगत परिवर्तनका आधारमा नेपाली निबन्ध साहित्यको आधुनिक काललाई निम्नलिखित ३ चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण (वि.सं. १९९२–२००३)

(ख) द्वितीय चरण (वि.सं. २००४–२०३५)

(ग) तृतीय चरण (वि.सं. २०३६–हालसम्म)[११६]

**(क) प्रथम चरण (वि.सं. १९९२–२००३)**

आधुनिक नेपाली निबन्धको प्रथम चरण वि.सं. १९९२ देखि वि.सं. २००३ सालसम्मलाई मानिएको छ । कतिपय समीक्षकहरूले वि.सं. १९९१ सालको 'शारदा' पत्रिकाको वर्ष १, अङ्क १ मा प्रकाशित बालकृष्ण समको "बर्दाहामा शिकार" शीर्षक निबन्धलाई पहिलो आधुनिक नेपाली निबन्ध मानेको पाइन्छ । तर डा.दयाराम श्रेष्ठ र मोहनराज शर्माले 'नेपाली साहित्यको संक्षिप्त इतिहास' मा समको वि.सं. १९९१ को "बर्दाहामा शिकार" लाई निबन्ध नमानेर कथा मानेको पाइन्छ । डा.दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार लक्ष्मीप्रसाद देवकाटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् । 'शारदा' मा प्रकाशित देवकोटाको निबन्ध "आषाढको पन्ध्र" नै पहिलो आधुनिक निबन्ध मानिन्छ । सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए ।[११७] 'शारदा' (१९९१) को प्रकाशनपछि नेपाली निबन्ध विधामा पाश्चात्य प्रभावको प्रवेश भएकोले नेपाली निबन्ध साहित्यमा आधुनिकताका नयाँ परिवेश र प्रवृत्तिहरूले खेल्ने मौका पाएको देखिन्छ ।[११८]

वि.सं. १९९१ को 'शारदा' पत्रिकामा बालकृष्ण सम, बदरीनाथ भट्टराई, भेषराज शर्मा तथा लक्ष्मीप्रसाद देवकोटा आदिका निबन्धहरू प्रकाशित भएको पाइन्छ । वि.सं. १९९३ मा प्रकाशित "आषाढको पन्ध्र" निबन्धले देवकोटामा रहेको निजात्मक सौन्दर्य चेतनालाई पहिलोपल्ट समुद्घाटन गर्ने काम गऱ्यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिष्ठापन गर्न गहन भूमिका खेलेको देखिन्छ । नेपाली निबन्धमा सौन्दर्यमूलक, वस्तुपरक एवम् भावात्मक चेतको प्रविष्टि बालकृष्ण सम, भेषराज शर्मा जस्ता स्रष्टाहरूबाट भएको पाइन्छ । आधुनिक निबन्धको पहिलो चरणको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले गरेको देखिन्छ । यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ भन्न सकिन्छ । यस चरणका निबन्धकारहरूमा विचारभन्दा बढ्ता भाव र अन्तर्मुखी चिन्तनका पक्षहरू स्थापित भएको पाइन्छ । यसै समयमा कलम चलाउने निबन्धकारहरू हुन् बाबुराम आचार्य, बोधविक्रम अधिकारी, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रुद्रराज पाण्डे, बालकृष्ण सम, बदरीनाथ

---

[११६] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध**, **पूर्ववत्**, पृष्ठ १७ ।

[११७] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **पूर्ववत्** पृष्ठ १२६ ।

[११८] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृष्ठ ३२, ३३ ।

भट्टराई, भीमनिधि तिवारी, भेषराज शर्मा, यदुनाथ खनाल, खड्गमान मल्ल, हृदयचन्द्रसिंह प्रधान, बालचन्द्र शर्मा आदि । यस अवस्थामा मूलभूत रूपमा तीनवटा प्रवृत्तिहरू मुखरित भएका पाइन्छन् । ती तीनवटा प्रवृत्तिहरूमा पहिलो प्रवृत्ति हो, देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावाद र दोस्रो प्रवृत्ति हो, समबाट प्रवृत्त भएको शास्त्रीयतावाद । यी दुईका अतिरिक्त एउटा अर्को प्रवृत्तिको पनि आरम्भ भयो, त्यो हो क्रान्तिकारी स्वच्छन्दतावाद । यस प्रवृत्तिमा कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, खड्गमान मल्ल, यदुनाथ खनाल, भेषराज शर्मा आदिलाई लिन सकिन्छ । यस प्रवृत्तिमा आलोचनात्मक यथार्थवादको प्रभुत्व रहेको छ र यसको नेतृत्व गर्ने काम हृदयचन्द्रसिंह प्रधानबाट भएको छ ।[११९]

**(ख) द्वितीय चरण (वि.सं. २००४–२०३५)**

वि.सं. २००४ देखि २०३५ सम्मको समयलाई आधुनिक नेपाली निबन्धको दोस्रो चरण मानिएको छ । यस अवधिको प्रवृत्तिहरूमा निजात्मक एवम् बौद्धिक चिन्तनधारा एउटा प्रवृत्ति हो भने अर्को वैचारिक प्रवल क्रान्तिकारीधारको आलोचनात्मक यथार्थवादी धारा हो । पहिलो धाराको नेतृत्व गर्ने काम शङ्कर लामिछानेबाट भयो भने दोस्रो धाराको नेतृत्व गर्ने काम श्यामप्रसाद शर्मा र भैरव अर्यालबाट भएको देखिन्छ । यस हिसावले पहिलो फाँटमा पर्ने निबन्धकारहरूमा रामकृष्ण शर्मा, म.वी.वि.शाह, भाइचन्द्र प्रधान, कमल दीक्षित, इन्द्रबहादुर राई, गोविन्दप्रसाद लोहनी, लोकराज बराल, नगेन्द्र शर्मा, बालकृष्ण पोखरेल, गणेशबहादुर प्रसाई, श्रीधर खनाल, रामकुमार पाँडे, कृष्णप्रसाद पराजुली, कृष्णप्रसाद ज्ञवाली, बासुदेव त्रिपाठी आदि हुन् । त्यस्तै दोस्रो फाँटमा पर्ने निबन्धकारहरू हुन् रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, गोविन्द भट्ट, चूडामणि रेग्मी, बल्लभमणि दाहाल, बिष्णु नवीन, धनुषचन्द्र गौतम, बालमुकुन्ददेव पाण्डे, दाताराम शर्मा, बासुदेव लुइटेल, तारानाथ शर्मा, श्याम गोतामे, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदि ।[१२०]

यस पछिल्लो धारामा देखा पर्ने केही प्रतिभाहरू क्रान्तिकारी स्वच्छन्दतावादी देखिन्छन् भने केही प्रतिभाहरू प्रगतिमूलक यथार्थवादी देखिन्छन् । शिल्पका दृष्टिले यस चरणलाई नेतृत्व गर्नेहरूमा चेतनप्रवाह पद्धतिका फँाटमा शङ्कर लामिछाने, नियात्रा फँाटमा तारानाथ शर्मा र हास्यव्यङ्ग्यका फँाटमा भैरव अर्यालको प्रभुत्व रहेको पाउन सकिन्छ । त्यस्तै वैचारिक फँाटमा स्वच्छन्दतामूलक अराजक विचार शङ्कर लामिछानेबाट प्रभुत्व भएको छ भने यथार्थमूलक विचार श्यामप्रसाद शर्माबाट भएको छ । समाजमा धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गगतिका पक्षहरूलाई, राजनीतिक एवम् आर्थिक विसङ्गतिहरूलाई प्रहार गर्दै

---

[११९] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १६ ।

[१२०] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १६ ।

व्यङ्ग्य गर्ने निबन्धकारहरू र तीनका निबन्धहरू यस युगका महत्वपूर्ण उपलब्धिहरू हुन् । यस चरणका समग्र प्रवृत्तिहरू भन्नु व्यङ्ग्यात्मकता, संस्मरणात्मक खोज, अनुसन्धानमूलक तथा वर्णनात्मक, विवरणात्मक निबन्धहरूको रचनाहरू नै हुन् ।[१२१]

**(ग) तृतीय चरण (वि.सं. २०३६–हालसम्म)**

वि.सं. २०३६ सालदेखि वर्तमानसम्मको अवधिलाई आधुनिक नेपाली निबन्ध साहित्यको तेस्रो चरण मानिएको छ । यसलाई समसामयिक चरण पनि भन्न सकिन्छ । यस चरणका निबन्धगत मूल्यहरू तात्क्षणिक मात्र नभएर शास्वत प्रभाव पार्ने खालका छन् भन्न सकिन्छ । निबन्ध विधामा यो समय विसङ्गतिका दृष्टिले निकै तीब्र रहेको देखिन्छ । यस अवधिमा स्वच्छन्दतामूलक र अन्तरमुखी चेतको स्थान नगण्य हुँदै गएको देखिन्छ । साथै २०४६ पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको पाइन्छ । समाजमा आएका विकृतिहरू, प्राकृतिक संशाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनाशहरू, देशका युवापुस्तामा बढ्दै गएका अनुशासनहीनता र अकर्मण्यताहरू, अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्न आएका राजनीतिक र आर्थिक शीतयुद्धका सङ्घातहरू, नारी अस्मितामाथिका क्रय विक्रय र बलात्कारहरू आदिमाथि व्यङ्ग्य गर्ने काम यस कालमा भएको पाइन्छ । यस्ता विषयहरूमाथि तीब्र प्रहार गर्ने निबन्धकारहरू हुन् गङ्गा उप्रेती, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, हरि बन्दी, नरेन्द्रराज पौड्याल, मुकुन्द आचार्य, गोपीकृष्ण शर्मा, चोलेश्वर शर्मा, मोहनराज शर्मा, मनुबाबु मिश्र आदि । त्यस्तै गरी राष्ट्रिय स्वार्थ र अस्तित्वमा आएका कल्पनाहरू, सत्ता लिप्सा र विभाजनबाट भएका हत्या, आतङ्क, बलात्कार, गुण्डागर्दी, मादक पदार्थ सेवन र त्यसका विनिमयहरू आदि आजका विद्यमान विसङ्गतिहरूमाथि पनि यस चरणका निबन्धकारहरूले प्रहार गर्ने काम गरेको पाइन्छ । ती निबन्धकारहरूमा पद्मरत्न तुलाधर, सूर्यबहादुर पिवा, मोहन सिटौला, मेघराज मञ्जुल, बिमल निभा, विपिनदेव ढुङ्गेल, राममणि रिसाल, रुद्र खरेल, राजेन्द्र सुवेदी, घनश्याम कडेल, नृपेन्द्र पुरुष यादी, ज्ञानमणि नेपाल, कृष्ण धरावासी, जगदीशचन्द्र भण्डारी, रविकिरण निर्जीव, सुनिल पौड्याल, भीष्म उप्रेती, राजव, सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाई, मुन पौडेल, युवराज नयाँघरे आदिलाई लिन सकिन्छ ।[१२२]

मानव मात्रको सार्वभौमिक अस्मितामाथि नै भइरहेको बलात्कारलाई आजका स्रष्टाले उखेलेर फ्याक्नका लागि गरेका प्रयासहरू नै यस अवधिका निबन्धका उपलब्धिहरू हुन् । देशका मुटुमा भएका वैदेशिक अतिक्रमण, सम्वेदनशील क्षेत्रमाथिका आक्रमण, प्राकृतिक

---

[१२१] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्,** पृष्ठ १६ ।

[१२२] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्,** पृष्ठ १७ ।

संशाधनमाथिको गिद्धे दृष्टि, सञ्चार, परिधान, कला र वैज्ञानिक चेतका नाममा आएका अनेकतम झंझावातहरूका बीचमा च्यापिएर आफ्नो पहिचानको रक्षार्थ जुटेका निबन्धकारहरूमा आजका तीनवटा प्रवृत्तिगत सीमा देखिएका छन् । पहिलो सीमा हो, आफूले अपेक्षा गरेका सत्ताको संस्तुतिमा जुट्ने, दोस्रो सीमा हो, आफूले अपेक्षा नगरेको सत्तासँग विमति राख्दा राख्दै पनि विरोध प्रकट गर्न नसक्ने रूपवादी ढर्रामा आफूलाई प्रस्तुत गर्ने र तेस्रो सीमा हो, विशुद्ध यथार्थवादी मूल्यको पहिचानमा निबन्ध सिर्जन गर्ने ।[१२३]

समसामयिक निबन्धकारहरूका सीमागत प्रवृत्तिहरूको निरुपण गर्ने क्रममा राजेन्द्र सुबेदीले निबन्धकारहरूलाई दुई वर्गमा विभाजन गरेका छन्, पहिलो सत्ताको आडमा भोजन गर्ने तथा सत्तासँग बिमति राखेर आफूलाई गतिशील भनाउने र हाल पलायित मानसिकताबाट पीडित, दोस्रो सामाजिक, राजनैतिक विसङ्गति विरुद्धको अभियानमा जुटने र आफूबाट समर्थित वैचारिक पक्ष सत्तामा रहेको भए पनि सापेक्षिक रूपमा त्यसका प्राप्ति अप्राप्तिको समीक्षा गर्ने, स्वीकार वा बहिष्कारका औचित्य कायम रहने दृष्टिकोण राख्ने । सुबेदीले पहिलो वर्गका निबन्धकारहरूमा नरेन्द्रराज पौडेल, कृष्णचन्द्र सिंह प्रधान, कञ्चन पुडासैनी, तारानाथ शर्मा, नरेन्द्रराज प्रसाई, कृष्ण धरावासी, चोलेश्वर शर्मा प्रवृत्तिका निबन्धकारहरूलाई राखेका छन् र दोश्रो वर्गमा माधव पोखरेल, खगेन्द्र सङ्ग्रौला, गङ्गा उप्रेती, रविकिरण निर्जीव, चूडामणि रेग्मी, रुद्र खरेल, मुन पौडेल, बिमल निभा, राजव, पद्मरत्न तुलाधर, राजेन्द्र सुबेदी प्रवृत्ति निबन्धकारहरूलाई राखेका छन् ।[१२४]

विशेषतः वि.सं. २०४६ सालको खुल्ला राजनैतिक वातावरणपछि वा नेपाली निबन्धको समसामयिक कालको उत्तरार्द्धको समयमा निबन्धको फाँट निकै मौलाउन पुगेको भेटिन्छ । त्यस समयमा नयाँ नयाँ स्वरहरू लिएर देखा परेका निबन्धकारहरूमा मनुजबाबु मिश्र, मोहन दुलाल, सुनिल पौडेल, मोहन सिटौला, भीष्म उप्रेती, युवराज नयाँघरे, माधव पोखरेल, नरेन्द्रराज प्रसाई, निर्मोही व्यास, ध्रुव मधिकर्मी, नरनाथ लुइटेल, मधुसुदन गिरी, रोचक घिमिरे आदि सशक्त हस्तीका रूपमा रहेका पाइन्छन् ।

अन्त्यतः समसामयिक नेपाली निबन्धका प्रमुख प्रवृत्तिहरूमा आलोचनात्मक यथार्थवादको अभिव्यक्ति विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, सुधारको चाहना, यात्रा संस्मरणात्मक निबन्धको रचना, वैचारिकताको अभिव्यक्ति आदि देखा पर्दछन् ।[१२५] यस प्रकार वि.सं. १९९१ सालदेखि अहिलेसम्मका वैयक्तिक उच्छलनले भरिएका नेपाली निबन्धका प्रतिनिधि लेखकहरू मध्ये बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, केशवराज पिंडाली,

---

[१२३] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १७ ।

[१२४] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १८ ।

[१२५] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १८ ।

श्यामप्रसाद शर्मा, भैरव अर्याल र शङ्कर लामिछाने आदि प्रमुख मानिन्छन् । आधुनिक कालका लेख स्तरीय प्रबन्धलाई छाडेर वास्तविक निबन्धको शृङ्खलालाई उत्तरोत्तर गाँस्दै लाने केन्द्रीय सूत्रको रूपमा यी नै रचनाहरूलाई लिनु पर्ने देखिन आउँछ ।[१२६] संक्षेपमा आधुनिक नेपाली निबन्ध भन्नु चार प्रवृत्तिहरूको संयुक्त प्रवाह हो, ती हुन्, समको दार्शनिक विचारात्मक धारा, देवकोटाको कवितात्मक भावात्मक धारा, हृदयचन्द्रसिंह प्रधानको सामाजिक प्रगतिशील चिन्तन धारा र केशवराज पिंडालीको हास्यव्यङ्ग्यात्मक धारा । यसर्थ आधुनिक नेपाली निबन्धको सन्दर्भमा सम, देवकोटा, प्रधान र पिंडाली विशिष्ट प्रतिभा सावित भएका छन् भन्न सकिन्छ ।[१२७]

नेपाली निजात्मक निबन्धले आख्यानलाई प्रधानता दिन थालेपछि यो विधा पनि अरु विधाहरू जस्तै पाठकहरूका रुचिभित्र पर्दै जान थाल्यो । महाकवि देवकोटाको काव्यात्मक अनुभूति र अभिव्यक्तिले कर्णप्रिय र बौद्धिक रोचकता प्रदान गर्ने शैलीभन्दा भिन्न ढङ्गबाट शङ्कर लामिछानेले प्रारम्भ गरेको अनौपचारिकता र आख्यानात्मकताले यसलाई धेरै सजिलो बनायो । त्यसमा पनि भैरव अर्यालको हाँस्यव्यङ्ग्य र गणेशबहादुर प्रसाईको स्वैरकल्पनाले नेपाली निबन्धलाई उच्च कोटीको विधामा स्थापित गरिसकेको छ । चालिसको दशकपछि देखा परेका निबन्धहरूमा आख्यानात्मक अभिव्यक्ति तथा यात्रा संस्मरणहरूको प्रमुखता पाइएको छ ।[१२८]

यति भएर पनि आजसम्मको नेपाली निबन्ध विविध नौला नौला विषय, शैली र प्रस्तुतिका साथमा द्रुत गतिमा निरन्तर प्रवाहपूर्ण ढङ्गबाट अग्रसर भइरहेको छ र यसका निम्ति अन्य नयाँ नयाँ निबन्धकारहरूको पनि त्यत्तिकै गरिमामय योगदान भएको कुरालाई पनि भुल्न सकिदैन् ।[१२९]

वर्तमान नेपाली निबन्धमा विविधता पाइन्छ । हिजोको तुलनामा आज धेरै विविधतायुक्त र स्तरीय साहित्यको उत्पादन भइरहेको छ । निबन्धले नेपाली पाठकलाई अधिक नौलो ज्ञान प्रदान गर्दैछ । यसले तीब्र गतिमा नेपाली जगत्को रूपान्तरण प्रक्रियालाई प्रतिबिम्बित गरिहेको छ र यो आशावादी छ ।

आजका पाठकहरूले ज्ञान र सूचना प्राप्त गर्ने प्रमुख स्रोत निबन्ध वा निबन्धात्मक रचना हुन् । ती  अखबारहरूमा , म्यागजिनमा, जर्नलमा, रिपोर्टमा सर्वत्र हुन्छन् । त्यसकारण स्वरूप निर्धारण गर्दा सबैभन्दा मुस्किल पर्ने विधा निबन्ध हो, सबैभन्दा बढी पढिने पनि यही

---

[१२६] भानुभक्त पोखरेल, **पूर्ववत्**, पृष्ठ २२७ ।

[१२७] भानुभक्त पोखरेल, **पूर्ववत्**, पृष्ठ २१५ ।

[१२८] कृष्ण धरावासी (भूमिकामा), **तीन पिंढी एउटा सिडी**, (झापा: नियात्रा प्रकाशन, २०५६) पृष्ठ  ।

[१२९] बालकृष्ण पोखरेल, **पूर्ववत्**, पृष्ठ १५ ।

हो । नेपाली निबन्ध सिर्जनाको आधुनिक परम्परामा कृष्णचन्द्रसिंह प्रधान, ताना शर्मा, कमल दीक्षित, राममणि रिसाल, माधव पोखरेल, मनुजबाबु मिश्र सक्रिय छन् भने नयाँ निबन्धकारहरुको ठूलो समूह परम्परा नाघेर अगाडि आएको छ । आजका निबन्धले विश्वका विभिन्न मुलुक, त्यहाँ भेटिएको भिन्न संस्कृतिबारे नेपालीलाई ज्ञान प्रदान गरिरहेका छन् । यता देश भित्र पनि यात्रा, भ्रमण, नियात्रा, संस्मरण आदि निजात्मक र चिन्तनपरक निबन्धहरू आइरहेछन् । ज्ञानेन्द्र विवश, मुकेश मल्ल कला र निबन्धका संयोजक हुन् भने नयाँ पुस्तामा युवराज नयाँघरे, श्रीओम श्रेष्ठ 'रोदन', भीष्म उप्रेती राम्रा निबन्ध लेखिरहेका छन् । तर अर्कातिर अखबारका स्तम्भले गर्दा साहित्यिक निबन्धलाई बाँच्न कठिन परिरहेको अवस्था पनि छ ।     गरिमाको बेलायत विशेषाङ्क र मधुपर्कको नियात्रा अङ्क हेर्दा यात्रा निबन्धले आधुनिक मोड लिएको अनुभव गर्न सकिन्छ । विदेश भूमिको यात्रा, संस्मरणबारे लेखिएका निबन्धले परम्परित विषयवस्तुलाई जित्न थालेका छन् । ध.च. गोतामे, अमर नेम्वाङ्ग, बुलु मुकारुङ्ग, श्रीओम श्रेष्ठ, चन्द्रप्रसाद भट्टराई, बिन्दु सुबेदी, विश्वदीप तिगेला, चन्द्रकान्त आचार्य, इल्या भट्टराई आदि धेरै निबन्धकारले अन्य मुलुकको परिवेश लेखिरहेछन् ।[१३०]

यस प्रकार नेपाली निबन्धको विकास यात्रा अगाडि बढिरहेको छ र यस विकास यात्रामा फरक फरक शैली लिएर नयाँ पुस्ताका निबन्धकारहरू निबन्धमा आइरहेका छन् । समाजमा देखिन आएका नयाँ प्रयोग र मूल्यहरूको प्रभावलाई नयाँ शिल्प र नयाँ बिम्बमा एउटा यात्रा र निजात्मकता भित्र व्यङ्ग्योचित बिम्बको समायोजन गर्ने आदेश र अनाकर्षक विषयलाई निबन्धको प्रतिष्ठान प्रदान गर्ने, वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिधिको मर्यादा प्रदान गर्ने यस समयको वैशिष्ठ्य निकै गरिमायुक्त छ । यसलाई निबन्धको वर्तमानकालीन उपलब्धि मान्नु वाञ्छनीय ठहर्छ ।[१३१]

ज्ञान र सूचनाको प्रमुख स्रोतको रूपमा विकसित निबन्ध विधाको यात्रामा फरक फरक शैली र विविधता आइरहेको छ । यही फरक-फरक शैली र विविधताका बीच अगाडि बढेको वर्तमान समसामयिक नेपाली निबन्धको विकास यात्राको क्रममा नेपाली निबन्धमा वर्तमान नेपालको राजनीतिक परिदृश्यमा देखिएको द्वन्द्वको कारण निराशाको अभिव्यक्ति भएको पाइन्छ । सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य कस्दै समावेशी प्रवृत्तिका सरल र छोटो निबन्ध लेखनको परम्परा नेपाली निबन्ध जगत्मा देखिएको छ । वर्तमान निबन्ध लेखनमा साधारण मानिसको जीवनशैलीको चित्रण टड्कारो रूपमा देखिने गरेको छ । शिक्षा र सञ्चारको पहुँच एवम् वर्तमान समाज प्रतिस्पर्धी हुँदै गइरहेको कारणले पनि नेपाली निबन्धको भविष्य उज्यालो गन्तव्यतिर अगाडि बढिरहेको छ ।

---

[१३०] गोबिन्दराज भट्टराई, "बहुलता, नवीनता र प्रयोग" **हिमाल खबरपत्रिका** (वर्ष १५ अङ्क १२।१३, २०६२, १६ असोज–१५ कार्तिक) पृष्ठ १०६ ।

[१३१] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्**, पृष्ठ १८ ।

# निबन्धकार कृष्ण धरावासीको निबन्धको अध्ययन र मूल्याङ्कन

## ४.निबन्धकार कृष्ण धरावासीको निबन्धको अध्ययन र मूल्याङ्कन

## ४.१ पृष्ठभूमि

साहित्यका विविध विधाहरूमध्ये निबन्ध छोटो र छरितो एक महत्वपूर्ण गद्य विधा हो । निबन्ध एक प्रकारको कुरागराइ हो, मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको रूप निबन्ध हो । चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको नापजोख निबन्धबाट हुन्छ । मनका उन्मुक्त विचारहरू आफ्ना अनुभवले रङ्गाएर वा तटस्थ रही विषयको नालीबेली दिएर केही कुरा लिपिबद्ध गर्दा निबन्धको रूप बन्छ ।[१३२] आजका पाठकहरूले ज्ञान र सूचना प्राप्त गर्ने प्रमुख स्रोत निबन्ध वा निबन्धात्मक रचना हुन् ।

निबन्ध संस्कृतको प्राचीन शव्द भए पनि सामान्यतया निबन्ध भन्नाले साहित्यिक विधा भन्ने नै बुझिन्छ र पाश्चात्य जगतमा सोह्रौ शताव्दीमा फ्रान्सका मोन्टेनले नयाँ ढङ्गले लेख्ने प्रयत्न गरे, त्यो प्रयत्न नै निबन्धको रूपमा आज स्थापित भएको छ । कुनै पनि विषयवस्तुलाई सरल र सहज ढङ्गले पाठकसमक्ष पुऱ्याउने व्यक्तिलाई निबन्धकार भनिन्छ । एउटा सफल निबन्धकारले आफूले देखेको, भोगेको र अनुभव गरेका अनुभूतिलाई सहज रूपमा पुऱ्याउन सक्दछ ।

नेपाली निबन्धको विकास क्रममा प्रारम्भिक पृष्ठभूमि भाषाको शुभारम्भदेखि पृथ्वीनारायण शाहको दिव्योपदेशसम्म रही प्रारम्भिक काल बित्यो र यसपछि नीति, शिक्षा तथा सुधारका भावनालाई सूक्तिमय ढङ्गमा लिपिबद्ध गर्ने तथा व्यावहारिक जीवनका उपयोगी वस्तुसँग सम्बन्धित निबन्धहरू लेखिने माध्यमिककालीन प्रवृत्तिलाई बिदा गर्दै वि.सं. १९९१ शारदाको प्रकाशनपश्चात नेपाली निवन्ध जगत्मा आधुनिक कालको प्रारम्भ भयो । लक्ष्मीप्रसाद देवकोटाको निबन्ध आषाढको पन्ध्र (१९९२) को प्रकाशन (शारदा १९९३) सँगै नेपाली निबन्ध साहित्यले नयाँ मोड लियो ।

लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् । सर्वप्रथम देवकोटाले नै पाश्चात्य ढङ्गका पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए । उनले अन्तहृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गरे ।[१३३] आत्मपरकता, भावनात्मकता,

---

[१३२] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, एघारौ सं. (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५७) पृष्ठ ३ ।

[१३३] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँ.सं. (काठमाडौं : साझा प्रकाशन, २०५६) पृष्ठ १२६ ।

वैयक्तिकता, स्वच्छन्दता, कलात्मकता, काव्यात्मकता, विषय र शैलीगत विविधता आदि देवकोटाका निबन्धगत वैशिष्ट्य र प्रवृत्ति हुन् ।[१३४]

लक्ष्मीप्रसाद देवकोटाबाट शुरु भएको आधुनिक नेपाली निबन्धको यात्रामा देवकोटाको काव्यात्मक अनुभूति र अभिव्यक्तिको माध्यमबाट कर्णप्रिय र बौद्धिक रोचकता प्रदान गर्ने शैलीभन्दा भिन्न ढङ्गबाट अनौपचारिकता र आख्यानात्मक शैलीको माध्यमबाट शङ्कर लामिछाने विषय शिल्प र संरचनागत नवीनता ल्याउदै आत्मपरक, निजात्मक वैयक्तिक छाप छाड्न सफल भए । नेपाली निबन्धको यस यात्रामा भैरव अर्याल हास्यव्यङ्ग्य जस्ता नयाँ विशेषता लिएर अगाडि बढे भने प्रगतिवादी, समाजवादी यथार्थको प्रस्तुति कृष्णचन्द्रसिंह प्रधानबाट सशक्त रूपमा भयो । यस क्रममा निबन्धमा स्वैरकल्पनाको प्रयोगलाई सशक्त गर्ने कार्य गणेशबहादुर प्रसाईले गरे[१३५] र यसरी अगाडि बढेको नेपाली निबन्धको विकास यात्रामा सामाजिक यथार्थताको धरातलमा उभिएर आत्मपरक शैलीमा निबन्धमा आख्यानात्मक शैलीको प्रयोगलाई सशक्त गर्दै समाजका वास्तविकताहरूलाई सरल शव्दमा सम्प्रेषित गरेर समसामयिक निबन्धकारको रूपमा अगाडि बढेका हुन, निबन्धकार कृष्ण धरावासी ।

## ४.२ निबन्ध लेखनमा प्रेरणा र प्रभाव

वि.सं. २०३७ मा 'महत्वाकांक्षा विनाशको प्रतीक' (कन्दरा : सामयिकसङ्कलन) शीर्षकको निबन्ध लिएर नेपाली निबन्ध जगत्मा आएका कृष्ण धरावासीको सिर्जनशीलतामा सशक्त विधा निबन्ध विधा हो । २०४० देखि निरन्तर रूपमा निबन्ध लेखिरहेका धरावासीले निबन्धमा आख्यानको प्रयोगलाई विशेष रूपमा भित्र्याई रहेको पाइन्छ । वि.सं. २०४४ को असारमा राष्ट्रियस्तरको साहित्यिक पत्रिका 'गरिमा' मा 'माटोको माया' भन्ने निबन्ध छापिएपछि नयाँ लेखकका रूपमा सबैले प्रशंसा गरी हौसला बढाएको अनि सोही पत्रिकामा २०४५ असारमा 'बालक हराएको सूचना' र २०४५ फागुनमा चङ्गा शीर्षकको निबन्ध छापिएपछि निबन्धकारमा दरिन पुगेको कुरा धरावासी स्वयम्ले स्वीकार गरेका छन् ।[१३६]

निबन्ध लेख्न प्रेरित गर्ने प्रेरकका सन्दर्भमा धरावासी भन्छन्, "देवकोटा, शङ्कर लामिछाने र कृष्णचन्द्रसिंह प्रधान मलाई निबन्ध लेख्न प्रेरित गर्ने अग्रजहरू हुन् । उहाँहरूको निबन्धले नै मलाई बारम्बार लेख्न बाध्य गर्थे ।"[१३७]

---

[१३४] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य, भाषा साहित्य र इतिहास** (काठमाडौं : नवीन प्रकाशन, २०५९) पृष्ठ १२४ ।

[१३५] कृष्ण धरावासीका अनुसार ।

[१३६] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५५) पृष्ठ २९८ ।

[१३७] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५५) पृष्ठ ३२० ।

"देवकोटा, कृष्णचन्द्रसिंह प्रधान, शङ्कर लामिछाने र गणेशबहादुर प्रसाईका निबन्धहरू मैले धेरै पढेको थिए । खास गरी शङ्कर लामिछानेको अनौपचारिक शैली र गणेशबहादुर प्रसाईको स्वैर आख्यानात्मकताले मलाई बढी प्रभाव पारेको थियो ।"[१३८]

आफ्नो निबन्ध लेखनका बारेमा धरावासी अझ प्रष्ट गर्दै उल्लेख गर्छन् "निबन्ध के हो ? निबन्ध कस्तो हुनु पर्दछ ? आदि कुनै कुराहरू पनि मलाई थाहा छैन । मैले निबन्ध सम्बन्धी शास्त्रीय अध्ययन गरेको पनि छैन । मनमा लागेका, समाजमा देखिएका विषयहरूलाई नहिचकिचाई, नधकाई, खुरुखुरु लेख्दै गएको मात्र हुँ । त्यसो गर्दै जाँदा तयार भएको लेखनी निबन्ध भएछन् किनभने ती कथा भएनछन्, त्यसैले हो । देखेको कुरा लेख्नु नै लेखकको मूल धर्म हो भन्ने मलाई लाग्छ ।"[१३९]

राजधानीदेखि बाहिर मोफसल, विशेष गरेर मेची अञ्चलको झापामा बसेर साहित्य साधनामा रहेका निबन्धकार धरावासीका यस क्षेत्रका पूर्ववर्ती निबन्धकारहरू चूडामणि रेग्मी, गणेशबहादुर प्रसाई, होम सुवेदी, शारदा कोइराला, चूडामणि वाशिष्ठ हुन् भने उनका समवर्ती निबन्धकारहरू भीष्म उप्रेती, युवराज नयाँघरे, प्रतीक ढकाल हुन । झापाका तेजराज खतिवडा, कृष्ण बराल जस्ता निबन्धकारहरू पनि धरावासीसँगसँगै निबन्ध जगत्मा अगाडि आइरहेका छन् ।[१४०]

## ४.३ निबन्ध र धरावासी

समाजका वास्तविकताहरूलाई सरल शव्दमा सम्प्रेषित गर्ने निबन्धकार धरावासीमा शैलीगत विशिष्टता, विषयगत निष्ठा र भाषिक चमत्कार पाइन्छ । समसामयिक आर्थिक, सामाजिक, राजनीतिक परिवेश, शास्वत मानवीय मूल्य मान्यता, सामाजिक विकृति विसङ्गति आदिलाई धरावासीले आफ्ना निबन्धहरूमा कलात्मक ढङ्गले चित्रण गरेका छन् । छोटा छरिता निबन्धहरू भित्र व्यापकता समेट्ने उनका निबन्धका शीर्षक लामा र भद्धा प्रतीत भए पनि ती प्रतीकात्मक र सार्थक छन् । प्रस्तुतिका क्रममा यदाकदा उनी व्यङ्ग्य विद्रोही बनेको पनि पाइन्छ । सामाजिक यथार्थताको धरातलमा उभिएर आत्मपरक शैलीमा निबन्ध रचना गर्ने धरावासीलाई कवि व्यक्तित्वले अझ सफल बनाएको छ ।

लेखकको लेखाइ कस्तो हुनु पर्दछ भन्ने सन्दर्भमा निबन्धकार धरावासीको धारणा यस्तो रहेको छ,–"… देखेको सत्यको लेखन गर्नु नै अबको साहित्यको युग हो । जस्तो र जसरी

---

[१३८] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५५) पृष्ठ ३९४ ।

[१३९] कृष्ण धरावासी, (भन्न मन लागेको कुरा), **उत्तमजङ्ग सिजापतीको आलु**, (झापा : कुमार भट्टराई, २०५५) ।

[१४०] कृष्ण धरावासीबाट प्राप्त जानकारी ।

देखिन्छ, भोगिन्छ त्यसलाई त्यसैगरी प्रस्तुत गर्ने काम लेखकको हो, लेखक भने अलग्गै कुनै व्यक्ति होइन, ऊ पनि त्यही समाज भित्रको अन्तरप्रवाहमा प्रवाहित पात्र हो ।"[१४१]

साधारण मानिसको जीवनशैलीलाई निबन्धमा उतार्न सफल धरावासी समसामयिक राजनीतिक र सामाजिक विकृतिप्रति व्यङ्ग्य हान्न खप्पिस छन् । खस्कदो सामाजिक मूल्य मान्यताप्रति चिन्तित धरावासी आफ्ना निबन्धमा मानवतावादी धारणा राख्दछन् । धरावासीका निबन्धमा वर्तमानका वास्तविकता प्रतिबिम्वित भएका हुन्छन् ।

समसामयिक निबन्धकारहरूका सीमागत प्रवृत्तिहरूको निरूपण गर्ने क्रममा समालोचक राजेन्द्र सुबेदीले निबन्धकार धरावासीलाई सत्ताको आडमा भोजन गर्ने तथा सत्तासँग विमति राखेर आफूलाई गतिशील भनाउने र हाल पलायित मानसिकताबाट पीडित निबन्धकारहरूको वर्गमा राखे पनि समालोचक सुबेदीले धरावासीको पंचायतकालीन समयको आलोचनात्मक यथार्थवादी प्रवृत्ति र आलोचनात्मक यथार्थवादको अनुशासनलाई सम्मान गर्नु पर्छ भन्ने टिप्पणी गरेका छन् ।

यसै गरी साहित्यकार सरोज ओलीले निबन्धकार धरावासीलाई पूँजीवादी जञ्जालमा फसेका र प्रगतिवादी धारमा नहिडेका निबन्धकार मानेका छन् भने साहित्यकार पुण्य खरेलले पनि धरावासीमा वैचारिक रूपमा प्रगतिशील सहिष्णुताको कमी औंल्याउँदै उनमा प्रगतिशील वैचारिक दर्शनको कमी रहेको कन्चनजंघा एफ्.एम्.को साहित्यिक कार्यक्रममा बताएका छन् ।

बहुलवादी समाजमा दलप्रति आस्था हुनुलाई स्वाभाविक मान्ने निबन्धकार धरावासी पूँजीवाद प्रगतिवादलाई प्राविधिक विषय मान्दछन् र वस्तुको मूल्याङ्कन गरिनु पर्नेमा जोड दिन्छन् । वैज्ञानिक दर्शनको अध्ययनका साथ व्यवहारिक ज्ञान पनि सँगसँगै जानु पर्छ भन्ने मान्यता राख्ने धरावासीलाई साहित्यकार तेराखले निबन्ध क्षेत्रमा मार्मिक, यथार्थपरक र प्रगतिशीलताको नजिक नै मानेका छन् । लेखनशैली कहिले पनि बुर्जुवा र प्रगतिशील हुँदैन । साहित्यमा घनत्व हुनु पर्छ, त्यो घनत्व लेखनशैलीमा नभएर लेख्य सामग्रीमा हुन्छ, पाठमा हुन्छ भन्ने धारणा निबन्धकार धरावासीको रहेको छ ।

प्रगतिवाद भन्नाले साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त, यथार्थवादको प्रकृतवादी शाखादेखि भिन्न अर्को समानान्तर शाखा भन्ने अर्थ बुझिन्छ ।[१४२] यस अर्थलाई हेर्दा धरावासी पहिलो अर्थदेखि नजिक छन् । उनमा उग्र प्रगतिवाद नभए पनि उनी प्रगतिवाददेखि नजिक छन् । उनको प्रगतिवाद भनेको समाज सुधार र सामाजिक यथार्थको अभिव्यक्ति हो । मानिसका

---

[१४१] कृष्ण धरावासी, **आधाबाटो**, (झापा : नियात्रा प्रकाशन, २०५५) भूमिकामा ।

[१४२] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत शब्द कोष** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२) पृष्ठ ८६४ ।

दैनिक जीवन भोगाइका घटनालाई निम्न वर्गका पात्रको माध्यमबाट अभिव्यक्त गर्ने शैली धरावासीको लेखनीमा पाइन्छ ।

मानवतावादी जीवनदर्शनबाट अभिप्रेरित निबन्धकार धरावासी सामाजिक यथार्थको धरातलमा उभिएर आत्मपरक शैलीमा सशक्त ढङ्गमा निबन्धको रचना गर्दछन् । उनको लेखनीले साधारण मानिसको जीवनशैलीलाई निबन्धमा रूपान्तरण गरेको छ र सामाजिक विकृति विङ्गतिप्रति तीब्र व्यङ्ग्य गरेको छ । निबन्धकार धरावासीको निबन्धगत प्रवृत्तिहरूमा प्रगतिशील सहिष्णुताको कमी रहेको औंल्याइए तापनि उनको आलोचनात्मक यथार्थवादी प्रवृत्ति प्रखर रहेको छ । उनका निबन्धमा मानवतावादी जीवनदर्शन र सामाजिक यथार्थ सशक्त ढङगबाट देखिने कारणले निबन्धकार धरावासी समसामयिक पुस्ताका सशक्त र प्रखर निबन्धकारमा उभिन पुगेका छन् ।

निबन्धकार कृष्ण धरावासीका 'बालक हराएको सूचना' (२०४८), 'नारी भित्र त्यस्तो के छ हजुर ?' (२०५३) र 'उत्तमजङ्ग सिजापतीको आलु' (२०५५) गरी तीनवटा निबन्धसङ्ग्रहहरू प्रकाशित भइसकेका छन् , यस निबन्धसङ्ग्रहहरूमा क्रमशः १२, १४ र १५ वटा गरी जम्मा ४१ वटा निबन्धहरू सङ्कलित छन् भने विभिन पत्रपत्रिका र समसामयिक साहित्यिक सङ्कलनहरूमा अन्य प्रशस्त निबन्धात्मक लेखरचनाहरू प्रकाशित भइरहेका छन् । नेपाली निबन्ध साहित्य जगत्का सिर्जनशील स्रष्टा धरावासीको साहित्यिक साधना अनवरत रहेकोले उनको निबन्ध लेख्ने क्रम जारी रहेको छ । पाठकमा उत्तेजना र कौतुहलता उत्पन्न गर्दै सामान्य विषयवस्तुलाई अत्यन्त चमत्कारी ढङ्गले अभिव्यक्त गर्ने निबन्धकार धरावासी मानवीय जीवनमा आइपर्ने विकृति र विसङ्गतिलाई सामाजिक ढङ्गबाट हेर्ने प्रयास गर्दछन् ।

उनका सङ्ग्रहका रूपमा प्रकाशित निबन्धसङ्ग्रहहरूमा निम्नानुसारका निबन्धहरू सङ्कलित छन्, जुन यसप्रकार छन् :

### ४.३.१ बालक हराएको सूचना (निबन्धसङ्ग्रह)

बालक हराएको सूचना (निबन्धसङ्ग्रह) २०४८ सालमा विचार प्रकाशन झापाबाट प्रकाशित भएको हो । यस सङ्ग्रहको भूमिका निबन्धकार गणेशबहादुर प्रसाईबाट लेखिएको छ भने तारा बरालबाट प्रकाशकीय भूमिका लेखिएको छ । यस सङ्ग्रहका निबन्धहरूमा आत्मपरकता, आख्यानात्मकता, सामाजिक यथार्थता, सरल भाषाशैली पाइन्छ । यी निबन्धहरू विचारप्रधान र भावनाप्रधान छन् र यसमा नवीन संरचना, व्यङ्ग्य र मानवीय जीवनदर्शन पाइन्छ । यस सङ्ग्रहमा जम्मा ५६ पृष्ठहरू छन्, यसमा १२ वटा निबन्धहरू सङ्कलित छन् :

**१. दृश्य**

प्रस्तुत दृश्य निबन्धमा मानवीय जीवनमा भोगेको विषयवस्तुको चित्रण कलात्मक ढङ्गबाट गरिएको छ । सामान्य दृष्टिलाई गहिराइ र सूक्ष्म हेराइबाट निबन्धकारले कारुणिक पक्षको उद्घाटन गरेका छन् । दृश्यको अर्थ विस्तृतीकरण गरिएको यस निबन्धमा मानवीय र आत्मीयता प्रति निबन्धकारको गम्भीर चासो अभिव्यक्त भएको छ । यसमा दृश्यको नातालाई मानव जीवनसँग जोडेर हेरिएको छ । एउटा सुकेको रुखको टुप्पामा बसेको बुढो गिद्ध र रुखको फेदमा बसेको कुकुरको वीभत्स चित्रण गरिएको छ । प्रस्तुत निबन्धमा निबन्धकारले मानवतावादी दर्शन प्रदर्शन गर्दै समाजका निम्न वर्गका मानिसहरूमा व्याप्त गाँसबाँसको समस्यालाई प्रतीकात्मक ढङ्गले उल्लेख गरेका छन् जस्तै : **मेरा आँखामा कहिले कही धेरै ठूला ठूला मान्छेहरू पनि आउँछन्, तर उनीहरू सानातिना कुराहरू जान्दैनन् । राष्ट्रवादी वा विश्ववादी भइसकेका उनीहरूलाई एउटा मान्छेको वा एउटा श्याल कुकुर वा गिद्धको कुरा अत्यन्त निम्न हो, त्यो कुरालाई दृष्य मान्न पनि सक्दैनन् तर मेरा यी आँखा चाहिं कस्तरी संकुचित भएका छन् भने सबभन्दा काम नलाग्ने कुराले सबभन्दा धेरै बेर खुल्लमखुल्ला भित्र पस्न पाउँछ । अनि भित्र पसेर मर्मलाई गिजोल्न थाल्छ र त्यसबेला मात्र दुनियाँको समस्या बारे अलिकति अनुभव हुन्छ ।**[१४३] सामान्य कथावस्तुलाई सरल ढङ्गले अभिव्यक्त गरी दैनिक जीवनका भोगाइको गहिराइसम्म पुग्ने प्रयास यस निबन्धमा भएको छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा स्वाटृ स्वाटृ, बसि बसिकन, पिर्लिक्क पिर्लिक्क, खुत्रुक खुत्रुक जस्ता ग्रामीण भेगका चल्तीका शव्दहरू छन् । मानवमात्रको दैनिक जीवनका भोगाइलाई प्रतीकात्मक ढङ्गले चित्रण गरी मानवतावादी सन्देश दिनु नै निबन्धको उद्देश्य रहेको छ ।

**२. माटोको माया**

माटोको माया निबन्धमा निबन्धकारको राष्ट्रिय भावना अभिव्यक्त भएको छ । संसारमा मानिसहरू माटोको लागि, आफ्नो अस्तित्वका लागि लडिरहेको अवस्थालाई चित्रण गर्दै निबन्धकारले माटोको लागि नै संसारमा द्वन्द्व चलिरहेको कुराप्रति आफ्नो चासो राखेका छन् जस्तै : ...**यो माटोले दम्भहरू, घमण्ड र शोषणहरू, धनी र गरिबहरू, दुःख र सुखहरू यस्ता सयौं मनोद्वेगहरू उब्जाउँदै ल्याएको छ । पृथकता र जातीयताका साम्प्रदायिकताहरूले मानवताको सुन्दर बिहानीमा चराहरूले गीत गाउन अघि नै षड्यन्त्रका डरलाग्दा अविश्वास विस्तारण गरिरहेछन् । माटोलाई आफ्नो ठान्नुको अर्थमा हामी कलह र झगडाहरूसँग प्रेम गरिरहेका छौं । सांधसीमानाहरू उत्तराधिकारित्वहरू पूर्वजवादहरू, दुःख नगरीकन भाग लाग्ने स्वामित्वका ओतहरूमा हामी युग युगान्तर माटोमाथि माटोको लागि रगत बगाइरहेका**

[१४३] कृष्ण धरावासी, **बालक हराएको सूचना,** (झापा : विचार प्रकाशन, २०४८, पृष्ठ २ ।

**छौ ...।**[१४४] प्रस्तुत निबन्धमा निबन्धकारले माटोलाई बिनाश र सिर्जनाको प्रतीकको रूपमा चित्रण गरेका छन् । सामान्य विषयवस्तुलाई सरल भाषाशैली र भावात्मक शैलीमा लेखिएको यस निबन्धमा डाइनोसर्स, फोसिल्स, सेन्टहेलेना, ममी जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । यस निबन्धमा निबन्धकारले शान्तिपूर्ण सहअस्तित्वको माध्यमबाट विश्वबन्धुत्वको भावनासँगसँगै माटोको माया गर्नु पर्छ र मानवतावादी भावना रहनु पर्छ भन्ने सन्देश दिन खोजेका छन् ।

**३. मोहन क्षेत्री**

मोहन क्षेत्री निबन्धमा मान्छेको दैनिक जीवनचर्या, हातमुख जोर्ने समस्याको पीडा अभिव्यक्त भएको छ । एउटा निम्नवर्गको पात्र मोहन क्षेत्रीलाई उभ्याएर निबन्धकारले विविध समस्याले मुङलान भासिनु परेका र विभिन्न दुखकष्ट खेपेर आफ्नो अस्तित्वको लागि लडिरहेका नेपालीहरूको आर्थिक जर्जरताको पीडालाई चित्रण गरेका छन् । यस निबन्धमा धरावासीले वर्गीय समाजको छायालाई पनि प्रस्तुत गरेका छन् जस्तै : **तर दिन प्रति दिन जुन कृत्रिम दुःखहरूको यहाँ दुःख भइरहेछ त्यसले यो पीडालाई चिमोटिरहन्छ । मान्छेबाट मान्छेले यति विघ्न आतङ्कित हुनु परेपछि अब यसको सत्ताको आयु अझै लाखौ वर्ष भनेर मैले किन पुइकिनु पऱ्यो ?**[१४५] प्रस्तुत निबन्धमा निम्न वर्गीय पात्रको चयन तथा तिनको जीवनको तिक्तताको चित्र प्रस्तुत भएको छ । यसका साथै मानव जीवनमा देखा पर्ने विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ जस्तै : **मान्छे जब विशालतामा नअटाएर सानो चौघेराभित्र आफूलाई उभ्याउन खोज्छ, जब कुनै एउटा महत्वाकाँक्षाले सत्ताको सपना देख्छ, जब एउटा सन्कीले आफूलाई इतिहासतिर कतै लिप्ने रहर गर्छ अनि आफ्नै सानो परिवारभित्र जीवनभर रङ्गाएको स्वर्गलाई भताभुङ्ग पाएर मोहन क्षेत्रीहरू रुन्छन, बौलाउँछन्** ।[१४६] सरल र वस्तुगत ढङ्गमा लेखिएको प्रस्तुत निबन्धले सामाजिक विसङ्गतिलाई छर्लङ्ग पारेर देखाएको छ । सरल भाषाशैलीमा लेखिएको यस निबन्धमा कर्फ्यू, क्रुसेड, भिटोपावर, बोर्डर, फेन्टासी, क्यान्सर जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । एउटा निम्न वर्गको पात्रका माध्यमबाट निबन्धकारले सो वर्गको पीडा, भावनालाई अभिव्यक्त गरेका छन् र सामाजिक विकृति विसङ्गतिप्रति सचेत गराएका छन् ।

**४. छोराको नङ्ग फुले**

प्रस्तुत निबन्धमा निबन्धकारले समाजमा व्याप्त आर्थिक विसङ्गतिलाई प्रतीकात्मक ढङ्गले चित्रण गरेका छन् । निम्न वर्गीय परिवेशमा आर्थिक अभावका कारणले के कस्ता

---

[१४४] **पूर्ववत्**, पृष्ठ ८ ।
[१४५] **पूर्ववत्**, पृष्ठ १३ ।
[१४६] **पूर्ववत्**, पृष्ठ १७ ।

समस्याहरू सिर्जना हुन्छन् र ती समस्याहरू कस्ता हुन्छन् भन्ने कुरामा केन्द्रित हुँदै निबन्धकारले आर्थिक विसङ्गतिप्रति तीब्र व्यङ्ग्य गरेका छन् । नेपाली संस्कार तथा परम्परामा नङ्ग फुलाइले नयाँ वस्त्रको सूचना दिने गरेको अवधारणा विद्यमान छ । यस निबन्धमा निबन्धकारको दार्शनिक चिन्तन यस प्रकार प्रस्तुत भएको छ, **जीवन भनेको परिभाषा गर्नेहरूका निम्ति जे पनि भएको छ । तर वास्तवमा मलाई लाग्छ, जीवन भनेको जल्नु हो । जीवन त्यो जल्दै गरेको अगरबत्ती हो, जसले जलनसँगसँगै सुगन्ध दिन्छ । कोठा मगमगाउँछ । जल्नुमा कस्तो आनन्द छ ? जल्नुबाट जुन सुगन्ध आउँछ त्यही त हो अगरबत्ती नजलाई राख्नाले त्यो कहाँ सुगन्धित हुन सक्छ ? क्रमशः जल्दै जल्दै सकिनु जीवनको विशेषता हो । हामी जति जल्छौ त्यति नै हामी भित्रबाट सुगन्ध प्रवाहित हुन्छ । हाम्रो जलनमा हाम्रो विशेषता प्रमाणित हुन्छ ।**[१४७] प्रस्तुत निबन्धमा छोराका नङ्ग फुल्नु भन्ने कुरालाई निबन्धकारले आर्थिक समस्यासँग जोडेका छन् । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा क्यालेण्डर, जेल, पेन्सिल जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । सामान्य विषयवस्तुलाई सरल ढङ्गले अभिव्यक्त गरिएको प्रस्तुत निबन्धको उद्देश्य सामाजिक, आर्थिक विसङ्गतिप्रति व्यङ्ग्य गर्नु रहेको छ ।

**५. चङ्गा**

प्रस्तुत निबन्धमा निबन्धकारले मानव जीवनलाई चङ्गाको रूपमा चित्रण गर्दै मानव जीवन चङ्गाझैँ कुनै बेला पनि चुँडिएर जान सक्छ भन्ने धारणा अभिव्यक्त गरेका छन् । एउटा चङ्गा उडाइन्छ, त्यो चुडिन्छ, अर्को चङ्गा उडाइन्छ क्रमशः उडाउने, चुँडिने प्रक्रिया निरन्तर चलिरहन्छ, यसै गरी मानव जीवन पनि विकाससँगसँगै विनासमा पुग्छ र क्रमशः पुनः सिर्जनातर्फ जान्छ । यसरी यस निबन्धमा मानिसको क्षणभङ्गुर जीवनको परिचर्चा यसमा पाइन्छ, **चंगासँग जोडिएको विचार आफैतिर फर्केर आउँछ, अनि यसरी म जीवनलाई पनि चंगाजस्तै देख्न थाल्छु । जीवन पनि एउटा चंगा हो जो मनको डोरीले अंकुश लागेको हुन्छ । रहरको कागज, परिश्रमका सिन्काहरू र उत्साहको गमले निर्माण गरिएको यो चंगा हामी सबै उडाइरहेछौं । कसैले पनि चंगा नउडाएको बेला आकाश पृथ्वी भन्दा खरबौं खरबौं गुना ठूलो छ । त्यसको आयतनको अघि नाथे एउटा चंगा त झन् केही पनि होइन तर जब सबै सबैका चंगाहरू एकैसाथ आकाशमा उड्न थाल्छन् । त्यसबेला महायुद्धका जेटविमानहरूले ढाके झै आकाश साँगुरिन पुग्छ र एक अर्काका चंगाका धागाहरू आपसमा रेटिन थाल्छन् । यसरी क्रमशः मनका धागोहरू पालैपालो छिनेर जीवनरूपी चंगाहरू पनि अहिले आँगनको पतले छेउमा खसेर हावामा हल्लिइरहेको कागजतको चंगाजस्तै कता कता**

[१४७] **पूर्ववत्**, पृष्ठ २२ ।

**पुगेर खस्न थाल्नेछन् अनि फेरि हामीसँग लट्राईमा छिनेर केवल बाँकी रहेको धागो झै भत्केका मनहरू हुन्छन्, चुँडिएका मनहरू हुनेछन् ।**[१४८] मानवीय ध्वंशात्मक प्रवृत्ति र विसङ्गतिलाई प्रस्तुत निबन्धमा खोतल्ने प्रयास भएको छ । भावात्मक शैलीमा लेखिएको यस निबन्धमा दार्शनिक चिन्तनको अभिव्यक्ति भएको छ । जीवन अनियन्त्रित, अनन्त नभई सीमित नियन्त्रित हुन्छ यस कुरालाई निबन्धकारले यस प्रकार व्यक्त गरेका छन्, **चंगा उडाउँदा चाहे कागजको होस् चाहे जीवनको- दुईटा कुरामा विचार पुऱ्याउनुपर्छ । एउटा - धागोलाई जति भन्यो त्यति छोड्नु हुँदैन र आकाश छुवाउन खोज्नु हुँदैन किनकि आकाश छुन सकिने वस्तुको नाम होइन र आकाश हाम्रो घरको सिलिङ्ग जस्तो कुनै खास उचाइको भित्तो होइन । अर्को- चंगा सबैले उडाएका हुन्छन् र उठाउने रहर सबैको हुन्छ । चंगा उडाउँदै जुधाउन खोज्नु हुँदैन, धागो रेट्न थाल्नु हुँदैन । आ-आफ्नो आकाशको सीमा राखेर, आ-आफ्नो आकाशको भाग लगाएर चंगा उडाउने गर्नु पर्छ । यसो भए हाम्रा चंगाहरू स्वस्थ भएर उडिरहन सक्छन् । जति बेला मन लाग्छ बिस्तारै उतार्न सक्छौ, जति बेला मन लाग्छ विस्तारै उडाउन सक्छौ ।**[१४९] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निवन्धमा मानव जीवनका विसङ्गत तथा ध्वंशात्मक पक्षलाई छोडेर स्वस्थ तथा सिर्जनात्मक भएर आ-आफनो सीमाभित्र रहनु पर्छ भन्ने मान्यताको सन्देश दिन खोजिएको छ ।

**६. बालक हराएको सूचना**

प्रस्तुत शीर्षक निबन्ध आमा छोराको संवादबाट सुरु भएको छ । यस निबन्धमा निबन्धकारले आफ्नो बाल्यकालको स्मरण गर्दै युवावस्थामा आइपुग्दा बाल्यकालको स्मृतिमात्र बाँकी रहेको तर बाल्यकालको पुनः अनुभव गर्न नपाएको कुरा अभिव्यक्त गरेका छन् । मानिस बाल, युवा र बुढो अवस्थामा पुग्छ र यो प्रक्रिया शास्वत रूपमा चलिरहन्छ । बाल्यावस्थामा भोगिएको अनुभव समय क्रमसँगै अतीतझैँ लाग्ने र अतीतको त्यो अनुभूतिको चित्रण मानिसले उमेर हुर्कदै गएपछि समस्या र उत्तरदायित्वको बोधसँगै आफ्नो बाल्यपन हराएको अनुभव गर्छ भन्ने आशय निबन्धको रहेको छ । बालक उसको मेहनत, लगनशीलता आदिले रूपान्तरण भएर परिचयमा हराउँछ । भौतिक हराइ नभएर उसको स्तरगत हेराइमा हराउँछ । तृतीय पुरुषमा व्याख्या दिइएको यस निबन्धमा व्यङ्ग्य विद्रोह र सूक्ष्म विश्लेषण छ । मान्छे मान्छेको भीडमा होइन मान्छेको मस्तिष्कबाट ओझेल पर्ने प्रसङ्गलाई यसमा प्रस्तुत गरिएको छ जस्तै : **वास्तवमा यहाँ सधैं बालकहरू हराइरहन्छन् । हरेक क्षण बालकहरू हराइरहन्छन् । लाखौं करोडौ बालकहरू प्रत्येक दशकमा हराइरहन्छन् र ती बालकका ठाउँमा एक दामले युवाहरू भरिदै गएका छन् । म जो कृष्ण धरावासी बसिरहेछु, ठीक त्यही ठाउँमा आजभन्दा**

[१४८] **पूर्ववत्**, पृष्ठ २५ ।
[149] **पूर्ववत्**, पृष्ठ २५ ।

**झण्डै दुई दशक अघि एउटा ६/७ वर्षको कृष्णप्रसाद भट्टराई नाम गरेको बालक थियो । ऊ राम्रो थियो, सुन्दर थियो । साह्रै मोटो पनि थिएन, मरन्च्यासे पनि थिएन । उसका आँखा गोला र चम्किला थिए र त्यहां जतासुकै विश्वासै विश्वास देख्न सक्ने चमक थियो । उसका कलिला ओठहरू थिए र ती जति बेला पनि मुस्काइरहन्थे । उसका साना साना हातहरू थिए । ती साना हातहरूले ऊ कहिले झुम्राका पुतलीहरू बनाउँथ्यो, कहिले मकैका ढोड र खोसेलाहरूबाट फिरफिरे बनाएर सबैलाई चकित पार्न खोज्थ्यो । उसका पाइतालाहरूमा कलिलो छाला थियो । तीखा काँडा र ढुङ्गाहरूले घोचेको बेलामा मात्र पीडाले उसको अनुहारको छाला खुम्चिन्थ्यो । उसका ओठ र च्यूँडामा दाह्री जुङ्गा पनि उम्रेलान् भन्ने कुनै निशान थिएन ।**[१५०] अङ्ग्रेजी भाषामा अनुवाद भइसकेको यस निबन्धमा फारु, घँटेसी जस्ता झर्रो नेपाली शव्दको प्रयोग भएको छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले मानवीय समस्यालाई केलाउने प्रयास गरेको छ र सामाजिक जन्जालभित्र पसेपछि मानिसले आफ्नो बाल्यकालको स्मृतिलाई सम्झन मात्र सक्छ तर पुनः त्यो बाल्यावस्था अनुभव गर्न सक्दैन भन्ने सन्देश दिन खोजिएको छ ।

**७. पोके बूढी**

प्रस्तुत निबन्धमा एउटा सामान्य निम्नस्तरको भिख मागेर जीवन गुजारा गर्ने पात्र पोके बूढीको चित्रण गरिएको छ । समाजमा प्रत्येक व्यक्ति भिखमङ्गा नै हुन्छ भन्ने कुरालाई यसमा प्रस्तुत गरिएको छ । यस निबन्धमा एउटा नारीको सामान्य तथा असामान्य अवस्था केलाउँदै सामाजिक विसङ्गतिप्रति निबन्धकारको चिन्ता अभिव्यक्त भएको छ जस्तै : **सभ्यताको शीर्षक मुनि दासता सम्मानित भएको छ, त्यसैभित्र मानिसहरू डलरमा बिक्री भइरहेका छन् । न्याय र समानता यी सबै शब्दहरू पंजिकृत भएका छन्, वकिलका फर्महरूमा र न्यायाधीशका कितावहरूमा र मानिस मध्ये दिउसो चोक बजारमा ठूला ठूला विज्ञापनहरूका बीच लिलाम चढाइदैछ तर - सभ्यताका नाममा - शिष्टतापूर्वक ।**[१५१] एउटा सभ्य समाजमा पनि एउटा नारीले पाउनु परेको दुःखकष्टप्रति चिन्तित हुँदै निबन्धकारले सभ्यता, न्याय र समानताप्रति व्यङ्ग्य गरेका छन् । मानिसको सङ्कुचित भावनाप्रति निबन्धकारको आक्रोश रहेको छ । मान्छे एक्लैमा क्रुरता, जडता, विक्षिप्तता हुँदैन जब ऊ समाजमा पुग्छ तब यी कुराहरू संभव हुन्छन् । मान्छे विचाररूपी शासकद्वारा शासित छ भन्ने कुरालाई निबन्धकारले यसरी व्यक्त गरेका छन्, **तर मान्छेमाथि विचारको शासन छ । विचारको यो शुष्क शासनले गर्दा दुनियाँ सधै वितृष्णा बोध भइरहेछ । मान्छेलाई उसका आदर्शहरू, सिद्धान्तहरू, महत्वाकाङ्क्षाहरू इतिहास र भविष्यहरूले आफूबाट निचोरेर बाहिर**

[१५०] पूर्ववत्, पृष्ठ २९ ।
[१५१] पूर्ववत्, पृष्ठ ३७ ।

**निकाल्छ समाजतिर र संसारतिर । अनि लगत्तै शासक र शासितमा विभाजित गरेर मान्छेलाई मान्छे स्वयं पहेलिका बनेको छ ।**[१५२] सरल भाषाशैली तथा आख्यानात्मक शैलीमा लेखिएको यस निबन्धमा पोके बूढीलाई समाजको प्रतिनिधि पात्रको रूपमा चयन गरिएको छ । एउटा सामान्य नारी पात्रको सेरोफेरोमा सरल ढङ्गले लेखिएको प्रस्तुत निबन्धले आधुनिक समाजको विकृति विसङ्गति प्रति व्यङ्ग्य गर्दै समाजलाई सचेत हुने सन्देश दिएको छ ।

**८. जहाँबाट जीवनलाई पढ्दछु ।**

प्रस्तुत निबन्धमा सामान्य निम्न वर्गीय पात्रको प्रयोग गरेर निबन्धकारले मानव जीवनको विविध अवस्थालाई विभिन्न कोणले खोतल्ने प्रयास गरेका छन् । मान्छेका जीवनले भोग्ने गरेका समस्याको रौंचिरा विश्लेषण यस निबन्धमा छ । यसमा निबन्धकारले मानव जीवनको अस्तित्वका बारेमा व्याख्या गरेका छन् जस्तै : **तर यो जीवन बोध वा अस्तित्वको खोज भन्ने कुरा त्यति सुगम लागेन मलाई पनि । संभवत मान्छेले खोजेको र कहिलै नपाएको कुरा आत्म विश्वास वा आफ्नो उपस्थिति प्राप्तिको सन्तुष्टि नै हो । वस्तु बोधले जीवन बोध दिन सक्दैन । वस्तु र जीवनमा भिन्नता छ । वस्तु भौतिक उपस्थिति मात्र हो तर जीवन भौतिक उपस्थिति मात्र हुन सक्दैन । चेतन वा अवचेतन दुवै अवस्थामा जीवन कुनै विषय खोज मै व्यस्त छ । ऊ उन्मुक्त छ प्रवाहित । निरन्तर अनुपस्थितिभित्र उपस्थितिको खोज गरिरहेछ ।**[१५३] मानवीय सुखदुखलाई औंल्याउँदै महाभारतको गीताको दर्शनलाई मानवतावादी दृष्टिकोणले अभिव्यक्त गरेका छन् ।  यस निबन्धमा गीता दर्शनको प्रभावको व्याख्या भएको छ जस्तै : **– हेर भाइ, भगवानले भनेका छन् – कर्म गर फलको चिन्ता नगर ।**[१५४] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा **कर्मण्ये वाधिकारस्ते मां फलेशु कदाचन** जस्ता संस्कृत वाक्य र **प्यार किया तो डरना क्या** जस्ता हिन्दी वाक्यको पनि प्रयोग भएको छ । मानव जीवनमा सुखदुःख आउनु एउटा नियमित प्रक्रिया भएकोले यही सुखदुःखमा नै रमाउनु पर्छ भन्ने सन्देश प्रस्तुत निबन्धले दिएको छ ।

**९. पापी पेटका सवाल**

हिन्दी प्रभावी शीर्षक रहेको प्रस्तुत पापी पेटका सवाल निबन्धमा निबन्धकारले सामाजिक विङ्गतिप्रति गम्भीर चासो अभिव्यक्त गर्दै धनी गरिबबीचको फराकिलो खाडल र अन्तराल रहेको कुरामा आक्रोश व्यक्त गरेका छन् । यस निबन्धमा वर्गीय चिन्तनले समाजलाई कमजोर बनाएर धराशायी पारेको ठहर गरिएको छ । प्रत्येक पेसाधारीहरूमा पापी पेटकै सवाल छ, मान्छेले प्रतिष्ठा, हिम्मत, हुङ्कार आदिलाई पेटको खोकिलामा हाल्छ भन्ने

---

[१५२] **पूर्ववत्**, पृष्ठ ३३ ।

[१५३] **पूर्ववत्**, पुष्ठ ४१ ।

[१५४] **पूर्ववत्**, पुष्ठ ३९ ।

कुरा निबन्धकारले अभिव्यक्त गरेका छन् जस्तै : **इज्जत, मान, प्रतिष्ठा, साराका सारा कुराहरू उसको पेटबाट शुरु हुन्छ ।**[१५५] मानव जीवनमा व्याप्त आर्थिक विसङ्गतिप्रति निबन्धकारको चासो रहेको छ । पेटको मूल्य अकासिदा शरीरको मोल घट्दै जान्छ जस्तै : **पेटको मूल्यले जति जति आकाश छुदै गयो - शरीर त्यतिकै सस्तोमा बिकिरहेछ । यहाँ पसिनाको कुनै दाम छैन । पेटको निम्ति एउटा रिक्सावाल दिनको तीन ग्यालेन पसिना बगाएर जम्मा बीस रुपैया कमाउदो छ । उसलाई विश्वको बारेमा कुनै चिन्ता छैन । आलिशान महलका छानामा तेर्सिएका एन्टिनाहरूले पनि उसको पेटप्रति वितृष्णा जन्माउन सक्दैन । जब बिहान ओच्छ्यान मै उसको सानो छोरो नमीठो अनुहार पारेर रुन्छ- उसका खुट्टाहरू रिक्साको पाइडलमा झन झन तीव्र गतिले घुम्छन् ।**[१५६] सामाजिक विषयवस्तु र दैनिक जीवन भोगाइका कुरालाई लिएर लेखिएको प्रस्तुत निबन्धमा युगलाई पेटले समेटेर लिएर आएको छ भन्ने देखाइएको छ जस्तै : **म भिडभित्र एउटा वर्तमान पढछु । हरेकका अनुहारमा भोलि प्रतिको अत्यन्त गहिरो छाप छ । गाडी आफ्नो वेगमा कतै ढल्कोस प्रत्येक अनुहारमा झण्डै-झण्डै विसाद छापिन्छ । यो जीवनप्रतिको आकाङ्क्षा भोलिप्रतिको मोह मान्छेको यात्राको दीर्घ सूचना हो । र एउटा आनन्द कता कता म अनुभव गर्छु - मान्छेले उसको सभ्यतालाई पेटभन्दा अघि पुऱ्याउन नसकोस् तथापि ऊ आफ्ना सत्ताको सुरक्षा गर्नेछ युग-युगान्तर ।**[१५७] सरल भाषाशैली रहेको यस निबन्धमा ड्राइभर, टिफिन, स्टार्ट, बोर्डिङ्ग, ट्राफिक, ग्यालेन, पाइडल जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग भएको छ । धनी गरिबबीचको खाडल फराकिलो हुँदै जाँदा मानव जीवनमा विकृति र विसङ्गति तथा आर्थिक समस्याहरू विकराल रूपमा आउन सक्छन् भन्ने सन्देश प्रस्तुत निबन्धले दिएको छ ।

### १०. नलेखिएका कुरा

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो विगत र वर्तमानको चर्चा गर्दै मानिसको जीवनप्रतिको दृष्टिकोण राखेका छन् । नेपाली समाजको वर्गीय चित्रण यस निबन्धमा भएको छ जस्तै : **एउटा सन् १९५० तिरको साइकल किनेको छु । त्यो मेरो मोटर साइकल हो । त्यसैमा चढेर शानसँग म विर्तामोड झर्ने गर्छु । हाम्रै देशमा पनि कतिपय मानिसहरू निजी हेलिकोप्टरमा सवार गर्ने स्तरमा चढिसके । अब यस युगमा एउटा थोत्रे साइकिलमाथि त मैले पनि चढ्नै पर्ने भो । मान्छेले धरती छोड्न लागेको यो पनि एउटा प्रमाण हो । कहिले कही साथीभाइहरू हौसिएका बेला उनीहरूकै तर्फबाट हुन जाने फुर्मास मध्येको रु. एकबाट कुनै पान पराग, चमनबहार, चुना खयर दुवै, अलिक धेरै सुपारी भए नरिवल पनि, नभए एउटा**

---

[१५५] **पूर्ववत्**, पृष्ठ ४२ ।

[१५६] **पूर्ववत्**, पृष्ठ ४४ ।

[१५७] **पूर्ववत्**, पृष्ठ ४६ ।

**सुकमेलसम्म मिसाएको एक खिल्ली पान पाए मुखमा चेपेर म कुनै कृष्ण धरावासी भैँ मुसुक्क मुस्कुराउँदै साइकलको पाइडल मार्ने गर्छु ।**[१५८] यस निबन्धमा निबन्धकारले नेपाली माटोको महत्त्वको मुक्त कण्ठले चर्चा गरेका छन् । पूर्वस्मरण शैलीमा लेखिएको यस निबन्धमा आत्म स्वाभिभानको व्याख्या गरिएको छ जस्तै : **भाइ हामी जुनसुकै बाटोबाट जुनसुकै बाटोतिर पनि मोडिन सक्छौ । मोडिन नसक्ने-फर्किन नसक्ने भन्ने कुरा केही छैन दुनियामा तर कतैबाट-कतैतिर मोडिएर, फर्किएर मात्र के काम छ भन त ? पुग्नु कहीं नभएका मान्छेलाई यो दिशा परिवर्तनको के अर्थ रह्यो ? हामी त रुख हौ रुख । हामी जति सक्छौ अग्लिन मात्र सक्छौ । हामी माथिको आकाश मात्र हाम्रो निम्ति खुल्ला छ । धरती यति साँगुरो भइसकेको छ कि हामी उभिएको ठाउँबाट एक पाइलो हलचल गर्न सक्दैनौ । त्यसैले आफ्नै ठाउँमा उभिएर हामी रुख भै अग्लिने कोशिस गरौ माथिमाथि तिर । टाढाबाट सबैले देख्न सक्ने कुरा पनि त्यही अग्लो रुख नै हो । अग्लो त रुख भन्दा पहाड झन अग्लो हुन्छ तर हामी पहाड हुन सक्दैनौ किनकि पहाड एकपल्ट अग्लो भएपछि त्यो फेरि त्यहांबाट अग्लिन सक्दैन र क्रमशः खस्कन थाल्छ । त्यसैले आफै झनझन अग्लिन नसक्ने पहाड वा अरुका काँधमा चढेर अग्लिने परम्परा छोडौ । हामी सखुवा हुन नसके सिमल कै भए पनि रुख बनौं र एक अन्तराल अग्लो देखिएर फेरि ढलौं, फेरि मरौ ।**[१५९] आम नेपालीहरूको आफ्नो अस्तित्वको खोजी कसरी भइरहेको छ भन्ने प्रसङ्गलाई निबन्धकारले विषयवस्तु बनाएर मानिसभित्र गुम्सिएर रहेको वेदनालाई प्रस्ट्याउने कार्य गरेका छन् । चिठ्ठी लेखन शैली तथा सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले राष्ट्रियता र आफ्नो अस्तित्वको चासो सबैमा हुनुपर्ने सन्देश दिएका छन् ।

**११. एकान्त**

प्रस्तुत एकान्त निबन्धमा निबन्धकारले एकान्त शब्दको विभिन्न अर्थ लगाउँदै यसलाई विभिन्न कोणले चित्रण गरेका छन् , एकान्तको प्रभाव के कस्तो हुन्छ भन्ने चिन्तन गरेका छन् । एकान्तले मानिसलाई ठूलो दार्शनिक बनाउन सक्छ । यसले मानिसलाई उत्तेजना, उन्माद पनि उत्पादन गराउन सक्छ भन्ने दार्शनिक चित्र प्रस्तुत निबन्धमा आएको छ । यस निबन्धमा निबन्धकारले एकान्तलाई सकारात्मक अर्थमा लादै समयसँग जोडेका छन् जस्तै : **वास्तवमा एकान्त एउटा यस्तो समयको नाम हो जसले सारा उथल पुथलहरूको भूमिका निभाउछ । संसारमा आजसम्म कुनै एउटा यस्तो घटना भएको छैन जो जमातबाट शुरु भएको होस् । चाहे जुनसुकै स्वतन्त्रता संग्रामहरू हुन् या साम्प्रदायिक दङ्गाहरू हुन्, चाहे आविष्कारका प्रारम्भिक सूत्रहरू हुन्, चाहे महाकविका काव्य धाराहरू, यी सबैको पूर्वाधार**

---

[158]**पूर्ववत्,** पृष्ठ ४८ ।

[१५९] **पूर्ववत्,** पृष्ठ ४९ ।

**एकान्तकै चुपचापबाट शुरु भएको हो । व्यास र गणेशजीको एकान्तले वेद र पुराणहरू लेखिए, सकुनी र दूर्योधनको एकान्तले पाण्डवको उठिवास लगायो । कैकेयी र उनकी दासीको एकान्तले रामायण रचायो, त्यही एकान्तले हिटलरलाई आत्महत्या गरायो । त्यही एकान्तले न्यूटनबालाई रुखबाट स्याउ झर्नाको मर्म खुलायो । एकान्तले जब जब मान्छेलाई पिर्न थाल्छ अनि उथलपुथलको बाडी आउँछ ।**[१६०] एकान्तले मानिसलाई चिन्तनमा सहयोग पुऱ्याउँछ भन्ने निबन्धकारको ठहर रहेको छ र एकान्तलाई निबन्धकारले विभिन्न नामले पुकारेका छन् जस्तै : **एकान्त एउटा विद्रोह हो । एकान्त एउटा पलायनता हो । एकान्त एउटा मायालु संयोग हो । एकान्त एउटा रचना हो । एकान्त एउटा कविता हो । एकान्त एउटा फट्याइँ हो । एकान्त एउटा तथा नाम हो । र एकान्त अर्को एउटा एकान्त हो । यथार्थको अमिल्दो स्वरूपको नाम पनि एकान्त हो ।**[१६१] यस निबन्धमा झ्यानगग, क्यानभास, मोनालिसा, होमर, न्युटन जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । सरल भाषाशैलीमा निबन्धकारले एकान्तको गहिराइसम्म पुगेर यसलाई मानिसको जीवनसँग जोडन खोजेका छन् ।

**१२. अस्तित्वको खोज**

प्रस्तुत निबन्धमा मानव जीवनभित्र कसरी अस्तित्वको खोजी भइरहेको हुन्छ भन्ने चर्चा गरिएको छ र अस्तित्वको खोजी वैचारिक ढङ्गले गरिनु पर्छ भन्ने धारणा अभिव्यक्त भएको छ । मानव तथा मानवेतर दुवैमा अस्तित्वको गम्भीर खोजी हुन्छ । परापूर्वकालदेखि यसले सृष्टि हाँकेको ठहर निबन्धकारले गरेका छन् । अस्तित्वको खोजीले मानिसलाई मेसिन बनाउछ । अस्तित्वको खोजीमा निस्किएका यात्री र यात्राको लक्ष्य प्राप्ति नहुन सक्छ भन्ने कुरामा निबन्धकारले सचेत गराएका छन् जस्तै : **शायद यसरी अस्तित्वको खोज हुन सक्दैन । भन्छन् - अस्तित्वको खोजमा निस्किएका टल्स्टाय एउटा मामुली रेल स्टेशनमा मरिरहेका थिए । नयाँ खोजको प्रविधि निकाल्दा सुकरात वीषको प्याला समातेर पिउँदै थिए । त्यही खोजमा निस्किएको रुसो आजीवन देश निकाला हुँदै गए । देवकोटा पागल भएर कवितामा चिच्याउँदै थिए । र म जो अरुका प्रविधिहरू बीचबाट अस्तित्वको खोजमा निस्किएको छु - कसरी टुंगिन्छ यसरी मेरो खोज ?**[१६२] अस्तित्व भन्ने कुरा मानिसको हृदयभित्र रहेको अन्तरवस्तु भएको हुनाले मानवीय अस्तित्वको खोज पाइला पाइलामा हुनु पर्छ भन्ने गम्भीर चासो निबन्धमा आएको छ । यस निबन्धमा ब्रुस ली, क्यासेटप्लेयर, लाउडस्पिकर, सर, पाइथागोरस, ट्रक, स्टेसन, क्यासेट जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । सरल

---

[१६०] **पूर्ववत्**, पृष्ठ ५४ ।

[१६१] **पूर्ववत्**, पृष्ठ ५४ ।

[१६२] **पूर्ववत्**, पृष्ठ ६० ।

भाषाशैलीमा प्रस्तुत निबन्धले मानवीय अस्तित्वको खोजी वैचारिक ढङ्गबाट हुनु पर्छ र त्यो मानवतावादी दर्शनबाट अभिप्रेरित हुनु पर्छ भन्ने सन्देश दिएका छन् ।

## ४.३.२ नारीभित्र त्यस्तो के छ हजुर ? (निबन्धसङ्ग्रह)

नारी भित्र त्यस्तो के छ हजुर ? (निबन्धसङ्ग्रह) २०५३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको हो । निबन्धकार धरावासीले यसै कृतिमा उत्तम शान्ति पुरस्कार (२०५४) प्राप्त गरेका हुन् । यस  सङ्ग्रहका निबन्धहरूमा नवीन संरचना, व्यङ्ग्य र मानवीय जीवनदर्शन पाइन्छ । यी निबन्धहरू विचारप्रधान, भावनाप्रधान, नारीवादी भावनाले ओतप्रोत छन् र यसमा आत्मपरकता, आख्यानात्मकता, सामाजिक यथार्थता, सरल भाषाशैली पाइन्छ । यस सङ्ग्रहमा जम्मा ६२ पृष्ठहरू छन्,  यस निबन्धसङ्ग्रहभित्र १४ वटा निबन्धहरू सङ्कलित छन् :

**१. नारी भित्र त्यस्तो के छ हजुर ?**

प्रस्तुत निबन्धको शीर्षकले नै कौतुहलता खडा गर्दछ । कारुणिक भाव उद्बोध गर्ने वाक्य खर्चिएर उठान गरिएको यस निबन्धले नारीप्रतिको सकारात्मक चिन्तन तथा महत्वलाई उजागर गरेको छ । समाज चिन्तनले, दृष्टिकोणले, व्यवहारले, आर्थिक तथा  यौन शोषणले नारी मूल्यलाई अवलम्वन गरी आफ्नै आमा, दिदीबहिनी, श्रीमतीमाथि अन्यायको अगुल्टो प्रहार गरिरहेका छन् ।  निबन्धकारले यस निबन्धमा नारीभित्रको सहनशीलता, निस्वार्थता र उत्सर्गतालाई कोट्याउने कार्य गरेका छन् । समाजमा बढ्दै गएको विकृति विसङ्गति तथा असुरक्षाप्रति निबन्धकारको चिन्ता अभिव्यक्त भएको छ । यस निबन्धमा निस्वार्थ, सहनशील, लगनशील, स्वयम्सेवी, ममताकी प्रतिमूर्तिमाथि अनाचारको बोझ थप्नु हुँदैन भन्ने भाव व्यक्त गरिएको छ । निबन्धकारले यहाँ नारी व्यापार र देह व्यापार जस्ता निन्दित विषयको झ्याँको झारेका छन् जस्तै : **मलाई इतिहासका हरेक पाताहरू गन्हाउँछन् । नारीका आँशु र वेदनाका बोझहरूले थिचिएको यो सभ्यताको इतिहास मलाई सधै आतङ्कझैँ लाग्छ । जब मानिसहरू शहरतिर लाग्छन्, जब मानिसहरू सुविधाका रहरतिर लाग्छन् अनि नारीहरू बिस्तारै मासुको भाउमा बिक्न थाल्छन् । आज भारतका प्रत्येक शहरहरूमा लाखौं नारीहरू बूढानीलकण्ठझै निर्जीव सरह सुतेका छन् र उनका उपर क्रुरताका नङ्ग्राहरू क्षणिकतामा नाँच्दछन् । दक्षिण पूर्वी एसियाका कैयौं अविकसित मुलुकहरू आज छोरी बेचेर जीविका गर्दछन् ।**[१६३] यस निबन्धमा नारीहरूको पीडा, वेदना, चित्कार, माया ममता, स्नेह  र प्रेमलाई निबन्धकारले आत्मसात गर्दै आफ्नो नारीवादी भावनालाई पोखेका छन् जस्तै : **अहो, यो मानव सभ्यतालाई निरन्तरता दिन नारीहरूले कत्रो त्याग देखाउन सकेका ? उनीहरूभित्र किन यति धेरै प्रेम र**

[१६३] कृष्ण धरावसी, **नारीभित्र त्यस्तो के छ हजुर,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३), पृष्ठ ३ ।

**ममता उर्लन सकेको ? जीवनको पक्षमा, निरन्तरताको पक्षमा सृष्टि र संरचनाको पक्षमा उनीहरू किन यति सम्वेदनशील छन् ? उनीहरूले कहीं पनि मिल्किएको पुंषत्वलाई उठाएर आफ्नो गर्भमा राखेर त्यसलाई जीवन दिदै आएका छन् । यो कुरा मानव सभ्यताको सीमान्त संवेदनशीलता हो । तर उनीहरू सडक सडकमा नग्न गराइन्छन् र पुरुषहरू स्वाद मानी मानी उनका लज्जा र असीमित सङ्कोचहरूलाई निल्दछन् । चेतनाका जत्रै ठूला ठूला लहरहरू उठुन् औपचारिक नारामा, राजनीतिका ठूला ठूला भाषणहरू आउन् परिवर्तनका आवाजमा तर जबसम्म नारीहरूको साँच्चैको सम्मान पुरुषहरूका आन्तरिक चेतनाद्वारा हुन थाल्दैन तबसम्म मानव सभ्यताका तमाम उपलव्धिहरू फिक्का रहने छन् ।**[१६४] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा अङ्ग्रेजी आगन्तुक शव्द क्वार्टर, इलेक्ट्रोन, प्रोटोन, न्यूट्रोन, व्यारिङ्ग, पोस्टमार्टमको पनि प्रयोग भएको छ । प्रस्तुत निबन्ध अङ्ग्रेजी भाषामा समेत अनुवाद भएको छ । यस निबन्धले सामाजिक विसङ्गति र असुरक्षाप्रति प्रहार गर्दै नारीहरूको सुरक्षा र उनीहरूमा ओतप्रोत सहनशीलता, निस्वार्थता र उत्सर्गतालाई सम्मान गर्नुपर्ने सन्देश दिएको छ ।

**२. स्यावास नानी**

प्रस्तुत निबन्धमा निबन्धकारले निम्न वर्गीय पात्रलाई प्रयोग गरेका छन् । जीवनदेखि हारेर विरक्तिई साँधु तथा भिखारी बनेका व्यक्तिको जीवनशैलीलाई यस निबन्धमा चर्चा गरिएको छ । यस निबन्धमा त्यस्ता व्यक्तिहरूको प्रवृत्तिप्रति प्रतीकात्मक रूपमा एउटा बालकले विद्रोह गरेको छ र उसको बाल मनोरचनाको व्याख्या  निबन्धमा भएको छ । यस निबन्धमा शंकर लामिछानेको मनोविश्लेषणात्मक प्रवत्ति मुखरित भएको छ । निबन्धकारले मानिसमा भएको पलायनवादी प्रवृत्तिलाई त्याग गर्नु पर्छ र भविष्यलाई सुरक्षित र स्वाभिमानी बनाउनु पर्छ भन्ने सन्देश दिन खोजेका छन् । यस निबन्धमा स्वाभिमान, परिश्रमसँगै कर्तव्य बोधमा सजग हुनु पर्ने भाव प्रस्तुत भएको छ । मानव जीवन निरन्तर रूपान्तरण हुँदै जान्छ , त्यसमा प्रत्येक व्यक्ति समाहित हुनु पर्छ ।  मानिस वर्तमानको यथास्थितिलाई विद्रोह गरी सुरक्षित भविष्यको बाटोमा लाग्नु पर्छ भन्ने कुरामा निबन्धकार दृढ देखिएका छन्, जस्तै : **उसको परिवेश र शारीरिक स्वरूपलाई हेर्दा अब ऊ पहिलाको कुल्लीयुवक हैन, वास्तवमा एउटा पूर्वीय परम्पराले हुकाएको साधु बनिसकेको थियो । एउटा ४०/४५ को व्यक्ति, उसको बचाइको ढङ्गले ६०/७० को भैं लाग्थ्यो । आवश्यकताहरूलाई घटाउँदा घटाउँदा ऊ यति सीमित जीवनमा देखिन्थ्यो मानौं कि उसले जीवनको लागि अरू केही देखेकै छैन । तर ऊ कुनै जङ्गलभित्र कुटी बनाएर बसेको जोगी हैन, त्यसैले यो शहरभित्र ऊ कुनै पुरातन स्वामी**

[१६४] **पूर्ववत,** पृष्ठ ५ ।

**हुन सक्दैन । उसले आफू साधु हुनुभन्दा पनि साधु भएको अभिनय ज्यादा गर्नुपर्छ । तर यो वास्तविक जीवनलाई पूरै आयुभरि नै अभिनयमा बिताउनु के कष्टप्रद छैन ? उसले आफूलाई बोरा बोक्नुको विरोधमा, स्वास्नी पाल्न नसक्नुको विरोधमा, धनी हुन नसक्नुको विरोधमा साधु बनायो । उसको साधु हुनुकोपछि केवल विद्रोह छ- मात्र विद्रोह ।**[१६५] प्रस्तुत निबन्धमा निबन्धकारले नयाँ पुस्तालाई उनीहरूले नयाँ दृष्टिकोण र आधार स्थापना गरेर अगाडि बढनु पर्छ भन्ने भाव व्यक्त गरेका छन् : ...**तर त्यो सानो बालक जसले एउटा विद्रोह गऱ्यो, क्रान्ति गऱ्यो र वर्तमानलाई त्यागेर हिड्यो-म खुशी छु । स्यावास नानी ! तिमीले यस धरतीमा मान्छेको भविष्यलाई अझै सुरक्षा दिने कवोल गऱ्यौ । पलायनताको त्यो अति गहिरो, कालो, अँध्यारो खाडलमा खस्दाखस्दै तिमी जो फुत्त बाहिर निस्क्यौ- बधाइ छ । म तिम्रो साहसलाई कदर गर्छु । पूर्खाको, पूर्वजहरूका सबै फोहर मैला र उनीहरूको अपराधको स्पष्टीकरण मात्र हुन सक्दैन आगत । आउने, भविष्य भनेको नयाँ युग र चेतनाका संवेगहरू हुन् ।**[१६६] यस निबन्धमा नेपाली तद्भव शव्दको सघनता भए तापनि हिन्दी आगन्तुक शव्द चलभाग र अङ्ग्रेजी आगन्तुक शव्द कल्भर्ट, राइसमिल्स समेतको प्रयोग भएको छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले पलायनवादी मानसिकतालाई त्यागेर सुरक्षित तथा स्वाभिमानी भविष्य निर्माणका लागि वर्तमानमा विद्रोह गर्नु परे पनि विद्रोह गर्नु पर्छ भन्ने सन्देश दिएको छ ।

### ३. अभिव्यक्ति झन अपाङ्ग हुँदैछ

प्रस्तुत निबन्धमा भाषा र शव्दको प्रभावका बारेमा निबन्धकारको धारणा आएको छ । शव्दहरू अनुभूतिको गहिरो सतहबाट उद्बोध भएका हुन भन्ने विचार यस निबन्धमा अभिव्यक्त भएको छ । भाषाले नै मान्छेलाई सुन्दर ढङ्गले प्रकाशित गर्छ भन्ने निबन्धकारको मान्यता रहेको छ । व्यक्तिमा सतही चिन्तन परम्परा हावी बनेर आउँदैछ भन्ने कुरामा निबन्धकारले सचेत गराएका छन् जस्तै : **म केही भनिरहेको छु - ऊ बुझिरहेको छैन । ऊ केही बोली रहेछ, म बुझि रहेको छैन । भाषा एउटै छ, शब्द उनै हुन्, बोल्ने मान्छे बेग्ला-बेग्लै छन् । शब्दको उपस्थितिको ढङ्ग अलिकति अलग छ । यतिकै कारणले कोही बुझिरहेका छैनन् । अभिव्यक्ति निस्प्रभाव छ, शब्द निस्प्राण हुँदैछन् । मनको सबभन्दा गहिरो अनुभूतिको लागि प्रयुक्त शव्दहरू स्वयम् फितला भएका छन् । आज मान्छेमा ग्रहणशीलताको अनिकाल परेको छ । उनीहरू शव्दलाई उही अर्थमा, ठीक शव्दले बोकेको अर्थमा बुझ्न असमर्थ छन् उ शव्दहरूलाई बिम्बमा, प्रतीकमा, वक्रोक्तिमा र अनेक अरू सन्दर्भहरूमा अनुमान काट्न लाग्छन् । त्यसैले कुनै वस्तु वास्तवमा जस्तो छ- त्यसलाई ठीक त्यसै स्थितिमा बुझ्न**

---

[१६५]**पूर्ववत,** पृष्ठ ९ ।

[१६६] **पूर्ववत,** पृष्ठ ११ ।

**नसक्नुबाट कि त गौण हुँदै छ कि त सामान्य ।**[१६७] आज भाषा खिनौटे बन्दै गएको छ असान्दर्भिक बोलचाल बढेको छ, र समग्र सोचाइको अभाव हुँदै गएको छ भन्ने कुरामा प्रस्तुत निबन्धमा निबन्धकार चिन्तित देखिएका छन्, जस्तै : **हिजोआज त शव्दहरू फगत औपचारिकताको सामान्य लवज भएका छन् । कसैले सोध्छ, 'के छ तिम्रो खबर ?' तुरुन्त उत्तर निस्कन्छ 'ठीकै छ' यो 'के छ खबर ?' र 'ठीकै छ' - को बीचमा कत्रो अन्तर छ । के स्वर्ग र नर्कको जत्रै छैन र ? ठीकै हुनको लागि कति थोक हुनु पर्छ ? 'ठीकै' शव्दले बोकेको वजन नै हामीले बुझेका छैनौ । कोही मर्छ र हामी एक मिनट जबरजस्ती फुर्सद निकालेर मौन धारण गरी कागजको पानामा ठूला ठूला अक्षरले समवेदना लेखी मृतकका परिवारलाई पठाई दिन्छौ । समवेदनाको अर्थ कति हो ? 'समवेदना' के एक मिनटको मौनधारणले हुने कुरा हो ? त्यो त हृदयको सबभन्दाभित्रको कति कोमलभावले निस्वार्थ अनुभव गर्ने कुरा हो । मृतकको परिवारले भोगेकै जत्तिको गहिरो वेदना अनुभव गर्नु समवेदना हो । तर त्यसो नभएर सभाको आयोजना गरी भाषणसहित समवेदना प्रस्तावमाथि ताली पड्काएपछि बल्ल त्यो कुनै शोकसभा हुन्छ । अहा ! कति सस्ता हुन पुगेका छन् शब्दहरू ? कति निर्ममहत्या शव्दहरूको ?**[१६८] प्रस्तुत निबन्धमा निबन्धकारले मान्छेको मस्तिष्क यान्त्रिक बन्दै गएको प्रसङ्गसमेत उल्लेख गरेका छन् : **र आज मान्छे यान्त्रिक जगत्तिर प्रविष्ट हुँदै छ । मान्छेले सामान्य अभिव्यक्तिको लागि चाहिने अति जरुरी शव्दहरू बाहेक बिस्तारै अरु शव्दको प्रयोगलाई घटाइरहेछ । यसैले गर्दा दुनियाँमा मानवीय भाव र तिनबाट हुने व्यवहारहरू शून्यतातिर ढल्किरहेछन् र दिन प्रतिदिन क्रूरता र पशुत्वको प्रभाव बढिरहेछ । मान्छे क्रमशः यान्त्रिकीकरण हुँदै गइरहेछ । काल्पनिकता र बौद्धिकताबाट पाखा झिकेर खाने र मनोरञ्जन गर्ने पक्षतिर मात्र उन्मुख गराइदै छ । जुन मान्छे दश मिनट दिमाग खियाएर कुनै गणितको समस्या हल गर्थ्यो आज एउटा सामान्य क्यालकुलेटरले उसलाई त्यसबाट मुक्त गरेको छ ।...**[१६९] सरल भाषा र वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्ध आत्मपरक रहेको छ । भाषा र शव्द समृद्ध हुनु पर्छ र समृद्ध भाषालाई अझ समृद्ध बनाउनु पर्छ भन्ने सन्देश प्रस्तुत निबन्धले दिएको छ ।

### ४. बढी खुशीमा पनि मान्छेहरू रुन्छन्

प्रस्तुत निबन्धमा मानवीय जीवनदर्शनका बारेमा चर्चा गरिएको छ । जीवन दर्शनले कहिले पूर्णता प्राप्त गर्न नसक्ने र जीवनका बारेमा जे जति लेखिएका छन्, ती सबै अपुरा र अधुरा छन् भन्ने निबन्धकारको धारणा प्रस्तुत निबन्धमा अभिव्यक्त भएको छ । यस निबन्धमा

---

[१६७] पूर्ववत, पृष्ठ १३ ।
[१६८]पूर्ववत, पृष्ठ १५ ।
[१६९] पूर्ववत, पृष्ठ १६ ।

जीवनको परिभाषा दिदै भावपरक ढङ्गबाट जीवनको गम्भीर पक्षको रहस्योद्घाटन गरिएको छ जस्तै : **हामी जीवनको एउटा पाटोलाई मात्र भोगिरहेका छौ । यो जो हामी भोगि रहेछौ - यो व्यक्त छ । यसैले देखिने, सुनिने, बुझिने र गरिने रूपमा हामी भोग गर्दै आएको - यो जीवनको प्रकाश पक्ष हो - उज्यालो पक्ष । यसका अतिरिक्त एउटा अदृश्य अव्यक्त र परोक्ष पक्ष पनि छ - जसलाई हामी न सोच्दछौ न स्वीकार्छौ खाली चिन्ता लाग्छ - चिन्तित हुन्छौ, त्रास बढेर आउँछ - त्रसित हुन्छौ ।**[१७०] निबन्धकारले यस निबन्धमा सन्तानप्रति आमाबाबुको प्रगाढ स्नेह हुन्छ भन्ने दृष्टान्त दिएका छन् र जीवनदर्शनमा नयाँ संभावनाको आशा राखेका छन् जस्तै : **मेरा साहिंला काका सानै उमेरमा घरबाट भागेर हिडेका थिए । उनी बाँचेको, मरेको कुनै पत्तो थिएन । धेरै वर्षपछिसम्म पनि हजुरआमा जब घरमा कुनै रमाइलो चाडपर्व, उत्सव, बिहा, ब्रतबन्ध, पुराण आदि हुन्थे वा जब कुनै मीठो परिकार घरमा पाक्थ्यो, हजुरआमा काकालाई सम्झेर रुनु हुन्थ्यो । 'सबै छोराछोरी छन्, एउटा चाहिं छैन' उहाँका आँखामा आँसु हुन्थ्यो । हजुरआमाको त्यो रूप देख्दा हामी भुराभुरीलाई पनि बरु त्यस्तो उस्तो रमाइलो केही नभइदिए हुन्थ्यो जस्तो लाग्थ्यो । बिस्तारै समय बित्दै गयो । हजुरआमाले पनि बिर्सदै जानु भयो । यदाकदा प्रसङ्ग उठ्दा उहाँका आँखा भरिन्थे तर केही बोल्नु हुन्नथ्यो ।**[१७१] यस निबन्धमा निबन्धकारको विसङ्गतिवादी चेतनासमेत उद्बोध भएको छ जस्तै : **तथापि हामीलाई जुनसुकै बेला पनि आफूभित्र एउटा पार पाउन नसकिने रिक्तताबोधको अनुभूति भइरहन्छ । त्यो रित्तो कसरी भरिन सक्ला ? भन्ने जिज्ञासाले हामीलाई कहिले पुराणहरूमा, कहिले इतिहासहरूमा कहिले मनोविज्ञानहरूमा, कहिले राजनैतिक व्याख्याताहरू कहाँ पुऱ्याइरहन्छ तर त्यो जो रित्तो छ - कहिल्यै भरिदैन र मान्छे आखिर त्यही रित्तोपन लिएर पार्थिवता ग्रहण गर्छ ।**[१७२] सरल भाषाशैलीमा आत्मपरक ढङ्गले लेखिएको प्रस्तुत निबन्धले मानवीय जीवनदर्शनलाई आशावादी बनाउनु पर्छ भन्ने उद्देश्य राखेको छ ।

**५. क्षण क्षणका कुरा**

प्रस्तुत निबन्धमा निबन्धकारले आफूले देखेका भोगेका क्षणक्षणका अनुभूतिका अभिव्यक्त गरेका छन् । यस निबन्धको लेखनमा प्रयोगवादी अथवा सम्बोधन शैलीको प्रयोग भएको छ जस्तै : **कटुवाल दाई यहीं दुख्छ भनेर भन्न त गाह्रै छ तर तिमीलाई कहाँनेर दुख्दो रहेछ भन्ने चाहिं आभाष हुन थालेको छ ।**[१७३] अनुभूति र वास्तविकता सोचे जस्तो नभएको कुरा निबन्धकारले आफ्नी श्रीमतीको पत्रको माध्यमबाट राखेका छन्, जसमा घरायसी

---

[१७०] **पूर्ववत,** पृष्ठ १८ ।

[१७१] **पूर्ववत,** पृष्ठ १९ ।

[१७२] **पूर्ववत,** पृष्ठ २१ ।

[१७३] **पूर्ववत,** पृष्ठ २३ ।

समस्या चित्रण गरिएको छ । कुनै क्षणमा यौनको, कुनै क्षणमा घरायसी समस्याको र कुनै क्षणमा प्राकृतिक छटाको अनुभूतिलाई केलाउँदै निबन्धकारले भविष्यलाई आशावादी भएर मूल्याङ्कन गरेका छन् । समाजको वर्गीय पद्धतिको सम्झना गर्दै अभावग्रस्त परिवारको सचित्र व्याख्या गरेका छन् जस्तै : **पल्ला घरमा यसपालि टी.भी. ल्याए । सधैं उनीहरू टी.भी. हेर्छन् टी.भी.मा अचेल रामायणको 'धारावाहिक' आउँदो रहेछ । हाम्रो चाहिं बिजुली पनि जडान गरेको छैन । पुरानो सन्तोष रेडियो पनि बज्न छोड्यो । नानीहरूको स्कूलको फिस पनि तिरेको छैन - परीक्षामा बस्न नदिने रे । सबैका छोराछोरी घाँटीमा टाई बाँधेर बोर्डिङ्ग जान्छन् । हाम्रा नानीहरू पनि अब सरकारी स्कूल नपढ्ने रे ।**[१७४] आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले आफ्ना अनुभूतिहरूलाई सुन्दर ढङ्गले अभिव्यक्त गरेका छन् । यस निबन्धमा स्कूल, फिस, बोर्डिङ्ग, टाई, टी.भी. जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग पाइन्छ । सरल भाषाशैलीमा लेखिएको यस निबन्धमा भावपरकता र भाषिक सरलता पाइन्छ । क्षण क्षणका सुखदुखहरू नै जीवन र यसैले नै मानिसहरू बाँचिरहेका छन् भन्ने सन्देश प्रस्तुत निबन्धले दिएको छ ।

**६. खोज**

प्रश्नार्थक वाक्यबाट निबन्धको उठान गरिएको प्रस्तुत निबन्धमा मानिस जुनसुकै बेला पनि कुनै न कुनै कुराको खोजमा रुमलिएको हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । प्रस्तुत निबन्ध मानवको आशावादी जीवनदर्शनमा आधारित रहेको छ । मान्छे सदैव कुनै न कुनै नवीन कुराको खोजीमा लागेको हुन्छ । निबन्धकार आशावादी जीवनदर्शनतर्फ मुखरित हुँदै खोज जीवन्त हुनु पर्छ भन्ने कुरामा जोड दिन चाहन्छन् । खोजको अर्थ दत्तचित्त भएर कुनै विषयको अनुगामी हुनु हो । त्यो निरन्तरताका कारण फलिभूत भएको हुन्छ भन्ने ठहर यस निबन्धमा गरिएको छ जस्तै : **खोजको अर्थ केही पाउने अभिलाषामा एकचित्त भएर लाग्नु हो । आजसम्म जो जो खोजको पछि लागे - उनीहरू रित्तै फर्केका छैनन् । केही न केही धेर थोर लिएरै आएका छन् तर उनीहरूको खोजबाट उपलब्ध भएको वस्तुप्रति हामी अलिकति पनि सन्तुष्ट छैनौ र हामी त्यसको उपयोगिताप्रति अलिकति पनि अनुरागी हुन सकेनौ । जहिले पनि प्रतिस्पर्धाको खोज भइरहेछ, जहिले पनि महत्वाकांक्षाको खोज भइरहेछ । जहिले पनि अरुसँगको बराबरी भन्दा एक चरणमाथि पुग्ने खुड्किलोको खोज भइरहेछ । कहिले ईश्वर खोजे जस्तो, कहिले सत्य खोजे जस्तो, कहिले मानवता खोजे जस्तो - हामी महासागरमाथि परेवाको उडान उडिरहेका छौ र बस्नका लागि कुनै वृक्षको हाँगो खोजिरहेछौ ।**[१७५] आफूसँग भएका वस्तुहरू सम्हालेर मात्र नयाँ वस्तुको खोज शुरु गर्नु पर्छ र

---

[१७४] **पूर्ववत,** पृष्ठ २४ ।

[१७५] **पूर्ववत,** पृष्ठ २६ ।

कुनै पनि प्राप्तिलाई यथास्थानमा गुम्न नसक्ने गरी राख्नुपर्छ भन्ने मान्यतामा प्रस्तुत निबन्ध रहेको छ, जस्तै : **खोजको प्रकृया थाल्नु अगावै हामीले आफ्ना अनिवार्यताहरू र हामीसँग हुँदाहुँदै गुमेका वस्तुको तथ्याङ्कको तयारी गर्नुपर्छ । र तिनीहरूलाई यथास्थानमा नडगमगाउने गरी राखेपछि हामीबाट शुरु हुने जुनसुकै खोजले पनि नयाँ लहर लिएर आउने छ र हाम्रो खोज जीवन्त हुने छ** ।[१७६] संवादबाट शुरु गरिएको प्रस्तुत निबन्ध सरल भाषाशैलीमा लेखिएको छ । मानवतावादी जीवनदर्शनमा आधारित प्रस्तुत निबन्धले मानिसलाई आशावादितातर्फ उन्मुख रहदै प्राप्तिमा पनि उत्तिकै सजग रहनु पर्छ भन्ने सन्देश दिएको छ ।

**७. परम्परा**

प्रस्तुत निबन्धमा निबन्धकारले सामाजिक परम्पराका सन्दर्भहरू केलाएका छन् । नेपाली संस्कार र संस्कृतिले स्थापना गरेको परम्पराले समाजमा केही सुसंस्कार त केही कुसंस्कार भित्र्याएको ठहर निबन्धकारको रहेको छ । परम्पराका सम्बन्धमा निबन्धकारको धारणा यस प्रकार रहेको छ जस्तै : **पारिभाषिक अर्थमा परम्परा भन्नाले परापूर्व कालदेखि चलिआएको रीतितिथि र कुलधर्म हो तर यो सनातन रहदैन । यसलाई सनातन बनाइरहन नसक्नुबाट बीच बीचमा थुप्रै नयाँ कुराहरू थपिदै जान्छन् र समयकालपछि ती नयाँहरू पुरानो भएर परम्परा बन्दछन् । बीच बीचमा थपिन आउने नयाँ कुराहरूले पुरानोको महत्त्वलाई गौण मात्र बनाउँदैन बरु त्यसप्रति वितृष्णा र अनास्था समेत जन्माउछ । एक युग, समय र परिस्थितिमा उपर्युक्त कुरो अर्को युग, समय, परिस्थिति र पात्रको लागि अनुकूल भइरहन सक्दैन । अनि युगानुकूल परिवर्तन गर्नुका नाममा हाम्रो परम्परा अब शब्दमा मात्र सीमित हुन पुगेको छ - मूल्य र मान्यतामा गौण** ।[१७७] व्यावहारिक प्रचलनहरूको चर्चा गर्दै निबन्धकारले यस निबन्धमा मानिसले आफ्नो परिचय आफै बनाउनु पर्दछ, अरुको परिचयले आफ्नो व्यक्तित्व थिचिनु हुँदैन भन्ने मान्यता राखेका छन् । आफ्नो परिचय स्थापित गर्नका लागि मान्छे सिर्जनशील र महत्वकांक्षी बन्नु पर्दछ भन्ने सकारात्मक धारणा निबन्धकारको रहेको छ जस्तै : **जबसम्म कुनै युवकले आफ्नै नामबाट आफ्नो परिचय दिन सक्दैन । आफ्नै मेहनतबाट एक जोर लुगा लगाउँदैन, आफ्नै इच्छाले जस्तासुकै काम गर्न पनि तयार हुँदैन तबसम्म सामाजिक परिवर्तन कसरी हुन्छ ? एउटा अनावश्यक ढोंग, अहमता र प्रतिष्ठाको रित्तो परम्परा बोकेर हाम्रो चेतना गतिहीन हुन पुगेको छ । दृष्टिकोण खुम्चेर व्यक्तिगत स्वार्थमा केन्द्रित भएको छ । राष्ट्रियताको निम्ति एउटा नागरिक निस्वार्थ सङ्कल्प**

---
[१७६] **पूर्ववत्**, पृष्ठ २७ ।
[१७७] **पूर्ववत**, पृष्ठ २९ ।

**गर्न तयार छैन । यो भत्कँदो परम्परा हाम्रो अधोगतिको सङ्केत भइरहेको छ ।**[१७८] सरल भाषाशैलीमा लेखिएको र भाषिक प्रवाहमयता भएको प्रस्तुत निबन्धमा संरचनागत नवीनता पाइन्छ । यस निबन्धले मानिस आफ्नो स्वाभिमानलाई कायम राख्न र आफ्नो परिचय स्थापित गर्न सिर्जनशील हुनु पर्छ भन्ने सन्देश दिएको छ ।

**८. अब एकक्षण एकान्तमा बसौं**

कौतुहलमय शीर्षक रहेको प्रस्तुत निबन्धमा निबन्धकारले समयको महत्वलाई दर्शाएका छन् । वर्तमान समाजमा सबैलाई हतार र चटारो भएको वास्तविकतालाई उजागर गरेका छन् जस्तै : **तिमी बहुत हतारमा छौ । लुगा लगाउँदा लगाउँदै कलर मिलाउन भ्याउदैनौ, श्रीमतीले अलिकति सघाइदिन्छिन् । जुत्ताको लेसलाई सुर्किनु पार्नुको बदलामा गाँठै पारेका छौ । बाटोमा तिम्रो त्यो साथीसँग भेट भयो जसलाई एक जमानामा तिमीले आफूभन्दा मूल्यवान ठानेका थियौ तर आज परैबाट हात उठाएर उसबाट बिदा लियौ । चोकमा गाडी थिएन, तिम्रो हतारले तिमीलाई लगेर रिक्सामा बसायो जब कि निकै ढिलै गाडीमा गएको भए पनि रिक्साभन्दा चाँडै पुग्न सक्थ्यौ । तिमी मात्र कहाँ ? बिचरा रिक्सावाललाई झन् हतार छ । उसको हतार तिम्रो लागि होइन मित्र - उसको हतार आफ्नै हो र उसलाई - चाँडै चाँडै तिमीलाई त्यो चोकमा उतारेर अर्को महानुभावलाई बोकेर आउनु छ । जति हतार ऊ गर्ला - दिनभरीको कमाइमा सम्भवत दुई रुपैयाँ बढी कमाउला ।**[१७९] निबन्धकारले यस्तो हतार र चटारोलाई पनि आनन्दै आनन्दमा बिताउने कल्पना गरेका छन् जस्तै : **सृष्टिको आदि अन्तको यत्रो अकाल्पनिक अन्तरालभित्र एकै क्षणका लागि मात्र झिलिक्क प्राप्त हुने यस जीवनलाई आनन्दै आनन्दहरूमा बिताउँदा कसो पर्ला ? हतार नगरीकन सुरैसँगले यसलाई भोग गरीरहे कसो होला ? ।**[१८०] हामीले प्राप्त गरेको जति समय, त्यसमा कति गर्न सकिन्छ, कति गर्न बाँकी रहन्छ त्यसले हाम्रो समय सदुपयोग क्षमता प्रमाणित गर्दछ जस्तै : **तिमीले जीवनमा कति गर्नु पर्ने हो भन्ने कुनै निश्चित कार्यतालिका छैन, जति सकिन्छ - त्यति गरे हुन्छ तर पनि सपनामा के तिमीले एउटा ठूलो महल, त्यसमा सुकिला छोरा छोरी र अत्यन्त सुन्दरी पत्नीलाई देख्ने गरेका छैनौ र ! त्यही सपनाको रासडोरीले त तिमीलाई हतारको खाडलमा घिसारी रहेछ ।**[१८१] आत्मपरक शैलीमा सरल भाषाशैलीको प्रयोग गरेर लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारको आनन्दै आनन्दमा जीवन बिताउने अनुभूतिलाई वास्तविकमा परिणत गरेर लैजानु पर्छ भन्ने धारणा रहेको छ । भाषिक सरलता रहेको यस निबन्धले समयको

---

[१७८] **पूर्ववत,** पृष्ठ ३१ ।

[१७९] **पूर्ववत,** पृष्ठ ३२ ।

[१८०] **पूर्ववत,** पृष्ठ ३३ ।

[१८१] **पूर्ववत,** पृष्ठ ३४ ।

महत्वलाई ख्याल गर्दै मानव जीवनलाई सुखपूर्वक र आनन्दका साथ बिताउनु पर्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

**९. जसको पनि एकपल्ट बेला आउँछ**

प्रस्तुत निबन्धमा निबन्धकारले समयको महत्वलाई दर्शाउदै आशावादी भविष्यको कामना गरेका छन् । यस निबन्धमा कुनै पनि वस्तुको उपादेयता र महत्व त्यसको बेला अर्थात समयमा मात्र हुन्छ भन्ने सन्देश दिइएको छ । बेला वास्तवमा एकपल्ट सबैलाई आउछ तर त्यसलाई चिन्न सक्नु पर्छ, चिन्न सकिएन भने त्यसले मूर्ख बनाएर जान्छ । बेला भनेको समय हो, यसले कसैलाई पर्खदैन् भन्ने वास्तविकतालाई निबन्धकारले यस निबन्धमा चर्चा गरेका छन् । कुनै वस्तुको महत्त्व त्यसको प्रतिफलको उर्वर समयमा मात्र हुन्छ भन्ने भावाभिव्यक्ति यस निबन्धमा पाइन्छ । साहित्यकारहरूको उन्नति पनि प्रज्ञासम्म पुगेर बिर्को लाग्ने सन्दर्भलाई निबन्धकारले अभिव्यक्त गरेका छन् जस्तै : **एकताका हाम्रा भुपिदाइको पनि बेला आएको थियो । उनका कविता मुखमुखमा गाइन्थे, उनको नामले जो कोही तानिन्थे, उनका कविता जुनसुकै समारोहमा छानिन्थे । उनको बेला कवितामा आएको थियो । उनी त्यसैमा हाँकिएका थिए, त्यसैमा राँकिएका थिए । पछि उनलाई बेलाले प्रज्ञामा लगेर थुपाऱ्यो । उनलाई त्यो स्थिति बोझिलो भयो र उनले भने - 'अचेल म कविता लेख्दिन किनकि आफूले यस धरतीमा आउन बाध्य गरेका आफ्ना बालबच्चाहरूको लालन पालन गर्न यो कविता लेखनबाट सक्दिन ।'**[१८२] सरल भाषाशैली रहेको यस निबन्धमा भावको अजस्र पोखाइ पाइन्छ । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा निबन्धकारले समयको महत्त्वलाई सरल ढङ्गले अभिव्यक्त गर्दै समयको महत्त्वका विषयमा सबैले हेक्का राख्नु पर्छ भन्ने सन्देश दिएका छन् ।

**१०. मृत्युका प्रसङ्गहरू**

प्रस्तुत निबन्धको शीर्षकले नै निबन्धको विषयवस्तु उजागर गरेको छ । निबन्धकारले प्रस्तुत निबन्धमा मृत्युका विभिन्न प्रसङ्गहरूको चर्चा गरेका छन् । मृत्युका प्रसङ्गहरूले निबन्धकारलाई भावुक र संवेदनशील बनाए पनि मृत्यु यस जीवन जगत्मा एउटा अनिवार्य शर्त हो । यस संसारमा जन्म र मृत्युको निरन्तरता रहेको छ यसैले निबन्धकारले यस निबन्धमा जीवनवादी सोच राखेका छन् जस्तै : **आमै ! तिमी जसले असीवटा बसन्त भोग्यौ, शरद्मा हाँस्यौ, माघे सङ्क्रान्तिमा तरुल उसिन्यौ । तिम्रा यी जो फुलेर कपास भएका केशमा राशि छन्, तिम्रा यी जो शेष रहेका गिजाहरू छन र तिम्रा अनुहारमा सोहोरिएका छालाका लुंडाहरू छन्, यी के आउने प्रत्येक भोलिका लागि जीवनमय संसारको भविष्य देखाउने सङ्केत होइनन् र ?**[१८३] जीवन र मृत्युको सेरोफेरोमा नै मानिसको जीवन गुज्रिरहेको हुन्छ ।

---

[१८२]**पूर्ववत,** पृष्ठ ३६ ।

[१८३] **पूर्ववत,** पृष्ठ ४३ ।

तर मानिस यस अवश्यम्भावी विषयलाई तर्काउने असफल प्रयासमा लागि परेको छ । यस निबन्धमा **जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य प ! तस्मादपरिहार्येडर्थे न त्वं शोचितुमर्हसि !!** जस्ता संस्कृत वाक्य प्रयोग भएको छ । मृत्युका प्रसङ्गहरूको चर्चा गरिएको प्रस्तुत निबन्धको भाषाशैली सरल र सम्प्रेष्य रहेको छ । प्रवाहमय भाषाशैली रहेको यस निबन्धमा मृत्यु विषयक दार्शनिक चेत झल्किएको छ । यस निबन्धमा निबन्धकारले बाँच्दा सबैसँग बाँच्नु पर्छ र मर्दा एक्लै मर्नु पर्छ भन्ने सन्देश दिएका छन् ।

**११. असार पन्ध्र**

प्रस्तुत निबन्धमा निबन्धकारले असार पन्ध्र नामक सांस्कृतिक उत्सवको चर्चा गर्दै ग्रामीण परिवेश र सहरी परिवेशको तुलना तथा चित्रण गरेका छन् जस्तै : **तर यो शहरमा कहाँ पाउनु अघाहुन्जेल दहीचिउरा खान ? पाइ हाले पनि त्यो स्वाद कहाँ पाइन्छ यहाँ ? घरमा, आमा र दिदीहरूले - उल्लास, प्रेम र आनन्द मिसेर मीठा मीठा गफ गर्दै ढिक्कीमा कुटेका माम्री-माम्री परेका चिउराहरू शुद्ध दूधलाई मजासँग तताएर कुनै लोभ नगरी कसैलाई ठग्ने नियत नराखी ठेकीमा हालेको दूधबाट बनेको दही, आफ्नै बगैंचामा, आफ्नै मेहनत र पसिना पाएर चमेराले खाएर पनि नसकेका बोटमै पाकेका केराहरू मुछेर घरका सारा परिवार एकै ठाउँ बसी मीठा-मीठा गफ हाल्दै, खानुमा, पाइने, स्वाद र खानाप्रतिको आस्था कहाँ हुन्छ यहाँ ? यहाँ त एक पावा दूधमा तीन पावा पानी हालेको हुन्छ, त्यसबाट दही हुनु नै असम्भव । या त डेरीबाट मखन झिकि सकेको दूध जसभित्र चिल्लाको कुनै शेष हुँदैन । पैसा-पैसा- पैसा, फगत पैसाको निम्ति मानवता खरिद बिक्री हुन्छ शहरमा ।...**[१८४] धार्मिक तथा सांस्कृतिक उत्सवहरू परिचय तथा पहिचानका द्योतक हुन्, यसले आफ्नो छुट्टै पहिचान कायम गरेको हुन्छ । यस निबन्धमा सांस्कृतिक पहिचान कायम राख्ने कार्यमा नारीहरूको योगदान महत्वपूर्ण रहेको हुन्छ भन्ने चर्चा भएको छ जस्तै : **जबसम्म आमाहरू हुने छन् - भाउज्यूहरू हुने छन् । जबसम्म दिदीबहिनीहरू हुने छन् - श्रीमतीहरू हुने छन् - तवसम्म हाम्रा चाडपर्व, परम्परा र संस्कृतिहरू रहिरहने छन् - जीवन्त रहनेछन् ।**[१८५] निबन्धकार धरावासीले प्रस्तुत निबन्धमा आफ्नो वाल्यावस्था र आफूले भोगेको ग्रामीण परिवेशको चित्रण गरेका छन् । प्रस्तुत निबन्धमा निबन्धकार आफ्नो जातीयता, राष्ट्रियता, संस्कृति र पहिचानप्रति संवेदनशील छन्, जस्तै : ...**परम्परा र संस्कृति नै हाम्रो जातीयता र राष्ट्रियताको परिचय हो । कुनै पनि जाति र राष्ट्रको अर्को जाति र राष्ट्रसँगको अन्तर भन्ने कुरा नै यिनै हुन् । यिनको सुरक्षा जहाँ हुँदैन कालान्तरमा त्यो जाति र राष्ट्र पनि रहँदैन । हामी जतिसुकै आधुनिक बनौं, जतिसुकै अन्तरराष्ट्रियवादी, हामी जतिसुकै समग्रतातिर जाऔँ तर हाम्रो**

---

[१८४]**पूर्ववत,** पृष्ठ ४६ ।

[१८५] **पूर्ववत,** पृष्ठ ४९ ।

**परिचय चाहिन्छ ।...**[186] यस निबन्धमा नेपाली परम्पराको विवरणात्मक प्रस्तुति पाइन्छ । देवकोटाको आषाढको पन्ध्र र धरावासीको असार पन्ध्र क्रमशः भावात्मक र वस्तुपरक रूपमा प्रस्तुत छन् भने शीर्षक नै पनि फरक फरक छ । यस निबन्धमा **'लोग्नेमान्छे भनेको बारको काठ हो'** जस्ता उखानको प्रयोग भएको छ । संवादात्मक प्रस्तुति रहेको र सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले आफ्नो चाडपर्व परम्परा र संस्कृतिलाई जीवन्त राख्नु पर्छ भन्ने सन्देश दिएको छ ।

**१२. अखबारको पानामा छरिएका विकृत जिन्दगीहरू**

प्रस्तुत निबन्धमा निबन्धकारले अखबारमा निस्कने हत्याहिंसा र आतङ्कको खबरहरूको चर्चा गरेका छन् । सूचनाको हक उपलब्ध गराउने अखबारले अन्यौल चिर्ने तथा अन्यौल सिर्जना गर्ने काम गरेको कुरालाई निबन्धकारले यस प्रकार व्यक्त गरेका छन् : **समाचारपत्रहरूमा विभिन्न शीर्षकमा समाचारहरू छापिएर आउँछन् । मानिसहरू ती समाचार पढेर हप्तै पिच्छे आ-आफ्ना अड्कल र विश्वासहरूमा रङ्ग फेर्छन् । हप्तै पिच्छे मानिसको आस्था बाउडिन्छ । मानिसको विश्वास डगमाउँछ । मानिस जति जति सचेत र जानकारी राख्ने श्रेणीमा चल्दै गयो, ऊ त्यति नै अन्यौल, अनिर्णय र अविश्वासमा पर्दै गयो । समाचारपत्रहरूले जति जति अविश्वसनीय तर विश्वास गर्नु पर्ने कटु सत्यहरू छाप्दै गए, मानिस आफ्नै पाइलामुनिको जमिनदेखि पनि तर्सिदै गए ।**[187] यस्ता हत्या, हिंसा र आतङ्कको खबरले निबन्धकारलाई संवेदनशील बनाउने गरेको छ । यस निबन्धमा हत्या, बलात्कार, निर्ममता, निष्ठुरता र बेइमानी जस्ता कुरामा निबन्धकारको दिक्दारी अभिव्यक्त भएको छ जस्तै : **कहिले लोग्नेले स्वास्नीलाई घाँटी चिथेर मारेर झुन्ड्याएको समाचार आउँछ, कहिले दिदी बहिनी मिलेर भाइलाई मार्छन्, कहिले आमा र बुहारी मिलेर आफ्नै छोरालाई मार्छन् । अहो ! कस्तो रिस ? कस्तो आक्रोश ? कस्तो विकृत मानसिकता ? ।**[188] समाजभित्र देखिएका यस्ता विकृतिहरूले समाजका कैयौ परिवारहरूमा हलचल ल्याए पनि जीवनको वास्तविक गहिराइको मोल बुझ्नेहरूले सभ्यताको संरक्षण गरिरहेकै छन् । जीवनको भोगाइ तथा पीडाहरूको चर्चा गर्दै निबन्धकारले सामाजिक विकृति विसङ्गतिप्रति प्रस्तुत निबन्धमा व्यङ्ग्य कसेका छन् । समाजमा हुने सबै घटनाको प्रस्तुतिले उत्साह र निरुत्साह एकैचोटि प्रस्तुत गरेको कुनै समाचार पारिवारिक हुन्छन् त कुनै अपरिवारिक हुन्छन् जस्तै : **अनि फेरि मेरो - परिवारभित्रको आस्था र विश्वास पुनः डगमगायो । मलाई पुनः त्रासले घोच्यो । म आतङ्कित हुँदै गएँ । यस्ता समाचार पत्रहरू किनेर म कसरी घर लैजाऊँ जहाँ मेरो चार कक्षामा पढ्दै**

---

[186] **पूर्ववत**, पृष्ठ ४८ ।

[187] **पूर्ववत**, पृष्ठ ५० ।

[188] **पूर्ववत**, पृष्ठ ५१ ।

**गरेको छोराले पढ्ने छ - कुनै बाबुले वेश्याका वशमा परेर आफ्नै छोराको हत्या गऱ्यो । छोराहरू हुर्काएर र घर व्यवहार थामेर बसिरहेकी श्रीमतीले पढ्ने छ - कुनै अमूक व्यक्तिले राति सुतेको अवस्थामा आफ्नी पत्नीको घाँटी थिचेर माऱ्यो । तथा मेरी आमालाई अरुले आश्चर्यचकित हुँदै यो समाचार पढेर सुनाइ दिनेछन् - सोल बहादुरकी स्वास्नीले एउटा नाठोसँग मिली आफ्नै लोग्नेलाई मारी, के म त्यो पत्रिका घरमा लगेर गर्वका साथ परिवारलाई पढाऊँ ? र भनौ ? कि कृपया हामी बीच यस्तो नहोस् । के ती समाचारले परिवारभित्रको विश्वासमा शङ्का पैदा गर्दैनन् ?**[१८९] भावात्मक तथा सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले सामाजिक विकृति विसङ्गतिहरू सभ्य समाजबाट क्रमश: किनारा लाग्दै जान्छन् भन्ने सन्देश दिएको छ ।

**१३. यी कुनै घटना होइनन्**

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्ना मनमा खेलेका भावनाहरू अभिव्यक्त गरेका छन् । एउटा चराको बच्चोलाई कमिलाहरूले घिसारिरहेको, कोठाभित्र पसेको मौरी झ्यालको सिसाबाट बाहिर निस्कन पटक पटक प्रयासरत रही अन्त्यमा सफल भएको र बाटाका छेउमा दुईजना मानिसहरू एकआपसमा कानेखुशी गरिरहेको दृश्यलाई निबन्धकारले आफ्नो र वर्तमानको जीवनशैलीसँग तुलना गरेका छन् जस्तै : **मौरीमात्र कहाँ ? म स्वयम् पनि ठीक यस्तै प्रकारको सिसामा बारंबार ठोकिइरहेछु जहाँबाट बाहिर हुनासाथ मेरा साना आकांक्षाहरू पूर्णता पाउने छन् । यसैले म पनि आजसम्म लगातार यो सिसाका झ्यालहरू तोड्ने क्रममा छु र हरेकपल्ट त्यही मौरीझैं लखतरान पल्टिरहेछु घाउहरू थपिरहेछु, चोटहरू सङ्कलन गरिरहेछु ।**[१९०] जीवन र जगत्को दर्शनमा घोत्लिएका धरावासीले प्रस्तुत निबन्धमा विश्वभरिका घटनाक्रममा आफूलाई संवेदनशील बनाउन पुगेका छन् । मान्छेले आफ्नो उमेर अनुसारका क्रियाकलापमा संलग्न हुँदै जानुपर्छ भन्ने कुरालाई निबन्धकारले यसप्रकार व्यक्त गरेका छन्, **यस्तै गर्ने उमेर हो यो । अहिले नै मैले बूढो मान्छे जस्तो सोच्नु हुँदैन । मसँग बुढ्यौलीका लागि अझै धेरै धेरै वर्षहरू बाँकी छन् । अहिले त मैले युवाकै रसरङ्गमा डुल्नुपर्छ । नत्र के साठी नाघेर म कुनै रूपसीसँग आँखा लडाऊँ ? तर अहँ ! यस्तो लाग्छ म अब बूढो भइसकेको छु । सायद मैले जीवनको एउटा खुड्किलो फड्कैरै पार गरेको छु, जो मेरो भाग्यमा थिएन । अहिले त म एउटा प्रौढ मान्छेले गर्नु पर्ने अनुभव भोगिरहेछु ।**[१९१] मानवतावादी जीवनदर्शनमा आधारित प्रस्तुत निबन्धमा जीवनका भोगाइहरूलाई प्रतीकात्मक ढङ्गमा निबन्धकारले अभिव्यक्त गरेका छन् । मानवीय समस्याप्रति गम्भीर हुँदै मानवीय

---

[१८९]पूर्ववत, पृष्ठ ५२ ।

[१९०]पूर्ववत, पृष्ठ ६० ।

[१९१] पूर्ववत, पुष्ठ ५६ ।

समस्यासँग सम्बन्धित घटनाहरूलाई निबन्धकारले यस प्रकार व्यक्त गरेका छन्, **आफ्नो माटो छोडेर प्राण बचाउन भागिरहेका संसार भरिका शरणार्थीहरू । भेलबाढीले हताहत भएका कोशी ब्रह्मपुत्र र बङ्गालको खाडीकिनारका अभागीहरू । आफन्त मारिएको खबर रेडियोबाट सुनी छटपटाइरहेका पंजाबभन्दा धेरै टाढा बसी पसिना बगाउने शिखहरू । फगत बाँच्ने लिप्सा बोकेर आफूदेखि नै भागिरहेका सिंहलीहरू र तामिलहरू । हो ! घटना भनेको यस्तै वा यस्तै प्रकारको हुनु पर्छ । यस्ता घटनामाथि पो बोल्नेले पनि केही बोल्नुपर्छ तर म खबरमा उडेर भूगोल घुम्न सकिन ।**[१९२] भावात्मक तथा सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले जीवनको भोगाइमा जतिसुकै बाधा व्यवधान आएपनि सङ्घर्ष गर्नु पर्छ र सङ्घर्षले नै मानिसलाई सफल बनाउछ भन्ने सन्देश दिएको छ ।

**१४.आगोका डामहरू**

प्रस्तुत निबन्धमा निबन्धकारले मानव सभ्यतामा रहेका अनिकाल, आस्था, अनास्था, चेतना र समयको चर्चा गरेका छन् । यस निबन्धमा आगोलाई अनेकार्थ शब्द बनाई कतै पीडा, कतै शोक, कतै आस्था, अनिकाल, कतै चेतना, कतै समय र कतै अभावको अर्थमा लिइएको छ । निबन्धकारले आगो र पानीको दार्शनिक प्रयोग गरेर त्यसलाई जीवनका रूपमा स्थापित गरेका छन् जस्तै : **यो आगो ! भन्छन् जसलाई पश्चिमका कुनै प्रमिथियसले देवताहरूबाट चोरेर ल्याएथे रे । हुन त उनले त्यसलाई प्रकाशकै निम्ति ल्याएथे होलान् तर आज त्यसको अगेनो मान्छेको जीवन भएको छ, र त्यसको डढेलो सभ्यताको सालिम्बोघारीमा सल्केको छ । ल्याउन त पूर्वका कुनै एक भगीरथ भन्ने मान्छेले पनि पानी ल्याएथे रे स्वर्गबाट गङ्गालाई तर उनले त्यति चीसो पानी ल्याउन सकेन छन्, जसले प्रमिथियसको आगोलाई निभाउन सकोस् । बरु त्यो झन् झन् सल्कदै गयो मानवताको रौं-रौंमा, स्नायु-स्नायुमा, मनमनमा र हरेक सपना, सपनामा ।**[१९३] मानिस अभावको पीडाबाट ग्रस्त छ, अभावको पीडाले मानिसहरूलाई गाँजिरहेको छ । निबन्धकार अभावको यो पीडालाई आफ्नो संस्कृति, सभ्यता र मानवताको वात्सल्यलाई अगाडि सारेर बिर्सन चाहन्छन् र यसैमा रमाउन चाहन्छन् । निबन्धकार पश्चिमी राष्ट्रको वैभवशाली समृद्धिको तुलनामा आफ्नै संस्कृति र सभ्यताप्रति गौरव गर्दछन्, जस्तै : **आधुनिकताको नाममा मानवीय समचेतना गुमाएर मान्छेले जतिसुकै उन्नति गरोस्, म त्यसलाई प्रशंसा गर्न सक्दिन । मान्छे गुमाएर रोबटलाई आफन्त बनाउन म सक्दिन । मान्छेभित्रको आगो जतिसुकै पोल्ने होस् - त्यसको रापको पनि, एउटा स्वाद छ ।**[१९४] तत्सम, तद्भव, झर्रो शव्दको समुचित प्रयोग भएको र सरल भाषाशैलीमा रहेको

---

[१९२] **पूर्ववत,** पृष्ठ ६१ ।

[१९३] **पूर्ववत,** पृष्ठ ६२ ।

[१९४] **पूर्ववत,** पृष्ठ ६६ ।

प्रस्तुत निबन्धले अभावै भए पनि आफ्नो सभ्यता र संस्कृतिप्रति सबैले गौरव गर्नु पर्छ भन्ने सन्देश दिएको छ ।

## ४.३.३ उत्तमजङ्ग सिजापतीको आलु (निबन्धसङ्ग्रह)

उत्तमजङ्ग सिजापतीको आलु (निबन्धसङ्ग्रह) २०५५ सालमा प्रकाशक कुमार भट्टराईबाट प्रकाशन भएको हो । यस सङ्ग्रहमा आयामेली कवि ईश्वरबल्लभले **उत्तमजङ्ग सिजापतीको आलु** एकमात्र निबन्धमाथि गरेको टिप्पणी समावेश छ । यस सङ्ग्रहका निबन्धहरूमा नवीन संरचना, व्यङ्ग्य र मानवीय जीवनदर्शन पाइन्छ । यी निबन्धहरू विचारप्रधान, भावनाप्रधान छन् र यसमा आत्मपरकता, आख्यानात्मकता, सामाजिक यथार्थता, सरल भाषाशैली पाइन्छ । बालक हराएको सूचना र नारीभित्र त्यस्तो के छ हजुर ? निबन्धसङ्ग्रहको तुलनामा विचार, दार्शनिक सोच, भाषिक परिष्कार र संरचनागत सुधारका दृष्टिकोणबाट यस निबन्धसङ्ग्रहका निबन्धहरू खारिएका छन् । यस सङ्ग्रहमा जम्मा ६४ पृष्ठहरू छन्, यसमा धरावासीका १५ वटा निबन्धहरू सङ्कलित छन् :

**१. घरको भात**

प्रस्तुत निबन्धमा **कता छ हिजो आज जागिर !**[१९५] प्रश्नार्थक वाक्य भए पनि आश्चर्यसूचक वाक्यका रूपमा प्रयोग गर्दै निबन्ध उठान गरिएको छ । यस निबन्धमा मानव जीवनमा आइपर्ने अभावको कारणले भौतारिइरहनु परेको अवस्थालाई दर्शाइएको छ जस्तै : **घरमा भात खान पाएका भए मानिसहरू को हिड्थे बसाइँ ? पहाडबाट मदेश, मदेशबाट विदेश हुँदै को छरिन्थे संसारभरि भातको खोजीमा ? एकपेट अघाउञ्जेल खान पाउनका लागि मात्र मानिसहरूले आफ्नो पुस्तैनी थलो बारम्बार छोडिरहेका छन् । संसारका कुना कुनामा मानिसहरू समूह समूह, बथान बथान बसाइँ सरिरहेछन्, एक ठाउँलाई त्यागेर अर्को ठाउँमा पुगिरहेछन् । त्यहाँ भइरहेकाहरूसँग आक्रामक भएर दोहोरो लडाइँ लडिरहेछन् - मरिरहेछन् भातको खोजीमा ।**[१९६] निम्नस्तरको जागिरेले सधैं अभावबाट गुज्रनु पर्ने बाध्यता केलाउदै अभावको वास्तविकतामा पनि समाजमा खोक्रो आडम्बर देखाउनु पर्ने वास्तविकताको चित्रण गरिएको छ । निम्न तहको जागिरे जीवनको वास्तविक पीडालाई प्रस्तुत निबन्धमा निबन्धकारले खोतल्ने प्रयास गरेका छन् जस्तै : **अरुले भन्दा बढी नै चन्दा दिनसक्ने पनि हुनु पर्ने, पढेलेखेको जागिरदार पनि भएकोले झट्ट रिसाई हाल्न पनि नहुने, गाउँ ठाउँमा नियाँनिसाफ दिने पनि हुनु पर्ने, अरुले आफूलाई चिथोमिचो गरे भने - बुद्धिजीवी भएकाले**

---

[१९५] कृष्ण धरावासी, **पूर्ववत्, उत्तमजंग सिजापतीको आलु**, पृष्ठ १ ।

[१९६] **पूर्ववत्**, पृष्ठ २ ।

**त्यसलाई आफूले भने सामान्य रूपले नै लिनु पर्ने, आदि घरको भातसँगै जोडिएका छन् ।**[१९७] समाजमा व्याप्त विसङ्गतिलाई सरल भाषाशैलीको माध्यमबाट व्यङ्ग्य कसेका छन् । यस निबन्धमा अण्डरग्राउण्ड, ग्यास च्याम्बर, डेलिगेसन, हेलो, क्वार्टर, जस्ता अङ्ग्रेजी आगन्तुक शव्द र गाउँघरमा प्रचलित ओल्लाघर, पल्लाघर, ऐचोपैचो जस्ता झर्रो नेपाली शव्दको प्रयोग भएको छ । अभावको वास्तविकता बोध हुँदाहुँदै पनि सामाजिक खोक्रो आडम्बरप्रति निबन्धकारले समाजलाई सचेत गराएका छन् ।

**२. मृत्यु त आफूले पो रोज्ने हो**

मृत्युका विषयमा दार्शनिक चिन्तन बोकेर उठाउन गरिएको प्रस्तुत निबन्ध भावनाप्रधान छ । यस निबन्धमा निबन्धकारले कलियुगमा बसेर पूर्व त्रियुगको सोचाइ वर्णन गरेका छन्, : **सत्य, त्रेता, द्वापर युगहरूमा मानिसको आयु हजारौ वर्षको हुन्थ्यो तर पनि यो सत्य थियो कि त्यो हजारौं वर्ष सकिएको एउटा क्षण उसको मृत्युको त्यो लाचार क्षण हुन्थ्यो । समय त जतिसुकै लामो होस् तर त्यो एकदिन सकिन्छ, व्यतित हुन्छ र आगतको गतिले त्यसलाई थिच्छ, पुर्छ, समाप्त हुन्छ र सारा इतिहास र उपलव्धिहरू धरती मुनि कहीं अज्ञात क्षेत्रमा दबिएर रहेको कोइलाखानी वा सुनखानी जस्तो समयको र व्यतितको अनन्त दुरीले चिथेर फोसिल्स बन्छन् मान्छेका सबै योगदानहरू ।**[१९८] यस निबन्धमा विसङ्गतिबीच नै अस्तित्वको लागि सङ्घर्ष गरेको चिन्तन पाइन्छ र निबन्धकारले समाजमा परिवर्तन ल्याउन, अव्यवस्था र अन्याय विरुद्ध डटेर लाग्नु पर्छ भन्ने कुराप्रति सचेत गराउँदै कायरहरूको मृत्युमा संवेदना हुँदैन, संघर्षशील र मृत्युलाई जित्न सक्नेहरूको मृत्युले अरुलाई प्रेरणा दिन सक्छ भन्ने भावना अभिव्यक्त गरेका छन् । सामाजिक परिवेशमा मानिसहरू स्वाभिमानी र सङ्घर्षशील हुनु पर्छ भन्ने भावना निबन्धकारको रहेको छ । सामाजिक अन्याय अत्याचार विरुद्ध डटेर लाग्न सकिएमा मात्र समाजमा व्याप्त विसङ्गतिहरू हटेर जान्छन् भन्ने निबन्धकारको प्रगतिशील चिन्तन रहेको छ, : **मृत्यु त आफूले रोज्ने हो । कसरी मर्ने ? मृत्युका अनेकौं संभावना मध्येबाट एक साहसिक, गम्भीर र आत्म स्वाभिमानको मृत्यु छनौट गर्न सक्नुपर्छ । हामीले समाजमा, देशमा भइरहेका अन्याय अत्याचार र वेथितिहरू विरुद्ध शिर उठाउँदा ती शिरलाई कुल्चिने सत्ताहरू धरतीमा जतातत्तै स्थापित छन् । समाजका साना साना अत्याचारी सत्ताका इकाइहरूदेखि सरकारका बन्दुक र फाँसीहरू पनि हाम्रा विरुद्ध छन् । हामी जस्तै मृत्यु भित्रै जीवन बिताइरहेकाहरूले अत्याचारको जाल बुनेर हामीमाथि नै शासनको खेल खेलेका छन् । हामी मृत्युको त्रासले तिनका अघि समर्पित छौं, दयाको भीख माग्दछौ, दुईदिन भए पनि यस जीवनले नयाँ सूर्य देख्न इच्छा गर्छौ । हामी भोलिवादीहरू,**

---

[१९७] पूर्ववत, पृष्ठ ३ ।

[१९८] पूर्ववत, पृष्ठ ७ ।

**भोलिको मोहग्रस्त भएकाहरू - हामी जस्तै लाचारहरूका पैतालाको प्रशंसा गरेर तिनलाई मूर्तिमा उभ्याइरहेछौं । हामीले मृत्यु रोज्न नजान्दा तिनीहरूले हामीलाई दासताको जीवन र अनाथको मृत्यु प्रदान गरिरहेका छन् ।**[१९९] प्रस्तुत निबन्धको भाषाशैली सरल रहेको छ । विचारात्मक तथा भावात्मक शैलीमा लेखिएको यस निबन्धमा रेविज, टि.बि., क्यान्सर, एड्स, फोसिल्स, कोब्रा जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । यस निबन्धमा निबन्धकारले मानिस भएर सङ्घर्षशील जीवन जिउनु पर्छ भन्ने सन्देश दिएका छन् ।

**३. पेशा मानेपछि त्यो पवित्र हुन्छ**

प्रस्तुत निबन्धमा एउटा निम्नस्तरको महिला एवम् दलित जातिको पीडा र स्वाभिमानलाई सँगसँगै अभिव्यक्त गरिएको छ । यस निबन्धमा निम्नस्तरमा रहेका हरिजन समुदायको संस्कार र संस्कृतिको चर्चा यस प्रकार गरिएको छ , **थोरै उमेरमा नै राधाका धेरै छोराछोरी जन्मिइसकेका छन् । पढेलेखेका शिक्षित कर्मचारीहरूको संगतमा रहेर पनि राधाले छोराछोरी पाउने काममा भने आफूलाई रोक्न सकिन । हरिजनहरूको बस्तीमा छोराछोरी कम पाउने, नियन्त्रण गर्ने, सफा सुग्घर रहने भन्ने कुराहरू नै हाँस्यास्पद मानिन्छन् । अझ बालकहरूलाई पढाउने विद्यालय पठाउने भन्ने त कल्पनै नगरे हुन्छ । रातदिन मात्ने, झगडा गर्ने, एउटाको छोरा जन्म्यो भने ४/५ जनाले त्यसलाई आफ्नी छोरीका लागि दावी गर्ने, त्यसैमा झगडा गर्ने र पिटापिट गर्ने गर्छन । हरिजनहरूको समाजमा एउटा समस्या ज्यादै तीखो भएर आएको रहेछ । प्रायः छोरीको जन्मदर ज्यादा भएकाले छोरीहरूको विवाहको समस्या सबैभन्दा ठूलो । त्यसैले कसैको छोरो जन्म्यो भने आफ्नी ८/१० वर्षकी छोरी त्यो बालक जन्मेकै दिन त्यसलाई दिइहाल्दा रहेछन् ।...**[२००] यस निबन्धमा श्रमिकहरूको पीडा र बिद्रोह एकैसाथ बोलेको छ र समाजको वर्गभेदलाई खोतल्ने प्रयास भएको छ । यस निबन्धमा निबन्धकारले प्रगतिवादको सूचना समेत दिएका छन् जस्तै : **सारा मानिसका फोहोरहरू कुनै एउटा जाति विशेषले मात्र सफा गर्नु पर्ने यो कानुन बन्यो कसरी ? हे समाज ! आजको यो एक्काइसौं शताब्दिको संघारमा आइपुगेर पनि तिमीले मानव इतिहासलाई छुवाछुत र उँचनीचको अहंकारबाट मुक्त गर्न सकेनौ कठै ! बितेका दुईहजार वर्षहरूले पनि मानिसलाई मानसिक दासताको कहालीलाग्दो भीरबाट फर्काउन खै कहाँ सक्यो ? किनबेचको पशु परम्परा प्रतिबन्धित भयो निश्चय पनि, तर एउटा वर्ग जो जहिले पनि फोहोरै सोहोरिरहन्छ त्यसलाई उठाएर समाजको प्रतिष्ठित आसनमा पुऱ्याउने कुनै उद्धारशैलीको विकास भएको छैन । हरिजनको टोलमा पसेर कसैले तिनको उत्थानको गीत रच्न सकेकै छैन । राधाहरू**

---

[१९९] पूर्ववत, पृष्ठ ८ ।

[२००] पूर्ववत, पृष्ठ १२ ।

**रोइरहेकै छन्- छादका विरुद्ध, अपहेलना र तिरस्कारका विरुद्ध ।**[२०१] समाजमा विभिन्न बहाना बनाएर भोजभतेरका नाममा हुने विकृतिलाई निबन्धकारले वस्तुगत ढङ्गले चित्रण गरेका छन् । मानिस चाहे निम्नवर्गको होस् वा उच्चवर्गको होस् उसभित्रको स्वाभिवान भने जिउँदै हुन्छ र आफ्नो अस्तित्वको खोजि गरिरहेको हुन्छ भन्ने कुराप्रति निबन्धकारले सचेत गराउन खोजेका छन् । यस निबन्धमा क्लोजिङ्ग, गेष्टरुम, बियर, कार्टुन, पोष्टमार्टम, फिल्म शो, गार्ड, गेट, स्विपर, स्टाफ, ट्वाइलेट, लेजर जस्ता अङ्ग्रेजी आगन्तुक शव्द, हरिजन, डुम जस्ता मैथिली आगन्तुक शव्द साथै उँचनीच जस्ता हिन्दी आगन्तुक शव्दको प्रयोग भएको छ । वर्णनात्मक तथा संवादात्मक शैली रहेको यस निबन्धमा अड्बाङ्गा, दुङ्गदुङ्गती, तनतनी, बिगारी बिगारीकन जस्ता शव्दको प्रयोग छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा समाजमा ठूलो हुँ भन्नेहरूले आफ्नो व्यवहार निष्कृट गर्न नहुने कुराप्रति सचेत गराउँदै निबन्धकारले सो कुरामा सुधार हुनु पर्ने सन्देश दिएका छन् ।

**४. उत्तमजङ्ग सिजापतीको आलु**

प्रस्तुत निबन्धमा तत्कालीन राजनैतिक परिवर्तनपछि जनतामा महत्वाकाङ्क्षा जागेको र सिर्जनशील मानिसको सिर्जनाले चाहेजस्तो मूल्याङ्कन पाउनुको सट्टा राजनीतिक विकृतितिर उन्मुख भएको विषयवस्तुलाई केलाइएको छ । तत्कालीन राजनैतिक अस्तव्यस्ततताप्रति निबन्धकारको आक्रोश र व्यङ्ग्य अभिव्यक्त भएको छ जस्तै : **आफ्नै कार्यहरूका मूल्यांकन र उपलव्धिहरू नै झन्झन् बाँच्दै र बढ्दै जान मन लाग्ने आकांक्षाका उचाइहरू हुन् । तर जब जब आफ्नो मेहनत र परिश्रमको मूल्यांकन कमजोर हुन्छ, नष्ट हुन्छ, बनिसकेको, भेटिसकेको, पाइसकेको कुरा समाप्त हुन्छ तब जीवन यत्रो वर्ष उठेको उचाइबाट थाम्नै नसकिने वेगमा निराशातिर खस्दछ ।**[२०२] प्रस्तुत निबन्धले देशको नाममा भएको मनपरीप्रति व्यङ्ग्य गरेको छ । यस निबन्धमा निराशावादी चिन्तन गर्दै उपलव्धिसहितको सम्मानको खोजी गर्ने कार्य निबन्धकारले गरेका छन् जस्तै : **'हजुर, अब मलाई केही गर्न पनि उत्साह छैन, मन छैन, रहर छैन र कसैलाई देखाउनका लागि पनि म अब केही गर्दिन । यहाँ जति नै गरे पनि जे नै गरे पनि त्यसको कुनै मूल्याङ्कन छैन, महत्व छैन, खोजी छैन, वास्तै छैन ।'**[२०३] सरल भाषाशैलीमा आत्मपरक ढङ्गले लेखिएको प्रस्तुत निबन्धमा सिर्जनाकारले चाहेजस्तो मूल्याङ्कन नपाएको र राजनीतिक विकृति विसङ्गति भने बढेर गएको गुनासो अभिव्यक्त भएको छ, जस्तै : **यहाँ कवि लेखकहरू विभाजित छन् । कृषकहरू विभाजित छन् । वैज्ञानिकहरू विज्ञानको शोधकार्य छोडेर गा.स.स.का उमेद्वार**

---

[२०१] पूर्ववत, पृष्ठ १५ ।

[२०२] पूर्ववत, पृष्ठ २१ ।

[२०३] पूर्ववत, पृष्ठ १९ ।

**भएका छन् । पत्रकारहरू पार्टीका घोषणापत्र छाप्छन् । शिक्षक, प्राध्यापकहरू विद्यार्थीलाई पार्टी कार्यकर्ताको प्रशिक्षण दिन्छन् । कृषिमन्त्रीहरू मलखादको, कमिसनको मुद्दा बोकर अदालत धाउँछन् । डाक्टरहरू विरामीको रोग होइन- उसले तिर्ने शुल्क जाँच्दछन् ।**[२०४] प्रस्तुत निबन्ध शीर्षक निबन्ध भएको र यसको अङ्ग्रेजी भाषामा समेत अनुवाद भएको छ । यस निबन्धमा पार्टी, रेडियो, लेमिलेसन, फोटोग्राफर, चिप्स, पुलिस, कङ्ग्राचुलेसन जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । भावात्मक तथा विवरणात्मक शैलीमा लेखिएको यस निबन्धले सिर्जनाको सही मूल्याङ्कन हुनु पर्ने र राजनीतिक विकृति, विसङ्गति हट्नु पर्ने सन्देश प्रस्तुत गरेको छ ।

**५. हामी पारिजातहरू**

प्रस्तुत निबन्धमा निबन्धकारले सीमास्तम्भको प्रसङ्ग उठाउँदै राष्ट्रियतामाथि गहिरो चिन्तन र चासो अभिव्यक्त गरेका छन् । राष्ट्रियता भन्ने कुरा भावना, मन र आस्थाबाट आउनु पर्छ र सो कुरा प्रत्येक व्यक्ति व्यक्तिमा टड्कारो रूपमा देखिनु पर्नेमा सत्ताका राजनीतिक गर्नेहरू आफ्नो देशको सीमा मिचिदा पनि चुप रहेको परिस्थितिप्रति निबन्धकारको आक्रोश व्यक्त भएको छ जस्तै : **आज देशका सीमास्तम्भ सरेको बेला सांसदहरू मौन छन्, राष्ट्रवादीहरू चुप छन् । देशभित्र एकले अर्कालाई होच्चाउन, गाली गर्न मात्र बानी परेका मुखाले पार्टीहरू विदेशका सामु चिउँडो दलिरहेछन् । राष्ट्रियताका नाममा चुनावमा मत माग्नेहरू आज प्राविधिक त्रुटिमाथि क्षमादान गरिरहेका छन् । नारामा, भाषणमा, अन्तर्वार्तामा ठूला ठूला शब्द बोल्नेहरू सत्तालिप्साका भोलिका मिति गनेर आज गणितीय सूत्र जनतालाई पढाउँदै छन् ।**[२०५] वास्तवमा राष्ट्रियता भावनामा हुनु पर्छ , राष्ट्रियताप्रति आस्था, विचार र भावना भएका व्यक्तिहरूले सहयोग नपाएको कुराप्रति निबन्धकारको गुनासो रहेको छ । यस निबन्धमा मानिस मानिस बीचको द्वन्द्व र व्यक्तिगत स्वार्थ जस्ता कुराहरूको चर्चा गर्दै निबन्धकारले समाजमा व्याप्त आतङ्क यस प्रकार उल्लेख गरेका छन् : **त जे-जे भए पनि जस्तो-जस्तो भए पनि मानिसको त्यो आदिमपीडा यथावत् छ । संसारमा आज मानिस मानिसबाहेक अरु कुनै प्राणीद्वारा डराउँदैन र मारिदैन पनि । मानिसले खेदेको छ मानिसलाई, मानिसले मारेको छ मानिसलाई, नंग्रा नभएको, दाह्रा नभएको, हेर्दा क्रुर पनि नदेखिने, तर हाँसी हाँसी नै मारिदिन सक्ने मान्छे नै मान्छेको त्रास भएको, आपद् भएको छ । राष्ट्रियताका नाममा, स्वाभिमानका नाम, जाति, धर्म, वर्णका नाममा त मानिस एकैपल्टमा बमका धक्काहरू मै कति पर्छन् पर्छन, तर व्यक्तिगत**

---

[२०४] **पूर्ववत**, पृष्ठ २२ ।

[२०५] **पूर्ववत**, पृष्ठ २८ ।

**स्वार्थहरूकै बीच पनि भएको लुटपाटको सीमा कहीं छ** ?[२०६] आफ्नो आस्थाप्रति प्रतिवद्ध रहने पारिजातको विचारझैं निबन्धकारको प्रतिबद्धता पनि टड्कारो र अटल रहेको छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले तत्कालीन राजनीतिक विकृतिप्रति व्यङ्ग्य गर्दै प्रत्येक व्यक्तिले राष्ट्रियताप्रति चासो राख्नु पर्ने सन्देश दिएको छ ।

**६. सन्दर्भमा – आफ्नै उपनामको चर्चा**

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो विगतको दयनीय वास्तविकतालाई खोतलेका छन् । आफ्नो जीवन भोगाइका दयनीय दिनहरूमा आफ्ना नातेदारहरूबाट कुनै सहयोग नपाउनुको पीडा अभिव्यक्त गर्दै निबन्धकारले सो को विद्रोहस्वरूप आफ्नो थरलाई ओझेलमा राखेर धरावासी उपनाम राखेको स्वीकार गरेका छन् जस्तै : ...**तर पनि मलाई आफ्नो कुल र थरदेखि शक्त घृणा थियो । मैले कलिलो उमेरमा पाएको मानसिक पीडामा आफ्ना काकाहरूका तर्फबाट कुनै प्रकारको सहानुभूति नपाएपछि मलाई उनीहरू समेत जोडिएको त्यो सयौं वर्ष पुरानो थोत्रो थरको भारी बोक्न कुनै बाध्यता थिएन । मैले भट्टराई थरलाई बहिष्कार गर्ने निर्णय गरे**...[२०७] । यस उपनामले गर्दा साहित्यिक क्षेत्रमा अलग पहिचान कायम राख्न सहयोग पुगेको धारणा अभिव्यक्त गरे पनि सामाजिक विकृतिप्रति निबन्धकारको आक्रोश व्यक्त भएको छ  र मानवतावादी धारणा सवल हुनु पर्ने भावना व्यक्त भएको छ जस्तै ... **मैले संसारमा एउटा देश देखें पृथ्वी, एउटै जात देखे मानिस, एउटै धर्म देखें मानवता । त्यस कारण हामी कोही पनि पृथ्वीको कुनै एक कुनाको, एक छेउको मात्र होइन धरतीको जुन कुनामा उभिएको भए पनि हामी धरतीका मान्छे हौ, धरतीका बासी हौं । हाम्रो घर धरती हो, आमा धरती हो, हाम्रो थर, गोत्र, जाति, वर्ग, धर्म, सब कुरामा धरती । धरती भन्दा ठूलो र धरती भन्दा पर केही छैन । यस विचारबाट म पाक्दै गएँ र आफ्नो नामको पर्तिर मैले 'धरावासी' लेखें ।**[२०८] यस निबन्धमा टेलिपेथी, हिप्नोटिज्म, मेस्मेजिज्म, प्लान्चेट, एडिक, माइण्ड, प्रुफ जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । सरल र निजात्मक भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले मानवतावादी धारणा प्रवल हुनु पर्ने र सो नभएर विसङ्गति र विकृति व्याप्त भएमा विद्रोह जन्मने सन्देश दिएको छ ।

**७. घर**

प्रस्तुत निबन्धमा घरलाई सुरक्षाको प्रतीकका रूपमा लिइएको छ । असहायहरूले घरको ओतमा सुरक्षाको अनुभूति गर्छन् भन्ने चर्चा गरिएको छ जस्तै : **घर भनेको सुरक्षाको प्रतीक हो । शत्रुहरूबाट जोगिन, शरीरलाई आराम दिन, घामपानी र प्रकृतिका आपत्तिहरूबाट**

---

[२०६] **पूर्ववत,** पृष्ठ २४ ।

[२०७] **पूर्ववत,** पृष्ठ ३२ ।

[२०८] **पूर्ववत,** पृष्ठ ३२ ।

**बँच्न जसलाई पनि घर चाहिन्छ । जसले पनि घर बनाउँछ । चराहरू आफूले फुल पार्ने बेलामा गुँड बनाउछन्, फुल पार्छन, बच्चा कोरल्छन्, तिनलाई हुर्काउँछन् र गुँड त्याग गर्छन् । फेरि अर्को ठाउँमा पुग्छन्- अर्को मौसममा अर्को गुँड बनाउँछन्, बच्चा कोरल्छन् । बाघ, भालु आदि जंगली जनावरहरू ओडार खोज्छन्- त्यहीं बस्छन् । प्रकृतिबाट प्राप्त सिमित चेतनाका आधारमा मात्र पनि जीवजन्तुहरू आफ्नो सुरक्षाका लागि घरको व्यवस्था गर्छन्** ।[२०९] यस निबन्धमा घर शव्दको अनेक अर्थ लगाउँदै घरलाई नारी रूपसँग तुलना गरिएको छ । घर र नारी प्रेमलाई सादृश्य र समान भावनाले हेर्ने प्रयत्न भएको छ । प्रेम, मायाममता भएको घर नै साँचो अर्थमा घर भएको धारणा अभिव्यक्त भएको छ जस्तै : **भौतिक साधन र सुविधाले मात्र घर छैन । घरमा सम्पूर्ण दुःखहरूका माभ्र पनि एउटी आमा छिन् । आमा छैनन् भने पत्नी छिन, प्रेमिका छिन । जो छिन तर घरमा नारी छिन, स्त्री छिन् । जीवनको प्रारम्भ नारीसंगको संभोग र नारी संरक्षणबाट भयो । नारीभित्रै सृजिएर नारीकै सम्पूर्ण ममता पाएर जीवन प्रारम्भ भयो । बाँच्ने र बढ्ने प्रेरणा नारीकै प्यारो काख, न्यानो छाती, ताता ओठ र मीठा बोलीहरूले दिए । जहाँ पुगौं- मनको एक कुनामा कुनै मीठो हर्ष, आकर्षण र स्मरण जीवित छ । सारा संसारको भ्रमणपछि पनि आफ्नै रामभुपडीको एक कुनामा सजाइएको खाट र कुरेर बसेकी नारीको ताजा स्मरण जीवित छ** ।[२१०] घरभित्र नारीको मायाममताको आकर्षण रहेको र प्रकृतिले नै नारीमा प्रेम र कोमलताको भाव भरि दिएको धारणा निबन्धकारको रहेको छ । भावात्मक तथा सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्ध आशावादी जीवनसँग सम्बन्धित रहेको छ । मानिसबाट मानिस त्रस्त हुनु पर्ने विसङ्गतिप्रति निबन्धकारले व्यङ्ग्य गर्दै मानवमा प्रेम, माया र स्नेह हुनु पर्छ भन्ने सन्देश दिएका छन् ।

**८. आँखाभरि बिभ्काइरहेछन्- शरणार्थीका अनुहारहरू**

प्रस्तुत निबन्धमा आफ्नो थातथलो छोडेर विदेशमा शरणार्थी जीवन जीउन बाध्य मानिसहरूको पीडालाई अभिव्यक्त गरिएको छ र निबन्धलाई शरणार्थीको पीडाले भावुक पनि बनाएको छ जस्तै : **आफ्नो घर, आफ्नो माटो, आफ्नो राष्ट्र र संसारलाई त्यागेर जीउ मात्र बोकी बाँच्नका लागि भाग्नु पर्दाको त्यो दृश्य र अवस्थालाई हेरिसकेपछि मलाई मानव सभ्यता र सामाजिक अस्तित्वलाई नै एउटा कडा वितृष्णा उत्पन्न भएर आयो । आखिर मानिसले यत्रो ठूलो भौतिक उन्नति गरेर के भो जब एउटा सानो जातीय कुरामा नै - यो एक अर्कालाई छुट्याएर निमिट्यान्न पारु भन्छ । जब एउटा बोली, भाषा, भेष, संस्कृति र गीतहरू नै मेटुँ भन्छ । संसारका हरेक कुनामा जाति, वर्ग, राष्ट्र र रङ्गका रेखाहरूमा विभाजित भएको यो एक्काइसौ शताब्दिको ढोकामा उभिएको मान्छेले कुन गर्वका साथ भन्ला**

---

२०९ पूर्ववत, पृष्ठ ३५ ।

२१० पूर्ववत, पृष्ठ ३७ ।

**हामी सिद्धार्थभन्दा पच्चीस सय वर्षपछि जन्मेका मान्छे हौ । आखिर जति नै विज्ञानको शिखरमा चढे पनि मानवीय संकुचनको सिंढीबाट एक पाइलो तल नझरेपछि हामीले चन्द्रमा चढेको अग्लाइ नै के भो र ?**[२११] । मानवतावादी जीवनदर्शनबाट ओतप्रोत निबन्धकार यस निबन्धमा मानवीय पीडा र संवेदनाप्रति संवेदनशील रहेका छन् जस्तै : **मैले त्यहाँ देखेको छु । एउटा अत्यन्त सीमित क्षेत्रमा हजारौ मानिसहरूलाई बाँसको टाटी र प्लाष्टिकको छानोभित्र केवल बास बस्न र आफ्नो भविष्य पर्खन अनिश्चित कालसम्मको लागि छोडिएको छ । उनीहरू ती क्याम्पबाट पाखा निस्कन पाउँदैनन्, निस्कनु हुँदैन । उनीहरूसँग लुगा छैन, अन्न छैन, भाँडाकुँडा छैन । कतिका आमाबाबु छैनन्, कतिका छोराछोरी छैनन् । आपत्मा ज्यान जोगाएर भाग्नेहरू कतिले स्वर्ग हिँडेका पाण्डवहरूले बाटोमा लडेकी द्रौपदीलाई छोडेझैं आफन्तहरूलाई बाटोबाटै छोड्दै आएका छन् ।**[२१२] यस निबन्धमा मानवीय मूल्यमान्यताहरू राजनैतिक र औपचारिक हुँदै गएको कुरामा निबन्धकारको चिन्ता रहेको छ । यस निबन्धमा फिल्म, फोटो, भिडियो, डायरी, प्लेकार्ड, प्लास्टिक जस्ता अङ्ग्रेजी आगन्तुक शव्दको प्रयोग भएको छ । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले शरणार्थीहरूको पीडालाई चित्रण गर्दै मानवताप्रति आस्था हुनु पर्ने सन्देश दिएको छ ।

### ९. अब त यसरी नै बाँच्नु पर्ला

प्रस्तुत निबन्धमा दैनिक जीवन भोगाइका जीजीविषाको चर्चा गरिएको छ । मृत्यु र जीवनको विविध पक्षलाई केलाएर जीवन बाँच्नुको लागि हो भन्ने धारणा अभिव्यक्त भएको छ जस्तै : **जीवन पूर्णतामा बाँच्नलायक छ । यो बाँच्नकै लागि हो । तर बाँच्दाखेरि पनि त्यसरी नै बाँच्नु पर्ने भो जसरी बाँच्नु जीवनकालागि आवश्यक छ । यसकालागि न परिचयको व्यापकता आवश्यक छ, न सुनसान अज्ञात एकान्तता नै ।**[२१३] मानिसहरू आ-आफ्नै संसारमा रमाइ रहेको प्रसङ्ग उल्लेख गर्दै निबन्धकारले जीवनका विविध पक्षमा आफ्ना मनोगत कुराहरू राखेका छन् । सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा गज्याङ्गगुजुङ्ग, हल्काफुल्का, घिटिकघिटिक जस्ता शव्द एवम् पाइडल, अक्सिजन, सिलिण्डर, लेजर, व्यालेन्स, बस, ग्यासच्याम्बर जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग भएको छ । यस निबन्धमा संस्कृत वाक्य **अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत, अव्यक्तनिधानान्येव तत्रका परिदेवना**[२१४] को पनि प्रयोग भएको छ । प्रस्तुत निबन्धमा निबन्धकारले मानव जीवन बाँच्नुको लागि हो भन्ने सन्देश दिएका छन् ।

---

[२११] **पूर्ववत,** पृष्ठ ४१ ।

[२१२] **पूर्ववत,** पृष्ठ ४१,४२ ।

[२१३] **पूर्ववत,** पृष्ठ ४८ ।

[२१४] **पूर्ववत,** पृष्ठ ४५ ।

### १०. भोलिपट्टि फर्किएका आँखा

प्रस्तुत निबन्धमा भुटानी शरणार्थीको दिनचर्यालाई विषयवस्तु बनाइएको छ । शरणार्थीभित्रको मानवीय पक्ष तथा यौन पक्षलाई पनि केलाइएको प्रस्तुत निबन्धमा शरणार्थीहरूको पीडा अभिव्यक्त भएको छ जस्तै : **फेरि पनि त्यही छाप्रोभित्र सबैका सामु समयकालमा नवजात शिशु जन्मन्छ, कंशको कारागारमा रुँदै जन्मेको बालक झैं । त्यो जयजन्मसँग लाज, शर्म, केही छैन, मात्र एउटा उदासी अनुहार छ कालो भविष्यको छाँया । तर भोलिको अनिश्चितताका विरुद्ध एउटी नवयुवती अपुत्री हुन कवै तयार छैन हुन्न । एउटा युवक आफ्नो बंश परम्पराको प्रकृयाबाट कसरी बिमुख हुन सक्छ** ?[२१५] शरणार्थीहरू भोलिको भविष्यप्रति आशावादी रहेका छन् । उनीहरू कहालीलाग्दो निराशाबाट आशातिर उन्मुख छन् जस्तै : **यस पराधिनताभित्रबाट पनि जीवनको तिर्सना जो बोल्यो उसले भविष्यतिर जो फर्कियो ऊ मलाई त्यसै दिन पनि लागेको थियो- जीवन भनेको भोलिपट्टि फर्किको आँखा हो जसले भविष्य पर्खिन्छ र वर्तमान भोग्छ ।**[२१६] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले शरणार्थीको दैनिक जीवनचर्या र पीडालाई प्रष्ट पारेको छ । शरणार्थीहरूका माध्यमबाट निबन्धकारले मानवीय जीवनको विकृत पक्षलाई उजागर गर्दै विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ११. नागरिकता बोकी देश जान्छन् नेपालीहरू

प्रस्तुत निबन्धमा राष्ट्रियताका बारेमा निबन्धकारले आफ्नो चासो राखेका छन् । यस निबन्धमा राष्ट्रियताका नाममा भएका नाटक र खेलवाडप्रति निबन्धकारले दिग्दारी अभिव्यक्त गर्दै यसप्रकार सचेत गराउन खोजेका छन्, जस्तै : ...**भारतमा व्यापार गर्न पसेका अंग्रेजहरूले मुलुकमा कहिले कम्पनी सरकार खडा गरे भारतीयहरूले थाहै पाएनन् । चीनमा व्यापार गर्न परेका बेलाइतीहरूले कहिले उनीहरूलाई अफिमची बनाए थाहै पाएनन् । तर जब थाहा पाए, थाहा पाई सक्दा भारतीयहरू अंग्रेजका गुलाम भइसकेका थिए, चीनियाँहरू लागु पदार्थले ग्रस्त दास भइसकेका थिए ।**[२१७] राष्ट्रियताप्रति संवेदनशील नहुँदा अरुको दास हुनु पर्ने उदाहरणलाई निबन्धकारले सरल ढङ्गले राखेका छन् । वास्तविक नागरिकता पाउने व्यक्तिहरूले नागरिकता नपाएको र अवास्तविक व्यक्तिहरूमा नागरिकता विक्री भइरहेको वास्तविकताप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । राष्ट्रियताको कुरा गर्नेहरूमा नै इमान्दारिताको अभाव देखिएको कुरामा निबन्धकारले गम्भीर चासो गर्दै त्यसबाट उत्पन्न विकृतितर्फ यसप्रकार सचेत गराएका छन् जस्तै : **जब पैसाका लागि बिक्ने बानी लाग्छ,**

---

[२१५] **पूर्ववत**, पृष्ठ ५० ।

[२१६] **पूर्ववत**, पृष्ठ ५१ ।

[२१७] **पूर्ववत**, पृष्ठ ५२ ।

**आईमाईहरू बेश्या हुन्छन्, पुरुषहरू दास । कुनै देशका शासक प्रशासक तथा राजनैतिक व्यक्तिहरू नै बिक्न थाले भने के त्यो देश रहला ? देश मागेर, भेटेर वा अन्यत्रबाट कमाएर ल्याइएको वस्तु थिएन । यो त युद्ध, संघर्ष र ठूला ठूला बलिदानबाट प्राप्त उपहार थियो । तर आज यो देशी विदेशी दलाल र लुटाहाहरूका लागि पंजाछाप गरिदैछ ।**[२१८] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा भोट, टेक्निकल, टाई जस्ता अङ्ग्रेजी शव्दको पनि प्रयोग भएको पाइन्छ । निबन्धकारले यस निबन्धमार्फत राष्ट्रियताप्रति इमान्दार हुन र राष्ट्रियतालाई विक्री नगर्न सचेत हुनु पर्ने सन्देश दिएका छन् ।

**१२. काँटा चम्चाले खाएर पेट नभर्ने**

प्रस्तुत निबन्धमा एउटा निम्नवर्गकी सामान्य महिला खुलाल्नी आमैको चर्चा गरिएको छ । निबन्धकारले खुलाल्नी आमै पात्रको माध्यमबाट महिलाको पीडा, भोगाइ र जीजीविषालाई अभिव्यक्त गरेका छन् : **के हाँस भन्छौं कृष्ण ! हाँस्ने भए पो हाँस्नु ? केलाई हाँस्नु ? खुशीलाई, जाँगरलाई, उत्साहलाई हाँसु- त्यो छैन । तीस वर्षमा बिधुवा हुँदा काखमा दुई छोरा एक छोरी थिए । जवानी बाँकी नै थियो । रहर उमंग र उत्साह बाँकी नै थियो । लाज, शरम, डर र त्रास बाँकी नै थियो । सब बाँकी थियो तर पतिको साथ थिएन, आफन्तको हात बाँकी थिएन ।**[२१९] निम्न वर्गीय समाजको सामान्य विषयवस्तुलाई आधार बनाएर यस निबन्धमा निबन्धकारले समाजका यथार्थ कथावस्तुहरूलाई उजागर गरेका छन् जस्तै : **यो समाज नै भिखारीहरूको छ, पागलहरूको छ । लाचारहरूको छ, भोकाहरू, अचेतहरू अवलाहरूको छ । तिनका कथाहरू समाजका यथार्थहरू हुन् । म त यथार्थ मै पसें । गल्ती भयो होला तर के गर्ने- आफू त रच्छ्यान मै हुर्किएको मान्छे- टेवलमा,काँटा चम्चाले खाएको पेटै नभर्ने ।**[२२०] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले समाजका यथार्थ वास्तविकतालाई उजागर गर्दै सामाजिक विकृतिप्रति सबैलाई सचेत गराएको छ ।

**१३. देश भनेको के हो ?**

प्रस्तुत निबन्धमा देश शव्दमा हुनु पर्ने संवेदनशीलताको खोजी गरिएको छ । राष्ट्रको युवा शक्तिलाई देशभित्रै रोजगारी उपलव्ध नसकेकाले उनीहरू भौतारिनु परेकोप्रति निबन्धकार चिन्तित देखिन्छन् : **देशलाई संकट पर्दा छाती थाप्ने युवाहरू आज जापान, कोरिया, अरब, जर्मन, इन्डोनेशिया, भारत र अरु कैयौं देशहरूमा निरिह कुल्लीगिरी गरिरहेका छन् ।...**[२२१] देश बनाउने पाखुराहरूलाई देशभित्रै परिचालन गर्नुपर्ने राष्ट्रवादी सोच

---

[२१८] **पूर्ववत,** पृष्ठ ५३ ।

[२१९] **पूर्ववत,** पृष्ठ ५६ ।

[२२०] **पूर्ववत,** पृष्ठ ५७ ।

[२२१] **पूर्ववत,** पृष्ठ ६० ।

निबन्धकारमा रहेको देखिन्छ । आफ्नो देशमा काम नपाएर विदेशिनु पर्ने सामाजिक बाध्यताप्रति निबन्धकारको आक्रोश रहेको छ जस्तै : ...**बजेट भाषणमा स्वर्ग पुग्ने सिंढी ठड्याएर मात्र हुदैन । युवा शक्तिको निकासीलाई बन्द गर्नु पर्छ । छोराहरू र छोरीहरूलाई यहीँको माटोमा उभिन धरती दिनुपर्छ । सरकार भनेको जनताको मुटु हो त्यसले राष्ट्रभरि रक्त संचार गर्नुपर्छ, आस्था संचार गर्नुपर्छ र देशलाई मर्नबाट बचाउनु पर्छ, अन्यथा साँध सिमानाको मात्र देश त जुनसुकै बलियाले जति बेला पनि भत्काउन सक्छ । निर्जन बस्तीमा प्रवेश गर्न कसलाई गाह्रो हुन्छ र ? राष्ट्रलाई निर्जन बस्ती नबनाइयोस् ।**...[२२२] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा स्टाम्प, सेल्टर, कन्डिसनल्ड जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग तथा डगरबगर, भूराभूरी जस्ता द्वित्व शब्दको पनि प्रयोग भएको छ । यस निबन्धले देश बनाउने युवा वर्गलाई आफ्नो देशको माटोलाई उर्वर बनाउने र राष्ट्रियताप्रति संवदनशील रहने सन्देश दिएको छ ।

**१४. सन्तान सुख नै चरम सुख हो ?**

प्रस्तुत निबन्धमा निरन्तर जीवनको कुराहरू र सृष्टिको निरन्तरतालाई चर्चा गर्दै मातृ वात्सल्यको चित्रण गरिएको छ । आफ्ना बृद्ध आमाबुवाप्रति आफ्ना सन्तानहरूले निभाउनु पर्ने कर्तव्यमा आएको विसङ्गतिप्रति निबन्धकारमा चिन्ता रहेको देखिन्छ जस्तै : **हाम्रो समाज आर्थिक समृद्धिको युद्धमा हेलिएर आत्मिक सुखको जीवनबाट विमूख हुँदै गएको छ । म आज प्रत्येक घरमा अनाथ वृद्धाहरूलाई एकअर्काप्रति असक्त सुसारमा व्यस्त देख्दछु । तिनका सन्तानहरू जो शिक्षित, सभ्य, बौद्धिक र सम्पन्न छन् तर कहाँ ..........? घरबाट धेरै टाडा शहरतिर डेरामा सानो कोठामा कोच्चिएर एउटा स्टोपमा दम दिदै सानो कुकरमा सिटि बजाएर थोरै भाँडा मोल्दैछन् सुख खोज्ने दुलहीहरू ।**[२२३] आफ्नो सन्तानको सुखको लागि आमा बुवाले सबै कुरा त्याग गर्दछन् तर सन्तानले भने बृद्ध आमा बुवाप्रति आफ्नो कर्तव्य बिर्सदै गएको कुरामा निबन्धकारको आक्रोश अभिव्यक्त भएको छ जस्तै : **अब असक्त र रोगी बृद्धता जीवनकालागि अभिसाप छ । सहानुभूति सद्भाव माया र प्रेमविहिन मृत्युको दीर्घ प्रतिक्षा मानिसको उत्तरार्ध भएको छ । सन्तानहरूबाट टाडा गाउँमा अनकन्टारमा त्यागिएका, छोडिएका बाबुआमाहरू भने टाडिएका तिनै सन्तान कै संझनामा रुन्छन् । चाडपर्वमा बाटो हेरेर बस्छन्, संसारमा रोग बिराम फैलिएको खबर सुन्दा यहाँ आत्तिन्छन् । ठूलो पानी पर्दा, आधी तुफान आउँदा कतै भूकम्प जाँदा बूढाबूढीहरू टाडा बढेका सन्तानहरूका लागि भगवानसंग सुरक्षाको प्रार्थना गर्दछन् ।**[२२४] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धमा

---

[२२२] **पूर्ववत्**, पृष्ठ ६० ।

[२२३] **पूर्ववत**, पृष्ठ ६३ ।

[२२४] **पूर्ववत**, पृष्ठ ६३ ।

आगन्तुक अङ्ग्रेजी शब्द बोर्डिङ्ग, बोडर्स, स्टोप, कुकर, सिटीको प्रयोग भएको छ । निबन्धले प्रत्येक सन्तानले आफ्ना आमाबुवाप्रति आफ्नो कर्तव्य बिर्सन नहुने सन्देश दिएको छ ।

**१५. देख्न थालेपछि लेख्न छाडेको छु**

प्रस्तुत निबन्धमा निबन्धकारले सामाजिक यथार्थताप्रति व्यङग्य प्रहार गरेका छन् । शरणार्थी, बलात्कार, घुसखोरी जस्ता विकृति विसङ्गतिप्रति निबन्धकारको दिग्दारी रहेको छ र यसै सन्दर्भमा भएका प्रत्यक्ष अनुभवहरूलाई निबन्धकारले निबन्धमा अभिव्यक्त गरेका छन् : **भोग्नै नपरेको दुर्दान्तताका बिरोधमा खुब खुलेर लेख्न कति सजिलो ? मान्छेको भावुकता संवेदनशीलता पनि कल्पना गर्न पाए ज्यादा जागृत हुँदोरहेछ । कल्पनाशक्ति ज्यादा भएको लेखक बढी भावुक देखिन्छ पनि तर यथार्थमा परिस्थितिको भोग गर्न पर्ने बाध्यतामा परेपछि संवेदनशीलताले पनि, भावुकताले पनि विस्तारै बिश्राम लिन थाल्ने रहेछन् । मानिस क्रमशः बुद्धि तर्क र कानूनी भाषातिर मोडिदोरहेछ ।**[२२५] उत्तेजना वा संवेदना गराउने वस्तुले उत्तेजना वा संवेदना उत्पन्न गराउन छोडेको कुराप्रति निबन्धकारको चासो र दिग्दारी रहेको छ । मानवीय संवेदनाको पक्ष मर्दै गएको विकृतिप्रति निबन्धकारको विद्रोह छ जस्तै : **र आज मलाई शोक लागेको छ । मेरो लेखनीबाट शरणार्थी, बलात्कार र घुसखोरी शव्दहरू सदाका लागि परमधाम गए । तिनले मलाई कुनै उत्तेजना वा संवेदना उत्पन्न गराउन सक्दैन । मेरो कलमको टुंडो क्रमशः भुत्तिदै गएको छ- देख्न थालेपछि यसले लेख्न छाडेको छ ।**[२२६] सरल भाषाशैलीमा लेखिएको प्रस्तुत निबन्धले वर्तमान सामाजिक विकृति विसङगतिप्रति प्रहार गर्दै मानवीय संवेदना जहिले पनि जागरुक रहनुपर्ने सन्देश दिएको छ ।

## ४.४ मूल्याङ्कन

नेपाली निबन्ध विकासक्रमको तृतीय चरण (वि.सं. २०३६ देखि हालसम्म) मा निबन्धको फाँटमा आएका निबन्धकार कृष्ण धरावासीको प्रथम प्रकाशित निबन्ध कृति 'बालक हराएको सूचना' प्रकाशनको समय वि.सं. २०४८ सालमा नेपाली निबन्ध जगत्मा आलोचनात्मक यथार्थवादको अनुशासन, वर्तमानका वास्तविकता प्रतिबिम्बित, उपभोक्तावादी संस्कृति र प्राविधिक विकासको प्रभाव जस्ता विशेषताहरू व्याप्त रहेको छ । यसै विशेषताहरूलाई नै निबन्धकार कृष्ण धरावासीका निबन्धहरूले अङ्गीकार गर्दै साधारण मानिसको अर्थात निम्नस्तरका पात्रको जीवनशैलीलाई निबन्धमा रूपान्तरण गर्ने, समसामयिक राजनीतिक र सामाजिक विकृतिप्रति व्यङ्ग्य गर्ने, खस्कदो सामाजिक मूल्य मान्यताप्रति चिन्ता अभिव्यक्त गर्ने जस्ता विशेषताहरू बोकेको पाइन्छ । यसै विशेषतालाई पछ्याउँदै २०५३ सालमा 'नारी भित्र त्यस्तो के छ हजुर ?' र २०५५ मा 'उत्तमजङ्ग सिजापतिको आलु'

[२२५] **पूर्ववत**, पृष्ठ ६४ ।

[२२६] **पूर्ववत**, पृष्ठ ६६ ।

निबन्धसङ्ग्रहहरू आएका छन् र निबन्धकार धरावासीको लेखनीसमेत विचार, दार्शनिक सोच, भाषिक परिष्कार, शैलीगत विविधता र संरचनागत सुधारका दृष्टिकोणबाट खारिदै गएको पाइन्छ ।

वि.सं. २०५२ मा यथास्थितिका विरुद्ध विद्रोह र परिवर्तनका निमित्त आक्रोश देखाउँदै माओवादी विद्रोहको सुरुवात भई मुलुक सशस्त्र द्वन्द्वतिर उन्मुखको अवस्था रहेको भए पनि धरावासीका उल्लेखित निबन्धसङ्ग्रहमा सशस्त्र माओवादी विद्रोहको कुनै पनि छनक पाइदैन् । बरु ती सङ्ग्रहहरूमा भुटानबाट निर्वासित भई शरणार्थीको रूपमा नेपालमा आएका भुटानी नेपालीहरूको पीडा र समस्यालाई धरावासीका निबन्धहरूले आफ्नो विषयवस्तु बनाएका छन् । समसामयिक राजनीतिक र सामाजिक विकृतिप्रति व्यङ्ग्य गर्दै सामान्य विषयवस्तुलाई अत्यन्त चमत्कारी ढङ्गले अभिव्यक्त गर्ने निबन्धकार धरावासीले मानवीय जीवनमा आईपर्ने विकृति विसङ्गतिलाई सामाजिक ढङ्गबाट हेर्ने प्रयास गरेका छन् । पाठकमा उत्तेजना र कौतुहलता उत्पन्न गराउँदै छोटो छरितो निबन्ध लेख्ने धरावासीको मुख्य विषयवस्तु साधारण मानिसको जीवनशैली नै रहेको पाइन्छ ।

प्रतिभा र अभ्यासका सङ्गम धरावासीका निबन्धमा विषयवस्तुको उठान आकर्षक र समापन चित्तबुझ्दो हुन्छ । नेपाली निबन्ध जगत्का प्रखर हस्ती शंकर लामिछाने र हृदयचन्द्रसिंह प्रधानका निबन्धझैं धरावासीका निबन्ध आयामका दृष्टिकोणले मझौला आकारका छन् । तत्सम र तद्भव जस्ता मौलिक शव्द बढी प्रयोग गर्ने धरावासीका निबन्धमा जनभाषाको प्रगाढता पाइन्छ भने वाक्यविन्यास तथा शव्दविन्यास पनि जटिल नभएर सरल शैलीको छ ।

नेपाली निबन्धको तृतीय चरणमा समसामयिक राजनीति र सामाजिक विकृतिप्रति व्यङ्ग्य गर्दै आलोचनात्मक यथार्थवादको अनुशासनमा उत्रिएका निबन्धकारहरू नरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा, विश्व शाक्य, जगदीश घिमिरे, हरि अधिकारी, मुकुन्द आचार्य, मनुजबाबु मिश्र, मोहन दुवाल, युवराज नयाँघरे, माधव पोखरेल, भीष्म उप्रेती, सुनिल पौडेल, मोहन सिटौला जस्ता निबन्धकारहरूकै हाराहारीमा निबन्धकार कृष्ण धरावासी समेत उभिएका छन् ।[२२७] बोलचालको भाषा र व्यवहारको अनौपचारिकता तथा सामान्य मान्छेको अनुभूतिका साथै सामान्य जीवनशैलीलाई निबन्धमा चामत्कारिक ढङ्गबाट उतार्न सक्ने खुबी तथा लेखनीले नै धरावासीलाई एउटा सशक्त निबन्धकारको रूपमा उभ्याएको छ ।

निबन्धकार धरावासीका शैलीगत विविधतासँगसँगै यस्ता सवल पक्षहरू रहदा रहदै पनि यदाकदा उनको कमी कमजोरीको आलोचना पनि समालोचकहरूले गरेका छन् ।

[२२७] राजेन्द्र सुबेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** ते.सं. (काठमाडौं : पाठ्य सामग्री पसल, २०५६), पृष्ठ १८ ।

समालोचक राजेन्द्र सुबेदीले उनको निबन्धकारिताका सन्दर्भमा टिप्पणी गर्दा उनलाई सत्ताको आडमा भोजन गर्ने, सत्तासँग विमति राख्ने र आफूलाई गतिशील भनाउने तर हाल पलायित मानिसकताबाट पीडित लेखकको रूपमा चित्रित गरेका छन्[२२८] भने सरोज ओली, पुण्य खरेल जस्ता केही समालोचकहरूले उनमा प्रगतिवादी चेत नभएको तथा पूँजीवादी जञ्जालमा फसेको आरोपसमेत गरेका छन् । यति हुँदाहुँदै पनि समालोचक राजेन्द्र सुवेदीले उनलाई नेपाली राजनीतिको पञ्चायतको समयमा आलोचनात्मक यथार्थवादको अनुशासनमा प्रतिवद्ध रहेकोसमेत टिप्पणी गरेका छन्[२२९] भने तेजराज खतिवडा जस्ता समालोचकहरूले उनलाई यथार्थपरक प्रगतिशीलताको नजिक नै रहेको मानेका छन् ।

समाजका निम्नवर्ग तथा साधारण मानिसको जीवनशैली नै धरावासीका निबन्धको विषयवस्तु हुने भएकोले उनको लेखनीमा समाज सुधार र सामाजिक यथार्थताको प्रस्तुति पाइन्छ । यसैले धरावासीलाई उनको लेखनीमा पाइने समाज सुधार, अग्रगामी विचार र सामाजिक यथार्थताको प्रस्तुतिका आधारमा यथार्थपरक प्रगतिशीलताको नजिक नै मान्नु पर्छ ।

## ४.४.१ कमजोर पक्ष

निबन्धकार धरावासीको निबन्धकारितामा देखिएको कमजोर पक्षहरूलाई निम्नलिखित बुँदाहरूमा चर्चा गर्न सकिन्छ :

- **भावपक्षको प्राधान्य** : निबन्धकार धरावासीका निबन्धहरूमा बुद्धि पक्षभन्दा भाव पक्षको बढी प्राधान्य रहेको पाइन्छ । निबन्धविधा हार्दिकता र बौद्धिककताको सन्तुलनमा लेखिनु पर्ने विधा भए पनि धरावासीका निबन्धमा हार्दिक पक्ष प्रवल भएर आएको पाइन्छ ।
- **हास्यको अभाव** : नेपाली निबन्धको विकासक्रममा भैरव अर्यालले हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनीलाई चरम चुलीमा पुऱ्याएको पाइन्छ र यस धारामा अन्य निबन्धकारहरूको पनि नाम लिन सकिन्छ । तर धरावासीका निबन्धहरूमा हास्यको अभाव पाइन्छ । उनका निबन्धहरूमा श्वेत व्यङ्ग्यको प्रयोग भने सशक्त ढङ्गबाट भएको छ ।
- **आख्यानात्मक शैलीको बढी प्रयोग** : धरावासीका निबन्धमा आख्यानात्मक शैली अर्थात कथात्मक शैलीको बढी प्रयोग भएको पाइन्छ । यस शैलीले गर्दा उनका निबन्धहरूलाई चाखलाग्दो बनाए पनि कथा निबन्ध होइन् र निबन्ध कथा होइन, दुवैमा तात्त्विक फरक छ ।

---

[२२८] राजेन्द्र सुबेदी, **पूर्ववत्**, पृष्ठ १८ ।

[२२९] राजेन्द्र सुबेदी, **पूर्ववत्**, पृष्ठ १८ ।

- **प्रगतिवादको अभाव** : धरावासीका निबन्धमा सामाजिक यथार्थको अभिव्यक्ति भएको हुन्छ, समाज सुधारको शंखघोष हुन्छ र अग्रगामी विचारसमेत मुखरित भएको हुन्छ तर मार्क्सवादी प्रगतिवाद पाइदैन । मार्क्सवादी प्रभावदेखि उनका निबन्धहरू टाढा देखिन्छन् ।

## ४.४.२ सवल पक्ष

निबन्धकार धरावासीका उल्लेखित कमजोरी पक्ष रहे पनि नेपाली निबन्ध जगत्मा उनको सवल पक्षहरू विद्यमान छन् । उनले आफ्ना निबन्धहरूमा साधारण मानिसको जीवनशैली र निम्नवर्गीय पात्रका वास्तविकता तथा समसामयिक राजनीतिक विकृति र खस्कदो सामाजिक मूल्यमान्यताहरूलाई नै विषयवस्तु बनाएको पाइन्छ । मानवतावादी जीवन दर्शनलाई आफ्नो निबन्धमा रूपान्तरण गर्ने धरावासी पछिल्लो समयमा भने निबन्ध लेखनमा भन्दा उपन्यास, कथा र लीलालेखनमा अझ तीव्रताका साथ सक्रिय रहेका छन् । उल्लिखित ३ वटा निबन्धसङ्ग्रहको प्रकाशतपश्चात् पत्रपत्रिकाहरूमा उनका फुटकर निबन्धहरू प्रकाशित हुँदै गरेको भए पनि सङ्ग्रहको रूपमा भने आउन सकेको छैन । निबन्धकार धरावासीको उल्लिखित निबन्धकारिताको विशेषतालाई निम्नलिखित बुँदाहरूमा चर्चा गर्न सकिन्छ :

- **आलोचनात्मक यथार्थवाद** : जीवन र जगत्का वस्तु पक्षलाई जस्ताको तस्तै प्रस्तुत गर्ने र जीवनमा देखा पर्ने वास्तविकतालाई प्रतिबिम्वित गर्ने विशेषता यथार्थवादमा पाइन्छ । समसामयिक राजनीति तथा समाजका वास्तविकताहरूलाई यथार्थपरक ढङ्गले धरावासीका निबन्धमा अभिव्यक्त गरिएको पाइन्छ । सामाजिक यथार्थको धरातलमा धरावासीका निबन्धहरू सशक्त ढङ्गले उभिएका हुन्छन् ।
- **सामाजिक विकृतिप्रति व्यङ्ग्य** : धरावासीका निबन्धमा सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरेको पाइन्छ । खस्कदो सामाजिक मूल्यमान्यताप्रति चिन्ता जाहेर गर्दै समाज सुधारको बाटो देखाउने धरावासीको लेखनीले सामाजिक विकृतिमा प्रहार गरेको पाइन्छ ।
- **मानवतावादी जीवनदर्शन** : धरावासीका निबन्धमा दार्शनिकता अभिव्यक्त भएको पाइन्छ । मानवीय जीवनदर्शनका सूक्ष्म बिम्ब तथा संवेदनाहरूको चिन्तन उनको लेखनीमा पाइन्छ । मानवीय संवेदनाको गहिराइसम्म पुग्नु र त्यसकै सेरोफेरोमा निबन्धको विषयवस्तुलाई प्रस्तुत गर्ने शैली धरावासीको लेखनीमा रहेको छ । एउटा गहकिलो विचार उनको निबन्धले बोकेको पाइन्छ । एकक्षण एकान्तमा बसौ जस्ता निबन्धमा उनको दार्शनिकता तथा भावनात्मकता टड्कारो रूपमा देख्न सकिन्छ ।

- **नारीवादिता** : धरावासीका निबन्धमा नारीप्रति सम्मानजनक धारणा पाइन्छ । नारीभित्र रहेको वात्सल्य, प्रेम र सृष्टिको रहस्यलाई धरावासीले महत्वपूर्ण स्थान दिएका छन् । नारीभित्र त्यस्तो के छ हजुर ? असार पन्ध्र जस्ता निबन्धमा नारी अस्मिताको चर्चा भएको छ । धरावासी नारीहरूलाई सम्मान र सुरक्षा दिन चाहन्छन् र आफ्ना निबन्धहरूमा सोही मान्यता राख्दछन् ।
- **स्थानीय घटना र पात्रको प्रयोग** : धरावासीका निबन्धमा स्थानीय घटना र पात्रको प्रयोग पाइन्छ । सत्य घटनालाई साहित्यमा रूपान्तरण गर्ने धरावासी आफ्नै परिवेश वरिपरिका निम्न तथा निम्न मध्यम वर्गीय पात्रको प्रयोग गर्दछन् । मानिसको दैनिक जीवन भोगाइका घटनालाई प्रस्तुत गर्नु, खस्कदो मूल्यमान्यताप्रति प्रहार गर्नु धरावासीको आफ्नै विशेषता हो ।
- **कवितात्मकता** : निबन्धकार धरावासी एउटा सफल गद्य कवि हुन् । गद्य कवितामा सशक्त लेखनी भएका धरावासीको निबन्धमा पनि कवित्व झल्किएको पाइन्छ । उनका निबन्धमा सर्वसाधारणले बुझ्ने सरल भाषाशैलीको प्रयोग भए पनि त्यसमा कवितात्मकता हुन्छ ।
- **आत्मपरकता** : निबन्धकार धरावासी आत्मपरक निबन्धकार हुन् । मानवीय जीवनदर्शनबाट अभिप्रेरित धरावासीका निबन्धमा आत्मपरकता पाइन्छ । आफ्ना भावना तथा विचारलाई सहज, सशक्त र सरल ढङ्गले धरावासी अभिव्यक्त गर्दछन् ।
- **आख्यानात्मक शैली** : निबन्धकार धरावासीको लेखनीमा आख्यानात्मक शैलीको प्रयोग सशक्त ढङ्गले भएको पाइन्छ । नेपाली निबन्धमा शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्र मल्ली' निबन्धबाट शुरु भएको आख्यानात्मक शैलीलाई शंकर लामिछानेले प्रयोग गरेर अगाडि बढाए भने धरावासीले यस शैलीलाई अझ सशक्त ढङ्गले प्रयोग गरेर निबन्धलाई आम पाठकमाझ चाखलाग्दो बनाएका छन् ।
- **भाषिक प्राञ्जलता र प्रवाहमय शैली** : धरावासीको लेखाइमा क्लिष्ट शब्दहरूको कम प्रयोगले आम पाठकलाई निबन्ध बुझ्न सजिलो छ । अप्ठ्यारो विषयमा निबन्ध नलेखेर धरावासीले साधारण मानिसको जीवनशैलीको चित्रण गरेर लेख्ने हुनाले उनको भाषा साधारण बोलचालको भाषा छ । उनका निबन्धहरू प्रवाहमय ढङ्गले अगाडि बढ्ने हुनाले निबन्धका पाठकलाई आद्योपान्त कौतुहलता र संवेदना उत्पन्न हुन्छ ।

## ४.३ निष्कर्ष

नेपाली निबन्ध जगत्मा अद्यावधि क्रियाशील निबन्धकार कृष्ण धरावासीको कलम सक्रिय रहेको कारणले उनको समग्र मूल्याङ्कन र नेपाली निबन्ध जगत्मा उनको

स्थान निर्धारण अहिल्यै युक्तिसङ्गत ठहर्दैन । लीलालेखनका प्रवक्ता तथा प्रयोक्ताका रूपमा समेत आफ्नो छबिलाई सशक्त बनाउँदै लगेका धरावासीको मूल्याङ्कन गर्दा यस कुरालाई समेत दृष्टिगत गरिनु अति जरुरी हुन्छ । निबन्ध लेखनमा अझै क्रियाशील रहेका निबन्धकार धरावासीका पछिल्ला फुटकर निबन्धहरूमा सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य कस्दै समावेशी प्रवृत्तिका सरल र छोटो निबन्ध लेखनको परम्परा अवलम्बन गरेको देखिएको छ । यसैगरी उनको वर्तमान निबन्ध लेखनमा साधारण मानिसको जीवनशैलीको चित्रण टड्कारो रूपमा समेत देखिने गरेको छ ।

नेपाली निबन्धको समसामयिक काल अन्तर्गत विक्रम संवत् २०४० को आसपासमा नेपाली निबन्धमा यात्रा संस्मरणात्मक, आत्म संस्मरणात्मक र हास्यव्यङ्ग्यात्मक निबन्ध लेख्ने क्रमले तीब्रता पाएको अवस्था हो । यस समयमा धरावासीका समवर्ती निबन्धकारहरू भीष्म उप्रेती, युवराज नयाँघरे, श्रीओम श्रेष्ठ 'रोदन' जस्ता प्रखर निबन्धकारहरूको लेखनी पनि यसै विशेषता भएका निबन्धमा बढी तीव्र रहेको पाइन्छ । तर निबन्धकार धरावासी भने वि.सं. २०४४ देखि नै चिन्तनमा बहुआयामिकता र लेखनीमा नवीनताको प्रस्तुतिसहित स्वेत व्यङ्ग्य, भावनात्मकता, दार्शनिकता, सामाजिक यथार्थता जस्ता नयाँ सोचकासाथ फुटकर निबन्धमा अगाडि बढेका देखिन्छन् । विशेषत २०४६ सालको खुल्ला राजनीतिक परिवेशमा निबन्धको फँाट निकै मौलाउन पुगेको देखिन्छ र निबन्धसङग्रहहरू धमाधम प्रकाशन हुन थालेको पाइन्छ । यसै क्रममा निबन्धकार धरावासीको प्रथम निबन्धसङ्ग्रह 'बालक हराएको सूचना' (२०४८) को प्रकाशनसँगसँगै नेपाली निबन्धले नयाँ मोड लिएको पाइन्छ । यस निबन्धसङ्ग्रहको प्रकाशनपश्चात् नेपाली निबन्ध जगत्मा यात्रा संस्मरणात्मक निबन्ध लेखनीको शैलीसँगसँगै नेपाली निबन्धमा आख्यानात्मक शैली, दार्शनिकताको प्रयोग, भावनात्मक आत्म सन्तुष्टि र सामाजिक यथार्थताको प्रस्तुति बढेको पाइन्छ ।

नेपाली निबन्धमा आख्यानात्मक शैली, दार्शनिकताको प्रयोग, भावनात्मक आत्म सन्तुष्टि र सामाजिक यथार्थताको प्रस्तुतिले निबन्धलाई चाखलाग्दो बनाएपछि यस्ता प्रस्तुति भएका निबन्धका पाठकहरूको संख्या ह्वात्तै बढेर गएको पाइन्छ । जसले गर्दा धरावासीका समवर्ती निबन्धकारहरू भीष्म उप्रेती, युवराज नयाँघरे, श्रीओम श्रेष्ठ 'रोदन' जस्ता प्रखर निबन्धकारहरूले समेत आफ्नो लेखनीमा यस प्रवृत्तिलाई तीव्रता दिएका छन् । यसरी हेर्दा नेपाली निबन्ध जगत्मा धरावासीले यात्रा संस्मरणात्मक, आत्म संस्मरणात्मक तथा हास्यव्यङ्ग्यात्मक निबन्धको प्राधान्यताको अवस्थालाई जीवन र जगत्मा देखिने विकृति र विसङ्गतिका अनन्त कोणहरूको प्रस्तुतिसाथ स्वेत व्यङ्ग्य, भावनात्मकता, दार्शनिकता, सामाजिक यथार्थता जस्ता प्रवृत्तिलाई एउटै बिन्दुमा उभ्याएर एउटा नयाँ मोड ल्याएका छन् भन्दा अत्युक्ति हुँदैन् ।

यति हुँदाहुँदै पनि निबन्धकार कृष्ण धरावासीको ३ वटा निबन्धसङ्ग्रहको अध्ययन विश्लेषण र उनका बारेमा विभिन्न विद्धान व्यक्तिहरूले अभिव्यक्त गरेका धारणा तथा उनका निबन्धहरूको प्रवृत्तिको निरूपण पश्चात उनी विशेषत साधारण मानिसको जीवन शैली र निम्नवर्गीय पात्रको वास्तविकतालाई यथार्थपरक ढङ्गले चित्रण गर्ने, समसामयिक राजनीतिक तथा सामाजिक विकृति विसङ्गतिप्रति चिन्ता जाहेर गर्ने, मानवतावादी जीवनदर्शनलाई व्यवहारपरक ढङ्गबाट निबन्धमा रूपान्तरण गर्ने विशेषता बोकेका निबन्धकारका रूपमा देखिन्छन् । यही विशेषताकै सेरोफेरोमा उनको निबन्धकारिता तथा लेखनी रहेकोले शोधको सुरुवातमा राखिएको प्राक्कल्पनालाई तथ्यहरूको सङ्कलन, विश्लेषण हुँदै सामान्यीकरणमार्फत निष्कर्षसम्म पुग्दा प्रामाणिक बनाएको छ ।

# उपसंहार

## ५ उपसंहार

### ५.१ उपसंहार

नेपाली साहित्य जगत्को प्रसिद्ध मदन पुरस्कारबाट सम्मानित साहित्यकार कृष्ण धरावासीको जन्म सं. २०१७ साल श्रावण २ गते रविबारका दिन मेची अञ्चलको पाँचथर जिल्ला हालको अमरपुर गा.वि.स.वार्ड नं. ७ फलाँटे भन्ने गाउँमा भएको थियो ।

उनले ६ वर्षको उमेरमा पिताबाट घरमा नै अक्षरारम्भ गरेका थिए । ९ वर्षको उमेरमा शनिश्चरे प्राथमिक विद्यालयमा प्रवेश गरेका धरावासीले वि.सं. २०३४ मा शनिश्चरे मा.वि. बाट द्वितीय श्रेणीमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । वि.सं. २०३७ मा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका धरावासी वि.सं. २०४५ मा मेची बहुमुखी क्याम्पस भद्रपुरका स्नातक तहका विद्यार्थी बनेको भए पनि उनको स्नातक तहको अध्ययन विविध कारणहरूले अपूर्ण रहेको पाइन्छ ।

बाल्यावस्थादेखि नै कल्पनाशील र मेहनती स्वभावका साहित्यकार धरावासी विद्यालयको निर्धारित पाठ्यक्रम बाहेक फुर्सदको समयमा साहित्यिक ग्रन्थहरूको अध्ययन गर्न चाहन्थे । बिद्यार्थी जीवनमा शनिश्चरे माध्यमिक विद्यालयका गुरुजनको प्रेरणा र प्रोत्साहन तथा विभिन्न साहित्यिक व्यक्तित्वका लेखरचनाहरूको अध्ययनबाट धरावासीको साहित्यिक प्रतिभा तिखारिदै गएको र शिवप्रसाद दहाल, रोहिणीविलास लुइटेल, सरोज ओली जस्ता साहित्यिक गुरुहरूको शुभ चिन्तनबाट उनको प्रतिभा परिपक्वतातर्फ अगाडि बढेको पाइन्छ । यसरी धरावासीको साहित्यिक व्यक्तित्व उनको आफ्नै प्रतिभा र शैक्षिक थलोबाट प्राप्त प्रेरणा नै हो । आमाका काखमा खेल्दैदेखि सञ्चय भएको मानसिक उर्जा समाजको विविधतामा ठोक्किएपछि र सामाजिक परिवेश भोगेपछि उनको साहित्यिक यात्राले गति लिएको देखिन्छ

साहित्यकार धरावासी नरम र हँसिलो मिजास, पातला र नरम दाह्री जुँगाका बीचमा अगाडिको दाँत केही चेप्टो भएको हँसिलो मुखले उनी अत्यन्त फरासिला देखिन्छन् । हिड्दा केही खोच्याएको हो कि भन्ने भान पर्दछ । सादा जीवनशैली मन पराउने धरावासीको कोठाका भित्ताहरू साहित्यकारहरू तथा संसारका विभिन्न महापुरुषका तस्वीरहरूले सजिएका छन् । पुस्तकालयभैँ लाग्ने उनको कोठामा पुस्तक तथा पत्रपत्रिका खचाखच भरिएको देखिन्छ । सोही कोठाको बीचमा एउटा सानो चकटीमा बसेर उनी घन्टौ लेखिरहन्छन् ।

साहित्यिक अध्ययन, साहित्यिक वातावरणको सरसङ्गत आदि जस्ता कारणले वि.सं. २०३५ श्रावण २ गतेदेखि उनले थर परित्याग गरी धरावासी स्वीकार गरे । संसारमा एउटै देश पृथ्वी, एउटै जात मानिस, एउटै धर्म मानवता मात्र देख्ने कृष्णप्रसाद भट्टराई

त्यसदिनदेखि ‘धरावासी’ बने । हाल उनको थर के हो ? कमै मानिसहरू जान्दछन तर धरावासी उपनामबाट उनलाई धेरै मानिसहरू चिन्दछन्, जान्दछन् ।

साहित्यकार कृष्ण धरावासी समाजमा रहेका अन्धविश्वास, कुरीति, विकृति र विसङ्गत परिवेशमाथि क्रान्तिकारी सुधार चाहन्छन् । उनी साहित्यिक लेखन र जागिरे जीवनको फुर्सदका क्षणहरूलाई समाज सेवाका विविध क्षेत्रमा लगाई मानव, समाज र राष्ट्रको सकारात्मक विकास अभियानमा समर्पित छन् । यसैले समाजसेवाका विविध क्षेत्रमा उनको नेतृत्वदायी भूमिका रहेको छ । नेपाली लेखक सङ्घ, नेपाल साहित्यकार सङ्घ, नेपाल पत्रकार महासङ्घ, नियात्रा प्रकाशन, झापा, सी.के. चिन्तन प्रतिष्ठान झापा, सासंक प्रतिष्ठान, झापा, आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान शनिश्चरे, हराभरा समाज झापा, बसुन्धरा मान प्रतिष्ठान काठमाडौं, देवकोटा स्मृति भवन भद्रपुर, नेपाली साहित्यिक विकास समिति मेची, जयन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोष, नेपाल प्रेस युनियन, साहित्य चौतारी झापा जस्ता संस्थाहरूमा उनको क्रियाशीलता रहेको छ ।

मानिस स्वभावैले राजनीतिक प्राणी हो, अझ साहित्यकार लेखकहरूमा राजनीतिक जागृति र सचेतता सशक्त हुन्छ । साहित्यकार धरावासीमा पनि राजनैतिक सचेतता सशक्त छ, कार्ल मार्क्सको आर्थिक चिन्तन र विश्वेश्वरप्रसाद कोइरालाको प्रजातान्त्रिक समाजवादबाट अत्यन्तै प्रभावित धरावासी प्रजातान्त्रिक समाजवादी विचारका समर्थक भए पनि उनले राजनैतिक पदहरूमा बसेर काम गर्ने रुचि राखेका छैनन् । जेलनेलको अनुभव प्राप्त नभए पनि निर्भीक व्यक्तित्व भएका धरावासीको राजनीतिक चिन्तन सशक्त छ ।

शनिश्चरे मा.बि. मा प्राथमिक तहमा अध्ययनरत रहेकै बेला अर्काको रचना सारेर गोष्ठीमा सुनाउँदा अग्रजहरूबाट आफैले लेख्नु पर्ने सुझाव पाएपछि तीक्ष्ण बुद्धि भएका धरावासीले आफैले लेखनको अभ्यास गर्न थालेका हुन् । उनलाई अध्ययन र अभ्यासले नै आजको अवस्थामा पुऱ्याएको हो । वि.सं. २०३३ मा झापा भद्रपुरबाट प्रकाशित ‘सूर्योदय’ साप्ताहिक पत्रिकामा कविता प्रकाशित भएपछि धरावासी औपचारिक रूपमा साहित्य यात्रामा पदार्पण गरेका हुन् ।

यसरी कविता, कथा, निबन्ध हुँदै सुरु भएको धरावासीको साहित्यिक यात्राले उनलाई निबन्धकार, कवि, उपन्यासकार, कथाकार, समालोचक, स्तम्भकार, पत्रकार, सम्पादक, भूमिकालेखक आदि विविध रूपमा उभ्याएको छ । उनको पहिलो पुस्तकाकार कृतिको रूपमा ‘बालक हराएको सूचना’ निबन्धसङ्ग्रह वि.सं. २०४८ मा विचार प्रकाशन, चन्द्रगढी झापाबाट प्रकाशित भएको हो ।

समाजमा देखेका, भोगेका, घटेका र अनुभव गरेका यथार्थता, नेपाली जनजीवनका सुखदुख र कथाव्यथालाई साहित्यमा उतार्ने धरावासीका लेखनमा मानवीय समाजमा घटेका

घटनाहरू नै प्रतिबिम्बित भएर आउदछन् । मानवीय पीडाहरूको सजीव चित्रण आत्मपरक ढङ्गबाट अभिव्यक्त गर्ने धरावासी आज पनि उत्तिकै सक्रियताका साथ साहित्यिक क्षेत्रमा क्रियाशील छन् ।

बि.सं. २०३३ देखि बाल साहित्यको माध्यमबाट नेपाली साहित्यकाशमा उदाएका कृष्ण धरावासी बहुमुखी प्रतिभा भएका साहित्यकार हुन् । साहित्यका विविध विधामा कलम चलाएका धरावासीको हालसम्म १३ वटा कृतिहरू पुस्तकाकारका रूपमा प्रकाशित भइसकेका छन् भने ९ वटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । यस अतिरिक्त उनका फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिका तथा सामयिकसङ्कलनमा प्रकाशित छन् । उनको कलम अझै सशक्त र क्रियाशील रहेको छ ।

बालक हराएको सूचना (निबन्धसङ्ग्रह), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू (समालोचना), उन्मुक्तिका आवाजहरू (कवितासङ्ग्रह), लीला लेखन(समालोचना), नारीभित्र त्यस्तो के छ हजुर (निबन्धसङ्ग्रह), उत्तमजङ्ग सिजापतीको आलु (निबन्धसङ्ग्रह), शरणार्थी (उपन्यास), आधाबाटो (उपन्यास), झोला (कथासङ्ग्रह), पाठकको अदालतमा (लेखसङ्ग्रह), कान्छी राधा (काव्य), राधा (उपन्यास), तेस्रो आयाम र बैरागी काइँला (समालोचना) जस्ता कृतिहरू उनका पुस्तकाकार कृति हुन भने मिसाइलको धुवाँ (खण्डकाव्य), टाउकोबाट उँभो लाग्दछु (कवितासङ्ग्रह), ब्रह्मपुत्रको पानी (कथासङ्ग्रह), साहित्यको आधार (समालोचना), सडक (उपन्यास), ममी, हाम्रो आमा खै ? (उपन्यास), तपाई (उपन्यास), मुक्तपातो (टिप्पणीहरू), नेपाली साहित्यमा उठेका केही प्रश्नहरू (समालोचना) प्रकाशोन्मुख कृतिहरू हुन् ।

नेपाली साहित्यको सिर्जनामा क्रियाशील धरावासीको योगदानलाई कदर गर्दै विभिन्न सामाजिक सङ्घसंस्थाहरूले उनलाई विभिन्न पुरस्कार, प्रशंसापत्र तथा कदरपत्रहरूले सम्मान गरेका छन् । विद्यालयको वार्षिक उत्सवमा आयोजित कवि गोष्ठीमा “धनमा घुन कसरी लाग्यो” भन्ने शीर्षकको कवितामा तृतीय पुरस्कार प्राप्त गरेका धरावासीको पुरस्कार प्राप्तिको क्रम नेपाली साहित्य जगत्को प्रसिद्ध पुरस्कार ‘मदन पुरस्कार’ सम्म आइपुगेको छ ।

साहित्यकार धरावासी नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनको स्वभाव मिलनसार, गम्भीर, सहयोगी र सकारात्मक विचार राख्ने खालको छ । नरम स्वभावका धरावासी हाँसिरहने, बोलिरहने गर्दछन् र बोल्दा गम्भीर विषयमा केन्द्रित रहने उनको स्वभाव छ । सबैसँग घुलमिल हुने र सामाजिक व्यक्तित्वमा उदाहरणीय मानिएका धरावासी मृदुभाषी छन् । विद्यालय जीवनदेखि नै साहित्यिक कार्यक्रममा भाग लिन मन पराउने धरावासीले साहित्यका विविध विधामा कलम चलाएका छन्, जसले साहित्य क्षेत्रमा उनको व्यक्तित्वलाई

कवि, निबन्धकार, कथाकार, समालोचक, पत्रकार, भूमिकालेखक जस्ता विविध व्यक्तित्वको रूपमा खडा गरेको छ ।

साहित्यकार कृष्ण धरावासीका विविध व्यक्तित्व र उनका कृतिहरू हेर्दा साहित्यका सबैजसो विधाहरूमा कलम चलाएर उनले नेपाली साहित्यको श्रीबृद्धिका लागि महत्वपूर्ण कार्य गरेका छन् । मुक्त लेखनका माध्यमबाट सामाजिक यथार्थ प्रस्तुत गर्नु, विकृति विसङ्गतिहरू प्रति व्यङ्ग्यविद्रोही दृष्टि राख्नु, जीवनजगत्लाई लीलामय ढङ्गले नियाल्नु, सरल र सहज भाषामा गम्भीर जीवनदर्शन प्रस्तुत गर्नु, पूर्वीय र पाश्चात्य साहित्यमा देखा परेका जीवनतम धारा प्रवृत्तिहरूलाई आफ्नो लेखनमा प्रयोग गर्न खोज्नु आदि जस्ता विशेषताहरू उनको स्रष्टा व्यक्तित्वमा पाइन्छ भने निष्पक्ष दृष्टिकोण, निर्भीकता, स्तुति चाकडीको भण्डाफोर, अध्ययन विश्लेषणको सूक्ष्मता, खरो अभिव्यक्ति, मौलिक चिन्तन, अन्वेषणात्मक प्रवृत्ति आदि उनका द्रष्टा व्यक्तित्वमा पाइने विशेषताहरू हुन् ।

लीलालेखनलाई सहजताका साथ प्रस्तुत गर्ने चिन्तक धरावासी लीलालेखनलाई अर्थको बहुलता, भ्रमको स्थापना मान्दछन् र साहित्य लेखनमा यथार्थ पात्र र घटनाको प्रयोग गर्दछन्, जसले गर्दा साहित्यमा सत्यता र भ्रमको सिर्जना हुन गई लीला चेतनाका सूक्ष्म भावहरू प्रतिबिम्बित हुन्छन् ।

व्यस्त जागिरे जीवन, कमजोर आर्थिक अवस्था, सामाजिक कार्यक्रमहरूमा हरदम व्यस्तता हुँदाहुँदै पनि साहित्यको श्रीबृद्धिका लागि समय निकाल्नु र साहित्यका सबै विधामा कलम चलाउनु धरावासीको आफ्नै विशेषता हो । निरन्तर लगनशीलता, दृढता, कठोर परिश्रम तथा साधना, अनुकूल सरसङ्गत तथा वातावरणबाट शुरु भएको उनको साहित्यिक व्यक्तित्व हाल नेपाली साहित्य संसारमा सशक्त ढङ्गले प्रतिष्ठापित हुन पुगेको छ । सिर्जनशील व्यक्तित्व भएका धरावासी हालपनि साहित्य साधनामा उत्तिकै लगनशील र क्रियाशील छन् । यही क्रियाशीलता र गतिशीलताले उनलाई नेपालको प्रसिद्ध पुरस्कार 'मदन पुरस्कार' को लागि योग्य बनाएको  पाइन्छ ।

लक्ष्मीप्रसाद देवकोटाबाट सुरु भएको आधुनिक नेपाली निबन्धको यात्रामा देवकोटाको काव्यात्मक अनुभूति र अभिव्यक्तिको माध्यमबाट कर्णप्रिय र बौद्धिक रोचकता प्रदान गर्ने शैलीभन्दा भिन्न ढङ्गबाट अनौपचारिकता र आख्यानात्मक शैलीको माध्यमबाट शङ्कर लामिछाने विषय शिल्प र संरचनागत नवीनता ल्याउदै आत्मपरक, निजात्मक वैयक्तिक छाप छाड्न सफल भए  । नेपाली निबन्धको यस यात्रामा भैरव अर्याल हास्यव्यङ्ग्य जस्ता नयाँ विशेषता लिएर अगाडि बढे भने प्रगतिवादी, समाजवादी यथार्थको प्रस्तुति कृष्णचन्द्रसिंह प्रधानबाट सशक्त रूपमा भयो । यस क्रममा निबन्धमा स्वैरकल्पनाको प्रयोगलाई सशक्त गर्ने कार्य गणेशबहादुर प्रसाईले गरे र यसरी अगाडि बढेको नेपाली निबन्धको विकास यात्रामा

सामाजिक यथार्थताको धरातलमा उभिएर आत्मपरक शैलीमा निबन्धमा आख्यानात्मक शैलीको प्रयोगलाई सशक्त गर्दै समाजका वास्तविकताहरूलाई सरल शव्दमा सम्प्रेषित गरेर समसामयिक निबन्धकारको रूपमा अगाडि बढेका हुन, निबन्धकार कृष्ण धरावासी ।

समाजका वास्तविकताहरूलाई सरल शव्दमा सम्प्रेषित गर्ने निबन्धकार धरावासीमा शैलीगत विशिष्टता, विषयगत निष्ठा र भाषिक चमत्कार पाइन्छ । समसामयिक आर्थिक, सामाजिक, राजनीतिक परिवेश, शास्वत मानवीय मूल्य मान्यता, सामाजिक विकृति विसङ्गति आदिलाई धरावासीले आफ्ना निबन्धहरूमा कलात्मक ढङ्गले चित्रण गरेका छन् । छोटा छरिता निबन्धहरूभित्र व्यापकता समेट्ने उनका निबन्धका शीर्षक लामा र भद्दा प्रतीत भए पनि ती प्रतीकात्मक र सार्थक छन् । प्रस्तुतिका क्रममा यदाकदा उनी व्यङ्ग्य विद्रोही बनेको पनि पाइन्छ । सामाजिक यथार्थताको धरातलमा उभिएर आत्मपरक शैलीमा निबन्ध रचना गर्ने धरावासीलाई कवि व्यक्तित्वले अझ सफल बनाएको छ ।

मानवतावादी जीवनदर्शनबाट अभिप्रेरित निबन्धकार धरावासी सामाजिक यथार्थको धरातलमा उभिएर आत्मपरक शैलीमा सशक्त ढङ्गमा निबन्धको रचना गर्दछन् । उनको लेखनीले साधारण मानिसको जीवनशैलीलाई निबन्धमा रूपान्तरण गरेको छ र सामाजिक विकृति विङ्गतिप्रति तीब्र व्यङ्ग्य गरेको छ । निबन्धकार धरावासीको निबन्धगत प्रवृत्तिहरूमा प्रगतिशील सहिष्णुताको कमी रहेको औल्याइए तापनि उनको आलोचनात्मक यथार्थवादी प्रवृत्ति प्रखर रहेको छ । उनका निबन्धमा मानवतावादी जीवनदर्शन र सामाजिक यथार्थ सशक्त ढङ्गबाट देखिने कारणले निबन्धकार धरावासी समसामयिक पुस्ताका सशक्त र प्रखर निबन्धकारमा उभिन पुगेका छन् ।

निबन्धकार धरावासीका उल्लेखित सवल पक्ष तथा कमजोरी पक्ष रहे पनि उनले आफना निबन्धहरूमा साधारण मानिसको जीवनशैली र निम्नवर्गीय पात्रका वास्तविकता तथा समसामयिक राजनीतिक विकृति र खस्कदो सामाजिक मूल्यमान्यताहरूलाई नै विषयवस्तु बनाएको पाइन्छ ।

आलोचनात्मक यथार्थवाद, सामाजिक विकृतिप्रति व्यङ्ग्य, मानवतावादी जीवन दर्शन, नारीवादिता, स्थानीय घटना र पात्रको प्रयोग, कवितात्मकता, आत्मपरकता जस्ता विविध विशेषता बोकेका निबन्धकार धरावासीको निबन्धकारिता सशक्त रहेको छ । लीलालेखनका प्रवक्ता तथा प्रयोक्ताका रूपमा समेत आफ्नो छबिलाई सशक्त बनाउँदै लगेका धरावासीको मूल्याङ्कन गर्दा यस कुरालाई समेत दृष्टिगत गरिनु अति जरुरी हुन्छ । निबन्ध लेखनमा अझै क्रियाशील रहेका निबन्धकार धरावासीका पछिल्ला फुटकर निबन्धहरूमा सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य कस्दै समावेशी प्रवृत्तिका सरल र छोटो निबन्ध लेखनको परम्परा

अवलम्बन गरेको देखिएको छ । यसै गरी उनको वर्तमान निबन्ध लेखनमा साधारण मानिसको जीवनशैलीको चित्रण टड्कारो रूपमा समेत देखिने गरेको छ ।

नेपाली निबन्ध जगत्मा धरावासीले व्यङ्ग्य, भावनात्मकता, दार्शनिकता, सामाजिक यथार्थता जस्ता प्रवृत्तिलाई एउटै बिन्दुमा उभ्याएका छन् । साधारण मानिसको जीवनशैली र निम्नवर्गीय पात्रको वास्तविकतालाई यथार्थपरक ढङ्गले चित्रण गर्ने, समसामयिक राजनीतिक तथा सामाजिक विकृति विसङ्गतिप्रति चिन्ता जाहेर गर्ने, मानवतावादी जीवनदर्शनलाई व्यवहारपरक ढङ्गबाट निबन्धमा रूपान्तरण गर्ने विशेषता बोकेका निबन्धकारका रूपमा देखिन्छन् ।

## ५.२ सम्भाव्य शोध शीर्षकहरू

निबन्धकार कृष्ण धरावासीका बारेमा भविष्यमा अरु पनि अध्ययन अनुसन्धानका संभावनाहरू रहेका छन् । यस शोधपत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव भएको छैन् । अतः भविष्यमा यसको अरु शोध गर्ने शोधार्थीहरूका निम्ति विचारार्थ केही प्रस्ताव अघि सार्न उपयुक्त हुने ठानिएको छ । यिनको कृतित्वलाई हेर्दा भविष्यमा निम्नानुसारको शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ :

१) कृष्ण धरावासीका फुटकर निबन्धहरूको अध्ययन तथा मूल्याङ्कन

२) सामाजिक यथार्थताका दृष्टिकोणमा कृष्ण धरावासीका निबन्धहरू

३) वैचारिक दृष्टिले कृष्ण धरावासीका निबन्धहरू

४) आख्यान प्रयोगका दृष्टिले कृष्ण धरावासीका निबन्धहरू

# सन्दर्भग्रन्थसूची

## पुस्तकसूची


१.अधिकारी हेमाङ्गराज र अन्य (सम्पा.) **प्रयोगात्मक नेपाली शव्द कोष**, काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१

२. उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, छै.सं., काठमाडौं : साझा प्रकाशन, २०५८

३. गौतम, देवीप्रसाद र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध**, काठमाडौं : नवीन प्रकाशन, २०५४

४.चापागाई, नरेन्द्र (सम्पा.), **नेपाली शव्द भण्डार** बिराटनगर : श्याम पुस्तक भण्डार, २०६२

५.थापा, हिमांशु, **साहित्य परिचय,** ते.सं. काठमाडौं : साझा प्रकाशन, २०४७

६.देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध सङ्ग्रह**, बाह्रौ सं. काठमाडौं : साझा प्रकाशन,२०४७

७.धरावासी, कृष्ण, **बालक हराएको सूचना**, झापा : विचार प्रकाशन, २०४८

८.धरावासी, कृष्ण, **उत्तमजङ्ग सिजापतीको आलु**, झापा : कुमार भट्टराई, २०५५

९.धरावासी, कृष्ण, **आधाबाटो**, झापा : नियात्रा प्रकाशन, २०५५

१०.धरावासी, कृष्ण, **नारीभित्र त्यस्तो के छ हजुर ?,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३

११.न्यौपाने श्रीराम, **नेपाली गद्य, भाषा र साहित्य** काठमाडौं : पैरवी प्रकाशन, २०५९

१२..................., **नेपाली साहित्यकोश** काठमाडौं : नेपाल राजकीय पज्ञा प्रतिष्ठान, २०५५

१३.पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) **नेपाली बृहत शव्द कोष** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२

१४.पोखरेल, बालकृष्ण पोखरेल, **कलेजस्तरका निबन्धै निबन्ध**, काठमाडौं : सहयोगी प्रकाशन, २०२७

१५.पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, बिराटनगर : श्याम पुस्तक भण्डार, २०४०

१६.पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, दो.सं. काठमाडौं : साझा प्रकाशन २०५९

१७.बराल, कृष्ण, **लीला, वार्ता र शरणार्थी**, झापा : नियात्रा प्रकाशन, २०५९

१८.बराल, कृष्ण, **तीन पिंढी एउटा सिडी**, झापाः नियात्रा प्रकाशन, २०५६

१९.भट्टराई, विष्णुकुमार, **भक्तिदेखि लीलासम्म**, झापा : नियात्रा प्रकाशन, २०५७

२०.रेग्मी, चूडामणी, **आँखा र मनका पाइलाहरू**, झापा : जुही प्रकाशन, २०६३

२१.शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, **शोध विधि**, दो.सं.,काठमाडौं : साझा प्रकाशन, २०५५

२२.शर्मा, मोहनराज, लुइटेल खगेन्द्रप्रसाद, **नेपाली गद्य, भाषा साहित्य र इतिहास** काठमाडौं : नवीन प्रकाशन, २०५९

२३.शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, एघारौ सं. काठमाडौं : रत्न पुस्तक भण्डार, २०५७

२४.शर्मा, तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** चौ.सं. काठमाडौं : अक्षर प्रकाशन, २०५६

२५.सुवेदी राजेन्द्र, **स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि**, ते.सं, काठमाडौं : साझा प्रकाशन २०५८

२६.सुवेदी राजेन्द्र, **स्नातकोत्तर नेपाली कथा**, दो.सं. काठमाडौं : साझा प्रकाशन, २०५७
२७.सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध,** ते.सं., काठमाडौं : पाठ्य सामग्री पसल, २०५६
२८.श्रेष्ठ, दयाराम, शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पाँ.सं. काठमाडौं : साझा प्रकाशन, २०५६

## शोधपत्रसूची

१. ढुङ्गाना, मिलनकुमार, **शरणार्थी उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित, त्रि.वि.स्नातकोत्तर शोधपत्र २०६०, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग, मेची बहुमुखी क्याम्पस, भद्रपुर
२.पोखरेल, विष्णुलाल, **कृष्ण धरावासीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित, त्रि.वि.स्नातकोत्तर शोधपत्र २०५४, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग, स्नातकोत्तर क्याम्पस, बिराटनगर

## पत्रपत्रिकासूची

१.काइला, बैरागी, (भूमिकामा) **उन्मुक्तिका आवाजहरू** झापा : सासंक प्रतिष्ठान, २०५०), पृष्ठ ङ र च ।
२.चाँपागाई, नरेन्द्र, “बालक हराएको सूचना कृतित्वको सङ्क्षिप्त विवेचना“ **मुकुट**, (वर्ष २६, अङ्क १-४, २०५० बैशाख साउन), पृष्ठ ३९ ।
३.धरावासी, कृष्ण “पिंजडाको सुगा मौलिकताको प्रश्न“ **सासंक**, वर्ष १ , अङ्क १, २०४९ पौष
४.धरावासी, कृष्ण (अन्तरवार्तामा) **युगज्ञान साप्ताहिक**, वर्ष २, अङ्क ३१, २०४६ ।
५.धरावासी, कृष्ण, “धरावासी तिमी कहाँ छौ ?” **बज्रपात राष्ट्रिय दैनिक**, बर्ष  १ अङ्क २, २०६२ फागुन ८ गते
६.भट्टराई, गोबिन्दराज, **बहुलता, नवीनता र प्रयोग**, हिमाल खबरपत्रिका, वर्ष १५, अङ्क १२/१३ पूर्णाङ्क १५६/१५७, २०६२, १६ असोज–१५ कार्तिक,
७.सुवेदी राजेन्द्र, “आधुनिक नेपाली निबन्ध शिक्षण, **वाङ्मय** (वर्ष १०, पूर्णाङ्क १० २०५७/५८)
८.क्षेत्री, लीलबहादुर, “शरणार्थी धरावासीको लीलारचना“ **पदार्पण** धुलावारी जेसीज, ई २०००,

परिशिष्ट १

# निबन्धकार कृष्ण धरावासीका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित केही निबन्धहरूको कालक्रमिक विवरण

| क्र.सं | निबन्धको शीर्षक | पत्रिकाको नाम | वर्ष | अङ्क | मिति | पेज |
|---|---|---|---|---|---|---|
| १ | महत्वाकाङ्क्षा विनाशको प्रतीक | कन्दरा : सामयिक सङ्कलन | | | २०३७ | |
| २ | उनले त्यो दिन खान पनि पाएनन | साहित्यालोक | ५ | १,२ | २०४१ | |
| ३ | जीवनको खोज | मेची प्रवाह | | | २०४३ | |
| ५ | रोग पाचन परेज | प्रक्षेपण | २ | ५ | २०४९ | |
| ६ | यहाँ कुनै कविता लेखिदैनन् | बन्दना | ११ | ३ | २०४९ माघ | |
| ७ | यी कुनै घटना होइनन् | अङ्कार | ४१ | ३।४ | २०५० | |
| ८ | चिहान खेलौनाका शहर झै देखिन्छन् | गोर्खापत्र | | | २०५१ असार ४ | |
| ९ | बाबु, तिम्रो के अपराध थियो ? | प्रतिभा निबन्ध अङ्क | ६ | ६ | २०५५ | ८३-८७ |
| १० | यौन खुल्ला बजारमा नुनको भाउमा | एचआईभी एड्स तथा ने.रे.सो झापा | | | २०५५ | ५१-५५ |
| ११ | शिक्षा क्षेत्र सम्मानित र मर्यादित हुनु पर्दछ | शैक्षिक सौगात स्मारिक | | | २०५५ फागुन | १३-१७ |
| १२ | टुनीको रुखबाट खसेका इन्द्रबहादुर राई | मधुपर्क मासिक | ३२ | ५ | २०५६ असोज | ३८-४० |
| १३ | जिस्कनु | निलगिरी | | | २०५६ असोज | १२-१४ |
| १४ | हनुमानेको ठेला | कनकाई प्रवाह | | | २०५६ कार्तिक | ६८-७२ |
| १५ | आफूमा विश्वास हुनु पर्‍यो | सहकारी स्मारिक | | | २०५७ बैशाख | ८१,८२ |
| १६ | नैतिकता निलम्बित भएको बेला | मुक्तिआवाज साप्ताहिक | ३ | १४ | २०५७ जेष्ठ ३१ | |
| १७ | अन्तिम गाँसमा झिंगा | समकालीन साहित्य, त्रैमासिक | ११ | ३ | २०५८ बैशाख | १२९-१४३ |
| १८ | हाम्रो आस्था : इतिहाससँग डराउने र भविष्यसँग सतर्क हुनेहरू प्रति | पूर्वान्चल दैनिक | ६ | १६३ | २०५८ जेठ १७ | |
| १९ | सधैं | विवेचना दैनिक | ९ | ५२ | २०५८ असोज २८ | |
| २० | धन्य पुग्न पाइयो धनगढी | मधुपर्क | | | २०५८ कार्तिक | ४२ |
| २१ | हे काठमाडौं : खालिङ्ग सरलाई माया गर | नेपाल समाचारपत्र दैनिक | | | २०५८ पौष ९ | |
| २२ | लाटिएका छन् आँखाहरू | गोरखापत्र दैनिक | | | २०५८ फाल्गुन २५ | |
| २३ | जसका नाममा बली भएपनि मर्नेलाई के फरक पर्छ | स्पेसटाइम दैनिक | | | २०५८ फाल्गुन २९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | संकटकाल पनि लोकप्रिय भएको बेला | विवेचना दैनिक | १३ | १६८ | २०५८ फाल्गुन २९ | |
| २५ | देश रोएको छ बाग्मतीको पानीमा | कान्तिपुर दैनिक | | | २०५८ चैत्र ५ | |
| २६ | आफ्नै मासु आफैले काट्दै खाँदै | स्पेसटाइम दैनिक | | | २०५८ चैत्र १४ | |
| २७ | आफूमा विश्वास हुनु पर्‍यो | स्पेसटाइम दैनिक | | | २०५८ चैत्र २८ | |
| २८ | चिहान खोतली लास झिकेर शुरु भएको नयाँ वर्ष २०५९ | स्पेसटाइम दैनिक | | | २०५९ बैशाख ४ | |
| २९ | इतिहासको अध्ययन गर्नेले भविष्य देख्न सक्छ | कान्तिपुर दैनिक | १० | ६५ | २०५९ बैशाख ११ | |
| ३० | जुधेर र जितेर बाँच्ने परम्परा | स्पेसटाइम दैनिक | | | २०५९ बैशाख १८ | |
| ३१ | राजा परीक्षित अर्थात हरिप्रसाद पाण्डे | स्पेसटाइम दैनिक | | | २०५९ जेष्ठ ८ | |
| ३२ | मालिक्नी तपाईकी छोरी मेरा छोरालाई दिनुहोस् | स्पेसटाइम दैनिक | | | २०५९ जेष्ठ २२ | |
| ३३ | देशको गीत गाउनेहरूको स्वर धोद्रिएको छ | स्पेसटाइम दैनिक | | | २०५९ जेष्ठ २९ | |
| ३४ | तास खेल्नेले पत्ती चिनेर फाल्नुपर्छ | स्पेसटाइम दैनिक | | | २०५९ असार ५ | |
| ३५ | विधिको शासन, ऐठनको सपना र वर्तमान | स्पेसटाइम दैनिक | | | २०५९ असार २६ | |
| ३६ | आदर्श पाञ्चजन्य शंखका अघि भ्रष्टाचारी गाण्डीवको टङ्कार | स्पेसटाइम दैनिक | | | २०५९ असार १२ | |
| ३७ | आस्था भन्नु अलाउद्दीनको बत्ती हो | पूर्वान्चल दैनिक | ७ | १७० | २०५९ भाद्र १ | |
| ३८ | प्रगतिवादी साहित्य र बिरालो बाँध्ने संस्कृति | पूर्वान्चल दैनिक | ७ | १९२ | २०५९ भाद्र २८ | |
| ३९ | एस.पी. शैलेन्द्र मुर्दावाद | नयाँमेची साप्ताहिक | १ | ३ | २०५९ भाद्र ३० | |
| ४० | म ढुङ्गो हुँ | स्पेसटाइम दैनिक | | | २०५९ मङ्सिर ४ | |
| ४१ | प्लास्टिकको मन | मधुलिका | ८ | ६ | २०५९ | ११ |
| ४२ | आफूले मात्र सम्झिरहनु पर्ने दिन | विवेचना दैनिक | १० | २२६ | २०६० जेष्ठ ६ | |
| ४३ | छातीमा हिरोसिमा भइरहेको बेला | झापा टाइम्स साप्ताहिक | १ | ३ | २०६० असोज २८ | |
| ४४ | मलामी जाँदाको क्षण | विवेचना दैनिक | ११ | ४९ | २०६० असोज ३० | |
| ४५ | आगोका घाउहरू | साहित्य चौतारी स्मारिक | | | २०६१ असार | ३४,३५ |
| ४६ | हाम्रो यात्रा आत्मदाहतिर | विवेचना दैनिक | | | २०६१ साउन १६ | |
| ४७ | मलाई माफ देऊ | सुसेली सामयिक सङ्कलन | | | २०६१ कार्तिक | १८-२० |
| ४८ | दर्शन र लीलालेखन | कान्तिपुर दैनिक | | | २०६१ माघ ९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | डव्लुहरू | मधुपर्क | ३७ | ११ | २०६१ चैत्र | ३४-३९ |
| ५० | यो सारा सृष्टि तिर्मेकी आमाको हो | पूर्वान्चल दैनिक | १० | १३८ | २०६१ चैत्र ३१ | |
| ५१ | इतिहासको अध्ययन गर्नेले भविष्य देख्न सक्छ | नयाँ सिक्किम मासिक | २ | १२ | २००५ फरवरी | ३४, ३५ |
| ५२ | आइरहेका तिनीहरू हो हुन ? | नयाँ सिक्किम मासिक | २ | १५ | २००५ मे | ३९ |
| ५३ | पूर्वीय साहित्यमा लेखकको मृत्यु | नयाँ सिक्किम मासिक | २ | १९,२० | २००५ सेप्टेम्बर अक्टोबर | ७१,७२ |
| ५४ | देशले रगत माग्छ र ? | नयाँ सिक्किम मासिक | ३ | २२,२३ | २००६ जनवरी | २२ |
| ५५ | भानुभक्तलाई खस्रोले मस्काउने कि | दृश्य नेपाल पाक्षिक | १ | ३ | २०६२ पौष २० | ४२,४३ |
| ५६ | कुन लाजले यथार्थमा लाज ढाक्ला | विवेचना दैनिक | १३ | १६८ | २०६२ फाल्गुन ७ | |
| ५७ | प्रजातन्त्र त्यही छ, जहाँबाट यो प्रस्थान गर्न चाहन्थ्यो | जनसंसद दैनिक | १ | १३४ | २०६२ फागुन ७ | |
| ५८ | धरावासी तिमी कहाँ छौ | बज्रपात दैनिक | १ | २ | २०६२ फाल्गुन ८ | |
| ५९ | मान्छे कहिले आमाको बलात्कारी बन्न सक्दैन | पूर्वान्चल दैनिक | ११ | ९६ | २०६२ फाल्गुन ९ | |

परिशिष्ट २

**आधुनिक नेपाली निबन्धको विकासक्रम र निबन्धकार कृष्ण धरावासी**

| साल | नेपाली साहित्य तथा नेपाली निबन्धको प्रवृत्ति | नेपालको मुख्य राजनीतिक घटनाक्रम |
|---|---|---|
| १९९२ | ▶महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट पहिलो आधुनिक निजात्मक निबन्ध असारको पन्ध्रको लेखन<br>▶शारदा पत्रिकाको प्रकाशनले निबन्धको विकासमा महत्वपूर्ण भूमिका | |
| १९९२–२००३ | ▶आधुनिक नेपाली निबन्धको पहिलो चरण<br>▶लक्ष्मीप्रसाद देवकोटाबाट नेतृत्व<br>▶निबन्धमा स्वच्छन्दताबाद, शास्त्रीयतावाद, क्रान्तिकारी स्वच्छन्दतावाद जस्ता धारको प्रयोग | |
| २००४–२०३५ | ▶ आधुनिक नेपाली निबन्धको दोश्रो चरण<br>▶निजात्मक एवम् बौद्धिक चिन्तन धारा र आलोचनात्मक यथार्थवादी धाराबाट निबन्धको यात्रा | |
| २००७ | | ▶राणाशाहीको अन्त्य, प्रजातन्त्रको स्थापना |
| २०१७ | | ▶संसदीय प्रणालीको अन्त,<br>▶निर्दलीय पंचायतको स्थापना |
| २०१७–२०३० | ▶एउटा अस्पष्ट र धुमिल वातावरणमा साहित्यको यात्रा संचालन<br>▶स्रष्टाहरू अन्तरमुखी र पलायनमार्गतिर अभिमुख<br>▶साहित्यमा प्रयोगवादी प्रवृत्ति | |
| २०३० | ▶नेपाली साहित्यमा समसामयिक प्रवृत्तिको सुरुवात | |
| २०३०–२०४० | ▶प्रयोगवादी प्रवृत्तिबाट मुक्तिमार्ग अन्वेषण गर्ने प्रयास | |
| २०३६ | | ▶जनमत सङ्ग्रहका लागि आन्दोलन |
| २०३६–२०४६ | ▶ आधुनिक नेपाली निबन्धको तृतीय चरण<br>▶जीवन र जगत्मा देखिने विकृति<br>▶विसङ्गतिका अनन्त कोणहरूको प्रस्तुति<br>▶हास्यव्यङ्ग्यको नवीन आयाम, आत्मसंस्मरणका विविध कोणको आविर्भाव<br>▶चिन्तनमा बहुआयामिकताको प्रस्तुति<br>▶स्वच्छन्दतामूलक र अन्तरमुखी चेतको स्थान नगण्य<br>▶नरेन्द्रराज पौडेल, कृष्णचन्द्र सिंह प्रधान, कञ्चन पुडासैनी, तारानाथ शर्मा, नरेन्द्रराज प्रसाई, कृष्ण धरावासी, चोलेश्वर शर्मा जस्ता निबन्धकारहरूको कलम सक्रिय<br>▶माधव पोखरेल, खगेन्द्र सङ्ग्रौला, गंगा उप्रेती, | |

| | | |
|---|---|---|
| | रविकिरण निर्जीव, चुडामणि रेग्मी, रुद्र खरेल, मुन पौडेल, बिमल निभा, राजव, पद्मरत्न तुलाधर, राजेन्द्र सुबेदी जस्ता प्रगतिवादी निबन्धकारहरू सक्रिय | |
| २०३७ | ▶कृष्ण धरावासीको पहिलो निबन्ध *महत्वाकांक्षा विनाशको प्रतीक* प्रकाशन | |
| २०४४ | ▶कृष्ण धरावासी नेपाली निबन्ध जगत्मा व्यङ्ग्य, भावनात्मकता, दार्शनिकता, सामाजिक यथार्थता, आख्यानात्मक शैली जस्ता नयाँ सोचका साथ फुटकर निबन्धमा सशक्त | |
| २०४०–२०५० | ▶यथार्थवादी र प्रगतिचेत,<br>▶आलोचनात्मक यथार्थवाद | |
| २०४६ | | ▶निर्दलीय पंचायत व्यवस्थाको अन्त्यमा लागि जनआन्दोलन |
| २०४६ | ▶अराजकतामूलक स्वच्छन्दतावादको विकास<br>▶समाजमाव्याप्त विकृति विसङ्गति माथि प्रहार<br>▶मानव मात्रको सार्वभोमिक अस्मिता माथि नै भइरहेको बलात्कारलाई उखेलेर फ्याक्ने प्रयास<br>▶देशका मुटमा भएका वैदेशिक अतिक्रमण, संवेदनशील क्षेत्रमाथिका आक्रमणप्रति आक्रोश<br>▶प्राकृतिक संशाधनमाथि गिद्दे दृष्टि<br>सञ्चार, परिधान, कला र वैज्ञानिक चेतका नाममा आएका झंझावात<br>▶आलोचनात्मक यथार्थवाद | |
| २०४६–२०५१ | ▶आलोचनात्मक यथार्थवादको अनुशासन<br>▶वर्तमानका वास्तविकता प्रतिबिम्बित<br>▶उपभोक्तावादी संस्कृति र प्राविधिक विकासको प्रभाव | |
| २०४८ | ▶कृष्ण धरावासीको 'बालक हराएको सूचना ' निबन्ध सङ्ग्रहको प्रकाशन<br>▶ कृष्ण धरावासीको प्रवृत्ति<br>(१) साधारण मानिसको जीवनशैलीलाई निबन्धमा रूपान्तरण<br>(२) समसामयिक राजनीति र सामाजिक विकृतिप्रति व्यङ्ग्य<br>(३) खस्कदो सामाजिक मूल्यमान्यता प्रति चिन्ता<br>▶ यात्रा संस्मरणात्मक निबन्धको प्राधान्यता रहेको अवस्थामा कृष्ण धरावासीबाट व्यङ्ग्य, भावनात्मकता, दार्शनिकता, सामाजिक यथार्थता, आख्यानात्मकता जस्ता तत्वलाई एउटै बिन्दुमा समेटेर नेपाली निबन्धमा नयाँ मोड | |
| २०५२ | | ▶माओवादी विद्रोहको शुरुवात<br>▶यथास्थितिका विरुद्ध विद्रोह र परिवर्तनका निमित्त आक्रोश |

| | | |
|---|---|---|
| | | ▸मुलुक द्वन्दतिर उन्मुख |
| २०५३ | ▸कृष्ण धरावासीको 'नारी भित्र त्यस्तो के छ हजुर' निबन्ध सङ्ग्रहको प्रकाशन | |
| २०५५ | ▸कृष्ण धरावासीको 'उत्तमजङ्ग सिजापतीको आलु' निबन्ध सङ्ग्रहको प्रकाशन | |
| २०५६ | ▸द्वन्दको कारण निराशाको अभिव्यक्ति<br>▸द्वन्दवादीबाट भएका हत्याहिंसा प्रति आक्रोश<br>▸सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य<br>▸वर्तमान अवस्थामा नारायण ढकाल, खगेन्द्र सङ्ग्रौला, युवराज नयाँघरे, भीष्म उप्रेती, मनुजबाबु मिश्र, तेजेश्वरबाबु ग्वङ्ग, कृष्ण धरावासी, श्रीओम श्रेष्ठ, सुधा त्रिपाठी, चोलेश्वर शर्मा, ज्ञानेन्द्र विवश, अभि सुबेदी जस्ता निबन्धकारहरू समसामयिक निबन्ध लेखनमा सक्रिय | ▸मुलुकमा द्वन्द, हत्या हिंसाको अवस्था |
| २०६२ को अन्त्य | | ▸शाहीसत्ता विरुद्ध जनआन्दोलन<br>▸माओवादी र संसदवादी ७ दल बीच १२ बुँदे समझदारी |
| २०६३ | ▸समावेशी प्रवृत्तिका सरल र छोटो निबन्ध लेखन<br>▸परम्परागत संस्कृतिमाथि प्रभाव<br>▸सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य<br>▸शिक्षाको पहुँचले गर्दा प्रतिस्पर्धा र आ-आफ्नो अस्तित्वको खोजी<br>▸खस्कदो सामाजिक मूल्य मान्यता प्रति चिन्ता<br>▸साधारण मानिसको जीवन शैलीको चित्रण | ▸निरङ्कुश राजतन्त्रको अन्त्य र लोकतन्त्रको स्थापना<br>▸प्रतिनिधिसभा पुनर्स्थापना र प्रतिनिधि घोषणा २०६३<br>▸माओवादी र संसदवादी ७ दल बीच २५, ८ र ५ बुँदे समझदारी सम्पन्न<br>▸सङ्क्रमणकालीन अवस्था<br>▸ राजनीतिक दल बीच समझदारी हुँदाहुँदै पनि विश्वास अविश्वासको भुमरीमा<br>▸जनतामा दीर्घकालीन शान्ति होस् भन्ने आशा अपेक्षा<br>▸संविधान सभाको निर्वाचनमा राज्यको तयारी<br>▸एकात्मक शासन व्यवस्थाका विरुद्ध सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था तथा समावेशी र समानुपातिक निर्वाचन प्रणालीको माग |